

टर्कीको छापामार संगठन PKK का नेताको गिरफ्तारी र रिहाइ

मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६२

मूल्य रु. १७/-
भारतमा भा.रु. १३/-



भारतका चर्चित नाट्य निर्देशक
एम.के. रैनासँग कुराकानी

बिद्रोही
माओवादी के भन्छन् ?

कसरी हाँकदैछन् क. प्रचण्ड माओवादी पार्टीलाई ?

DUCKHAMS



अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल



PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND

उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ६२
मंसिर/२०५५

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज दुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुईंटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी

प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
विज्ञापन व्यवस्थापक
गुण श्रेष्ठ
बजार व्यवस्थापक
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

विद्रोही 'माओवादी' का नेता **भरत दाहाल** भन्छन्-

'जनयुद्धमा जनताको सक्रिय सहभागिता आमरूपमा छैन'

❑

'केही माओवादी नेताहरू व्यापार र आर्थिक उत्पादनमा लम्पट भइरहेका छन्'

❑

'माओवादी नेतृत्वको आलोचना गर्नु क्रान्तिको विरोध गरेको हुने घोषित नीति छ ।'

कसरी हाँक्दैछन् क. प्रचण्ड माओवादी पार्टीलाई ?

साथमा

आफ्नो कामको समर्थन नगरेपछि जसलाई पनि प्रतिक्रियावादी ठानीहाल्ने प्रवृत्ति माओवादीहरूमा कायम रहेको छ ।
-क. चित्रबहादुर के.सी.-

माओवादीहरू अहिले आफ्ना गतिविधिहरूलाई बढी आंकलन गर्ने गल्ती गर्दै छन्
-क. सी.पी. मैनाली-

माओवादी आन्दोलन नराम्रोसँग असफल हुनेछ
-क. झलनाथ खनाल-

माओवादी गतिविधिले क्रान्तिकारी आन्दोलनलाई नोक्सानी नै पुऱ्याएको छ
-क. प्रकाश-

मान्छे मार्ने क्रम सरकारबाट मात्र नभई माओवादीहरूबाट पनि भइरहेको छ
-क. पद्मरत्न तुलाधर-

माओवादीहरूले देशको वर्तमान सामाजिक चरित्रलाई बुझ्न सकेका छैनन्
-दीपक ज्ञवाली-

किन सम्पूर्ण वाम मिलेर संयुक्त आन्दोलन गर्न सकिन्न ?

'हरेक दुई वर्षमा मेरो कुनै न कुनै नाटक चर्चित भएको छ'
-भारतका चर्चित नाट्यकर्मी एम. के. रैनासँगको कुराकानी

हाम्रो मूल्यांकन
किन सम्पूर्ण वाम मिलेर संयुक्त आन्दोलन गर्न सकिन्न ? ४
आवरण कथा
कसरी हाँक्दैछन् क. प्रचण्ड माओवादी पार्टीलाई ? ५
घटना र प्रवृत्ति
मालेको अल्टिमेटम र कांग्रेसको दाउ ४१
एमाले-मालेको तानातानीले मुक्ति समाजलाई पनि फुटायो ! ३६
विश्व कम्युनिष्ट आन्दोलन
टर्कीको छापामार संगठन पी.के.के.का नेताको गिरफ्तारी र रिहाई ३२
विज्ञान/प्रविधि
'भोयजर' सौर्य परिवारको अन्तिम सिमानामा पुग्दैछ ! ३७
अचेल
नेपालका कम्युनिष्ट पार्टीहरूमा सर्वहारा वर्गको नेतृत्व नै छैन
-नरबहादुर लिम्बू २२
नीति/संस्कृति
के साहित्य-कलाप्रति पार्टी नेताहरूले चासो राख्नु जरुरी छैन ?
-चन्द्रदेव नेपाली ३०
पर्दा/रङ्गमञ्च
'हरेक दुई वर्षमा मेरो कुनै न कुनै नाटक चर्चित भएको छ'
-भारतका चर्चित नाट्यकर्मी एम. के. रैनासँगको कुराकानी १८
साहित्य
प्रेरणा (हास्यव्यंग्य)
-विमल निभा २९
स्वामी देवदास (कथा)
-हरिगोविन्द लुईंटेल ११
लाइसेन्स (कविता)
-अमर गिरी
जंगली टापू (कविता)
-हिरा आकाश ३०
दर्शन परिचय (कवितात्मक शैलीमा)
दर्शन के हो ?
दर्शनको वर्गीयता
के हो आदर्शवाद ?
के हो भौतिकवाद ?
-श्याम श्रेष्ठ २०
जीवनको झाँकी
क. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षपूर्ण कथा १५
प्रेरक प्रसंग
चाओ एन-लाईले नयाँ लुगा लगाउन इन्कार गर्नुभयो ! २१
अर्थतन्त्र
के जमीन धेरै हुँदैमा कोही सामन्त हुन्छ ? १६
आँखीझ्याल
दक्षिण कोरिया अरु चर्को महामन्दीतिर १६
निजीकरणको विरुद्धमा यूरोपेली रेल मजदूरहरु हड्तालमा १६
पाठकको कुरो ४२

आवरणमा : माओवादी पार्टीका महामन्त्री तथा 'जनयुद्ध'का सर्वोच्च कमाण्डर क. प्रचण्डको प्रचारमा आएको फोटोको आधारमा कम्प्युटरमा तयार गरिएको रंगीन चित्र । (कलाः सुन्दर बस्नेत) । दायाँपट्टि : भारतका चर्चित नाट्यकर्मी एम. के. रैना

काँधमा : पी.के.के.का नेता ओकालानको रिहाईको माग गर्दै इटलीमा भएको विरोध प्रदर्शनको दृश्य (फोटोः 'न्यूजवीक')

आवरण सज्जाः सुन्दर बस्नेत, बागबजार फोनः २५२६४५ /कलाकारहरुः लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक । फोनः २४७१८२
कम्प्युटर सेटिङ्गः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

नौ वाम समूहले गएको साउन महिनामा गिरिजा सरकारसित गरेको सम्झौतालाई कांग्रेस-माले सरकारले सोकेशको सजावटमा बदलेपछि आन्दोलनकारीहरू पुनः सडकमा उत्रन बाध्य भएका छन् । तर यस पटक संघर्षको मैदानमा जाँदा मोर्चाका घटकहरू घटेर नौ वामबाट सात वाम भएको छ । नौ बुँदे सम्झौतालाई माओवादी हाइकमाण्डले 'धोका' ठहर्‍याएपछि राष्ट्रिय जनआन्दोलन संयोजन समिति मोर्चाबाट हट्यो । संयुक्त सरकारले सम्झौतालाई धोती लगाएको र वाममोर्चाले सम्झौता कार्यान्वयनका लागि पुनः संघर्ष उठाउनु पर्ने निर्णय गरेपछि नेकपा माले मोर्चाबाट बाहिरिएको थियो ।

सम्झौता पहिले पनि हुने गर्थे, तर सम्झौताकारी सरकारले जति थाङ्नामा सुताए पनि पुनः आन्दोलन उठाइन्थियो । त्यो परिपाटी तोडेर यस पटक जुन संघर्ष उठानको पुनः पहल गरिएको छ, त्यो सर्वथा प्रशंसनीय छ । यो राम्रो परिपाटीको थालनी हो । त्यसलाई जारी राखिनु पर्दछ ।

यसैबीच, बुटवल बैठकपछि ३७ सूत्रीय माग राखेर नेकपा एमालेले पनि संघर्षमा उत्रने निर्णय गरेको छ । हालै उसले प्रधानमन्त्री समक्ष ज्ञापनपत्र पनि पेश गरिसकेको छ र उसका जनवर्गीय संगठनहरूले पनि । सात वामका कतिपय मुख्य माग र उसका कतिपय माग मिल्दाजुल्दा छन् । जस्तो, महंगी र कालापानीसम्बन्धी माग नै । यो परिप्रेक्ष्यमा एमालेलाई सात वामको मोर्चामा किन सामेल गर्न सकिन्न ? एमालेले पनि यसनिम्ति किन पहल गर्दैन ?

संघर्ष हमेशा लक्ष्यमुखी हुनुपर्छ । संघर्ष उठाउनुको मतलब हो- जनताको मनोबल र शक्ति माथि उठाउनु र लक्ष्य पूरा गर्नु । यस सन्दर्भमा, एमालेलाई सात वामको मोर्चामा सामेल गर्दा जनताको मनोबल र शक्ति घट्छ कि बढ्छ ? आन्दोलन अरू ज्यादा जनव्यापी र शक्तिशाली बनेर लक्ष्य पूरा गर्न मद्दत मिल्छ कि त्यसको विपरीत हुन्छ ? यी सवालमा सात वामले र एमाले स्वयंले राम्ररी घोत्लिनु जरूरी भएको छ ।

हाम्रो आन्दोलन ईर्ष्या र अहंकारको तुष्टि र अस्तित्व सिद्धिको लागि भएको हो भने, हाम्रो भन्नु केही छैन । जनशक्तिको भजबुतीकरण र लक्ष्यको प्राप्तिका लागि आन्दोलन गरिएको हो भने, उही मागका लागि अलग अलग आन्दोलन उठाउनु कुनै जरूरी छैन । यसबाट जनशक्ति मात्र विभाजित हुन्छ । जनतामा हताशा र भ्रम मात्र बढ्छ । दृढ र ढुलमुल, ठूला र साना, मजबूत र कमजोर र साझा सवालमा सबै शक्ति एकढिक्का हुनुमा नै जनता र आन्दोलन दुबैको हित र कल्याण निहित छ ।

त्यस्तै, राष्ट्रिय जनआन्दोलन संयोजन समिति पनि मोर्चाभन्दा बाहिर बसिराख्नुपर्ने कुनै कारण अहिले विद्यमान देखिँदैन । सम्झौता धोका भएको कुरा त सात वाम आफैं अहिले गरिरहेका छन् ।

अहिले कै तालले, अहिलेकै उद्देश्य र पात्र लिएर नेकपा माले जति ज्यादा सरकारमा बसिरहन्छ, उति उसको छवि विकृत हुने र उसप्रतिको जनधारणा विग्रने अवश्यम्भावी छ । सरकारमा गएको तीन महिनामै माले जति बदनाम भएको छ, त्यो बदनामी साफ गर्न नै महाभारत पर्ने स्थिति त अहिले नै सिर्जना भइसकेको छ । तसर्थ, देश र माले दुबैको हितमा छ- मालेले तत्काल सरकार छोड्नु र संघर्षको मैदानमा ओर्लनु ।

देशमा चौंडै चुनावी माहोल खडा हुँदैछ । यदि यही समय र परिवेशमा वामपन्थीहरू एकढिक्का भएर संघर्षको मैदानमा उत्रने हो भने नेपाली कांग्रेस र सम्पूर्ण प्रतिक्रियावाद निकै कमजोर बन्ने छ । जनतामा अपार उत्साह र मनोबल सिर्जना हुनेछ । अहिले टाउको उठाउन थालेको अति दक्षिणपन्थी शक्तिको नूर गिर्न थाल्नेछ । संघर्षको एकतालाई मजबूत पार्दै चुनावी एकतासम्म विस्तार गर्ने हो भने, यो निश्चित छ- आगामी संसदमा स्पष्ट बहुमत वाम खेमाको हुनेछ । आगामी सरकार वाम-सरकार हुनेछ ।

नेपालमा २०४८ सालको आम चुनावदेखि नै संसदमा वामपन्थीको बाहुल्य हुने सम्भावना स्पष्ट रूपमा पैदा भएकोभयै छ, तर वामशक्तिकै वैचारिक वेतयारी र अदूरदर्शिताले गर्दा त्यो सम्भावना गुमेको गुम्यै छ । हामीलाई लाग्दछ- विगतको यो महाभूलबाट वामपन्थी शक्तिले पाठ सिक्नै पर्दछ । बेला न् घर्किंदै त्यस दिशामा गृहकार्य र मानसिक तयारी गर्न थाल्नु पर्दछ ।

के सम्पूर्ण वाम मिलेर संयुक्त आन्दोलन गर्न सकिन्न ?

१२ वटा छन् साझा बुँदाहरू !

अहिले त सात वामको मोर्चाले १९५० को सन्धि र कालापानीको समस्यालाई छोडेर अरू सबैजसो माग तात्कालीक महत्वको मात्रै उठाएको छ । हामीलाई लागेको छ- उनीहरू यही संविधानअन्तर्गत योभन्दा धेरै अगाडि बढेर नेपालमा सामन्तवाद र साम्राज्यवादको अन्तको दिशामा गहंन महत्व राख्ने दीर्घकालीन महत्वका मागहरू समेत उठाएर संयुक्त संघर्ष गर्न सक्छन् । केही दर्जन मन्त्रीहरू, केही ठूला नोकरशाहहरू, केही भ्रष्ट पार्टी नेता र सांसदहरू, केही ठूला पूँजीपतिहरू, केही नाफाखोर व्यापारीहरू र तस्करहरूको लोभी गोजीमा अल्मलिएर सिंह दरवारमा कैद भएको २०४६ सालको जनआन्दोलनको उपलब्धिलाई जनताको गाउँबस्तीसम्म विस्तार गर्न वाध्य पार्ने खालका मागहरू समेत उनीहरू उठाउन सक्छन् । यो कार्य गर्ने हो भने, सम्पूर्ण वामशक्ति संयुक्त हुनु जरूरी छ । र, सबै दृढ प्रजातन्त्रवादीहरूलाई समेत यही उद्देश्यका लागि एकगठ पार्नु जरूरी छ । यो काम नेपालमा वामशक्तिले मात्र गर्न सम्भव छ । एउटा साझा न्यूनतम कार्यक्रमको आधारमा सम्पूर्ण वामपन्थी तथा प्रजातन्त्रवादीहरू एकगठ हुने हो भने, बल्ल २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिलाई गाउँको भुपडीसम्म लान सकिनेछ ।

सबै पार्टीको दस्तावेज र प्रकाशन पल्टाउने हो भने, त्यस्ता केही साझा कुराहरू प्रष्ट देखिन्छन्, जसको आधारमा सबैलाई मान्य साझा न्यूनतम कार्यक्रम बन्न सम्भव छ । हाम्रो मूल्यांकनमा यी कार्यक्रमहरू सबैको दस्तावेजमा र प्रकाशनमा साझा पाइन्छन्:

- *१९५० को भारतसितको शान्ति तथा मैत्री सन्धिको खारेजी, समानता र पारस्परिक लाभका आधारमा नयाँ शान्ति र मैत्री सन्धि ।*
- *कालापानी, लिम्पियाधुरा क्षेत्रबाट भारतीय सेनाको तुरून्त वापसी ।*
- *शक्तिको विकेन्द्रीकरण र स्थानीय निकायलाई पूर्ण स्वायत्तता ।*
- *गयल जमीन्दारीको अन्त र जोत्नेलाई जमीनका आधारमा प्रगतिशील भूमिसुधार कार्यक्रम ।*
- *कृषि क्षेत्रको स्वेच्छिक सहकारीकरण र ग्रामीण क्षेत्रको औद्योगिकीकरण ।*
- *प्रगतिशील भूमि तथा सम्पत्ति कर प्रणाली ।*
- *सबै क्षेत्रका मजदूरहरूलाई मानव जीवन उचित ज्याला, र कामको स्थायित्वको र पेन्सनको ग्यारेन्टी ।*
- *विदेशी सहायतामाथिको निर्भरता घटाउँदै लैजान राज्यको नियन्त्रणकारी र जनकल्याणकारी भूमिका भएको आत्मनिर्भरतामुखी मिश्रित अर्थतन्त्र ।*
- *ग्रामीण यातायात र ग्रामीण सिंचाई र साना तथा मझौला जलविद्युत योजनालाई राज्यको तर्फबाट अत्यधिक प्रोत्साहन र प्राथमिकता ।*
- *संविधानमै एक धर्म, एक जाति, एक भाषा विशेषाधिकारको अन्त ।*
- *महिलाहरूलाई आर्थिक र सामाजिक सबै क्षेत्रमा समान अधिकार ।*
- *वैज्ञानिक जनवादी र रोजगारीमूलक शिक्षा प्रणाली पूर्णतया निशुल्क र अनिवार्य माध्यमिक शिक्षा ।*

हामीलाई लाग्दछ- यी बाह्रवटा कुराहरू नेपालको वर्तमान संविधानअन्तर्गत नै संघर्ष गरेर हासिल गर्न सकिने कुराहरू हुन् । र, यी कुराहरू लागू गर्न सकिएको खण्डमा, प्रजातन्त्र सिंह दरवारबाट गाउँवस्तीसम्म र सबै लिंग, जाति, जनजाति र धर्मसम्म पुग्न थाल्नेछ । जनताहरू पहिलेभन्दा ज्यादा अधिकारसम्पन्न र स्वतन्त्र हुनेछन् । जनवादी क्रान्तिको बाटो अरू ज्यादा छोटो हुनेछ । जनताको जीवनस्तर अरू ज्यादा माथि उठ्नेछ । र, उत्पादनशक्तिहरू अरू ज्यादा स्वतन्त्र हुनेछन् । यो कार्यक्रम सम्पूर्ण वामपन्थी र प्रजातन्त्रवादीको साझा न्यूनतम कार्यक्रम हुन सक्छ । सरकार बाहिर बस्दा यो सडक-संघर्षको साझा कार्यक्रम हुन सक्छ, सरकारमा जाँदा र जानेहरूलाई यो व्यवहारमा नै लागू गर्ने साझा समझदारीको न्यूनतम कार्यक्रम हुन सक्छ ।

त्यसैले, सम्पूर्ण वामपन्थीहरू एक हुनपर्दछ, सम्पूर्ण दृढ प्रजातन्त्रवादी शक्तिलाई एकगठ पार्न पहल गर्नुपर्दछ, साझा न्यूनतम कार्यक्रमका आधारमा सडकमा पनि संघर्ष प्रारम्भ गरिनु पर्छ र आगामी चुनाव पनि संयुक्त भएर लडिनु पर्दछ । यो नै अहिलेको समय र परिवेशको माग हो । ❑

छाप्दाछाप्दै : मूल्यांकनको यो अंक छापिएर बाइण्डिङ्ग हुन थालिसक्दा यही मंसीर २४ गते साँझ नेकपा मालेले सरकार छाड्ने निर्णय गरेको छ । यस स्थितिमा, अब नेकपा माले पुनः संयुक्त वाम आन्दोलनमा सरीक हुनुपर्छ भन्ने हामीलाई लाग्छ । साथै, मुलुकमा निष्पक्ष चुनाव सम्पन्न गर्न तत्काल वाम-शक्तिहरूले 'सर्वपक्षीय सरकारको गठन गरिनु पर्छ' भन्ने आवाज बुलन्द गर्नु जरूरी छ । -मूल्यांकन



कसरी हाँक्दैछन् क. प्रचण्ड माओवादी पार्टीलाई ?

नेपालमा माओवादी 'जनयुद्ध' प्रारम्भ भएको पौने तीन वर्ष पुगेको छ । यस अवधिमा करीब ३०० जनाभन्दा ज्यादा माओवादी र जनसाधारणको सरकारद्वारा हत्या भइसकेको छ । आधार इलाकाको कार्यक्रम आएपछि यही दुई महिनामा मात्र ६ दर्जनभन्दा ज्यादा माओवादीहरूलाई दगा प्रहरीले नृशंसतापूर्वक हत्या गरेको छ । तथापि, माओवादी आन्दोलन रोकिने छाँटकाँट छैन । यसैको ज्वाला अरू भर्भराएर माथि उठ्दैछ र दुर्गम पश्चिम नेपालबाट सुगम पूर्वतिर फैलिँदैछ । अनकण्टार पहाडबाट तराई र भित्री मधेशतिर झर्दैछ । प्रारम्भमा सुदूर पश्चिम नेपालको पिछडिएको जनजाति, विशेषतः लडाकू मगर जनजाति, यसको सबैभन्दा मुख्य जनाधार थियो । अहिले आइपुग्दा निम्न पूँजीपति वर्गका अधैर्य र असंतुष्ट बेरोजगार युवाहरू र तल्लो वर्गका ग्रामीण किसानहरू तूलै संख्यामा माओवादी पंक्तिभित्र भित्रिएका छन् । नेकपा (माओवादी) अहिले अन्य जनजातिमा छिर्ने र प्रभाव जमाउने योजनाबद्ध प्रयत्न गर्दैछ ।

अन्तर्राष्ट्रिय स्तरमा लण्डनस्थित RIM अर्थात् Revolutionary Internationalist Movement नै माओवादी पार्टीको मुख्य वैचारिक दिग्दर्शक भइरहेको देखिन्छ । RIM मा संलग्न पार्टीहरूमध्ये पनि अमेरिकाको RCP (Revolutionary Communist Party) यसको प्रमुख वैचारिक निर्देशक भएको देखिन्छ र पेरूको 'शाइनिङ पाथ' यसको कार्यनीतिक र व्यावहारिक आदर्श बनेको देखिन्छ । माओले चीनमा छेडेको दीर्घकालीन जनयुद्धलाई RCP र शाइनिङ पाथले जुन आँखाले जसरी हेर्छ, त्यही आँखाले त्यसरी नेकपा (माओवादी) ले पनि हेर्ने र अर्थ्याउने गरेको पाइन्छ । छिमेकी मुलुकमा भारतको आन्ध्र प्रदेशको पिपुल्स वार ग्रुप र विहारको माओइष्ट कम्युनिष्ट सेण्टर (MCC) सित यसको राम्रो कामकाजी भाइचारा सम्बन्ध देखिन्छ । भनिन्छ, श्रीलंकाका LTTE सित पनि माओवादी पार्टीले राम्रो सम्बन्ध कायम गरेको छ ।

> **माओवादी आन्दोलन रोकिने छाँटकाँट छैन । यसैको ज्वाला अरू भर्भराएर माथि उठ्दैछ र दुर्गम पश्चिम नेपालबाट सुगम पूर्वतिर फैलिँदैछ । अनकण्टार पहाडबाट तराई र भित्री मधेशतिर झर्दैछ ।**

यसको मुख्य आर्थिक स्रोत प्रभाव क्षेत्रमा यसले उठाउने 'क्रान्तिकारी कर' र यसले गर्ने 'मनी एक्सन' हो । आफ्ना शुभचिन्तक सम-र्थकको आन्तरिक लेवी र सदस्यता शुल्कबारे पनि माओवादी पार्टीभित्र कडी कडाउ योजना र नियम लागू हुने बताइन्छ । माओवादी सूत्रहरूको दावी छ, यिनै स्रोतबाट गत दुई वर्षमा करोडौं पैसा जम्मा गर्न माओवादी पार्टी समर्थ भएको छ ।

रोल्पा, रूकुम, जाजरकोट, सल्यान, गोरखा, काभ्रे र सिन्धुलीबाट प्रारम्भ भएको माओवादी जनयुद्ध अहिले आइपुग्दा ३०-३५ जिल्लामा विस्तार भएको देखिन्छ । तथापि, माओवादी क्रियाकलापबाट सबैभन्दा प्रभावित जिल्लाहरू अहिले पनि तिनै छन् । त्यसमा चितवन, धादिङ, सिन्धुपाल्चोक, वर्दिया, दाङ र उदयपुर थपिएको बताइन्छ । राजधानी उपत्यका माओवादीको प्रमुख प्रचार क्षेत्र भएको देखिएको छ ।

२०५२ साल फागुन १ गते शुरू भएको माओवादी जनयुद्ध २०५५ कार्तिक १० देखि 'आधार इलाका निर्माण'को चरणमा पुगेको घोषणा डेढ महिनाअघि माओवादी नेतृत्वले गरेको छ । नेकपा (मोवादी) को हालै सम्पन्न चौथो विस्तारित वैठकले यो निर्णय गरेको माओवादी नेतृत्वले बताएको छ । स्मरणीय छ, २०५४ असारमा मात्र नेकपा (माओवादी) को केन्द्रीय समितिले तेस्रो रणनीतिक योजनाअन्तर्गत छापामार युद्धको विकासलाई नयाँ उँचाइमा उठाउने कामलाई आफ्नो मुख्य कार्यक्रम बनाउने घोषणा गरेको थियो । र, २०५२ चैत्रदेखि दोस्रो योजनाअन्तर्गत

माओवादी पार्टीबाट विद्रोह गरेर आएकाहरूको आफ्नो प्रत्यक्ष अनुभव के छ ?

माओवादी पार्टीबाट विद्रोह गर्नेहरूका नेता भरत ढाहालसँगको विशेष कुराकानी

माओवादी 'जनयुद्ध' र 'आधार इलाका स्थापनाको घोषणा' बारिमा

❑ क. चित्रबहादुर के.सी. ❑ क. प्रकाश
❑ क. सी.पी. मैनाली ❑ क. झलनाथ खनाल
❑ क. पद्मरत्न तुलाधर ❑ दीपक ज्ञवाली
के भन्छन् ?

नेपालमा अब माओको नाम लिने बित्तिकै जन-साधारणले 'व्यक्ति हत्याको पक्षपाती' भनेर बुझ्ने भएका छन् । यो माओको छविको विशाल नोक्सानी हो ।

छापामार युद्ध प्रारम्भ गर्ने र मुख्य इलाकालाई छापामार इलाकामा बदल्ने घोषणा गरेको थियो ।

गएको ३३ महिनामा माओवादी 'जनयुद्ध'को सबैभन्दा ठूलो उपलब्धी के भएको छ भने, राजादेखि रकसम्म सबैलाई नेकपा (माओवादी) को उपस्थिति र क्रियाकलाप पन्छाउनै नमिल्ने गरी अनुभूत भएको छ । नेकपा (माओवादी) एउटा पार्टी मात्र नभएर एउटा सुस्पष्ट राजनीतिक धारका रूपमा राजनीतिक रंगमंचमा उदीयमान भएको छ । यो वामपन्थी खेमाको दोस्रो सबैभन्दा ठूलो र चर्चित पार्टी र प्रवृत्ति हुन पुगेको छ । माओवादी समर्थक साप्ताहिक पत्रिका देशको सबैभन्दा ज्यादा बिक्ने साप्ताहिक पत्रिका बन्न पुगेका छन् र, हप्ताका प्रत्येक दिन निक्लने साप्ताहिक पत्रिकाहरू मध्ये एउटा पत्रिका माओवादी समर्थक हुने गरेको छ ।

यही अवधिमा अत्यधिक अनावश्यक हिंसाले गर्दा सबैभन्दा ठूलो नोक्सानी के भएको छ भने, क्रान्तिकारीहरूको हत्या र जनहत्या नेपालमा अब सामान्य कुरो भएको छ । पिकनिकमा भोज खाएर आएका आधा दर्जन छात्राहरू बस दुर्घटनामा परेर मर्दा सिंगै देश संवेदित हुन्छ, सबैको चित्त दुख्छ । तर एक दर्जन जनसाधारण वा क्रान्तिकारीहरूलाई माओवादीको नाममा नृशंस ढंगले प्रहरीले एकै ठाउँमा गोली ठोकेर हत्या गर्दा देश संवेदित हुँदैन । झिंगा मारिनु र क्रान्तिकारी मारिनु उस्तै उस्तै कुरा हुन गएको छ नेपालमा । देशले माओवादीलाई कत्ति आफ्नै लागि लडिरहेको ठान्यो, कति आफूभित्र आत्मसात गऱ्यो- त्यो यही संवेदनशीलताबाट अभिव्यक्त भइरहेको छ । जनताकै नाममा जनताको हृदय र चेतनाभन्दा माओवादी क्रान्तिकारीहरू निकै कोस अगाडि निकै वेगले हिँडिरहेको र जनताले उनीहरूलाई छुन-भेट्नै नसकेको स्थिति हाम्रो देशमा सिर्जना भएको छ । राजनीतिमा उग्र वामपन्थ भनेको सारमा यही हो- जनताको नाममा जनताले भेट्नै नसक्ने गरी, जनताले आफ्नो सहयात्री ठान्नै नसक्ने गरी जोड्ले लम्केर हिँड्नु ।

अर्को ठूलो नोक्सानी के भएको छ भने, नेपालमा अब माओको नाम लिने बित्तिकै जन-साधारणले 'व्यक्ति हत्याको पक्षपाती' भनेर बुझ्ने भएका छन् । यथार्थमा माओ व्यक्ति हत्याको कहिल्यै पक्षपाती हुनुहुन्नथ्यो । क्रान्तिमा प्रतिहिंसाको अनिवार्यता भए पनि यथासम्भव न्यूनतम हिंसा होस् र न्यूनतम रगत बहोस् भन्ने कुरोको पक्षपाती हुनुहुन्थ्यो माओ । कमभन्दा कम ज्यान, धन र सामाजिक नोक्सानीमा बढीभन्दा बढी क्रान्तिकारी लक्ष्यको प्राप्ति नै माओको युद्ध विज्ञानको सार थियो । तर तिनै माओलाई नेपालमा व्यक्ति हत्यासित जोडेर प्रस्तुत गरिँदा माओ भनेकै अनावश्यक समयमा व्यक्ति हत्या गर्न उक्साउने अन्तर्राष्ट्रिय नेताका रूपमा बुझ्ने काम भइरहेछ । यो माओको छविको विशाल नोक्सानी हो ।

यसैबीच, माओवादी पार्टीमा फूटको प्रारम्भ भएको छ । हालै २१ जना जिल्लास्तरीय कार्यकर्ताहरू माओवादी पार्टीबाट विद्रोह गरेर बाहिर निक्लेका छन् र अर्को 'देशभक्त कम्युनिष्ट लीग' नाम गरेको संगठन खोलेका छन् । र, यो फूट पहिलो र अन्तिम हुने देखिन्न । माओवादी पार्टीमा व्यक्ति पूजा र शक्तिको अति केन्द्रीकरण गर्ने प्रक्रिया थलिएको छ । यसले अन्तहीन गुटबन्दी र फूटको सिर्जना गरिरहनेछ ।

यी सब परिप्रेक्ष्यमा क प्रचण्डको नेतृत्वमा माओवादी पार्टी कसरी अघिबढिरहेछ ? माओवादीहरूले ल्याएको आधार इलाकाको लाइन कस्तो छ ? प्रमुख वाम नेताहरू यसबारे के भन्छन् ? र, भर्खरै माओवादी पार्टीबाट विद्रोह गरेर आएकाहरू यी सब प्रश्नमा के कस्तो अनुभूति राख्छन् ? माओवादी पार्टी कसरी चलिरहेको उनीहरूको आफ्नो प्रत्यक्ष अनुभव के छ ?

यिनै प्रश्नमा केन्द्रित भएर नेपालका प्रमुख वाम नेताहरू नेकपा मसालका नेता क. चित्रबहादुर के.सी., नेकपा एकता केन्द्रका महासचिव क. प्रकाश, नेकपा एमालेका पोलिटब्यूरो सदस्य क. झलनाथ खनाल, नेकपा मालेका पोलिटब्यूरो सदस्य क. सी. पी. मैनाली, स्वतन्त्र वामपन्थी नेता क. पद्मरत्न तुलाधर र माओवादी आन्दोलनको अध्ययन गरिरहनु भएका बुद्धिजीवी दीपक ज्ञवालीको विचार र विद्रोही मओवादीको विचार हामी यहाँ प्रस्तुत गर्न लागेका छौं ।

सामग्री एकपाखे र एकपक्षीय नहोस् भन्ने ध्येयले हामीले माओवादी नेताको समेत विचार पनि दिने प्रयत्न गरेका थियौं । तर लामो समय कोशिस गर्दा पनि भरपर्दा सम्पर्क सूत्र फेला पर्न सकेन । त्यसैले, त्यो छुट्न गएको छ । हामीले त्यो पुनः दिने प्रयत्न गर्नेछौं । क. रोहितले बेलैमा प्रश्न प्राप्त गरेर पनि, र तुरुन्तै लिखित जवाफ फ्याक्सद्वारा पठाई दिने वचन दिएर पनि बारम्बार ताकिता गर्दा समेत आफ्नो जवाफ वचन अनुसार पठाउनु भएन । त्यसैले, उहाँको जवाफ पनि छुट्न गएको छ ।

-मूल्यांकन

माओवादी जनयुद्धको चिरफार

तपाईहरू भरखरै नेकपा (माओवादी) भित्र विद्रोह गरेर बाहिर निस्कनु भयो भन्ने कुरा सार्वजनिक रुपमा बाहिर आइसकेको छ । वास्तवमा तपाईहरूको विद्रोहको कारण के हो ?

-'माओवादी' पार्टीभित्र मार्क्सवाद-लेनिनवाद-माओवादको आवरणमा मार्क्सवादी विज्ञानको सारतत्वको चरम विकृतिकरण र भ्रष्टीकरण भयो । यसको सार्वभौम सच्चाइलाई र वैज्ञानिक मान्यताहरुलाई आफ्नो तुच्छ स्वार्थमा प्रयोग गर्ने उपयोगितावादी प्रवृत्ति हावी भयो । भर्खरै सम्पन्न भएको भनिएको चौथो विस्तारित बैठकले यस्तो विजातीय वर्ग-चिन्तन र प्रवृत्तिलाई घोषित रुपमा मान्यता दिएपछि 'माओवादी' नेतृत्वले मार्क्सवादी विश्वदृष्टिकोण र विचारधारासंग विधिवत रुपमा सम्बन्ध तोड्न पुग्यो । 'माओवादी' नेतृत्वद्वारा मा.ले.मा.माथि गरिएको यही हमलाको प्रतिरोध गर्न र मालेमाको मौलिक सारको रक्षा गर्न हामीले त्यस समूहबाट विद्रोह गरेका हौं ।

❑ त्यो पार्टीले यसरी मार्क्सवादी सिद्धान्तको सारतत्व छोड्यो नै भन्ने कुरा तपाईले केका आधारमा कसरी महसूस गर्नुभयो त ?

-'माओवादी' नेतृत्व मार्क्सवादी सिद्धान्तिबाट विचलित भएको प्रमुख आधारलाई हामीले दुई पक्षबाट हेर्यौं । पहिलो पक्षमा हामीले के देख्यौं भने, त्यसले मार्क्सवादी सिद्धान्तलाई निम्नपूँजीवादी व्यक्तिवादी कोणबाट व्याख्या गर्दै आएको थियो र यसलाई आफ्नो निजी उपयोगिताको साधनको रुपमा परिभाषित गर्दै आएको थियो । दोस्रो पक्षमा हामीले, 'माओवादी' नेतृत्वद्वारा, सर्वहारा वर्गीय संस्कृतिको निर्माणको दिशातिर गरिरहेको अभ्यासको प्रकृयाको क्रमलाई सेटको रुपमा जोडेर हेर्यौं । यसरी हेर्दा विश्वदृष्टिकोण, सिद्धान्त, राजनीति, संगठन र त्यसप्रति उनीहरुको आचरणको अन्तर्सम्बन्धका बीचमा कुनै तारतम्य नभएको र ती एक अर्काको विपरीत दिशातिर गएको देख्यौं । शब्द चयन र वाक्य गठनमा क्रान्तिकारी देखिने, तर तथ्य र घटनाको व्याख्यामा व्यक्तिवाद, मार्क्सवादको ग्रहण गर्ने तरीका उपयोगितावादी र आचरण सामन्तवादी देखापऱ्यो । विश्वदृष्टिकोण, सिद्धान्त, राजनीति, संगठन र मानवीय आचरणको अन्तर्सम्बन्धित सेट नै संस्कृति हो । यी सबैमा रुपान्तरणको प्रश्न नै सांस्कृतिक रुपान्तरण हो । सर्वहारा वर्गीय संस्कृतिको निर्माणको यो पक्ष पनि 'माओवादी' भित्र देखा परेन ।

यी विकृतिहरुको तीतो अनुभूति त्यसबेला प्रष्ट रुपमा प्रकट भयो, जब 'माओवादी' नेतृत्वले रुपान्तरणको भौतिक पक्षलाई निर्णायक महत्व दिन पुग्यो । बन्दूकलाई आड बनाएर त्यसले सत्ता र शक्तिको प्रप्तिलाई आफ्नो साध्य बनायो र 'बन्दूकैबाट सांस्कृतिक रुपान्तरणको समग्र प्रकृया पूर्ण हुन्छ' भन्ने बुर्जुवा सैन्यवादी दृष्टिकोण अघि साऱ्यो । र, क्रान्तिकारी आन्दोलनमा विचारको प्रश्नलाई बन्दूकको अधीनस्थ राख्यो । यी तथ्यहरुले गर्दा 'माओवादी' समूह मार्क्सवादको सारतत्वको पकडबाट चिप्लिसकेको निष्कर्षमा हामी पुग्यौं ।

❑ तपाईहरू सैद्धान्तिक कारणले पार्टी बाहिर निक्लेको भन्नुहुन्छ । तर 'माओवादी' पार्टीको नेतृत्वले तपाईहरू सैद्धान्तिक कारणले निक्लेको नभएर तपाईहरू 'अराजक भएको' कारणले निक्लेको भन्दैछन् नि ?

-पहिलो कुरा त, नेपाली समाजको आधारभूत वर्ग धरातल निम्नपूँजीवादी छ र यहाँका पार्टीका नेतृत्वहरु सबै यही वर्ग धरातलबाट आएका छन् । निम्न पूँजीवादी चिन्तनको प्रमुख विशेषता शक्तिपरस्तता र व्यक्तिपरस्तता हो । यहाँका पार्टीहरु यो रोगले ग्रस्त छन् । यसकारणले नेतृत्व पंक्तिले आफ्नो कुनै

जनयुद्धमा जनताको सक्रिय सहभागिता आमरूपमा छैन

◆ माओवादीबाट विद्रोह गर्नेहरूका नेता भरत दाहाल

पनि आलोचनालाई अराजकता देख्नु स्वभाविक हो ।

पार्टीभित्र हाम्रो सैद्धान्तिक मतभेदलाई हामीले मौखिक रुपेमा मात्र होइन, लिखित रुपमा पनि उठाउँदै आएका हौं र त्यसलाई केन्द्रसम्म पनि पुऱ्याएका हौं । मालेमाको खोलभित्र 'माओवादी' पार्टी नेतृत्वले हुलेका विकृतिहरुलाई हामीले ३ प्रकारले औल्याएका थियौं ।

त्यहाँभित्रको पहिलो महत्वपूर्ण विकृति भनेको व्यक्तिवाद हो । दोस्रो महत्वपूर्ण विकृति सैन्यवाद हो र तेस्रो महत्वपूर्ण विकृति उपयोगितावाद हो ।

व्यक्तिवादी प्रवृत्ति चिन्तनसंग, सैन्यवादी प्रवृत्ति व्यवहारसंग र उपयोगितावादी प्रवृत्ति उनीहरुको नियतसंग जोडिएको छ ।

सामान्यतयाः कम्युनिष्ट पार्टी भनेको सामाजिक भवनामा विश्वास राख्ने सामूहिक नेतृत्व प्रणाली भएको पार्टी हो । 'माओवादी' नेतृत्वले यसका विपरीत पार्टीमा एउटा व्यक्तिलाई हावी बनायो र प्रचण्डलाई पार्टीको प्राधिकार घोषित गऱ्यो । हाम्रो ठम्याई के छ भने, एउटा प्रतिभाशाली व्यक्ति रामो विश्लेषक, संश्लेषक र व्याख्याकार बन्न सक्दछ । त्यसले छरिएर रहेका विचारलाई व्यवस्थित गर्न सक्दछ तर स्वयं त्यो प्राधिकार भने हुन सक्दैन । त्यस्तै, योग्य र सक्षम व्यक्ति कुशल संगठक र नेता हुन सक्छ, तर त्यो संगठनकै प्राधिकार हुन सक्दैन । किनकि, समाज वा संगठनभित्र लाखौं श्रमजीवी जनता कृयाशील भएका हुन्छन् । विचार भने पनि, संगठन भने पनि, तिनै लाखौं जनताको संघर्षबाट पैदा हुने सम्पदा हो । यस्तो सामूहिक सम्पदाको प्राधिकार एउटा व्यक्ति हुनै सक्दैन । मार्क्सवाद-लेनिनवाद-माओवादभित्र मार्क्स, लेनिन र माओको निजी अनुभव सानो अंशमा मात्र छ, तर त्यसभित्र लाखौं करोडौं श्रमजीवी जनताको संघर्षको अनुभव र ज्ञानको सश्लेषण अत्यधिक मात्रामा छ । त्यसैले, मालेमा समाजवादी विचारधाराको प्राधिकार बन्यो तर मार्क्स, लेनिन र माओ व्यक्तिगत रुपमा प्राधिकार बन्नु भएन । न त उहाँहरुले आफू कुनै संगठनको प्राधिकार भएको दावी नैं गर्नुभयो ।

'माओवादी' पार्टीभित्र व्यक्तिवादको चित्र यति भद्दा रुपमा देखापऱ्यो- अब देखि माथिदेखि तलसम्मका प्रत्येक पार्टी सदस्यले आफ्ना लेख, भाषण, प्रशिक्षण, छलफल आदिमा प्रचण्डका कोटेशनहरु अनिवार्य रुपमा उद्धृत गर्नुपर्ने बाध्यात्मक स्थितिको सिर्जना गरियो । 'नेतृत्व स्थापित हुनुपर्छ' भनी मार्क्सवादी मान्यता विपरीत नेतृत्वलाई स्थापित गर्नुपर्छ भन्ने सामन्तवादी मान्यता लागू गरी पार्टीमा व्यक्तिको दासत्व लादियो र कम्युनिष्ट तथा गैर कम्युनिष्ट भनी छुट्याउने आधार प्रचण्डको तावेदारीलाई बनाइयो ।

कथित नेतृत्वलाई स्थापित गर्ने बहानामा निजी ख्याति र आत्मप्रतिष्ठाको भोक मेटाउने उद्देश्यले पार्टीको शक्ति दुरुपयोग गरी प्रचण्डको फोटो सार्वजनिक गरी त्यसलाई पत्रिका र पोष्टरको रुपमा व्यापक बनाउने निर्णय गरियो । यो निर्णय बाबुराम भट्टराईप्रतिको निम्न पूँजीवादी विद्वेषको रुपमा प्रकट भयो । यी प्रवृत्तिहरुलाई हामीले व्यक्तिवादका रुपमा चित्रण गऱ्यौं ।

दोस्रो कुरा, 'माओवादी' नेतृत्वले जनयुद्धलाई मार्क्सवादी चेतनाको आधारमा होइन कि, विशुद्ध फौजी चेतनाद्वारा व्याख्या गरिरहेको छ । युद्धको मामिलामा मात्र होइन, सामाजिक व्यवहारमा समेत सैन्यवाद हावी छ । पश्चिम नेपालमा 'शहीद अभियान' को नाममा कार्यकर्ताहरुलाई छिटोभन्दा छिटो मृत्युको मुखमा धकेल्न 'माओवादी' नेतृत्वले संचालन गरेको कार्यक्रम सैन्यवादको ठोस अभिव्यक्ति हो । पराक्रमले मात्र क्रान्ति भइहाल्छ भन्ने उनीहरुको सोच छ ।

त्यस्तै, आधार इलाका निर्माणको लागि अहिले भएका पार्टी कार्यकर्ताहरुको ८० प्रतिशत हिस्सा शहीद हुन सक्छन् भनेर उनीहरुले प्रशिक्षण दिइरहेका छन् । तर उनीहरुले केन्द्रीय समितिको ८० प्रतिशत हिस्सा शहीद हुनुपर्छ भन्दैनन् । हामीले बुझेको कुरा के हो भने, आफ्नो कमभन्दा कम क्षतिले बढीभन्दा बढी उपलब्धि हासिल गर्नु र शत्रु पक्षको बढीभन्दा बढी क्षति पुऱ्याउनु युद्धको मूल नीति हो । माओले पनि यही कुरा भन्नुभएको थियो र यसै अनुसार गर्नुभएको थियो । माओले त केसम्म भन्नुभएको छ भने, आफ्नो जनशक्तिको बढी क्षति हुने संभावना देखापरेमा बनेका आधार इलाका पनि छोडीदिनु पर्छ । तर 'माओवादी' नेतृत्वले एउटा आधार इलाकाको लागि सम्पूर्ण पार्टी सदस्यहरु समाप्त पारिदिने र त्यसको महंगो मूल्यमा आफ्नो प्रतिष्ठा उँचो पार्ने अधोगामी सोच बनाएको छ ।

सबै प्रकारको समस्यालाई बन्दूकले हल गर्छ भनेर उनीहरुले भनिरहेका छन् । बन्दूकले भौतिक समस्या हल गर्न सक्छ, तर सांस्कृतिक समस्या हल गर्न सक्दैन । यो पनि सैन्यवादी चिन्तन हो । यसैगरी, 'माओवादी' नेतृत्वले 'संगठनलाई सैनिकीकरण गर्नुपर्छ' भन्ने भनाइलाई हातहरुको सशस्त्रीकरणसंग मात्र जोडेर व्याख्या गरेका छन् । हाम्रो बुझाइ के हो भने, संगठनको सैनिकीकरणको मूल अर्थ संगठनमा आबद्ध मानिसहरुको विचारको सशस्त्रीकरण हो । त्यसको क्रान्तिकारीकरण हो । हातको सशस्त्रीकरण त त्यसको सहायक मात्र हो । तर 'माओवादी' नेतृत्वले वर्ग चेतनालाई ओझेलमा पारेर भौतिक सशस्त्रीकरणलाई प्राथमिकता दिएको छ ।

'माओवादी' नेतृत्वले मुखले कुरा गर्दा नौलो जनवादलाई सामन्तवाद-साम्राज्यवादविरोधी क्रान्ति भन्छ । तर व्यवहारमा त्यसले सामन्तवाद-साम्राज्यवादविरोधी कम्युनिष्ट, वामपन्थी तत्वहरुमाथि भौतिक आक्रमण गर्दै गएको छ । यहाँसम्म कि, पार्टीभित्रकै भिन्नमत राख्ने कार्यकर्ताहरुलाई समेत भौतिक कार्वाहीको धम्की दिंदै आएको छ । 'माओवादी' नेतृत्वले मैत्रीपूर्ण अन्तर्विरोधलाई, बन्दूकले प्रशासनिक तरीकाद्वारा हल गर्ने नीति लिएको छ । त्यसको सैन्यवादी चेतनाको उन्मादले जनतामा वैचारिक-राजनीतिक संचेतनाको पक्षलाई समाप्त पार्दै गएको छ । फलतः 'माओवादी' का फौजी कार्वाहीहरु पनि बिस्तारै जनताको बीचमा भयको रुपमा चित्रित हुँदैछन् । माओवादीको नाममा जति पनि मानिसहरु मारिएका छन्, त्यस ठाउँका जनता- एकाध अपवादलाई छोडेर - प्रतिरोधमा सचेततापूर्वक नउत्रनुले के पुष्टि गर्दछ भने, यी कार्वाहीहरु जननीतिमा आधारित नभएर फौजी नीतिमा मात्र निर्भर छन् । जननीतिलाई उनीहरु सुधारवाद, ट्रेड यूनियनवाद मान्दछन् । जति बढी विशुद्ध फौजी कार्वाही गऱ्यो, त्यति दमन हुन्छ र जति दमन भयो, त्यति विद्रोह हुन्छ भन्ने एकांगी विचारबाट उनीहरु ग्रस्त छन् । दमनले ध्वंश पनि निम्त्याउँछ भन्ने कुरा उनीहरु मान्दैनन् । यी प्रवृत्तिहरुलाई हामीले सैन्यवादका रुपमा चित्रण गऱ्यौं ।

केही माओवादी नेताहरू व्यापार र आर्थिक उत्पादनमा लम्पट भइरहेका छन्

❑

माओवादी नेतृत्वको आलोचना गर्नु क्रान्तिको विरोध गरेको हुने घोषित नीति छ

❑ **अनि तेस्रो कुरा के हो नि ?**

- तेस्रो कुरा, पार्टी बाहिरको व्यक्ति होस् वा भित्रको, आफ्नो स्वार्थपूर्ति हुँदासम्म कसैलाई पनि उपयोग गर्ने र आफ्नो स्वार्थको प्रतिकूल देखा पर्नासाथ त्यसलाई सदाको निम्ति समाप्त पारीदिने प्रयत्न गर्ने निम्नकोटीको उपयोगितावादी चरित्र 'माओवादी' नेतृत्वको नशा

आफ्नो कामको समर्थन नगरेपछि जसलाई पनि प्रतिक्रियावादी ठानीहाल्ने प्रवृत्ति माओवादीहरुमा कायम रहेको छ !

◆ क. चित्रबहादुर के. सी.

नेकपा मसालका नेता

❑ नेकपा (माओवादी) ले तीन वर्ष अगाडि शुरु गरेको 'जनयुद्ध' छापामार संघर्षको चरण पार गरी आधार इलाकाको निर्माणको चरणमा पुग्यो भनेर उनीहरु घोषणा गर्दैछन् । यसमा तपाईको पार्टीको धारणा के छ ?

-सिद्धान्ततः जनयुद्ध र सशस्त्र संघर्षका हामी विरोधी होइनौं । राज्यसत्ता प्राप्तिको लागि शोषित वर्गले अन्ततः सशस्त्र संघर्षको बाटो नअप्नाइकन हुँदैन ।

तर, नेकपा (माओवादी) ले चलाएको सशस्त्र संघर्षलाई यो उग्रवामपन्थी गल्ती भयो भनेर शुरुदेखि नै त्यसप्रति हाम्रो आलोचना यसकारणले भयो कि, अहिले वास्तवमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्थिति र स्वयं नेपाली कम्युनिष्ट आन्दोलनभित्रको पनि आत्मगत स्थिति सशस्त्र संघर्षको लागि अनुकूल छैन । र, जहाँसम्म माओवादी साथीहरुले 'जनयुद्ध' मा जनताको ठूलो हिस्साले भाग लिइरहेछ, साथ दिइरहेछ र दुश्मन सकटमा परेको छ, दुश्मन अत्तालिएको छ भन्ने जस्ता तमाम कुराहरु भनिरहेछन्, ती कुराहरुमा हाम्रो सहमति छैन ।

जनताको ठूलो हिस्साबाट अलगिएको कारणले गर्दा नै प्रतिक्रियावादीहरुले 'जनयुद्ध' दबाउने बहानामा धेरै निर्दोष जनताहरुलाई हत्या गरिरहेका छन् । र, सरकारको ज्यानमारा कमाण्डो दलले यत्रो नृसंश हत्या गरिरहेको छ, तर माओवादीहरुले अहिलेसम्म एकजना पनि कमाण्डो मार्न सकेका छैनन् । त्यसैले अहिले माओवादीहरुको जुन गतिविधिहरु भइरहेछन्, तिनीहरु स्वय नेकपा (माओवादी) को नियन्त्रणमा नै कति छन् भन्ने प्रश्न उब्जिरहेको छ । अहिले विभिन्न ठाउँमा विभिन्न किसिमका अपराधहरु माओवादीको नामबाट भइरहेका छन् । र, माओवादी दबाउने नाममा सरकारबाट थुप्रै निर्दोष जनताहरुको हत्या भइरहेछन् । निश्चय नै यी जम्मै घटनाहरुको मुख्य जिम्मेवार त यहाँको प्रतिक्रियावादी राज्य सत्ता नै हो । त्यस्तै यसको अर्को मुख्य जिम्मेवार भनेको देशको अहिलेको आर्थिक, राजनीतिक, सामाजिक र अन्य संरचनाहरु हुन् ।

अर्को कुरो, साम्राज्यवाद-सामन्तवाद विरोधी शक्तिहरुलाई पनि आफ्नो कामको समर्थन नगरेपछि तुरुन्तै प्रतिक्रियावादी ठानीहाल्ने प्रवृत्ति माओवादीहरुमा कायम रहेको छ र, यसले स्वय माओवादीहरुलाई नै अलग्याएको छ । यसबाट माओवादीहरुलाई आफ्ना कार्वाहीहरु चलाउन झन् प्रतिकूल स्थिति पैदा हुन पुगेको छ । त्यसकारण, यस्तो प्रतिकूल स्थितिमा चलाइएको दीर्घकालीन सशस्त्र जनयुद्धको कार्वाहीको विषयमा नेकपा (माओवादी) ले पुनर्वचार गर्नु पर्छ भन्ने हामीलाई लाग्दछ । होइन भने, यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई नै क्षतविक्षत पार्ने खतरा रहेको छ ।

❑ तर, नेकपा (माओवादी) ले त उनीहरुका कार्वाहीहरुको कारणले रुकुम, रोल्पा, जाजरकोट आदि जस्ता जिल्लाहरुमा सरकारी चुनाव नै हुन नसकी त्यहाँ एक किसिमको सत्तारिक्तताको स्थिति पैदा भएको छ र त्यहाँको स्थिति अब छापामार संघर्षलाई पार गरी आधार इलाका निर्माणको चरणको स्थिति हो भनेर सार्वजनिक घोषणा गरेका छन् नि ?

-उहाँहरु के भन्नु हुन्छ भन्ने कुरा मुख्य होइन । सबैलाई के थाहा छ भने, नेपालमा अहिले प्रतिक्रियावादी राज्यसत्ताको शक्ति र विभिन्न जिल्लाहरुमा विरोधी पार्टीहरुको शक्ति उहाँहरुको तुलनामा कम छैन । आधार इलाका बनाउने भनेको त जहाँ बनाउने भनिएको हो, त्यस इलाकाभित्र क्रान्तिकारीहरुका नियम कानून, शासन, शक्ति जस्ता कुराहरु लागू हुने स्थिति बनाउने हो, तर अहिले उहाँहरु त्यस्तो स्थितिमा हुनुहुन्न । त्यसैले अहिले आधार इलाका कुन स्थितिमा कसरी बन्छ भन्नेतिर उहाँहरु नलागी बरु यसलाई बाहिर केवल प्रचार-प्रसार गर्ने किसिमले मात्र ल्याइएको देखिन्छ । उहाँहरुको गढको रुपमा मानिएको गोर्खामा भर्खरै एकजना कांग्रेसी विद्यार्थी मारिएको सन्दर्भलाई लिएर कांग्रेसीहरुले त्यहाँका क्याम्पस प्रमुखलाई कुटपिट गर्नुका साथै पूरै बजारमा ताण्डव नृत्य नै देखाए । रुकुम, रोल्पा जाजरकोट जस्ता जिल्लाहरुमा नै पनि अस्ति भर्खरै जिविसका चुनावहरु भए । त्यसैले माओवादीहरुको 'आधार इलाका निर्माण' गर्ने भन्ने कुरो एकदम उट्पट्याङ्ग कुरो मात्र हो ।

माओवादीहरुको यस्ता उट्पट्याङ्ग कुराहरुबाट प्रतिक्रियावादीहरुलाई कम्युनिष्टहरुलाई दबाउने बहाना मात्र प्राप्त हुन्छ । त्यसकारण मलाई त के लाग्छ भने, अहिले माओवादीहरुले 'जनयुद्ध' फिर्ता गरेको घोषणा गरेमा प्रतिक्रियावादीहरुले राम्रो मान्लान् जस्तो छैन, किनकि उनीहरुलाई यसबाट कम्युनिष्टहरु सखाप पार्न ठूलो अवसर उपलब्ध भएको छ । उनीहरुलाई फाइदा नै भएको छ ।

❑ माओवादीहरुप्रति सरकारले जुन दमनको नीति लिएको छ, यस मामलामा चाहिँ तपाई के भन्नु हुन्छ ?

-अहिलेको सरकार भनेको ज्यानमाराहरु, साम्राज्यवादीहरु, सामन्तहरु, तस्करहरु, घुस्याहाहरु र अन्य अपराधीहरुको प्रतिनिधि हो । त्यसैले उसले त त्यस्तो नीति लिने नै भयो नि ! नेपालबाट वर्षेनी हज्जारौं चेलीबेटी विदेशमा बेच्ने अपराधीहरुलाई सरकारले केही कार्वाही गर्दैन । रातारात नेपाली जनताको ढुकुटी स्वाहा पारेर करोडपति बन्ने अपराधीहरुलाई सरकारले कुनै दण्ड सजाय दिनु त कता हो कता, सरकारमा गएका पार्टीहरुले आफ्ना पार्टीहरुमा उनीहरुलाई हुल्छन् । त्यसैले, राज्यसत्तामा बस्नेहरु नै अपराधी, आतककारी र लुटाहाहरु हुनुका साथै अराष्ट्रिय तत्वहरुको स्वार्थ पूर्ति गर्ने फटाहाहरु भएको कारणले गर्दा उनीहरुले त्यस किसिमको दमनको नीति लिनु त स्वाभाविक कुरा नै हो । सरकारमा बस्नेहरुले गरेका करतूतहरुलाई जनताको सामु नग्याउनु जरुरी छ । त्यसकारण, सरकारले 'माओवादी'हरुलाई अपराधी नै भन्दैमा उनीहरु अपराधी हुने कुरा होइन । माओवादीहरुलाई त्यस्ता कार्वाहीमा उतार्नमा शुरुवातमा त यिनै राज्यसत्तामा बस्ने प्रतिक्रियावादीहरुले नै भूमिका खेलेका त हुन् नि ! अहिले नै भनौं न ! माओवादीहरुसंग सहमति नराख्ने दैलेखका हाम्रै साथीहरुलाई पुलिसहरु आफैंले उहाँहरुको घरमा विस्फोटक पदार्थहरु राखेर जबरजस्ती 'माओवादी' भनेर पक्रेर लगेर यातनाहरु दिइरहेछन् । त्यसकारणले अहिले माओवादीको नाममा आतककारी गतिविधि गराउन सरकारले नै पहल लिइरहेको देखिन्छ । त्यसैले, अहिलेको आतकको मुख्य जिम्मेवार राज्य सत्तामा बस्ने प्रतिक्रियावादीहरु नै हुन् । ❑

नशामा व्याप्त छ । मार्क्सवादबारे पनि उनीहरुको नियत यही छ । जस्तो, बर्दिया जिल्लाका विष्णु पोखेल पहिलेको मशाल पार्टीका केन्द्रीय सदस्य र शहीद हुँदा 'भेरी जनवादी मच' का संयोजक हुनुहुन्थ्यो । प्रचण्डसंगको मामुली मतभेदको कारणले उहाँको मृत्युपछि उहाँलाई 'राजनीतिबाट पहिले नै सन्यास लिएर बसेको' भन्ने निर्लज्ज बयान पत्रिकामा छाप्न लगाइयो । यस्तै व्यवहार रुकुमका दौलतराम घर्तीमाथि पनि भयो र उहाँलाई त 'शहीद मान्नु हुँदैन' भनेर महिनौंसम्म मृत्युको जानकारीसम्म पार्टीमा दिइएन । बर्दियाकै श्रीराम चौधरीलाई व्यक्तिवादी तत्वहरुले उहाँ बाँच्दासम्म ओठे सम्मान देखाएर खुब उपयोग गरे, तर जब उहाँको हत्या भयो, तब त्यो गिरोहले उहाँको हत्याबारे वक्तव्यसम्म दिएन, जबकि, उहाँ छापामार दलका सदस्य हुनुहुन्थ्यो ।

ठीक यही नीति जनजातीहरुप्रति पनि छ । प्रचार गर्दा जातीय स्वायत्तताको चर्को हल्ला गर्ने 'माओवादी' नेतृत्वले पश्चिम तराईका थारु आदिवासीहरुलाई जातीय रुपमा गाउँ तहसम्म संगठित हुन रोक लगाएको छ । थारुहरु जातीय रुपमा संगठित भएमा हामीलाई टेर्दैनन् भन्ने उनीहरुको तर्क रहेको छ । अर्कालाई आफ्नो स्वार्थपूर्तिको साधनको रुपमा मात्र प्रयोग गर्ने र प्रयोगको सीमा सकिएपछि त्यसैलाई दुत्कार्ने 'माओवादी' नेतृत्वको यही चरित्रलाई हामीले 'व्याधा चरित्र' भनेका हौं ।

यस्तै प्रकारको अर्को एउट हास्यास्पद घटना छ । 'नव-चेतना' मासिक पत्रिकाको नयाँ अकमा प्रचण्डले 'इतिहासमा काम गरेको आधारमा कसैले व्याज खान पाउँदैन र यो कुरा कसैलाई सह्य हुँदैन' भनेर आफ्ना आलोचकहरुलाई कटाक्ष हानेका छन् । तर प्रचण्डको विस्तारित बैठक (यथार्थतः क्लब सभा) पछि 'जनादेश'मा प्रकाशित एउटा लेखमा प्रचण्डको १५ वर्षे इतिहासको बखान गरेर उनको 'प्रधान' भूमिकाबारे प्रष्टीकरण दिइएको छ । त्यही इतिहास अरुको हकमा 'व्याज खान खोजेको' अर्थ लाग्ने र प्रचण्डको हकमा चाहिं मुखियाको प्रमाणपत्र बन्ने ? कति अवसरवादी वर्ग प्रवृत्ति ? यी प्रवृत्तिहरुलाई हामीले उपयोगितावादका

'माओवादी' नेतृत्वले पश्चिम तराईका थारू आदिवासीहरूलाई जातीय रूपमा गाउँ तहसम्म संगठित हुन रोक लगाएको छ । थारूहरू जातीय रूपमा संगठित भएमा हामीलाई टेर्दैनन् भन्ने उनीहरूको तर्क रहेको छ ।

रुपमा चित्रण गर्यौं ।

यी तीन प्रकारका रुपहरु अर्थात् व्यक्तिवाद, सैन्यवाद र उपयोगितावाद मिलेर 'माओवादी' नेतृत्वको सिद्धान्त बनेको छ, जुन लिनप्याओवाद हो । मार्क्सवाद-लेनिनवाद-माओवादलाई उनीहरुले तर्क-चेतनाको रुपमा मात्र लिएका छन्, तर उनीहरुले समातेको वर्ग चेतना चाहिं लिनप्याओवाद हो । लिनप्याओवादका प्रमुख विशेषता पनि व्यक्तिवाद, सैन्यवाद र उपयोगितावाद (षड्यन्त्र-कला) हुन् । यी सम्पूर्ण तथ्यहरुले 'माओवादी' नेतृत्व र हाम्रा बीचमा सैद्धान्तिक मतभेद थियो कि थिएन भन्ने कुराको पुष्टि गर्दछन् ।

❑ 'जनताको ठूलो पंक्ति जनयुद्धमा सामेल भइरहेको छ, त्यसैले यो जनयुद्ध नै हो' भनेर उनीहरु भनिरहेका छन् । तपाईहरुको सोचाइमा के त्यो कुरा सही हो ?

-राजनीतिमा जनताको सहभागिताको रुप विभिन्न किसिमको हुन्छ । जनयुद्धमा पनि सहभागिताको विविध रुप देखिएको छ । कोही आफ्नो विरोधीसंग व्यक्तिगत बदला लिने उद्देश्यले सहभागी छन् । जस्तो गत सालको स्थानीय चुनावमा कांग्रेसबाट पिटाइ खाने एमाले र एमालेबाट पिटाई खाने कांग्रेस 'माओवादी' बनेर आएका छन् । कोही तत्कालिक हित पूर्तिको निम्ति 'माओवादी' समर्थक भएका छन् । जस्तो केही महिना पहिले काठमाडौंकै एउटी महिलाले आफ्नो घरघडेरी एकजना मारवाडीबाट छुटाउन 'माओवादी' गुहारेको कुरा पत्रिकामा आएको थियो । कोही 'माओवादी' लाई ढाल बनाएर आफ्नो राजनीतिक भविष्य सुनिश्चित गर्न आएका छन् । जस्तो, जाजरकोटमा तेजबिक्रम शाह र रुकुममा ध्रुव बिक्रम शाहहरु । जनयुद्धमा सामेल भनिएको अत्यधिक ठूलो पंक्ति निस्कृय समर्थकहरुको छ, जो, क्रान्ति 'माओवादी' ले गरिदिए हुन्थ्यो भन्ने चाहन्छ, तर आफू त्यसमा सामेल हुन चाहँदैन र युद्धमा आफैं सरिक हुनुपर्छ भन्ने चेतना पनि राख्दैन । अर्कोथरि सहभागी त यस्ता छन्, जो वस्तुतः सहभागी नै होइनन् । उनीहरु आफू मारिने डरको कारणले 'माओवादी' र पुलीस मध्ये जो आए पनि सघाउँछन् र एक अर्काको विरुद्धमा या त चुक्ली लगाउँछन् या तुष्टीकरणको नीति लिन्छन् । यी विविध सहभागिताका बीचमा एउटा पंक्ति सकृय सहभागीहरुको छ । यस अन्तर्गत पनि एउटा पक्ष इमान्दार र अर्को पक्ष घुसपैठीया छ । तर यो सबै प्रकारको सहभागितालाई अराजनीतिक रुपले गंजागोल पारेर 'माओवादी' नेतृत्वले व्यापक सहभागिताको झुठ्ठा प्रचार गरिरहेको छ । देशका सीमित क्षेत्रहरुमा सकृय सहभागिता राम्रो छ, तर आम रुपमा होइन । आम रुपमा हेर्ने हो भने, जनयुद्धमा सहभागी इमान्दार सकृय जनताको पंक्ति अत्यन्त सानो छ । राजनीतिक आन्दोलनमा वास्तविक सहभागी भनेको यही इमान्दार सकृय पंक्ति मात्र हो । यस कोणबाट हेर्दा जनयुद्धको राजनीतिक आधार अत्यन्त कमजोर छ । जो छ, त्यो पनि अत्यन्तै कमजोर चेतनाको छ । वैचारिक राजनीतिक चेतनाको तुलनामा फौजी उत्साह धेरै अगाडि छ ।

केही महिना पहिले काठमाडौंकै एउटी महिलाले आफ्नो घरघडेरी एकजना मारवाडीबाट छुटाउन 'माओवादी' गुहारेको कुरा पत्रिकामा आएको थियो ।

❑ तपाईहरुले त्यहाँभित्र बसेर किन संघर्ष गर्न सक्नु भएन ? किन निक्लनको

माओवादीहरु अहिले आफ्ना गतिविधिहरुलाई बढी आंकलन गर्ने गल्ती गर्दै छन्

◆ क. सी. पी. मैनाली

नेकपा मालेका पोलिटब्यूरो सदस्य

❑ नेकपा (माओवादी) ले विगत झण्डै तीन वर्ष अगाडिदेखि संचालन गर्दै आइरहेको 'जनयुद्ध' अब 'आधार इलाकाको निर्माणको चरण'मा प्रवेश गऱ्यो भन्ने कुरा उनीहरुले बाहिर प्रचारमा ल्याइरहेछन् । यस घटनालाई तपाईंले कसरी लिइराख्नु भएको छ ?

-पहिलो कुरो त माओवादीहरुले अप्नाएको कार्यनीति वर्तमान सन्दर्भमा एउटा उग्रवामपन्थी भड्काव नै हो भन्ने हाम्रो विश्लेषण छ । देशमा जनतामा रहेका केही असन्तुष्टिहरु, केही विरोधहरु र देशको राजनीतिमा रहेका केही अन्तरविरोधहरुलाई उपयोग गरेर उसले जुन उग्र वामपन्थी ढंगले काम गरिरहेको छ र आफूलाई टिकाउने र बढाउने जुन अवसर पाएको छ, यो कुनै स्थायी कुरो होइन र समयक्रममा यो बदलिन्छ भन्ने लाग्दछ ।

माओवादीहरुले अहिले वास्तवमा सकारात्मकभन्दा पनि बढी नकारात्मक समर्थन पाएका छन् । वर्तमान सन्दर्भमा समग्रमा उनीहरुले लिएको कार्यनीति अहितकर र बेठीक छ भन्ने मूल्यांकन रहिरहेको अवस्थामा उनीहरुको गतिविधिलाई विशेष महत्वका साथ टिप्पणी गर्नु पर्ने म आवश्यक ठान्दिनँ ।

❑ अहिले सरकारले चर्को ढंगले मान्छेहरु लगातार मारिराखेको छ, यसलाई तपाईं कसरी हेर्नु हुन्छ नि ?

-जो अहिले हामी शान्तिपूर्ण र वैधानिक ढंगले समाजको विकास निर्माण र परिवर्तनको निम्ति लागिरहेका कम्युनिष्ट पार्टीहरु छौं, हामीहरुले विगतमा पनि नेपाली कांग्रेसको अल्पमतको सरकारले राज्य आतंक फैलाएको सन्दर्भमा जनआन्दोलन गऱ्यौं र नेपाली कांग्रेसको सरकारले नौ वाम समूहसंग एउटा सम्झौता गऱ्यो । र, त्यो सम्झौतामा नै स्पष्टतः एउटा के उल्लेख गरिराखेको छ भने, मुठभेडमा मारिनेहरु पुलिस या विद्रोहीहरुबाहेक अन्य घटनाहरुमा समातिएका मानिसहरु, निहत्था मानिसहरु मारिने कुरा बेठीक हुन् र त्यसलाई रोकिनु पर्छ । वास्तवमा सम्झौतामा भएको यो सहमति एकदम ठीक छ । त्यहाँदेखि यता विस्तारै त्यही सम्झौताको पनि उल्लंघन हुँदै आएको छ । अहिले जहाँ जहाँ निहत्था र निशस्त्र मानिसहरु मारिएका छन्, त्यहाँ त्यहाँ गलत भएको छ । र, जहाँनिर मानिसहरु समातिएका छन्- चाहे ती माओवादीहरु हुन्, चाहे गुरिल्लाहरु नै किन नहुन् र चाहे तिनीहरु बन्दूक नै बोकेर हिंड्ने मानिसहरु नै किन नहुन्, यदि मारिन्छन् भने त्यो साढै नै गलत भएको छ । त्यो निरंकुश दमनात्मक राज्य आतंकको अभिव्यक्ति हो । त्यो अनुचित भएको छ र त्यसको हामी विरोध गर्छौं । र, यो रोकिनु पर्छ भन्ने हाम्रो मान्यता छ । यस मामलामा यो सरकारसित हाम्रो विरोध रहेको छ ।

❑ अनि यो दमन रोकिएन भने पनि के तपाईहरु सरकारमा रहिरहनु हुन्छ ?

-यो दमन रोकिनु नै पर्छ भनेर नै सरकारलाई हामीले हाम्रो विरोधपत्र, ज्ञापनपत्र दिएका छौं । यसको साथै, यस सन्दर्भमा सरकारमा नभएका वाम पार्टीहरुले अहिले सडकमा जुन संघर्षका कार्यक्रमहरु गरिरहेका छन्, त्यसप्रति हामीले सहानुभूति र नैतिक समर्थन जनाएका छौं । बाहिर सडकमा आन्दोलनमा रहेकाहरु र हामी सरकारमा रहेकाहरु दुबैको अभिप्राय निहत्था मानसहरुको हत्या रोक्नु नै हो । यदि यो निहत्था मानिसहरुलाई हत्या गर्ने कार्य रोक्ने व्यवस्था सरकारबाट हुँदैन भने हामी सरकारमा बसिरहनु पर्ने औचित्यता पनि रहँदैन ।

❑ माओवादीहरु अहिले 'आधार इलाका' भनेर जसरी आइरहेका छन्, यसभित्रको वैचारिक सैद्धान्तिक आधार के रहेको तपाई ठान्नु हुन्छ ?

-अहिले कस्तो संघर्षको रणनीति लिने र त्यस मातहत कस्तो कार्यनीति लिने भन्ने सवालमै माओवादी र हाम्रोबीच ठूलो भिन्नता छ । उहाँहरुले 'जनयुद्ध' को सिद्धान्तअन्तर्गत जुन हिंसात्मक संघर्षको कार्यनीतिलाई अगाडि बढाउँदै हुनुहुन्छ, त्यो कालान्तरमा परिणामतः अहितकर हुन्छ, वाम आन्दोलनकै निम्ति र उनीहरुकै निम्ति पनि भनेर हामीले ठानेका छौं । उहाँहरुले अहिले आफ्ना गतिविधिहरुलाई बढी आंकलन गर्ने गल्ती गर्दै हुनुहुन्छ । मलाई लाग्छ- त्यो आंकलन सही साबित हुन सक्दैन ।

❑ माओवादीहरुलाई तपाईंहरुको सुझाव के छ त ?

-उहाँहरुले नेपालको अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिलाई समाप्त गरेर देशमा नयाँ जनवादी समाज स्थापना गर्ने जुन लक्ष्य राख्नु भएको छ, त्यसमा मेरो केही भन्नु छैन । विरोध छैन । तर, त्यसको निम्ति आज उहाँहरुले जुन संघर्षको रणनीति र कार्यनीति अप्नाउनु भएको छ, त्यो गलत र त्रुटीपूर्ण छ भन्ने लाग्छ । र, यसबाट अहिले हामी जुन राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा छौं, त्यसमा दिगो र टिकाउ हुने गरी यो क्रमलाई अगाडि लान सकिन्छ भन्ने मलाई लाग्दैन । यो गलत कुरालाई उहाँहरुले महसूस गर्न सक्नुपर्छ । उहाँहरु नयाँ जनवादी सामाजिक परिपाटी स्थापना गर्ने लक्ष्यको निम्ति वर्तमान सन्दर्भमा शान्तिपूर्ण, वैधानिक जनसंघर्षको बाटो, संसदभित्र र बाहिरबाट लड्ने बाटोमा उत्रिनुहोस् र व्यापक जनसाधारणहरुलाई, लाखौं लाख जनताहरुलाई नयाँ जनवादी क्रान्तिको निम्ति शिक्षित गर्ने, संगठित गर्ने कार्य नै मार्क्सवादी-लेनिनवादी कार्यनीति हुन सक्छ । माओवादीमा लागेका साथीहरुमा यो विचार विकसित होस् भन्ने हामी चाहन्छौं । ❑

लागि नै बाध्य हुनुभयो ?

-पहिलो कुरा त, हामीले विचारधारालाई सर्वोपरि मानेका छौं। त्यसको मातहतमा क्रान्ति र पार्टीको स्थान रहन्छ। जनवादी केन्द्रीयता भन्ने कुरा यी सबैको सेवा गर्ने र आन्तरिक समस्यालाई व्यवस्थित एवं समाधान गर्ने संगठनात्मक प्रणाली हो। यसलाई 'माओवादी' नेतृत्वले विचारधाराभन्दा माथि उठायो र कथित केन्द्रीयताको नाममा सैद्धान्तिक राजनीतिक विवादहरुलाई दबाउने र त्यसको हल गर्नु परेमा छलफल, बहसद्वारा होइन कि, प्रशासनिक कार्वाहीद्वारा हल गर्न थाल्यो। जनवाद भनेको अधिकारको प्रश्न हो र केन्द्रीयता भनेको कर्तव्यको प्रश्न हो। तर 'माओवादी' नेतृत्वले जनवादलाई 'अराजकतावाद' को रुपमा र केन्द्रीयतालाई दण्डको रुपमा व्याख्या र प्रयोग गऱ्यो। यसरी, जनवादी केन्द्रीयताको अपव्याख्या गरी त्यसलाई सिद्धान्त बनाएर मूल सिद्धान्तमाथि आक्रमण गर्ने 'माओवादी' को नीति मान्नुको अर्थ हुन्थ्यो- खरानीको निम्ति घरमा आगो लगाउनु। यस्तो बेला मूल चीजको रक्षाको लागि विद्रोह अनिवार्य कर्तव्य भएर आउँछ।

अर्को कुरा, 'माओवादी' नेतृत्वले केन्द्रीयतालाई मूल सिद्धान्त बनाएपछि आफूले गरेका अधोगामी व्यक्तिवादी निर्णयहरु लाद्न शुरु गऱ्यो र त्यसको आलोचना गर्नेहरुलाई क्रान्तिविरोधी घोषित गर्न थाल्यो। क्लब सभाको निर्णय पछि त पार्टीमा काम पाउने कि नपाउने, उत्पीडन भोग्ने कि नभोग्ने भन्ने कुरा नाप्ने कसी प्रचण्डको तावेदारी बन्न पुग्यो। यसरी, केन्द्रीयताले आफ्नो सीमा नाघेर सिद्धान्त बन्न पुगेपछि र त्यसमा पनि त्यो प्रचण्डको स्वार्थ साधनाको सिद्धान्त बन्न पुगेपछि त्यहाँभित्र अर्न्तसंघर्षको संभावना समाप्त भयो। अब पनि त्यहाँ रहनुको अर्थ मार्क्सवादी विचारधारालाई खाल्डोमा पुरेर प्रचण्डको निजी दास बन्न सहमत हुनु मात्र हुन्थ्यो। एउटा क्रान्तिकारीको रुपमा हामीले यस्तो अद्योगति स्वीकार गर्न सकेनौं र सचेत भावनाको रुपमा बाँच्नको लागि विद्रोह गऱ्यौं। गुलामी गरेर पद हत्याउने कामलाई प्राथमिकता दिएको भए आफ्नो समर्थन गरेमा ठूलै ठाउँ दिने प्रलोभन मलाई पनि दिए। यसका लागि मलाई परीक्षण गर्न उनीहरुले २ महिनाको समय दिएका थिए। त्यसमा म सहमत नभएपछि अराजकतावादी भन्न थाले।

> 'माओवादी' नेतृत्वले केन्द्रीयतालाई मूल सिद्धान्त बनाएपछि आफूले गरेका अधोगामी व्यक्तिवादी निर्णयहरू लाद्न शुरू गऱ्यो र त्यसको आलोचना गर्नेहरूलाई क्रान्तिविरोधी घोषित गर्न थाल्यो।

❑ **त्यहाँ जनवादी केन्द्रीयता छैन भने कसरी नीति निर्णय हुन्छ त ? अनि जनवादी केन्द्रीयता नभएको ठाउँमा कसरी मान्छेहरु अडिरहेका छन् त ?**

-त्यहाँ भित्रभित्र हरेक स्तरको नीति एउटा व्यक्तिले तय गर्छ र हस्ताक्षरको लागि कमिटीको बैठकमा पेश गर्छ। कमिटीका सदस्यहरुले मामुली सुधारबाहेक मूल कुरामा अनिवार्य रुपमा हस्ताक्षर गर्नुपर्छ, अन्यथा अराजकतावादी घोषित हुनुपर्छ। उनीहरुको निर्णय गर्ने प्रकृया यही हो। यो पहिलेदेखि नै थियो तर कथित विस्तारित बैठकपछि त 'माओवादी' नेतृत्वले यसलाई औपचारिक निर्णयको रुप दिइसकेको छ। विस्तारित बैठकपछि आएको सर्कुलरमा के भनिएको छ भने, जिल्ला कमिटीको थपघट, गठन, पुनर्गठनको काम त्यस जिल्लालाई हेर्ने इन्चार्जले गर्नेछ। यसै गरी, उपक्षेत्रसंग सम्बन्धित सबै निर्णयहरु त्यसको इंचार्जले र क्षेत्रीय ब्यूरोसंग सम्बन्धित सबै नीति निर्णयहरु प्रचण्डले तय गर्ने कुरा विस्तारित बैठकले पारित गरिसकेको

माओवादी आन्दोलन नराम्रोसँग असफल हुनेछ

◆ **क. झलनाथ खनाल**

नेकपा एमालेका पोलिटब्यूरो सदस्य

❑ **अहिले माओवादीहरुले 'आधार इलाका निर्माण गरौं' भन्ने नारा दिई बढाएको थप सशस्त्र कार्यवाहीहरु र माओवादी दबाउने नाममा सरकारले बढाएको दमनचक्रप्रति नेकपा एमालेको एक जिम्मेवार नेताको हैसियतले तपाई कस्तो धारणा राख्नु हुन्छ ?**

-हाम्रो देश अझै अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ। यस अवस्थामा जनवादी क्रान्ति नभइकन मुलुकमा आमूल परिवर्तन हुन सक्दैन। आमूल परिवर्तन नभइकन अहिले राष्ट्र र जनताले भोगिराखेका सम्पूर्ण समस्याहरुको समाधान सम्भव छैन।

तर यो देशमा क्रान्ति सम्पन्न गर्नको निम्ति जनताको क्रान्तिकारी शक्ति कसरी निर्माण गर्ने ? देशी विदेशी प्रतिक्रियावादविरुद्धको संघर्षलाई कसरी अगाडि बढाउने ? नेपाली समाजकै विकासका नियमहरु के हुन् ? यी कुराहरुलाई हामीले सही तथ्यको आधारमा आवश्यक गहिराइमा गएर विश्लेषण नगरिकन समुचित निष्कर्ष निकाल्न सकिँदैन।

विगत पचास वर्षदेखि नेपाली कम्युनिष्ट आन्दोलन विकसित हुँदै आएको छ। र, मार्क्सवाद-लेनिनवादका विश्वव्यापी सत्यहरुलाई नेपाली क्रान्तिको ठोस व्यवहारमा मिलाउने प्रयत्नहरु अघि बढिरहेका छन्। यो पचास वर्षको समयमा नेपाली समाजको विकासका नियमहरु के हुन् ? र, नेपाली क्रान्ति अथवा नेपाली समाजमा जारी रहेको वर्ग संघर्षको विकासका नियमहरु के हुन् ? यी चीजहरु विभिन्न रुपमा उद्घाटित हुँदै आइरहेका छन्।

यो सिलसिलामा कम्युनिष्ट आन्दोलनभित्रका पनि विभिन्न समूह र धाराहरुले नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि अनेकन प्रकारका मनोगत प्रयत्नहरु गरेका छन्। यी मनोगत प्रयत्नहरुको सिलसिलामा आन्दोलनमा कहिले दक्षिणपन्थी भड्काव र कहिले उग्रवामपन्थी भड्कावहरु हुने गरेका छन्।

यसरी नै विगत चार पाँच वर्षको अवधिमा खासगरी मुलुक बहुदलीय व्यवस्थाको चरणमा उठिसकेपछि एउटा नयाँ परिस्थिति हाम्रोसामु प्रकट भएको छ। यो बहुदलीय व्यवस्थाले उपलब्ध गराएको जुन प्रजातान्त्रिक आधार छ, अथवा डेमिक्रेटिक स्पेस जुन छ, त्यसलाई अधिकतम् रुपमा उपयोग गर्दै नेपाली जनतालाई अझ बढी मात्रामा जागृत गर्नका लागि, संगठित गर्नका लागि, आन्दोलित गर्नका लागि र एकताबद्ध गर्नका लागि, अहिले सबै कम्युनिष्टहरुलाई नयाँ अवसर उपलब्ध छ। यो अवसरलाई अधिकतम रुपमा उपयोग नगरी यथार्थमा क्रान्तिको आत्मगत शक्तिलाई उन्नत अवस्थामा पुऱ्याउन सकिँदैन। तर, ठीक यसैबेलामा, सत्तामा लामो समयसम्म रहने दक्षिणपन्थी पार्टीहरुले जन आकांक्षा र आवश्यकता पूरा नगरी गम्भीर गल्तीहरु मात्र गरेका छैनन्, आफ्नो अयोग्यता, असक्षमता र अकर्मण्यता समेत प्रदर्शन गरेका छन्। उनीहरुले अनेकन प्रकारले जनविरोधी, राष्ट्रिय हितविरोधी, प्रजातन्त्रविरोधी र सामाजिक न्यायविरोधी गतिविधिहरु संचालन गरेका छन्। त्यसले गर्दा जन समुदाय झन बढी असन्तुष्ट बनेका छन्। र, उनीहरुभित्र विरोध र आक्रोश बढेर गएको छ।

यो विरोध, आक्रोश र असन्तुष्टि देखेपछि हाम्रो कम्युनिष्ट आन्दोलनका केही मानिसहरु 'अब सशस्त्र संघर्षको निम्ति उपयुक्त परिस्थिति बन्यो' भन्ने मूल्यांकन गर्न पुगे। र, उनीहरुले जनयुद्ध थालनी गर्नुपर्छ भनी विगत तीन वर्षदेखि व्यवहारमै पनि सशस्त्र गतिविधिहरुलाई अगाडि बढाउन थाले।

तर मुलुकको समग्र परिस्थितिको विकासक्रमलाई हेर्दा भने, जनताको आत्मगत स्थिति त्यो बिन्दूसम्म विकसित भइसकेको छैन, जुन बिन्दूमा पुगेर परिस्थितिले माग गर्छ भने 'जनयुद्ध' पनि थालनी गर्नुपर्छ।

अहिलेको परिस्थितिमा त जनताको शक्ति झन्पछि झन् राम्रोसँग संगठित गर्ने, जनताको पंक्तिका विविध वर्ग, तह, जाति, भाषाभाषी र समुदायहरु सबैलाई आन्दोलनको पक्षमा एकताबद्ध गर्नुपर्छ। र, व्यापक रुपले मोर्चाबन्दी गर्ने तथा धेरैभन्दा धेरै पिछडिएको जनसमुदायसम्म पनि पुग्ने किसिमको कार्यक्रम बनाएर जानुपर्छ।

तर, माओवादीहरुले जनताको शक्तिलाई मजबूत गर्ने यी कार्यहरु गर्नुको सट्टा सरकारमाथि र विभिन्न विरोधी राजनीतिक शक्तिहरुका नेता, कार्यकर्ता तथा समर्थकहरुमाथि हिंसात्मक आक्रमणहरु गर्दै आएका छन्। उनीहरुले कतिपय हाम्रै कार्यकर्ता, समर्थकहरुलाई समेत आक्रमणको निशाना बनाएका छन्। यसबाट एकातिर उनीहरुको जनयुद्ध आम जनसमुदायको मूल भागबाट अलग्गिएको छ भने, अर्कोतिर उनीहरुको गतिविधिले आम निर्दोष जनसमुदायमाथि प्रतिक्रियावादीहरुको आक्रमण, दमन र आतंकलाई निम्त्याएको छ। यसले गर्दा कैयौं जनताहरुको अनावश्यक बलिदान हुन गएको छ।

माओवादीहरुले छोटो अवधिका कतिपय अनुभवहरुलाई हेरेर 'हामीले बडो बहादुरीपूर्वक कामहरु गरेका छौं, हामीले थुप्रै ठाउँहरुमा हमलाहरु गरेका छौं र हमलाको क्रममा जति मानिसहरुले शहादत प्राप्त गरे, त्यो महान कुर्बानी र ब्रलिदान भएको छ' भन्ने हिसाबले यसलाई सकारात्मक कोणबाट मात्रै हेर्दै व्यापक व्याख्या, विश्लेषण गर्ने काम गरेका छन्। तर म के देखिरहेको छु भने, वर्ग संघर्षको यो क्रममा जनताको पंक्तिमाथि बढी मात्रामा आक्रमण भइरहेको छ। जनताहरुमा बढी आतंक सिर्जना भएको छ र उनीहरुको शक्ति बढी मात्रामा क्षय भएको छ।

हाम्रो मुलुकमा कम्युनिष्ट आन्दोलन जुन ढंगले व्यापक बन्दै, विस्तृत हुँदै

अगाडि बढ्दैछ, र यसले जुन क्रमशः प्रतिक्रियावादीहरुलाई कार्यनीतिक रुपमा र आंशिक रुपमा पछाडि हट्न विवश बनाउँदैछ, यसलाई माओवादीहरुको हिंसात्मक गतिविधिले रोक्ने काम गर्दछ र जनताहरुमाथि अझ अरु ठूला दमन निम्त्याउने काम गर्नेछ भन्ने मलाई लाग्दछ। र, यहाँ माओवादीहरुलाई दबाउने नाममा समग्र कम्युनिष्ट आन्दोलनलाई नै दमन गरिने सम्भावना छ। यसर्थ, माओवादी हिंसात्मक गतिविधिले नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि मद्दत गर्नेभन्दा पनि यसले अपरिपक्व अवस्थामा आन्दोलनको शक्तिलाई र कम्युनिष्ट आन्दोलनको समग्रतालाई नै धक्का ख्याउने भूमिका खेल्छ भन्ने मलाई लाग्छ।

जहाँसम्म 'छापामार संघर्षको चरण पूरा गरी आधार इलाको निर्माणको चरणमा आइपुग्यौं' भन्ने माओवादीहरुको हालसालै बाहिर आएको घोषणाको कुरा छ, यस सम्बन्धमा म के भन्छु भने, आधार इलाकाको निर्माण भनेको आव्हान गरेर हुने कुरा होइन। त्यसको लागि वर्ग संघर्षको विकासको खास प्रक्रिया त्यो ठाउँमा पुग्नु पर्छ। जनताका शत्रु र मित्रशक्तिहरुको उपयुक्त सन्तुलनमा मात्र त्यसको सम्भावना रहन्छ। कुनै एउटा सानो इलाकालाई मुक्त गराएर त्यो ठाउँमा आधार इलाका बनाएर अरु क्षेत्रहरुलाई विस्तारै मुक्त गराउँदै जानको लागि आवश्यक अन्य धेरै तत्वहरु प्राप्त हुन सक्नुपर्छ। यसको लागि क्रान्तिकारीहरुको आत्मगत शक्ति मात्र होइन, अन्य भौगोलिक, भौतिक, संचारगत आदि अंनेकन किसिमका तत्वहरु समेत सकारात्मक भएर प्रकट हुनुपर्छ। युद्ध संचालन गरिरहँदा हमला गर्ने र पछाडि हट्ने पर्याप्त आधारहरु भएको हुनुपर्छ। हामीले चीन, भियतनाम, कोरिया, क्यूबा जस्ता ठाउँहरुमा भएका सफल जनयुद्धहरुलाई हेर्दा के पाउँछौं भने, जनयुद्धको सफलताको लागि धेरै तत्वहरुको जरुरत पर्दोरहेछ। तर, ती तत्वहरु अहिले नेपालको परिप्रेक्ष्यमा विकसित भएको कहीँ पनि हामीले पाएका छैनौं।

हामीलाई के लाग्छ भने, माओवादीहरुको हिंसात्मक कार्वाहीहरु निम्न पूँजीवादी मानसिकताबाट जन्मेको छिटो परिणाम प्राप्त गर्ने मनसायले प्रेरित उग्रवामपन्थी भड्काव हो। र, अहिलको 'आधार इलाका निर्माण गरौं' भन्ने आव्हान पनि अर्को एउटा निम्न पूँजीवादी आव्हान हो भन्न सकिन्छ। यो आव्हानले त्यो शक्तिप्रति नेपालका प्रतिक्रियावादीहरुको हमला अरु बढी क्रुर र निर्दयी हुनेछ र अरु धेरै जनसमुदाय तथा निर्दोष मानिसहरुमाथि समेत ठूलो अत्याचार बढ्नेछ। र, यो आन्दोलन नराम्रोसँग असफल हुनेछ भन्ने मलाई लाग्छ। साथै, यो असफलताले नेपाली कम्युनिष्ट आन्दोलनलाई कुनै न कुनै रुपमा नकारात्मक असर पार्ने सम्भावना देखिन्छ।

❑ अहिले माओवादीहरुले 'आधार इलाको निर्माण' को कुरा ल्याएदेखि सरकार उनीहरुप्रति अझ बढी आक्रमक भएको छ। यसमा तपाईको धारणा के छ ?

-देशमा एकातिर प्रतिक्रियावादी दक्षिणपन्थी शक्तिहरुकै कारणले यो मुलुकको विकासको प्रक्रिया ठप्प भएको छ। अर्कोतिर, २०४६ सालको जनआन्दोलनका जे आकांक्षाहरु थिए, तिनीहरु न्यूनतम रुपमा पनि पूरा हुन सकेका छैनन्। यो वर्तमान संविधानले जति मात्रामा प्रजातान्त्रिक हक अधिकारहरु जनतालाई उपलब्ध गराएको छ, तिनीहरु स्वयं पनि व्यवहारमा लागु हुन सकेका छैनन्। मानवअधिकारका सम्बन्धमा यो संविधानले जुन प्रतिबद्धता देखाएको छ, र यहाँका कैयौं राजनीतिक शक्तिहरुले त्यसलाई जसरी अगाडि सारेका छन्, त्यो स्तरमा यहाँ मानव अधिकार सुनिश्चित हुन सकेको छैन।

यस अवस्थामा जनता असन्तुष्ट हुनु, आक्रोशित हुनु र आन्दोलित हुनु स्वभाविक छ। त्यसैले मुलुकमा अहिले जुन ढंगमा उग्र वामपन्थी प्रवृत्ति प्रकट भइरहेछ, त्यसको अप्रत्यक्ष जिम्मेवारी बहुदलीय व्यवस्था आएपछि विगत नौ वर्षसम्म सबभन्दा लामो अवधि सत्तामा बसेर केही पनि नगर्ने र उल्टै जनविरोधी, राष्ट्रियताविरोधी, प्रजातन्त्रविरोधी र सामाजिक न्यायविरोधी क्रियाकलाप गर्ने नेपाली कांग्रेसले लिनुपर्छ।

त्यसैले, यो कुरालाई ध्यानमा नै नराखी सरकारले जनयुद्ध वा माओवादीहरुलाई अथवा आतंकवादीलाई दमन गर्ने नाममा आज जुन प्रकारले देशका विभिन्न भागहरुमा राज्य आतंक मच्चाउने काम गरिरहेको छ, निर्दोष र निरपराध मानिसहरुलाई हत्या गर्ने काम गरिरहेछ, पक्राउ परिसकेपछि पनि कैदीको रुपमा रहेकाहरुलाई समेत मारेर मानव अधिकारविरोधी काम गरिरहेछ, हाम्रो पार्टीले सरकारका यी जनविरोधी, संविधानविरोधी र मानवअधिकारविरोधी काम कार्वाहीप्रति कडाभन्दा कडा निन्दा तथा भर्त्सना गर्न चाहन्छ। ❑

त्यसलाई त सिद्धान्त, राजनीति, जनयुद्ध, नौलो जनवाद केही पनि थाहा छैन। र, 'माओवादी' नेतृत्वले फौजी कार्वाहीको शिक्षा बाहेक, पार्टी सदस्यहरुलाई अन्य कुरा बुझाउन र सिकाउन पनि चाहँदैन। यी कुरा पूरै पंक्तिले बुझ्न पायो भने प्रचण्डको राज छ महिना पनि चल्दैन। समर्थनकै कुरा गर्ने हो भने त ८० प्रतिशत पार्टी सदस्यहरुले प्रचण्डमाथि विश्वास गर्दैनन्। प्रचण्ड टिकेको त निर्णायक अधिकार दिएर पठाइएका इन्चार्जहरुको भरमा मात्र हो।

यी कारणहरुले गर्दा त्यहाँभित्र मानिसहरु टिकेका जस्ता देखिन्छन्। यथार्थता हेर्नुभयो भने के देख्नुहुन्छ भने, व्यक्तिवादीहरुको अत्याचार खप्न नसकेपछि हूलका हूल कार्यकर्ताहरु भारततिर पलायन भएका छन्। रुकुमदेखि बर्दियासम्म र देशका अन्य जिल्लामा जानुहोस्, त्यहाँ जनयुद्धमा संलग्न युवाशक्तिको आधाभन्दा ठूलो हिस्सा देशभित्र रहेको पाउनु हुन्न। आज एकातिर पुलिसको आतंक र अर्कोतिर

'माओवादी' नेतृत्वले फौजी कार्वाहीको शिक्षा बाहेक, पार्टी सदस्यहरूलाई अन्य कुरा बुझाउन र सिकाउन पनि चाहँदैन। यी कुरा पूरै पंक्तिले बुझ्न पायो भने प्रचण्डको राज छ महिना पनि चल्दैन।

व्यक्तिवादको अत्याचारबाट कम्युनिष्टहरु पिसिइरहेका छन्।

❑ छापामार इलाकाको चरण पूरा गरेर आधार इलाका निर्माण गर्ने दिशातिर बढिसकेर हाल आफूहरु निकै अगाडि बढिसकेको भन्ने उहाँहरुको दावी छ नि ! यो के हो ?

-अहिले उनीहरुले 'छापामार इलाकाको निर्माण कुनै चरण नभएर संक्रमणकालीन अवस्था हो भनेर आएका छन् र आधार इलाकालाई नयाँ चरणको रुपमा व्याख्या गरेका छन्। तर गत साल प्रकाशमा आएको तेस्रो योजनाअन्तर्गत भने छापामार इलाकालाई चरणको रुपमा ल्याएकाथिए र त्यसको अवधि निकै लामो हुने (उनीहरुको भाषामा ५/६ वर्ष) कुरा बताएका थिए। तर अहिले त्यो निर्णय रद्द गरेर आए। यस्तो अस्थिर निर्णयका पछाडि 'माओवादी' नेतृत्वमाथि आइपरेको संकट निर्णायक रहेको छ।

दुई वर्ष पहिले के भयो भने, पश्चिम नेपालमा 'सिज अभियान' को नामबाट उठेको प्रतीकात्मक संघर्षले राष्ट्रिय र

छ। त्यहाँभित्र भएका प्रत्येक स्तरका कमिटीहरु पंचायती व्यवस्थाको राष्ट्रिय पंचायत जस्तै छन्, जसले अन्यत्रबाट आएको प्रस्ताव पारित गर्नैपर्ने हुन्छ। यही उग्र व्यक्तिवादी ढाँचामाथि बसेर प्रचण्डले आफ्नो संगठनात्मक प्राधिकारको अधिकार प्रयोग गरी महाधिवेशनले पारित गरेको विधानविरुद्ध ठूलो संख्यामा मानिसहरु केन्द्रमा भर्ति गरेका छन् र आफ्नो पदलाई सुरक्षित पारेका छन्। यो भर्ति उनले व्यक्तिगत रुपमा गरेका छन्।

उनीहरुको संगठनात्मक ढाँचा आफ्नो वर्ग चिन्तनअनुरुप अभिजात वर्गवादी छ। अमेरिकामा विकास भएको यस सिद्धान्तले शक्ति भन्ने कुरा जनताबाट पार्टीमा, पार्टीबाट त्यसको नेतृत्व समूहमा र त्यसबाट पनि एक व्यक्तिमा केन्द्रित हुन्छ र वास्तविक अधिकार त्यही व्यक्तिसंग मात्र हुन्छ भने कुरामाथि आस्था राख्दछ र जनतालाई शक्तिशाली व्यक्तिद्वारा संरक्षित निस्कृय समुदाय ठान्दछ।

जहाँसम्म मानिसहरु त्यहाँभित्र कसरी बसेका छन् भन्ने कुरा छ, युद्धको वातावरणको कारणले, त्यहाँभित्र 'बाँधा' बनाइएकाहरु, न त अलग्गिएर युद्ध जारी राख्न सक्ने स्थितिमा छन्, न त नेतृत्वको ताण्डब नाँचको सशक्त विरोध गरेर पार्टीभित्रै जोखिम उठाउन सक्ने अवस्थामा छन्। केही कुरा बुझेको तर उकुसमुकुस वातावरणमा बाँचेको यस्तो पंक्ति थोरै छ। बाँकी जो ठूलो पंक्ति छ,

माओवादी गतिविधिले क्रान्तिकारी आन्दोलनलाई नोक्सानी नै पुऱ्याएको छ

◆ क. प्रकाश ◆

नेकपा (एकता केन्द्र) का महासचिव

❑ नेकपा (माओवादी) ले तीन वर्ष अगाडिदेखि आफूले चलाउँदै आएको 'जनयुद्ध' ले अब 'छापामार चरण' पार गरी 'आधार इलाका निर्माणको चरण' मा पाइला टेकेको घोषणा गरेको छ र त्यस अनुसार केही गतिविधिहरु पनि बढाउन खोजेको देखिन्छ । यो सवालमा अहिले तपाईको पार्टीको धारणा के रहेको छ ?

-हाम्रो पार्टीले नेकपा (माओवादी) ले 'जनयुद्ध' भनेर चलाएको सशस्त्र कार्वाहीलाई शुरुदेखि नै उग्रवामपन्थी भड्कावको संज्ञा दिँदै आएको छ । र, यस बीचका उनीहरुका सम्पूर्ण गतिविधिहरु र आचरणहरुले हाम्रो त्यो निश्कर्ष अझै सही नै भएको देखाएका छन् ।

हामीले उहाँहरुको गतिविधिलाई उग्रवामपन्थी भड्कावको रुपमा किन लियौं भने, वास्तवमा जनतालाई नै युद्धमा संलग्न गराएर गरिने युद्ध अथवा आम जनताको युद्धको रुपमा आउने युद्ध नै जनयुद्ध हो । तर यो स्थिति नहुँदै 'माओवादी'हरुले संघर्षको यो सबभन्दा उपल्लो रुप अप्नाए । यसले 'माओवादी'हरुलाई मात्र होइन कि, बरु समग्र कम्युनिष्ट आन्दोलन तथा क्रान्तिकारी आन्दोलनलाई नै ठूलै क्षति पुऱ्याउँछ भन्ने मूल्यांकनको आधारमा नै हामीले उहाँहरुले 'जनयुद्ध'को नाममा चलाएको सशस्त्र गतिविधिलाई उग्रवामपन्थी भड्कावको रुपमा आलोचना गरेका हौं । हामीलाई के लाग्दछ भने, अहिलेसम्मका उहाँहरुका गतिविधिले क्रान्तिकारी आन्दोलनलाई सही दिशा दिएको छ र यसलाई उचाइमा विकसित गरेर लगेको छ भन्ने देखिँदैन । त्यसले बरु क्रान्तिकारी आन्दोलनलाई नोक्सानी नै पुऱ्याएको छ ।

अहिले देशमा विद्यमान प्रतिक्रियावादी व्यवस्था विस्तार विस्तारै संकटग्रस्त बन्दै गइरहेको छ । बहुदलीय संसदीय व्यवस्थाप्रति आम जनताको असन्तुष्टि र विरोध बढ्दै गइरहेको छ । गएको आठ नौं वर्षको समयावधिभित्र संसदवादी शक्तिहरु र नेताहरुका क्रियाकलापहरु जे जति देखिए, त्यसबाट आम जनतामा असन्तुष्टि, निराशा, कुण्ठा र आक्रोश पैदा भएका छन् । यस स्थितिमा क्रान्तिकारीहरुको सही काम भनेको प्रतिक्रियावादी बहुदलीय संसदीय व्यवस्थाका यी नकारात्मक पक्षहरुलाई उजागर गर्दै र त्यसलाई सही दिशा प्रदान गर्दै शक्ति संचय गरी क्रान्तिकारी आन्दोलनलाई विजयको बाटोतिर अगाडि लिएर जानु हो ।

अर्को खतरा यहाँ के छ भने, यहाँका संसदवादी पार्टीहरु र नेताहरुको अनैतिक, भ्रष्ट र राष्ट्र तथा जनताविरोधी क्रियाकलापहरुको कारणले गर्दा आम जनसमुदायमा पैदा भएको निराशालाई उपयोग गर्दै हिजोका पंचहरु अथवा पुनरुत्थानवादी तथा प्रतिगामी शक्तिहरुले 'पंचायत नै ठीक' भन्दै सामन्ती निरंकुशतन्त्रको पक्षमा वातावरण सृजना गर्ने प्रयत्न गरिरहेछन् ।

त्यसैले, अहिले हाम्रो अगाडि दुईवटा चुनौतिहरु देखापरेका छन् ।

पहिलो चुनौति यो बहुदलीय संसदीय व्यवस्था पनि अन्ततः जनविरोधी र प्रतिक्रियावादी व्यवस्था नै हो, यसले राष्ट्र र जनताको आधारभूत समस्या समाधान गर्दैन भन्ने कुरा जति पुष्टि हुँदै गएको छ, त्यसको आधारमा आमूल परिवर्तनको पक्षमा जनतालाई थप संगठित गर्दै संघर्षको दिशातिर अगाडि बढाउनु हो । र, अर्को चुनौति भनेको जनताको निराशा र कुण्ठाको बीचबाट पैदा हुने प्रतिगमनको खतरा अथवा सामन्ती निरंकुशतन्त्र फेरि फर्काउने खतराविरुद्ध पनि हामी सचेततापूर्वक संघर्षमा उत्रनु आवश्यक छ भन्ने कुरो हो ।

यस्तो स्थितिमा 'माओवादी' साथीहरुले जुन गतिविधि र कार्वाहीहरु चलाइरहेछन्, त्यसले क्रान्तिकारी आन्दोलनलाई सही ढंगबाट अगाडि बढाउन योगदान दिन सकेको छ भन्ने हामीलाई लाग्दैन । बरु, उहाँहरु प्रतिक्रियावादी प्रतिगामी तत्वहरुलाई लाभ पुग्ने वातावरण बन्न जाने स्थितिप्रति सचेत हुन नसक्नु भएको लाग्दछ ।

डा. बाबुराम भट्टराईले समेत जनादेशमा प्रकाशित आफ्नो पछिल्लो 'बेलाबखतका कुरा' मार्फत् यो कुरालाई महसूस गर्नु भएको संकेत दिनु भएको छ ।

नेकपा (माओवादी) ले अहिले आधार इलाकाको निर्माणलाई तात्कालीक कार्ययोजना र कार्यभारको रुपमा प्रस्तुत गरेर जनयुद्ध नयाँ उचाइमा पुगेको बताएको छ । के कुरा सत्य हो भने, दीर्घकालीन जनयुद्धको कार्यदिशासंग आधार इलाकाको प्रश्न स्वतः गाँसिएर आउँछ । त्यसैले, सामान्यतः दीर्घकालीन जनयुद्धको कार्यदिशा तय गरिसकेपछि आधार इलाका निर्माणको प्रश्नलाई स्वाभाविक मान्नुपर्ने हुन्छ । तर यहाँ अहिले अगाडि आएको सवाल हो, नेपालको क्रान्तिकारी आन्दोलन र वर्ग संघर्षको विकासको वर्तमान सन्दर्भमा के नेकपा (माओवादी) ले भने जस्तो आधार इलाकाको निर्माण तत्कालीन कार्यभार नै बनिसकेको हो त ? के त्यसको लागि आधार तयार भइसकेको छ ? हाम्रो विचारमा, त्यस प्रकारको स्थिति विकास भइसकेको छैन । यसबारे स्पष्ट हुनाका लागि; एक, यसको सही राजनीतिक अर्थमा क्रान्तिकारी आधार इलाका भनेको के हो र दुई, आधार इलाकाको निर्माणका निम्ति के के चीज हुनु आवश्यक हुन्छ भन्ने बारेमा प्रष्टताको आवश्यकता छ ।

क्रान्तिकारी आधार इलाका बनाउनु भनेको वास्तवमा स्थानीय तहमा नयाँ जनवादी सत्ता निर्माण गर्नु हो । क्रान्तिकारीहरुको प्रभाव बढेको, सशस्त्र छापामार गतिविधिहरु बढेकोले मात्र आधार इलाका बनाउदैंन । त्यसको निम्ति त स्थानीय तहमा प्रतिक्रियावादी राज्यसत्तालाई पूर्ण रुपमा ध्वस्त गर्नु पर्दछ र सर्वहारावर्गीय क्रान्तिकारी शक्तिको नेतृत्वमा क्रान्तिकारी जनसत्ता स्थापित गर्नु पर्दछ ।

त्यस्तो आधार इलाका निर्माणका लागि निम्न चीजहरु हुनु (विकास हुनु) आवश्यक हुन्छ, (१) आधार इलाका निर्माणको लागि पहिलो शर्त हो- आम जनताले नै जनयुद्धमा सक्रियतापूर्वक भाग लिएको हुनुपर्दछ, केही क्रान्तिकारी कार्यकर्ताहरुले मात्र होइन । जनताको आफ्नै युद्ध बनेको जनयुद्धमा मात्र आधार इलाका निर्माणको संभावना हुन्छ । 'माओवादी' ले जनयुद्ध शुरुआत गर्नका लागि आवश्यक वस्तुगत स्थिति, आत्मगत परिस्थिति तयार नहुँदै सशस्त्र संघर्ष शुरु गरेकोले वर्तमान माओवादी 'जनयुद्ध' मा जनता नै जनयुद्धको मेरुदण्ड बन्न सकेको छैन । जनता नै मेरुदण्ड नबनेको जनयुद्धले वास्तविक अर्थमा क्रान्तिकारी आधार इलाका निर्माण गर्नै सक्तैन । (२) नेपालको विशिष्टतामा दीर्घकालीन जनयुद्धको कार्यदिशा लागू गर्दा प्रारम्भदेखि नै रणनीतिक महत्वका विभिन्न ठाउँहरुमा आधार इलाका निर्माणको योजना बनाउनु पर्दछ । कुनै खास एक क्षेत्रमा मात्र आधार इलाका निर्माणको योजना हाम्रो सन्दर्भमा व्यवहारिक हुँदैन । अर्थात्, कुनै एक क्षेत्रको तयारी र संघर्षको विकासलाई मात्र हेरेर आधार इलाका निर्माणलाई तात्कालीन कार्यभार बनाइहाल्नु उपयुक्त हुँदैन । नेकपा (माओवादी) ले केही समययता तार्किक रुपमा यस कुरालाई स्वीकार गरे पनि व्यवहारमा भने यसलाई पक्रेको देखिन्न । यथार्थमा त्यस प्रकारको योजना र तयारी देखिन्न । त्यसको अभावमा कुनै खास एक क्षेत्रलाई मात्र आधार इलाका निर्माणको प्रक्रियामा धकेलियो भने, त्यो दुःसाहस मात्र हुने खतरा छ । (३) आधार इलाका निर्माणको लागि आवश्यक अर्को महत्वपूर्ण कुरा के हो भने, त्यसका लागि क्रान्तिकारी शक्तिसंग सुदृढ नियमित जन सेना (जुन राज्यसत्ताको मुख्य अंग हो) हुनु पर्दछ । छापामार संघर्षको रुपमा शुरु गरिएको सशस्त्र संघर्षको विकास गरी नियमित जन सेना निर्माण गरिसक्नेको हुनु पर्दछ । अहिले माओवादी जनयुद्धमा त्यस प्रकारको नियमित जनसेनाको विकासले मूर्त रुप लिइसकेको छ भन्नाका लागि हामीसंग कुनै आधार छैन । (४) आधार इलाका टिकाउनका लागि क माओले जोड दिएर भन्नु भएझैं राष्ट्रव्यापी क्रान्तिकारी परिस्थिति विद्यमान भएको हुनुपर्दछ । अन्यथा, वास्तविक अर्थमा क्रान्तिकारी आधार इलाका निर्माण हुनै सक्तैन । अर्थात्, क्षणिक रुपमा निर्माण त हुन सक्ला, तर त्यसले सच्चा अर्थमा आधार इलाकाको रुपमा विकास गर्न सक्तैन, त्यस प्रकारको भूमिका निर्वाह गर्न सक्तैन । नेपालको विशिष्टतामा दीर्घकालीन जनयुद्धको बाटोबाट अघि बढ्दा आधार इलाका निर्माणपश्चात अन्तमा केन्द्रीय सत्ता कब्जाको निम्ति सशस्त्र विद्रोहको विकास प्रक्रिया सापेक्ष रुपमा तीव्रतामा हुन सक्ने भएकाले पनि आधार इलाका निर्माणको प्रक्रियादेखि नै त्यस कुरामा आवश्यक ध्यान पुऱ्याउनु पर्ने हुन्छ । त्यसले त भन् आधार इलाका निर्माणको लागि स्वतः राष्ट्रवादी क्रान्तिकारी परिस्थितिको माग गर्दछ । स्पष्ट छ- अहिले त्यस प्रकारको परिस्थिति तयार भइसकेको छैन ।

तसर्थ, उपरोक्त सबै पक्षहरुका आधारमा स्पष्टसंग भन्न सकिने कुरा के हो भने, आधार इलाका निर्माणलाई आज कै तात्कालीक कार्यभार बनाउने स्थिति अहिले तयार भइसकेको छैन । यति हुँदा हुँदै पनि 'माओवादी' ले यसलाई तात्कालीक एजेण्डाको रुपमा प्रचार गर्नुलाई सहज र स्वाभाविक रुपमा लिनै सकिन्न । डा. बाबुराम भट्टराईले समेत जनादेशमा प्रकाशित आफ्नो पछिल्लो 'बेलाबखतका कुरा' मार्फत् यो कुरालाई

महसूस गर्नु भएको संकेत दिनु भएको छ ।

'माओवादी'हरुले आफ्नो विश्लेषणमा रहेको त्रुटी वा गलत मूल्यांकनका कारणले मात्र यो नारा दिएका हुन् कि 'माओवादी' नेतृत्वले अन्य आन्तरिक सांगठनिक उद्देश्यका निम्ति वा कार्यकर्ताहरुलाई तत्कालका लागि उत्प्रेरित गर्ने उद्देश्यले यो नारा अगाडि सारेका हुन् ?- हामी यसै भन्न सक्तैनौं । जे भए पनि, अहिले यो नारालाई तात्कालीक कार्यभारका रुपमा प्रस्तुत गर्नु गलत छ, पछिल्लो कारणले त्यसो गरिएको भए त झनै गलत छ । यसरी आधार इलाका निर्माणको नारालाई कार्य रुप दिने ठोस आधार तयार नभइसकेकै अवस्थामा 'माओवादी'ले यसलाई शत्रुसामु आफ्नो तात्कालिक कार्ययोजनाको रुपमा प्रचार गर्ने कार्यले प्रतिक्रियावादी सत्ता र शक्तिहरुलाई कठोर दमन र अन्य षड्यन्त्रहरु गर्नका लागि उत्प्रेरित गर्ने नकारात्मक भूमिका खेल्दैन ? खेलेको छैन ? यसबारेमा 'माओवादी' कमरेडहरुले नै सबभन्दा बढी गम्भीर भएर सोच्नु पर्ने हो ।

❑ **माओवादी दबाउने नाममा सरकारले जुन दमन नीति अप्नाइरहेको छ, यस सम्बन्धमा तपाईं के भन्नु हुन्छ ?**

-हामी के कुरामा प्रष्ट र दृढ छौं भने, नेकपा (माओवादी) ले जुन कार्वाही शुरु गरेको छ, त्यो आधारभूत रुपमा क्रान्तिकारी नियतले नै गरिएको हो । यो धारणा हाम्रो पार्टीले शुरुदेखि नै राख्दै आएको छ । हामीलाई के लाग्छ भने, जनयुद्धको जड कारण प्रतिक्रियावादी व्यवस्था नै हो; जसले जनता, अझ विशेष गरी, श्रमजीवी जनताको पक्षमा कुनै पनि समाधान दिन सकेन, सक्दैन । मूलतः यसैको जगमा नै अहिलेका सारा गतिविधिहरु र कार्वाहीहरु पैदा भएका छन् । त्यसकारण, नेकपा (माओवादी) को नियत क्रान्तिकारी छ र राम्रो छ, तर उनीहरुले त्यसलाई वस्तुगत रुपले ठीक मूल्यांकन गर्न सकेनन् भन्ने मात्र हाम्रो भनाइ हो । त्यसैले, हामी एकातिर उहाँहरुलाई आफ्नो कार्यदिशामा रहेका गलत पक्षहरुलाई र आफ्नो वर्तमान कार्यनीतिलाई सच्याउन अनुरोध गरिराखेका छौं भने अर्कोतिर प्रतिक्रियावादीहरुले 'जनयुद्ध' को नियन्त्रणको नाममा क्रान्तिकारीहरुमाथि, वामपन्थीहरुमाथि र आम जनसमुदायमाथि जुन खालको दमन चक्र अप्नाइरहेका छन्, त्यसको विरुद्ध नै हामीले हाम्रो प्रहारको पहिलो निशाना बनाएका छौं । र, सरकारले चलाएको राज्य आतंकको विरुद्धमा सम्पूर्ण शक्तिलाई गोलबन्द गरेर एकजुट गर्ने प्रक्रियामा हामी शुरुवातदेखि नै संलग्न छौं ।

❑

अन्तर्राष्ट्रिय चर्चा पायो र त्यसका संचालक बादल नामका नेता सम्पूर्ण पार्टी पंक्तिभित्र यति लोकप्रिय भए कि, उनी नै पार्टी महासचिव हुन योग्य छन् भनेर देशभरि आवाज उठ्यो र माग पनि भयो । यो माग प्रचण्ड र उनको पंक्तिको लागि तोरीको फूल साबित भयो । यसबाट छूटकारा पाउनको लागि 'नेतृत्व' ले 'सिज अभियान' बन्द गर्ने निर्णय गऱ्यो र बादललाई किनारा लगायो । त्यसै दौरानमा छापामार इलाका निर्माणको योजनाअगाडि आयो । बादलसंग छुटकारा लिएर पनि त्यसले छुट्टी पाएन र बाबुराम भट्टराई अर्को चुनौतिको रुपमा तुरुन्तै देखा परे । यसबाट पार पाउनको लागि छापामार इलाका निर्माणको योजना रद्द गरी आधार इलाकाको नयाँ योजनाअगाडि ल्याइयो र प्रचण्डलाई सम्पूर्ण आन्दोलनको मेरुदण्ड घोषित गरियो । यसरी, पार्टीभित्र उत्पन्न समस्याहरुबाट कार्यकर्ताहरुको ध्यान भड्काउनको लागि मात्र छिन छिनमा निर्णयहरु बदलने गरेका छन् । अहिले हाम्रो विद्रोहपछि उनीहरुले आधार इलाकाभन्दा निकै गुणा अघि बढेर 'जनवादी सत्ताको चुनावमा भाग लिन आऊ' भनी जनतालाई आह्वान गर्दैछन् । यी सबै कुराहरुले 'माओवादी' नेतृत्व क्रान्तिप्रति गंभीर होइन कि, विस्मयकारी चटकहरु देखाएर आफ्नो 'जादुगरी' छविलिर मानिसको ध्यान तान्ने उद्देश्यमा मात्र लागेका छन् भन्ने प्रष्ट्याएको छ । उनीहरुको यो चरित्रले नै जनयुद्धको विकासको स्तरलाई नाप्ने पर्याप्त सामग्री जुटाएको छ ।

जहाँसम्म आधार इलाका निर्माणको वास्तविक पूर्वाधारहरुको प्रश्न छ, उनीहरुले चौथो विस्तारित वैठकमा पारित गरेका ५/६ वटा पूर्वाधारहरुमध्ये सबै आत्मगत पक्षसंग जोडिएका छन् । र, ती पनि वास्तविक रुपमा सबल छैनन् । आत्मगत स्थितिको प्रधान पक्ष पार्टीको वर्ग चेतना, विशेषतः नेतृत्वको वर्ग चेतना र सर्वहारा वर्गीय संस्कारप्रतिको निष्ठा- नै उन्नत छैन भने अन्य कुरा त सहायक मात्र हुन् । वस्तुगत पक्षको त उनीहरुले उल्लेख नै गरेका छैनन् । दुश्मन वर्गको आर्थिक राजनीतिक स्थिति, जनताको वर्ग चेतना र क्रान्तिप्रति त्यसको प्रत्यक्ष समर्पणको स्थिति, दुश्मन वर्गको संगठनात्मक शक्ति, संयुक्त मोर्चाको आधार आदिबारे केही कुरा छैन । त्यहाँ साम्राज्यवादको आंकलन, नेपालको भूगोलबारे पनि चर्चा छैन ।

आधार इलाका निर्माण गर्नु भनेको प्रतिकृयावादी सत्ताको एउटा अंशलाई ध्वंश गरी त्यसको ठाउँमा जनवादी सत्ता निर्माण गर्नु हो र द्वैध सत्ताको स्थिति खडा गर्नु हो । यसको निम्ति सर्वप्रथम आधार इलाका निर्माण गर्ने भनिएको स्थान विशेषमा एकातिर दुश्मन वर्ग आर्थिक, सामाजिक, राजनीतिक, संगठनात्मक र समग्रमा सांस्कृतिक रुपले जर्जर हुनुपर्छ । त्यहाँ घरेलु सत्ता र साम्राज्यवादको पकडको कडी अत्यन्त नाजुक मोडमा पुगेको हुनुपर्छ । यसका साथ साथ, जनताको सैद्धान्तिक, राजनीतिक, सांगठनिक र समग्रमा सांस्कृतिक चेतनाको मजबुत आधार तयार हुनुपर्दछ । फौजी रुपले पनि दुश्मन वर्ग जीर्ण अवस्थामा र जनता शक्तिशाली अवस्थामा रहनु पर्दछ । यी कुनै कुरा त देखिँदैनन् नै, त्यसमा पनि सामन्तवाद-साम्राज्यवादविरोधी शक्तिहरुप्रतिको उनीहरुको दृष्टिकोण र व्यवहारले यो आधारलाई अझ कमजोर बनाएको छ ।

नेपालमा भूगोलको संकीर्णता, दुश्मन वर्गको अर्थ-राजनीतिको केन्द्रीय संगठनात्मक ढाँचा र साम्राज्यवादको घेराबन्दीलाई मध्यनजर राख्दा यहाँ

नेकपा माओवादीका छापामारहरू

गिरिजागुटलाई 'प्रधान शत्रु' ठहर गर्ने उनीहरुको निर्णयले वैशाखपछि गिरिजा गुटले सरकार बनाउन नसकेको खण्डमा जनयुद्धको प्रमुख समस्या हल हुने निष्कर्ष अगाडि ल्याएको छ ।

सामन्तवाद-साम्राज्यवादमाथिको समग्र संकट न्युनतम बिन्दुमा पुगेबिना, सामन्तवाद-साम्राज्यवाद विरोधी कम्युनिष्ट र गैर कम्युनिष्ट शक्तिहरुको भरपर्दो रणनीतिक मोर्चाबन्दीबिना, युद्धमा जनताको प्रत्यक्ष सहभागिताबिना, जनसंघर्ष र युद्धको तालमेलबिना, र परिवर्तनकामी पक्षको भरपर्दो सांस्कृतिक आधारबिना न आधार इलाका बन्न संभव छ, न त टिक्न नै । फौजी हिसाबले पनि 'माओवादी' को हैसियत आधार इलाकातिर अघि बढ्ने देखिँदैन । 'किलो शेरा-२' को दमन अभियानमा ३०० भन्दा बढी जनशक्ति मारिँदा एउटा पुलिस कमाण्डोमाथि आक्रमण हुन नसक्नुले उनीहरुको फौजी सक्षमतालाई पनि उजागर गरेको छ । गाउँका फटाहाहरुलाई कार्वाही गर्दैमा र 'बार बोर' बन्दूक खोस्दैमा आधार इलाका बनाउने फौजी शक्ति तयार हुँदैन । त्यसमा पनि नेपालमा साम्राज्यवादविरोधी संघर्षलाई उपेक्षा गरेर आधार इलाका संभव नै छैन । नेपालको हकमा साम्राज्यवाद बाहिरी होइन कि, आन्तरिक शत्रु सरह छ ।

सामन्तवाद-साम्राज्यवादको भीमकाय संयन्त्र, शक्ति र सत्ताप्रति आँखा चिम्लेर त्यसको औजारको रुपमा काम गर्ने गिरिजागुटलाई प्रधान शत्रु घोषित गर्ने 'माओवादी' नेतृत्वको छिपछिपे मानसिकताले के आधार इलाका बनाउँछ ? तात्कालीन समस्यालाई मुख्य बनाएर दीर्घकालीन समस्याबाट पन्छिन खोज्ने 'माओवादी' चरित्र यसको रणनीतिक चिन्तनमा रहेको खोटको परिणाम त हो नै, त्यसमा पनि उनीहरुले सामन्तवादी-साम्राज्यवादी सत्ताको सहानुभूति लिएर राजनीति गर्ने तुष्टीकरणको गलत बाटो समातेका छन् । गिरिजागुटलाई 'प्रधान शत्रु' ठहर गर्ने उनीहरुको निर्णयले वैशाखपछि गिरिजा गुटले सरकार बनाउन नसकेको खण्डमा जनयुद्धको प्रमुख समस्या हल हुने निष्कर्ष अगाडि ल्याएको छ ।

❑ **७०/७२ गाविसहरुमा चुनाव हुन नदिएको र सत्ता रिक्त गराएको भनेर भनिएको छ नि ?**

-सर्वप्रथम त चुनाव बहिष्कारपछि प्रतिकृयावादी केन्द्रको सत्ता रिक्त भएको होइन, बरु त्यहाँ उनीहरुको भौतिक प्रतिनिधित्व मात्र रिक्त भएको हो । त्यहाँ प्रतिकृयावादी शक्ति केन्द्रको आर्थिक, राजनीतिक, सांस्कृतिक र फौजी सत्ता अहिले पनि कायम छ । चुनाव हुन नसक्नुको प्रमुख कारण दुश्मनको निम्ति अप्रत्याशित सकृय बहिष्कार हो, जो

मान्छे मार्ने क्रम सरकारबाट मात्र नभई माओवादीहरूबाट पनि भइरहेको छ

◆ क. पद्मरत्न तुलाधर
स्वतन्त्र वाम नेता

❑ माओवादी पार्टीले आधार इलाका निर्माण गर्ने घोषणा गरेको छ । र, यस घोषणा पछाडि सरकारले नृशंस ढंगले माओवादीहरुको हत्या गरिरहेको छ । यी दुवै परिप्रेक्ष्यमा तपाईले यी घटनाहरुलाई कसरी हेरिरहनु भएको छ ?

-जहाँसम्म माओवादी साथीहरुको आधार इलाकाको कुरा हो, पार्टीको स्थिति के हो, के आधारमा यो कार्यक्रम आयो भन्ने कुरा मलाई राम्ररी थाहा छैन । त्यसैले यो कार्यक्रम ठीक वा बेठीक भन्ने स्थितिमा म छैन ।

जनयुद्ध शुरु भएपछि उहाँहरुले पहिलो चरण तथा दोस्रो चरण सफल भयो भनेर घोषणा पनि गर्नुभयो । यदि उहाँहरु भौतिक रुपमा र सैद्धान्तिक रुपमा त्यो स्तरमा पुगिसक्नु भएको भए हामीले टिप्पणी गर्नुपर्ने आवश्यकता रहँदैन ।

अरु देशको अनुभवले पनि देखाएको छ- जनयुद्ध शुरु गरिसकेपछि चरणबद्ध रुपमा मुक्त इलाका र आधार इलाका विकास हुँदै जाने कुरा हो । तर शुरुमै मलाई के लागेको थियो भने- पार्टीको सक्षमता र बस्तुगत स्थिति नहुँदै अथवा स्थानीय रुपमा जनता आधार इलाकाका लागि तयार नभएको अवस्थामा वा पार्टी सक्षम नभएको अवस्थामा आधार इलाका भनेर घोषणा गर्दा सरकारलाई दमन गर्न मात्र सजिलो हुन्छ । नभन्दै झण्डै झण्डै त्यस्तै स्थिति भएको पनि पाइयो । आधार इलाका भनेकै ठाउँमा सरकारबाट धेरै मानिसहरु मारियो । माओवादीसंग सम्बन्धित नै नभएका मानिसहरु तथा अरु पार्टीसंग सम्बन्धित मान्छेहरुलाई समेत माओवादी भएको शंकामा सरकारले मार्न थाल्यो । यसो गर्न पाइँदैन भनेर मानव अधिकारवादी संगठनहरुले आवाज पनि उठाए । तर सरकारले त्यसको वास्ता नै गरिरहेको छैन ।

माले तथा कांग्रेसको संयुक्त सरकार बन्दा सरकारसित शुरुमै मुठभेडमा बाहेक अन्य अवस्थामा मान्छे मार्न पाइँदैन भनेर नौ बुँदे सम्झौता भएको थियो । तर सरकारले यी सम्झौताहरुलाई वास्ता नै नगरिकन मान्छे मारेको मात्रै छ । निकै ठूलो जनहत्या भइरहेछ अहिले ।

अर्को कुरा, मान्छे मार्ने क्रम सरकारबाट मात्र नभई माओवादीहरुबाट पनि भइरहेको छ । यस स्थितिमा सरकारले मानवअधिकारवादी संगठनहरुलाई आरोप पनि लगाइएको छ कि, सरकारले माओवादी-हरुलाई मार्दा मानव अधिकारको उल्लंघन भयो भन्ने, तर माओ-वादीहरुले मान्छे मार्दा मानव अधिकारको उल्लंन भयो भनेर किन भनेनन् ? संसदभित्र तथा आई.जि.पी.ले समेत त्यस्तो आवाज उठाइरहेका छन् ।

यसमा हाम्रो भनाइ के हो भने- हाम्रो संविधानले सरकारलाई मान्छे मार्ने कुनै अधिकार दिएकै छैन । कसैले मान्छे मार्छ भने कानून अनुसार मान्छे मार्नेलाई दण्ड सजाय गर्ने अधिकार मात्र दिएको छ । माओवादीहरुले पनि मार्नु भनेको मानव अधिकारको उल्लंघन गर्नु मात्र नभएर अपराधिक कार्य नै गरेको हो । त्यसकारण, उनीहरुलाई ऐन कानून अनुसार दण्ड सजाय गरिरहनु पर्छ, यसमा अधिकतम सजाय भनेको सर्वस्वसहित आजीवन कारावास हो । तर सरकारले मान्छे मार्दा सरकारलाई सजायको कानूनी व्यवस्था छैन । प्रधानमन्त्रीको आदेशले, गृहमन्त्रीको आदेशले, आइ.जी.पी.को आदेशले जथाभावी नागरिकहरुलाई मारिँदैछ । तर यसरी नागरिक मारेवापत उनीहरुलाई सजाय गर्ने कुनै कानूनी व्यवस्था छैन । यो त कानूनको प्रयोगमा समेत सरासर पक्षपात भएन र ? माओवादीले मान्छे मार्दा जन्मकैद र सर्वस्व हुने, सरकारले मान्छे मार्दा उसलाई केही पनि दण्ड सजायँ नहुने ! हाम्रो भनाइ के हो भने, कि त सरकारले मान्छे मार्दा उसलाई पनि दण्ड सजायँ गर्ने व्यवस्था हुनु पर्‍यो, कि जनहत्यारा सरकारलाई दण्ड सजाय हुन्न भने माओ-वादीहरुले पनि सरकारले पाएकै छूट पाउनु पर्‍यो । हत्या जस्तो मामलामा दण्ड-हीनताको स्थिति कसैलाई पनि हुनु भएन ।

यता, जनयुद्धको नाममा माओवादीहरुले पनि व्यक्ति हत्या गरिरहेका छन् । यसको सम्बन्धमा पनि हामीले यो काम ठीक हो अथवा बेठीक हो ? आवाज उठाउनु आवश्यक भएको छ । सामान्य रुपमा भन्दाखेरि माओवादी वा सरकारले कारवाही गर्दा त्यसरी व्यक्तिहत्या गर्नु भएन । सरकारले पनि संविधान र ऐन कानूनको सहारा लिनु पर्‍यो र माओवादीहरुले व्यक्ति हत्या बाहेक अर्कै उपायहरु अप्नाउनु पर्‍यो । हाम्रो संविधानले ज्यान मार्ने हक न त सरकारलाई दिएको छ न त जनतालाई ।

❑ अहिले आधार इलाकाको प्रचारले गर्दा सरकारले धमाधम मान्छेहरु मारिरहेको छ । के माओवादीहरुले आधार इलाकाको यस्तो प्रचार गर्नु उचित भएको छ ? तपाईको यसमा सुझाव के छ ?

-जनताहरु तयार नहुँदै र पार्टी सक्षम नहुँदै यस्तो काम गर्नु बेफाइदा हुन्छ । त्यही बहानामा सरकारले जनतामाथि दमन गर्ने कामहरु हुन्छ । जस्तो- अहिले देखापरिरहेको छ । त्यतातिर पार्टीको ध्यान जानु पर्दछ । स्थिति भएको बेलामा त आधार इलाका तथा मुक्त इलाका नै घोषणा गरिन्छ । चीन लगायत अरु देशमा पनि यस्तो गरिएको छ । तर सिद्धान्तलाई व्यवहारमा कहिले उतार्ने भन्ने कुरा नै मुख्य कुरा हो । तर आफू सक्षम नहुँदै वा स्थिति नहुँदै सिद्धान्तलाई कोरा रुपमा प्रयोग गर्दै जाने हो भने ठूलो मात्रामा अनावश्यक नोक्सानी पनि व्यहोर्नु पर्ने हुन जान्छ । आन्दोलनमा लाग्नेहरुले यो कुरा पनि सोच्नु आवश्यक हुन्छ । माओवादी साथीहरुले यो कुरा सोच्नु जरुरी छ ।

तर माओवादी जनयुद्धले प्रभाव पारेको छैन भन्न पनि मिल्दैन । भारत तथा अरु देशको तुलनामा नेपालको जनयुद्धले अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चा भएको र स्थानीय क्षेत्रहरुमा थोरै समयमा नै ठूलो मात्रामा प्रभावित पारेको छ । सरकार यस युद्धबाट आतंकित पनि भएको छ । खालि एक्सनमा मात्र सीमित नभएर संगठन बृद्धि गर्नमा, सांस्कृतिक कार्यक्रमहरु गर्नमा र अन्य कामहरुमा पनि यिनीहरुले विकास गर्दै गरेका भनाइहरु पनि पाइन्छन् । जनयुद्धको प्रभाव अरु जिल्लाहरुमा पनि पर्दै गइरहेको छ । यो एउटा पक्ष हो र यो आफ्नै ठाउँमा छ । तर आधार इलाका तथा केही समयपछि मुक्त इलाका नै खडा गर्ने स्थिति बन्यो कि बनेन भन्ने कुरा पार्टी आफैंले पनि सोच्नुपर्ने हुन्छ ।

किनभने, इण्डोनेशिया तथा अरु मुलुकहरुमा कम्युनिष्टहरुले विद्रोह गरे वा हतियार उठाए भनेर अन्तरराष्ट्रिय सहमति लिएर आमहत्या गरेको पनि इतिहास छ । नेपालमा पनि त्यस्तो हुन सक्ने सम्भावना छ । त्यस्तो नहोस् भन्नाको लागि माओवादी तथा अरु वामपन्थी साथीहरु सजग हुनु पर्दछ । यो खालि माओवादी पार्टीको मात्र चासोको विषय होइन । सम्पूर्ण कम्युनिष्ट पार्टीको साझा सवालको विषय हो । त्यसैले अरु पार्टीहरुले वक्तव्यबाजी र माओवादीहरुको आलोचना मात्र गरेर पुग्दैन । यसको बारेमा भित्रैसम्म घुसेर अथवा जुन जुन जिल्ला प्रभावित छन्, त्यहाँको स्थिति के हो ? जनताहरु जनयुद्धमा सामेल छन् कि छैनन् ? सर्वहारा वर्ग अथवा किसानहरुको भूमिका के छ ? आदि इत्यादि कुराहरुको अध्ययन गर्नु आवश्यक छ । र, यसको साथै सैद्धान्तिक मतभेदको आधारमा आलोचना मात्र नगरेर आवश्यक ठाउँमा आलोचना गर्ने र आवश्यक सल्लाह पनि दिने गर्नु पर्दछ । ❑

नेपालमा पहिलो पटक आम रुपमा देखापर्‍यो । त्यसमा सरकारी पक्षले आफ्नो तयारी गर्न भ्याएन वा त्यस्तो परिणाम हुन्छ भन्ने कल्पना गर्न सकेन । दोस्रो कुरा, चुनावमा उठेपछि हिंसाको चपेटमा मरिन्छ भन्ने त्रासले पनि विपक्षीहरुले उम्मेद्वारी दिन सकेनन् । यहाँ जनताको चुनावप्रतिको अरुचि र असहभागिताको पनि महत्वपूर्ण भूमिका छ, जसलाई इन्कार गर्नु हुँदैन । 'माओवादी' नेतृत्वले प्रचार गरे जस्तो सत्ता रिक्ततासम्बन्धी सैद्धान्तिक, राजनीतिक, संगठनात्मक व्याख्या भने अत्यन्त गलत छ । भर्खरै भएका जिविस चुनावहरुमा देखापरेको सहज मतदानले पनि सत्ता रिक्ततासम्बन्धी 'माओवादी' को अतिरंजनापूर्ण व्याख्यालाई पुष्टि गर्दछ ।

❑ उहाँहरुको पछिल्लो दावी के छ भने, उहाँहरुले सेना निर्माण गर्नुभएको छ । सेनाको कमाण्डर पनि सार्वजनिक रुपमै घोषित गरिएको छ । नेपालको इतिहासमा पहिलो पटक लाल सेना निर्माण भएको भनेर सार्वजनिक दावी गरिएको छ । तपाईको विचारमा यो के हो ?

- मेरो विचारमा सेना 'निर्माण गर्नु' कुनै ठूलो कुरा होइन । ठूलो कुरा त सेना 'निर्माण हुनु' हो । निर्माण गर्ने काम त केही व्यक्तिहरुको नाम टिपेर सेनामा दर्ता गरिदिएर पनि गर्न सकिन्छ । तर निर्माण हुने क्रम चाहिं वस्तुगत परिवेशको सीमाभित्रबाट अगाडि बढ्छ र यो नै सेना निर्माणको वैज्ञानिक प्रकृया पनि हो ।

दुई वर्ष पहिले नै 'माओवादी'

(बाँकी ३८ पेजमा)

> सेना 'निर्माण गर्नु' कुनै ठूलो कुरा होइन । ठूलो कुरा त सेना 'निर्माण हुनु' हो । निर्माण गर्ने काम त केही व्यक्तिहरुको नाम टिपेर सेनामा दर्ता गरिदिएर पनि गर्न सकिन्छ ।

क. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा

ज्यूँदै किम्बदन्तीका नायक भएका नक्सलवादी नेताको मृत्यु !



फोटो: लोकयुद्ध

क. नागभूषण पटनायक त्यस्ता संघर्षशील व्यक्ति थिए, जो ज्यूँदै किम्वदन्तीका नायकका रुपमा चर्चित भएका थिए। भारतको कम्युनिष्ट आन्दोलनका किम्वदन्ती-नायकका रुपमा प्रख्यात क. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षशील जीवन हालै समाप्त भएको छ। गत असोज २३ गते राति लिभरको क्यान्सरका कारण क. नागभूषण मृत्युको मुखमा परेका थिए।

क. नागभूषण नेपालका वामपन्थीहरुबीच, मराठी उपन्यासकार अनील बर्बेको उपन्यास 'ध्यांक यू मिस्टर ग्लाड' का नायक र नक्सलवादी नेताका रुपमा परिचित थिए।

नक्सलवादी आन्दोलनको एउटा प्रमुख घटक भाकपा (माले)- लिबरेशन समूहका पोलिट्ब्यूरो सदस्यका रुपमा क्रियाशील रहेका क. नागभूषणको आत्मबलिदानले भरिएको संघर्षको गाथाबाट नेपाली वामपन्थीहरुले धेरै नै पाठ सिक्न सक्छन् ! जुझारु किसान आन्दोलनदेखि हिंसात्मक नक्सलवादी आन्दोलन हुँदै संसदीय अभ्याससम्म लम्बिएको उनको संघर्षबाट नेपाली वामपन्थीहरुले नकारात्मक र सकारात्मक शिक्षा लिन सके निकै फलदायी हुन सक्छ।

विद्रोह र प्रेमको भावना

क. नागभूषणको जन्म उडीसाको कोरापुट जिल्लाको गुनुपुरबाट करीब २० कि.मि टाढा रहेको पद्मापुर गाउँमा २७ नोभेम्बर १९३४ मा भएको थियो। बिटिश साम्राज्यकालका जमीन्दार राममूर्ति पटनायकका छोराका रुपमा जन्मिएका क. नागभूषणले पछि गएर जमीन्दारहरुकै शोषण-उत्पीडनका विरुद्ध संघर्ष गरेका थिए।

जमीन्दार राममूर्तिका ६ जना छोराछोरीमध्ये सबैभन्दा जेठो सन्तान चलिरहेको परिवारमा पनि उनले आफ्नी मायालु आमा राजलक्ष्मीबाट गरीब छिमेकीहरु र किसानहरुलाई समेत दयालु र मानवीय व्यवहार हुने गरेको स्थिति देखे। त्यसपछि उनमा शोषण-उत्पीडनका विरुद्ध विद्रोह र शोषित-पीडित जनहरुप्रति प्रेमको भावना एकसाथ जन्मिएको थियो। यही विद्रोह र प्रेमको भावनाको भावभूमिमै हुर्केर-बढेर उनी कम्युनिष्ट आन्दोलनतिर लागेका थिए।

अध्ययनमा बाबुको हस्तक्षेप

उनको प्राथमिक शिक्षा सकिएपछि पटनायक परिवार गुनुपुर बस्न थालेको थियो। त्यहींको गुनुपुर हाई स्कूलबाट १९५१ मा उनले माध्यमिक शिक्षा आर्जन गरेपछि उन्नले उच्च शिक्षा प्राप्त गर्ने प्रयास गरे। गुनुपुरको नजीकै रहेको पार्लाखिमुण्डी शहरको कृष्णचन्द्र गजपति कलेजमा उनले आफ्नो मनपर्ने विज्ञान विषय अध्ययन गर्न थाले।

कलेजको शुरु जीवन कोठाबाट कलेज, कलेजबाट पुस्तकालय अनि कोठाभित्रै व्यस्त रह्यो। पछि गएर स्टुडेन्ट्स फेडरेशनका सक्रिय सदस्यका रुपमा उनी देखापरे। यसका साथै 'यूनिटी उडीसा' आन्दोलनमा पनि उनी सक्रियतापूर्वक लागे।

आईएस्सी सकिएपछि उच्च शिक्षा आर्जन गर्ने क्रममा विषय छनौटको सन्दर्भमा उनका बुबाले हस्तक्षेप गरे। आफ्नो छोरालाई सरकारी अफिसर बनाउने उद्देश्यले उनले क. नागभूषणलाई डिप्लोमामा आर्ट्स विषय लिन बाध्य पारे। १९५४ मा उनले आफ्नो इच्छाविपरीत लिइएको विषय-'गणित' मा स्नातक गरे।

विश्वविद्यालय छाडेर अध्यापनतिर

"मलाई लाग्छ, बनारस हिन्दू विश्वविद्यालय (BHU) मेरो जीवनलाई फर्ने गंभीर मोड हो !"

गणितमा स्नातक भएपछि उनी बनारस हिन्दू विश्वविद्यालयबाट गणितमा स्नातकोत्तर पास गर्न बनारस गए। त्यहाँ उनको बाह्य ज्ञान र राजनीतिक सक्रियताले पखेटा फैलाएर मुक्त आकाशमा विचरण गर्ने अवसर पायो। केन्द्रीय पुस्तकालयको सुविधा प्रयोग गरेर उनले सबैजसो विषयका शास्त्रीय किताबहरु पढ्न थाले।

उनले आधुनिक साहित्यदेखि इतिहास, राजनीतिशास्त्र, विज्ञान, मनोविज्ञान, अर्थशास्त्र, दर्शनका किताबहरु अध्ययन गर्न थाले। साथमा, मार्क्सवादी साहित्यहरुको अध्ययनले उनमा मार्क्सवादप्रति गहिरो आकर्षण पैदा गऱ्यो।

बनारस विश्वविद्यालयमा डिग्री तहको प्रथम वर्षको अध्ययन किएपछि उनका बुबाले फेरि एकपटक उनको अध्ययनमा हस्तक्षेप गर्न खोजे। उनले पहिले जस्तै आफ्नो छोरालाई भारतीय प्रशासनिक सेवा सम्बन्धी जाँच दिएर सरकारी हाकिम हुन ठूलो दबाब दिए। गणितको डिग्री सक्ने तयारी गरिरहेका क. नागभूषणले आफ्ना बाबुको

क. नागभूषणले जमीन्दारहरुको शोषण-उत्पीडनविरुद्ध लड्ने प्रेरणा आफ्नै बुबाका अत्याचारहरु देखेर नकारात्मक रुपले पाएका थिए। सानैमा आफ्ना बुबाले किसानहरु र कृषि मजदूरहरुमाथि गरेका कठोर शोषण-उत्पीडनहरु र तानाशाही व्यवहारहरु देखे-सुनेपछि उनमा जमीन्दारी प्रथाविरुद्ध आक्रोशको भावना जन्मिएको थियो।

आफ्ना बुबाको निरंकुशतन्त्र

> क. नागभूषण नेपालका वामपन्थीहरुबीच, मराठी उपन्यासकार अनील बर्बेको उपन्यास 'ध्यांक यू मिस्टर ग्लाड' का नायक र नक्सलवादी नेताका रुपमा परिचित थिए।

महत्वाकांक्षा पूरा गर्ने छाँटकाँट नै देखाएनन्। आफ्नो छोरोले आफ्नो आदेश मान्न अस्वीकार गरेको देखेर उनले क. नागभूषणलाई खर्च पठाउन बन्द गरे। यस्तो जटील स्थितिमा गणितमा स्नातकोत्तरको डिग्री लिने कामलाई त्यागेर उनी उडीसा फर्के।

त्यसपछि उडीसा फर्केर उनले कटक नामक शहरमा रानीहाट प्राइभेट स्कूलमा अध्यापन गर्न थाले। अध्यापनका साथसाथै उनले त्यहींको मधुसुदन ल कलेजमा १९५९ देखि कानून विषयको अध्ययनलाई तेज पारे। यो समयावधि उनको लागि निकै कठीन र गंभीर साबित भयो।

बाबुको विरूद्ध वकालत

पहिले घरको पैसाबाट आनन्दसंग अध्ययन गरिरहेका क. नागभूषणले आफ्नै कमाइबाट अध्ययन गर्नु पर्‍यो। अध्ययन र अध्यापनका अलावा उनी त्यसबेला अल इण्डिया स्टूडेण्ट्स फेडरेशनका क्रियाकलापहरुमा पनि सक्रियतापूर्वक लागिरहे। त्यस अवधिमा उनलाई उनका भिनाजुले निकै धेरै नैतिक र भौतिक सहयोग गरेका थिए।

१९६२ मा उनले कानूनमा डिग्री हासिल गरे। त्यसपछि वकालत गर्ने क्रममा उनले उडीसाको राज्यस्तरीय बार एशोसिएशनको सदस्य भएर काम गरे।

कानून विषयको अध्ययनलाई उनले शोषण-उत्पीडनका विरुद्ध लड्ने एउटा हतियारको रुपमा प्रयोग गर्ने विचार गरे। विशेष गरी, गाउँले किसानहरुमाथि भइरहेका शोषण र उत्पीडनका विरुद्ध लड्ने क्रममा कलेज कालमै उनले आफ्नै बाबुकै विरुद्ध समेत वकालत गरे। गाउँले किसानहरु र आफ्ना बाबुबीचको जमीनसंग सम्बन्धित मुद्दामा उनले पीडित गाउँले किसानको पक्ष लिएर अदालतमा वकालत गरेका थिए।

गाउँले किसानहरुमाथि भइरहेका शोषण र उत्पीडनका विरुद्ध लड्ने क्रममा कलेज कालमै क.नागभूषण पटनायकले आफ्नै बाबुकै विरुद्ध समेत वकालत गरे।

यस घटनालाई क. नागभूषणले जमीन्दारहरुको शोषण-उत्पीडनको विरोधमा आफूले गरेको पहिलो सचेत राजनीतिक प्रयासको रुपमा लिएका थिए।

वकालतको क्रममा उनले देखे- कानूनी संघर्षले मात्र उत्पीडित वर्गको मुक्ति संभव छैन। अदालतका आदेश र फैसलाहरुबाट उत्पीडितहरुको जीवनमा सामान्य राहत दिलाउन-पनि धौ धौ छ।

त्यही बुझाइका आधारमा उनले कानूनलाई सामाजिक परिवर्तनका लागि भइरहेको जनसंघर्षको एउटा सामान्य हतियारको रुपमा मात्रै उपयोग गर्ने नीति लिए। र, कम्युनिष्ट आन्दोलनसंग निकटता बढ्दै गएपछि उनले सामाजिक परिवर्तनका लागि आफूलाई समर्पित गर्ने निधो गरे।

विद्यार्थी आन्दोलनबाट जुझारू किसान आन्दोलनतिर

कलेज र विश्वविद्यालयबाट वामपन्थी विद्यार्थी राजनीतिमा दीक्षित भएका क. नागभूषणले अध्ययन र अध्यापनको क्रममा पनि विद्यार्थी राजनीतिलाई जारी राखे। १९५० को दशकको अन्तसम्ममा उनी अविभाजित अल इण्डिया स्टूडेन्ट्स फेडरेशनका क्रियाशील कार्यकर्ताका रुपमा परिचित हुन थाले।

उनको विद्यार्थी राजनीतिलाई अझ बेसी गहिराई र विस्तृत रुप दिने काममा कमरेड भूवनमोहन पटनायकको महत्वपूर्ण भूमिका थियो। क. नागभूषणकै स्वीकारोक्ति अनुसार, क. भूवनमोहनसंगको भेटघाट र सम्पर्कले उनको सम्पूर्ण विधि-व्यवहारलाई क्रान्तिकारी रुपान्तरण गर्‍यो। १९६० को शुरुतिर, क. नागभूषण कटकमा उत्पीडित जनताको पक्षमा वकालत गरिरहेको बेला क. भूवनमोहनसंग सम्पर्क भयो र उनको प्रभावले गर्दा क. नागभूषणले १९६१ मा एकीकृत भारतीय कम्युनिष्ट पार्टी- भाकपा (CPI) को सदस्यता लिए।

१९६० को दशकको शुरुतिर आन्ध्र प्रदेश र उडीसाको सीमावर्ती इलाकाहरुमा छिटफूट रुपमा जुझारु किसान आन्दोलनहरुका झिल्काहरु देखिन थाले, जनविद्रोहका ज्वालाहरु विश्रृंखलित ढंगले प्रकट हुन थाले। र, क. नागभूषणले यस्ता झिल्काहरुलाई एकीकृत गर्ने उद्देश्यले यस्ता आन्दोलन र विद्रोहहरुतिर आफ्नो ध्यान केन्द्रित गर्न थाले। यसरी विस्तारै विकसित हुन थालेका असन्तुष्टि र आक्रोशहरुलाई शक्तिशाली क्रान्तिकारी आन्दोलनको रुप दिने काममा उनले आफूलाई समर्पित गर्न थाले।

जीवनको झाँकी

आन्ध्र प्रदेशको तेलङ्गाना क्षेत्रबाट शुरु भएको तेलङ्गाना आन्दोलनको आगोको झिल्कालाई उडीसामा विस्तार गर्न उनले धेरै नै कठोर संघर्ष गरे। उनको यही समर्पण र संघर्षले गर्दा उनी १९६० को दशकको शुरुमै उडीसाका एकजना कम्युनिष्ट नेताका रुपमा देखा परे। उडीसादेखि आन्ध्र प्रदेशसम्म विकसित भएको उनको क्रियाशीलताबाटै उनी विस्तारै ती दुवै राज्यको कम्युनिष्ट आन्दोलनका नेताहरु र कार्यकर्ताहरुबीच चर्चित हुन थाले।

त्यसपछि उनले मलकानगिरी क्षेत्रमा एउटा बलियो श्रमिक आन्दोलनको नेतृत्व गरे। वनमा काम गर्ने मजदूरहरु, गरीब आदिवासी किसानहरु र गाउँका गरीबहरुका अन्य तप्काहरु कम्युनिष्ट पार्टीको रातो झण्डामुनि गोलबन्द गरे। उनीहरुको संघर्षले उडीसा र आन्ध्र प्रदेशको राजनीतिमै हलचल मच्चाउन थाल्यो।

भाकपाको विभाजनको नाटक

ठीक यही बेला, विश्वको कम्युनिष्ट आन्दोलनमा सोभियत संघको कम्युनिष्ट पार्टीका नेता ख्रुश्चेभको संशोधनवादी विचारविरुद्ध चिनियाँ कम्युनिष्ट नेता माओ त्से तुङ र अल्बानियाका कम्युनिष्ट नेता अनवर होक्जाको नेतृत्वमा भइरहेको ठूलो वैचारिक संघर्ष अझ तेज भयो। जहिले पनि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको अन्धनक्कल गर्दै आएका भाकपाका नेता र कार्यकर्ताहरुले यो वैचारिक संघर्षमा थप वैचारिक संघर्ष गर्दै स्पष्टता हासिल गर्नुको सट्टा कसैले सोभियत संघको पक्ष लिए, कसैले चीनको!

त्यसमाथि, भारत र चीनबीच १९६२ मा शुरु भएको सीमासम्बन्धी युद्धमा पनि सोभित संघको पक्ष लिनेहरुले भारतका तत्कालीन पूँजीवादी शासक जवाहरलाल नेहरुको पक्ष लिए, चीनको पक्ष लिनेहरुले यस विषयमा पनि चीनकै पक्ष लिए।

यी दुईवटा समस्याले भाकपाभित्रको संघर्षको आगोमा घ्यू थप्नेहरुको प्रत्येक संघर्षलाई बीचैमा तुहाउने काम गरिरहेको भाकपा

विशाल जनसभालाई सम्बोधन गर्नुहुँदै क. नागभूषण पटनायक (फोटो: Liberation)

त्यसबेलासम्म संसदीय राजनीतिको दलदलमा पूरै भासिसकेको थियो । भाकपाको संशोधनवादी नेतृत्वविरुद्ध भाकपाका चीन पक्षधर नेताहरुले १९६४ मा ठूलो विद्रोह गरे, दक्षिणपन्थी अवसरवादी नेतृत्वविरुद्ध विद्रोह गरेर उनीहरुले हतार हतार भाकपा (मार्क्सवादी अर्थात् माकपा) नामक 'क्रान्तिकारी पार्टी' गठन गरे । भाकपाको संशोधनवादी चिन्तनप्रणालीको पुरानो परम्परासंग सम्बन्ध विच्छेद नगरीकन, त्यही चिन्तन प्रणालीको परम्परामै हुर्के-बढेका नेताहरुले केही क्रान्तिकारी शब्दहरु थपथाप गरेर, केही नयाँ रणकौशलका कुराहरु चतुर्याइँपूर्वक जोडजाड गरेर 'नयाँ क्रान्तिकारी सिद्धान्त' अगाडि सारे ।

विद्रोहीहरुले मूल मुद्दा र नाराको रुपमा के उठाए भने, संशोधनवादी नेतृत्वविरुद्ध लड्नु पर्छ, संसदीय राजनीतिभन्दा बाहिर निस्केर जनवादी क्रान्ति सम्पन्न गर्नु पर्दछ । संसदीय राजनीतिको घिनलाग्दो व्यवहारबाट वाक्कदिक्क भएका र क्रान्तिका लागि आतुर ठूलो संख्यामा रहेका कार्यकर्ताहरु यस्ता आकर्षक मुद्दा र नाराहरुका पछि पछि लागे । विद्रोही नेताहरुद्वारा 'सुधारवादी र संशोधनवादीहरुका विरुद्ध क्रान्तिकारीहरुको संघर्ष र विद्रोह' को रुपमा व्याख्या गरिएको त्यस फूटमा क. नागभूषणले तथाकथित क्रान्तिकारीहरु अर्थात् फूटपछि बनेको पार्टी माकपालाई साथ दिए ।

विद्रोहीहरूलाई साथ !

क. नागभूषणले उडीसा र आन्ध्र प्रदेशमा संशोधनवादीहरुका विरुद्ध माकपाका 'क्रान्तिकारीहरु' का पक्षमा निर्णायक भूमिका खेले, त्यहाँका राज्य र जिल्लास्तरीय नेताहरु र अधिकांश कार्यकर्ताहरुलाई माकपाको धारमा अगाडि बढाए ।

१९६४ मा भाकपा फुटेर भाकपा र माकपा बनेपछि क. नागभूषण लगायतका जुझारु कमरेडहरु माकपाको उडीसा राज्य कमिटीका सदस्य भए । माकपाका नेताहरुले आ-आफ्नो व्यक्तिगत र गूटगत स्वार्थ पूरा गर्नका लागि क्रान्तिका ठूला ठूला नारा दिए पनि व्यवहारमा संसदीय गल्लीमै रुमल्लिने नीति लए । त्यसले गर्दा माकपा निर्माण भएको केही समयपछि नै त्यस पार्टीभित्र पनि अन्तर संघर्ष शुरु भयो । त्यस अवधिमा क. नागभूषण जस्ता जुझारु कमरेडहरु त्यस अन्तर संघर्षमा भाग लिँदै, सडक संघर्षमा ज्यान फालेर लाग्न थाले । अन्तरपार्टी संघर्षमा क्रान्ति चाहने जुझारु कमरेडहरुसंग एकाकार हुँदै क. नागभूषणले माकपाका नेताहरुको भाकपा शैलीको नीति र व्यवहारका विरुद्ध संघर्ष गर्न थाले ।

ठीक त्यही बेला भारतमा जवाहरलाल नेहरुको शासनले अन्तिम सास लिइरहेको थियो र त्यहाँको पूँजीवादी व्यवस्थाले व्यापक रुपमा देखिएको राजनीतिक-सामाजिक संकटलाई मोड्न चीनसंगको लडाइँपछि पाकिस्तानसित युद्ध शुरु गऱ्यो । भारतको पूँजीवादी संकट झन् झन् गहिरिएको स्थितिमा जन विद्रोह भड्किने टड्कारो संभावना देखेर कम्युनिष्टहरुको नेतृत्वमा भइरहेको किसान र मजदूरहरुको आन्दोलन एवं अन्य प्रजातान्त्रिक संघर्षमाथि फासिवादी शैलीको दमन भयो । रु, १९६६ को शुरुमै माकपाका अधिकांश नेताहरुसहित क. नागभूषणलाई पनि गिरफ्तार गरियो, उनीहरु सबैलाई दिल्लीको तिहाड जेलमा राखियो ।

तिहाड जेलमा अन्तर पार्टी संघर्ष

माकपाको पोलिट्ब्यूरोका अधिकाश सदस्यहरुसंग साथसाथै जेल-जीवन बिताउने क्रममा क. नागभूषणले पार्टीभित्रको अन्तर-संघर्षलाई गहिराइमा अध्ययन गर्ने मौका पाए । माकपाका नेताहरुका विचारहरु, व्यवहारहरु र आचरणहरु पनि नजिकैबाट नियालेर पढ्न पाएपछि उनमा माकपाको पनि खोक्रोपनाको बोध भयो । माकपाका नेताहरुको भाकपाकै शैलीका विचार र व्यवहारहरु देखे-भोगेपछि उनले दृढ निश्चय गरे- 'अवसर-वादी नेतृत्वविरुद्ध चलिरहेको वैचारिक-राजनैतिक संघर्षमा क्रान्तिकारीको साथ दिनु पर्दछ !'

> सडकको संघर्षलाई- संसदीय संघर्षको घेराभित्र बन्द गर्ने माकपा नेतृत्वको धृष्टता देखेर क. नागभूषण लगायत अन्य जुझारु कमरेडहरुमा माकपाबाट मोहभंग हुन थाल्यो ।

तिहाड जेलमा उनी तेलंगाना किसान आन्दोलनका महा-नायकका रुपमा प्रख्यात कमरेड पी. सुन्दरैयासंग धेरै नै नजिकिन पुगे । क. सुन्दरैयाले क. नागभूषणको नेतृत्वमा उडीसा र आन्ध्र प्रदेशको मलकानगिरी क्षेत्रमा चलिरहेको संघर्षलाई धेरै नै महत्व दिए । उनले तेलंगाना र मलकानगिरी क्षेत्रको भौगोलिक समानताको रणनीतिक महत्व तथा त्यस क्षेत्रभित्र विकसित भइरहेको महान क्रान्तिकारी संभावनाहरुलाई रेखांकित गरेर देखाए । त्यहाँका जुझारु जनसंघर्षहरुको महत्व बुझेका क. पी. सुन्दरैयासंग उनको घण्टौघण्टासम्म बहसहरु भए, जसलाई क. नागभूषणले १९६६ को तिहाड जेल-जीवनको महत्वपूर्ण स्मृतिका रुपमा संगालेर राखे ।

जेलभित्र हुने बहसहरुले कहिलेकाहीं काफी कटुता पनि पैदा गरे । यस्ता बहसहरु माकपाभित्र चलिरहेको संसदीय गल्लीमा रुमल्लिने नेताहरु र क्रान्तिका लागि आतुर युवाहरुको संघर्षको रुपमा पनि देखा पर्न थाले ।

एक पटक पश्चिम बंगालका दिग्गज माकपा नेता हरेकृष्ण कोनारका साथ संयुक्त मोर्चाको विषयमा क. नागभूषणको धेरै नै गरमागरम बहस भयो । कोनारले जनवादी क्रान्तिका लागि नाना प्रकारका पूँजीवादी पार्टीहरुसंग मिलेर मोर्चा बनाउनु पर्ने माकपामार्का विचार जोड्दार ढंगले प्रस्तुत गरे । क. नागभूषणले जनवादी क्रान्तिका लागि मजदूर वर्ग र उसका वर्ग-सहयोगीहरुलाई मिलाएर क्रान्तिकारी जनवादी मोर्चा बनाउनु पर्ने विचार त्यत्तिकै दृढतापूर्वक राखे । यो विवाद बढ्दै गएर त्यहाँ निकै कटुताको स्थिति जन्मियो । पछि जेल पार्टी कमिटीले कोनारलाई एकजना युवा पार्टी कमरेडका विरुद्ध कटुतापूर्वक बहस गरेको आरोपमा आलोचना गर्नुका साथै बहसको क्रममा रिसाएर गाली गरेको आरोपमा उनको भर्त्सना समेत गरेको थियो ।

संसदवादी पार्टीभित्र विद्रोह

१९६६ मा जेलभित्र र बाहिर, पार्टीभित्र र बाहिर ठूलो अन्तर-संघर्ष हुन थाल्यो । क. नागभूषण तिहाड जेलबाट १९६६, अप्रिल २७ मा रिहा भएपछि माकपाको आधिकारिक लाइन र केन्द्रीय नेतृत्वसंग मतभेद झन् चर्कन थाल्यो । उनी बालीमेलाका श्रमिकहरु, अनकेल पावरहाउस टनेलका मजदूरहरुका आन्दोलनदेखि गुनुपुरमा भएको मूल्यबृद्धिविरोधी जनसंघर्षसम्ममा क्रियाशील भए । १९६७ मा माकपाको केन्द्रीय नेतृत्वले यस्ता जुझारु जनसंघर्षहरु त्यागेर भावी चुनावका लागि तयारी गर्न पटक पटक निर्देशन दिन थाल्यो ।

माकपाको नेतृत्वको असहमतिका बावजूद क. नागभूषणले मालकानगिरीको चित्रकुण्ड हाइडलपावर प्रोजेक्टका ५००० मजदूरहरुलाई संगठित गरेर एक महिना लामो जुझारु संघर्ष चलाए । सरकारले आफूलाई समाप्तका लागि गिरफ्तारीको वारन्ट जारी गरेको थाहा हुँदा हुँदै पनि उनले मजदूरहरुको विशाल र्याली लाई सम्बोधन गरे । त्यही संघर्षको क्रममा दमनका लागि क्रियाशील चित्रकुण्ड पुलिस स्टेशनमा संघर्षरत मजदूरहरुले उनको नेतृत्वमा आक्रमण गरे एवं ८ वटा राइफलहरु लुटे ।

त्यस्तै, माकपाको ट्रेड यूनियन आन्दोलनका प्रमुख पी. राममूर्तिले क. नागभूषणहरुले चलाइरहेको मालकानगिरी-संघर्षको गतिलाई कम पार्नु पर्ने र त्यस्ता संघर्षहरुलाई संसदीय सीमाहरुमा सीमित गर्नुपर्ने ओदश दिन थाले । सडकको संघर्षलाई- संसदीय संघर्षको घेराभित्र बन्द गर्ने माकपा नेतृत्वको धृष्टता देखेर क. नागभूषण लगायत अन्य जुझारु कमरेडहरुमा माकपाबाट मोहभंग हुन थाल्यो । उनीहरुले माकपाको संसदमार्गी नीति र व्यवहारको आधिकारिक लाइन र आदेश निर्देशविरुद्ध अवज्ञा गर्ने रुपरेखा बनाउन थाले । यस्तो मोहभंगको स्थितिमा पनि उनीहरु आन्ध्र प्रदेशको पार्वतीपुरम, कुरुपम, सीथाम्पेता र पालकोण्डा लगायत उडीसका गुनुपुर र रामन्नागुडका जंगलमा रहने गिरीजन किसानहरुको लडाकू संघर्ष चलाउन व्यस्त भइरहेकै बेला नक्सलवादी किसान आन्दोलन सशस्त्र विरुफोटको रुपमा एकाएक देखापऱ्यो । क. नागभूषणका अनुसार, मे १९६७ मा भएको नक्सलवादी सशस्त्र किसान आन्दोलनले माकपाभित्र र बाहिर, भारतभित्र र बाहिर नयाँ क्रान्तिकारी लहर उत्पन्न गऱ्यो ।

क. चारु मजुमदारको नेतृत्वमा भएको नक्सलवादी आन्दोलन मूल रुपमा माकपकै संशोधनवादी नीति र व्यवहारको प्रतिक्रियामा जन्मिएको हिंसात्मक आन्दोलन थियो । माकपाका नेताहरुले भाकपाका नेताहरुको संशोधनवादी चिन्तन प्रणालीसित पारपाचुके नगरीकन, आफ्नो व्यक्तिगत र गूटगत स्वार्थ पूरा गर्न, कार्यकर्ताहरुमा रहेको क्रान्तिप्रतिको आतुरीलाई अनावश्यक रुपमा भड्काएर नयाँ क्रान्तिकारी पार्टी बनाउने नाममा 'भाइ भाकपा' बनाएको प्रतिक्रियामा यो आन्दोलन जन्मिएको थियो । माकपाले सम्पूर्ण नीति, कार्यक्रम र संघर्षहरुलाई संसदीय राजनीतिको घेरोभित्रै कैद गर्ने धृष्टता गरेकै कारणले आक्रोशित भएका माकपाकै राज्यस्तरीय नेता-कार्यकर्ताहरुले क्रान्तिका लागि आतुर कार्यकर्ताहरुलाई अर्को ढंगले भड्काएकै परिणामस्वरुप भएको विस्फोट थियो-यो नयाँ आन्दोलन ।

क्रान्तिका लागि आतुर क. नागभूषणले पनि माकपाभित्र विद्रोह गरेर नक्सलवादी किसान आन्दोलन चलाउनेहरुलाई ठूलो उत्साहका साथ साथ दिए । उनले 'कम्युनिष्ट क्रान्तिकारीहरुको उडीसा राज्य को अर्डिनेशन कमिटी' निर्माण गरेर नक्सलवादी नेता क. चारु मजुमदारको नेतृत्वमा गठित 'अल इण्डिया को अर्डिनेशन कमिटी' मा त्यसलाई आबद्ध गरे ।

महाधिवेशन गर्न व्यस्त छन् विश्वका कम्युनिष्ट पार्टीहरु

विश्वका विभिन्न मुलुकमा क्रियाशील कम्युनिष्ट पार्टीहरु आ-आफ्नो महाधिवेशन गर्न व्यस्त छन्, आ-आफ्ना नीति र कार्यक्रमहरुलाई परिमार्जन गर्न गम्भीर रुपमा लागेका छन् ।

हालै मात्र नर्वेको कम्युनिष्ट पार्टी Communist Party of Norway को २३ औं महाधिवेशन सम्पन्न भएको छ । बर्गन शहरमा भएको सो महाधिवेशनको क्रममा नर्वेको कम्युनिष्ट पार्टी (CPN) स्थापना भएको २५ वर्ष पुगेको उपलक्ष्यमा धूमधामका साथ २५ औं पार्टी स्थापना दिवस पनि मनाइएको खबर छ ।

त्यस्तै, स्वीडेनमा कम्युनिष्ट पार्टीको रुपमा कार्यरत रहेको मानिने स्वीस लेबोर पार्टी- Swiss Party of Labour को १६ औं महाधिवेशन ज्युरिच शहरमा सम्पन्न भएको छ । महाधिवेशनकै सन्दर्भमा 'कम्युनिष्ट घोषणापत्र' प्रकाशित भएको १५० औं वर्ष प्रवेशको उपलक्ष्यमा एउटा ठूलो स्तरको अन्तर्क्रिया पनि गरिएको खबर छ । '१५० वर्षपछि पनि कम्युनिष्ट घोषणापत्रको सान्दर्भिकता कत्तिको छ ?' भन्ने विषयमा गरिएको सो अन्तर्क्रियामा बोल्ने अधिकांश वक्ताहरुले कम्युनिष्ट घोषणापत्रको सान्दर्भिकता र औचित्य दिनानुदिन बढ्दै गइरहेको विचार पोखेको खबर छ ।

फिलिपिन्सका कम्युनिष्ट नेता क. जोसे मारिया सिसों

सोभियत संघमा समाजवादी व्यवस्था ढलेपछि टुक्रा-टुक्रा भएको सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) कै एक टुक्राको रुपमा रुसमा विकसित भएको यूनियन अफ कम्युनिष्ट पार्टीज- CPSU को ३१ औं महाधिवेशन समाप्त भएको खबर छ । महाधिवेशनले ओलेग शेनिनलाई CPSU का अध्यक्षमा निर्वाचित गरेको छ ।

यता, एशियामा पनि भारतका दुईवटा कम्युनिष्ट पार्टीहरु भाकपा र माकपाका महाधिवेशनहरु सम्पन्न भएका छन् । त्यस्तै, फिलिपिन्सको मुक्तिको लागि सशस्त्र संघर्ष गरिरहेको फिलिपिन्सको कम्युनिष्ट पार्टी (Philippine Communist Party) को ११ औं महाधिवेशन केही समय अगाडि मात्रै सम्पन्न भएको छ । ❑

भाकपा-माकपा शैलीको चिन्तन प्रणाली, व्यक्तिवादी मानसिकता र गलत क्रान्तिको सिद्धान्तकै फलस्वरूप नक्सलवादीहरूमा पनि अति क्रान्तिकारी भड्काव पैदा भयो ।

किन भयो असफल नक्सलवादी विद्रोह ?

तर कस्तो विडम्बना !

माकपाभित्र विद्रोह गरी नक्सलवादी सशस्त्र किसान आन्दोलन चलाउने क. चारु मजुमदार लगायतका नक्सलवादी नेताहरुले माकपाका नेताहरुले जस्तै भाकपाकै चिन्तन प्रणाली र कार्यपद्धति अप्नाए । भारतभित्र विकसित भएको पूँजीवादले साम्राज्यवादको रुप लिएर छिमेकी देशमाथि ताण्डव नृत्य गर्न थालिसकेको स्थितिमा नक्सलवादी नेताहरुले भने भाकपा-माकपाले जस्तै भारतको राज्य व्यवस्था अर्ध औपनिवेशिक र अर्ध सामन्ती रहेको व्याख्या गर्दै त्यहाँ 'नयाँ जनवादी क्रान्ति गर्ने' सिद्धान्त नै प्रस्तुत गरे । भारतमा चलिरहेकी क्रान्तिको वास्तविक जटील प्रक्रियालाई बेवास्ता गर्दै, चीनको अन्ध नक्कल गर्दै, चिनियाँ शैलीको जनवादी क्रान्ति गर्न थालेका नक्सलवादी नेताहरुले भारतको पूँजीवादी राज्य व्यवस्थालाई उखेलेर समाजवादी व्यवस्था स्थापना गर्ने क्रान्तिको सिद्धान्त बनाउन सकेनन् ।

भाकपा-माकपा शैलीको चिन्तन प्रणाली, व्यक्तिवादी मानसिकता र गलत क्रान्तिको सिद्धान्तकै फलस्वरुप नक्सलवादीहरुमा पनि अति क्रान्तिकारी भड्काव पैदा भयो । उनीहरुले छिट्टै क्रान्ति गर्ने नाममा भारतको खुँखार पूँजीवादी राज्यसत्ताको दमनकारी सैनिक-प्रहरी शक्तिसामु जानेर होस् या नजानेर होस्, कुबेलामै क्रान्तिकारी शक्तिलाई धकेलेर ठूलो क्षति गरे । ऐतिहासिक रुपले गलत सिद्ध भइसकेको यो कुबेलाको विद्रोहमा पनि क. नागभूषणले क. चारु मजुमदार लगायतका नक्सलवादी नेताहरुको काँधमा काँध मिलाई सक्रिय नेतृत्व दिए ।

❑ राजेन्द्र महर्जन

(अर्को अंकमा हेर्नुहोस्, नक्सलवादी विद्रोहको क्रममा पटक पटक गरी एक दशकभन्दा बेसी समयसम्म जेल परेका क. नागभूषणले फाँसीको सजायका विरुद्ध कसरी प्रतिकार गरे ?)

वैज्ञानिक संस्कारः तीखो बुद्धिको प्रतिफल हो कि दहो मुटुको ?

'विचार मञ्च' स्तम्भमा हामीले माथिको शीर्षकमा गताकमा दीपक ज्ञवालीसँगको कुराकानीको टेप उतार छापेका थियौं । उक्त कुराकानीको चौथो प्याराग्राफको केही भागदेखि थप केही प्याराग्राफसम्मको सामग्री प्राविधिक कारणवश कम्प्युटरबाट छापिन नगएको कुरा हामीले पछिमात्र थाहा पायौं । हाम्रो यस असावधानीप्रति क्षमायाचना गर्दै उक्त छुट भएको सामग्री यहाँ पूरै छापेका छौं ।

-मूल्यांकन

➡ ऐतिहासिक तथ्यहरुलाई हेर्दा वैज्ञानिक समाजको शुरुवात पश्चिम यूरोपबाट तेह्रौं शताब्दीमा भयो । तर, यसले सोह्रौं शताब्दीमा आएर मात्र द्रुत गति लियो । र, अठारौं शताब्दीको औद्योगिक क्रान्तिको समयदेखि यो झन् पछि झन् अगाडि बढ्यो ।

हुन त त्यस समयमा चीन, भारत आदि पूर्वका देशहरु पश्चिमी देशहरुभन्दा समृद्ध थिए । यिनीहरुको संस्कृति पनि धेरै उच्च थियो । त्यस्तै गणित, खगोलशास्त्र जस्ता विषयहरुमा यिनीहरु धेरै नै अगाडि थिए । चिनियाँहरु जहाज निर्माण गर्ने जस्ता कुरामा समेत धेरै अगाडि थिए । तर यतातिर विज्ञान आएन । विज्ञान त आखिर पुनर्जागरण काल आएपछि पश्चिम यूरोपमा आयो । यस्तो किन भयो भनेर बुझ्नको लागि हामीले पश्चिम यूरोपको त्यतिखेरको सामाजिक संरचनालाई हेर्नु जरुरी हुन्छ ।

पश्चिम यूरोपको त्यतिखेरको सामाजिक संरचनामा दुई तीन वटा कुराहरु सन्निहित थिए ।

रोमन साम्राज्य ढलेपछि पश्चिम यूरोपमा कुनै पनि साम्राज्य अस्तित्वमा रहन सकेन । यही साम्राज्यको न्यूनतामा त्यहाँ बहुलवादी राजनीतिक ढाँचाको शुरुवात भयो । तर पूर्वमा भने चीन तथा भारतमा एकपछि अर्को गर्दै राजा महाराजाहरुका विभिन्न साम्राज्यहरु रहँदै आए । हुन त त्यतिखेर यूरोपमा पनि राजा महाराजाहरुको नै शासन थियो । त्यस समयमा तिनीहरु पनि एक आपसमा लडभीड गरी नै रहन्थे । तर, त्यहाँ एक किसिमको बहुलवादको शुरुआत भइसकेकोले पूर्वमा जस्तो कुनै साम्राज्यले शोषणद्वारा कमाएको सम्पत्ति विलासिताको कुनै वस्तु बनाउन या विलासी काममा खर्च गर्न सकेन । यतातिर पूर्वमा भने, राजा महाराजाहरुले राज्यको बचत र सम्पत्ति विलासिताका वस्तुहरु जोड्नमा खर्च गरे । जस्तो कि, मुगल साम्राज्यमा राज्यसित त्यत्रो बचत वा सम्पत्ति जम्मा त भयो, तर त्यो सम्पत्ति ताजमहल जस्तो स्वर्गीय रानीको एउटा कब्रस्तान (चिहान) बनाउन खर्च गरियो । ताजमहल जतिसुकै राम्रो भनिए पनि आखिर त्यो, सारमा त, एउटा चिहान मात्र त हो नि ! त्यसले उत्पादन वृद्धि गर्ने काम त पटक्कै गर्दैन । बाइस वर्षसम्म त्यत्रो राज्यको बचत खर्च गरेर चिहान (ताजमहज) बनाउनुको सट्टा त्यो सम्पत्ति कुनै उत्पादनशील कार्यमा खर्च गरेको भए तात्कालीन भारतको आर्थिक सामाजिक स्थिति अर्कै हुन्थ्यो होला । उता पश्चिममा भने, उत्पादनशील काममा सम्पत्ति खर्च गरिनु, त्यही समयमा वैज्ञानिक संस्कारको शुरुवात हुनुले औद्योगिक क्रान्तिको शुरुवात भयो ।

अर्को कुरो, यूरोपमा राज्य र धर्म छुट्टियो । एकातिर राजाहरु हुन्थे भने अर्कातिर पोप । पूर्वतिरका (चीन तथा दक्षिण एशियाका हिन्दू) राज्यहरुमा जस्तो धार्मिक गुरु र राजा 'विष्णु अवतार' हुने परम्परा पश्चिममा भएन । यसले गर्दा त्यहाँ एक किसिमले शोषण गर्ने माध्यम काटिन पुग्यो ।

अर्को कुरो, त्यतिखेरसम्म यूरोपमा दासप्रथाको अन्त्य भइसकेको थियो । दास प्रथाको अभावमा त्यहाँका मानिसहरु श्रमलाई सजिलो पार्ने उपाय पत्ता लगाउने कार्यमा जुट्न बाध्य भए । यता पूर्वतिर भने, दास प्रथा धेरै पछि मात्र अन्त्य भयो । नेपालमा त दास प्रथा सन् १९२४ मा चन्द्र शमशेरको पालामा मात्र अन्त्य भयो ।

दास प्रथामा मालिकले जे जे भन्यो, त्यही त्यही काम गर्न दासहरु बाध्य हुन्छन् । दासलाई वस्तु वा यन्त्रको रुपमा लिइन्थ्यो । मालिकले 'दिनभरि पानी बोकी राख्' भने भने दासले त्यही काम गरिराख्नु पर्थ्यो । दासको आफ्नो इच्छा भन्ने कुराको कुनै महत्व हुँदैनथ्यो । त्यसैले, त्यतिखेर मालिकहरु अठ्ठ्यारा कामहरु सबै दासहरुलाई नै गर्न लगाउँथे । यसबाट दास मालिकहरु अठ्ठ्यारा कामहरु सजिलोसित गर्ने उपाय पत्ता लगाउनेतिर प्रेरित भएनन् । 'पम्प आविष्कार गरेर पानी बोक्ने झन्झटको अन्त्य गरौं' भन्ने भावना तिनीहरुमा आएन । दासहरुले त्यस्तो आविष्कारको काम गर्न सक्ने त कुरै भएन । यसरी, दास प्रथाको कारणले पनि पूर्वतिर वैज्ञानिक संस्कारको शुरुवात हुन सकेन । ➡

आँखीझ्याल

दक्षिण कोरिया अरु चर्को महामन्दीतिर

दक्षिण कोरियाका प्रमुख उद्योगहरू मध्येको एक इलेक्ट्रोनिक्स उद्योगमा कार्यरत महिला मजदूरहरू अहिले मन्दीले यो धन्दा पनि चौपट्टै बनेको छ ।

दक्षिण कोरियाको अर्थतन्त्र यसको तेस्रो त्रैमासिकमा पनि ६.८ प्रतिशतले ओरालो लागेको तथ्य बैंक अफ कोरियाले मंसिर मा उद्घाटन गरेको छ । सन् १९५३ मा कोरियाली युद्ध अन्त भएपछिको यो द. कोरियाको सबैभन्दा खराब आर्थिक मन्दी मानिएको छ ।

स्मरणीय छ, सन् १९९८ को पहिलो त्रैमासिकमा यसको अर्थतन्त्र ३.९ प्रतिशतले खुम्चेको थियो । दोस्रो त्रैमासिकमा यो खुम्चाइ बढेर ६.८ प्रतिशत पुगेको थियो । जुलाईदेखि सेप्टेम्बरसम्मको यो त्रैमासिकमा पनि ठीक उति नै अनुपातमा कुल गार्हस्थ्य उत्पादन ओरालो लागेको छ । सन् १९५३ यता लगातार तीनवटा त्रैमासिकसम्म पनि दक्षिण कोरियाको अर्थतन्त्र ओरालो लागेको यो पहिलो पटक हो ।

विदेशी सहायताको भरमा देश विकासको सपना देखेको दक्षिण कोरियाले केही दशकसम्म त अचम्मै ढंगले आर्थिक बृद्धि गऱ्यो । तर विदेशी ऋणले घाँटी घाँटीसम्म डुबेपछि र ऋणमा ल्याएको अरबौं डलर निजी क्षेत्रका बैंकहरुले खराब ऋणमा भसक्कै डुबाएपछि पोहोर लगभग यही समयतिर दक्षिण कोरिया झण्डै टाट पल्टियो । यही बेलादेखि नै यसको अर्थतन्त्र संकटग्रस्त हुँदै आएको छ । अहिले यसको विदेशी ऋण मात्रै १५४ अरब अमेरिकी डलर पुगेको छ । डुबाउ ऋणले थचक्कै भएका कम्पनीहरु विदेशी ऋणको साबाँ ब्याज चुक्ता गर्दै गर्लम्म गर्लम्म ढलिरहेछन् । यही कारणले द. कोरियाली अर्थतन्त्र ओरालो लाग्दैछ । यो वर्ष मात्रै २१ हजार वटा कम्पनीहरु टाट पल्टेका छन् । द. कोरियाको बेरोजगारी दर अहिले ७.३ प्रतिशत पुगेको छ । द. कोरियाको विगत हेर्दा यो त्यहाँको सारै उच्च बेरोजगारी दर हो ।

> *विदेशी सहायताको भरमा देश विकासको सपना देख्नेहरुले के द. कोरियाको यो बर्बादीबाट केही पाठ सिक्लान् ?*

अन्तर्राष्ट्रिय मुद्राकोषले ६० अरब अमेरिकी डलर बचाउ-धनराशी उधारो दिएर दक्षिण कोरियालाई पोहोरै टाट पल्टिनबाट त बचाएको हो । तर यो ऋण उसको लागि सारो भारी पर्दैछ । यही ऋणका शर्तहरुको कारणले समेत दक्षिण कोरिया अहिले झन् झन् महामन्दीतिर लम्कँदैछ । अर्को वर्ष मात्रै सरकार र विजिनेश हाउसहरुले गरेर जम्मा ३० अरब डलर विदेशी ऋण चुक्ता गर्नुपर्ने भाएको छ । तर त्यो तिर्ने कसरी ? दक्षिण कोरियाली सरकार विलखबन्दमा छ ।

विदेशी सहायताको भरमा देश विकासको सपना देख्नेहरुले के द. कोरियाको यो बर्बादीबाट केही पाठ सिक्लान् ?

निजीकरणको विरूद्धमा यूरोपेली रेल मजदूरहरू हडतालमा

यूरोपेली यूनियनले राज्यको स्वामित्वमा रहेको रेल्वेलाई निजीकरण गर्न लागेको विरुद्धमा यूरोपेली यूनियन अन्तर्गतका ६ वटा मुलुकका लाखौं मजदुहरु नोभेम्बर २३ (मंसिर ७) देखि हडतालमा उत्रेका छन् । उनीहरुको हडतालले दशौं लाख यात्रुहरुलाई इन्तु न चिन्तु पारिदिएको छ ।

हडतालले बेल्जियमलाई पूरै ठप्प पारिदिएको छ । फ्रान्स, ग्रीस र लक्जेम्बर्गको रेल यात्रालाई हडतालले गंभीर रुपमा प्रभावित पारेको छ । स्पेन र पोर्तुगलमा समेत रेल वे मजदूरको हडतालले केही हदसम्म असर पारेको छ ।

मजदूरहरुको संघर्षले यूरोपका लामो दूरीका रेल सेवाहरु नराम्ररी प्रभावित भएका छन् । पेरिस र ब्रसेल्सका बीच चल्ने थेलीस उच्च गति एक्सप्रेस ट्रेन अवरुद्ध भएको छ । सम्पूर्ण बेल्जियन रेल्वे नेटवर्क बन्द भएको छ । फ्रान्सका दुई तिहाई रेल सेवाहरुलाई हडतालले ठप्प पारेको छ, ग्रीसमा दुई वटा प्रमुख शहरहरु- एथेन्स र सालोनिकामा रेल सेवा बन्द भएको छ ।

हडताली मजदूर यूनियनहरुको भनाइ छ- रेल वेको निजीकरणले सामाजिक जनजीवनको स्थितिलाई कष्टपद बनाई दिनेछ र थुप्रै मजदूरहरुले रोजगारीबाट हात धुनुपर्नेछ । उनीहरुको हडतालको मूल कारण नै यही हो ।

यूरोपेली यूनियनको यातायात क्षेत्र हेर्ने प्रमुख कार्यकारी प्रशासकका रुपमा कार्यरत कमिशनर नील किनकले भनेका छन् कि- 'यूरोपेली यूनियनले यात्रु रेल सेवालाई निजीकरण गर्न लागेको होइन । खालि मालसामान ढुवानी गर्ने ढुवानी सेवालाई मात्र निजीकरण गर्न लागेको हो । त्यो निजीकरण पनि अहिले होइन, दश वर्षपछि एक चौथाई ढुवानी सेवामा गर्न लागेको हो । र, यो निजीकरणले रोजगारी कटौती गर्ने छैन ।'

यूरोपेली यूनियनका १५ वटा मुलुकमा सन् १९७० देखि १९९६ सम्म कुल ढुवानी सेवामा रेल वे ढुवानीको अंश ३२ प्रतिशतबाट १४ प्रतिशतमा झरेको छ । सस्तो सडक यातायात सेवाले गर्दा नै यस्तो भएको देखिएकोले रेल ढुवानी सेवालाई प्रतिस्पर्धात्मक बनाउन निजीकरण गर्न लागेको भन्ने यूरोपेली यूनियनको व्याख्या छ । तर त्यो व्याख्यालाई रेल मजदूरहरुले ठ्याम्मै पत्याइरहेका छैनन् । यही कारणले उनीहरु यति ठूलो पैमानामा हडतालमा उत्रेका हुन् ।

यो हडताललाई सम्पूर्ण औद्योगिक क्षेत्र सरिक भएको सीमा क्षेत्रभन्दा बाहिरसम्म फैलिएको यूरोपको पहिलो विशाल हडतालहरुमध्ये एउटा महत्वपूर्ण हडतालका रुपमा लिइएको छ ।

❑ -दीपक वैद्य

> **सम्पूर्ण औद्योगिक क्षेत्र सरिक भएको सीमा क्षेत्रभन्दा बाहिरसम्म फैलिएको यूरोपको पहिलो विशाल हडतालहरुमध्ये एउटा महत्वपूर्ण हडताल**

बाली लगाउनका लागि जमीन तयार गर्दै महिला कृषकहरू
फोटो: MAS Encarta

के जमीन धेरै हुँदैमा कोही सामन्त हुन्छ ?

◆ श्याम श्रेष्ठ ◆

हाम्रो नेपालमा जमीन जोसित ज्यादा छ, उसलाई सामन्त भन्ने चलन छ। यो बुझाइ गलत र अपूर्ण छ। जमीन ज्यादा हुनु नै सामान्त हुनुको मुख्य विशेषता होइन। कोहीसित जमीन आवश्यकताभन्दा निकै ज्यादा छ भन्दैमा ऊ त्यत्तिकैमा सामन्त भइहाल्दैन। यसका आधारमा ऊ सामन्त पनि हुन सक्छ, पूँजीपति पनि। सामन्त हो कि पूँजीपति हो भन्ने छुट्याउन जमीनको मात्रा होइन, ऊ कृषिको उत्पादन कसरी गर्छ, किन गर्छ र उत्पादित वस्तु र त्यसबाट आएको नगद बचत उसले के गर्छ भन्ने कुरा हेर्नुपर्छ। उत्पादन सम्बन्ध र उत्पादनको उद्देश्य हेरेपछि मात्रै कसैलाई सामन्त भन्ने कि नभन्ने टुंगो गर्न सकिन्छ।

एउटा मान्छेसित आवश्यकताभन्दा निकै ज्यादा जमीन थुप्रिएको छ, तर ऊ ज्यालादारी मजदूरलाई लगाएर जमीनमा कृषि उत्पादन गर्छ, र कृषि उत्पादन राष्ट्रिय बजारका निम्ति गर्छ भने, र त्यसबाट आएको बचत पूँजीका रुपमा बदल्छ भने ऊ जमीन धेरै भएर पनि सामन्त होइन। ऊ पूँजीपति हो। किनभने, उसको जमीनमा उत्पादन सम्बन्ध एउटा जमीन्दार र जोताहाको छैन, त्यहाँ त उत्पादन सम्बन्ध पूँजीपति र मजदूरको छ। उसकहाँ मजदूरले कारखानाहरुमा जस्तै ज्याला पाउँछ। जमीन्दारले पनि त्यहाँ उत्पादित कृषि उपज मूलतः सामन्ती शान सौकत र मोजमज्जाका लागि होइन, बजारमा माल बेचे जस्तै गरी बेच्नका लागि, र त्यसबाट फेरि नाफा कमाउनका लागि उपयोग गर्छ। त्यो नाफालाई उसले कृषिजन्य उद्योग व्यवसाय खोल्नका लागि पूँजीका रुपमा प्रयोग गर्छ। यस परिप्रेक्ष्यमा कारखाना मालिक र उसमा खास भिन्नता रह्यो नै के ? उसको कृषि फार्म र उद्योगपतिको कारखानामा गुणको अन्तर रह्यो नै के ?

नगेन्द्रप्रसाद रिजाल जस्तै धनाढ्य रहेका केही व्यक्तिहरुसित हजारौं बिगाहा जमीन छ। तर त्यो कृषि फार्मको रुपमा छ र त्यहाँ उनीहरुले शयौं ज्यालादारी मजदूरहरु वा ट्र्याक्टर लगाएर काम गराउँछन्, त्यहाँबाट उत्पादित भुँई कटहर, फर्सी, गोलभेडा, आँप या त उनीहरु सिद्धै बजारमा बेच्छन् या त्यसबाट उनीहरु जाम, जूस कार्खाना खोल्छन्, जाम जूस उत्पादन गर्छन् र बजारमा नाफाको लागि बेच्छन् भने त्यस्ता धनाढ्यहरु जमीन धेरै भएर पनि सामन्त होइनन्। उनीहरु आधारभूत रुपमा पूँजीपति हो। किनभने, ती सबै पूँजीपति हुन्, जसको उत्पादन सम्बन्ध 'ज्यालादारी मजदूर र पूँजीपतिको' हुन्छ, जो मूलतः आफ्नो उपभोगको लागि होइन, बजारमा बिक्री र नाफाको लागि उत्पादन गर्छन् र त्यसबाट आएको बचतलाई पुनः पूँजीको रुपमा बदल्छन्, थप नाफाका लागि कतै लगानी गरेर।

जमीन्दार अथवा सामन्तको उत्पादन सम्बन्ध यस्तो हुँदैन। एउटा जमीन्दार वा सामन्त ज्यालादारी मजदूरहरुका आधारमा कृषि उत्पादन गर्दैन। ऊ जोताहा किसानहरुलाई स-सानो टुक्रा जमीन दिन्छ, जमीन निर्वाहका लागि, र त्यसको बदलामा आफूलाई खेती गर्न आवश्यक परेको बेलामा उसबाट मुफ्तमा श्रम प्राप्त गर्छ। अथवा उसबाट बसी बसी कूत प्राप्त गर्छ। एउटा सामन्तको वा जमीन्दारको उत्पादन सम्बन्ध लगानमा 'जमीनदाता र मुफ्त श्रमदाताको सम्बन्ध' हुन्छ अथवा 'जमीनदाता र कूतदाताको सम्बन्ध' हुन्छ।

एउटा जमीन्दारले पूँजीपतिले जस्तो मूलतः बजारमा बिक्री र नाफाका लागि कृषि उत्पादन गर्दैन, न त त्यसबाट आएको बचत नै उसले पूँजीको रुपमा बदल्छ, उद्योग व्यवसायमा लगानी गरेर। जमीन्दार मूलतः आफ्नो उपभोग, सामन्ती ठाँटबाठ र मोजमस्तीका लागि कृषि बचतलाई खर्च गर्छ। उसले आफ्नो बचत अन्न बेच्न त बेच्छ, त्यसबाट प्रशस्त नगद बचत पनि जम्मा गर्छ। तर उसको यो नगद बचत तबसम्म पूँजीका रुपमा बदलिँदैन, जबसम्म यो थप नाफाका लागि उद्योग व्यवसायमा लगानी गरिँदैन र मजदूरहरुको शोषणबाट अतिरिक्त मूल्य सिर्जना गरिँदैन। एउटा सामन्त त्यो बचत नगदलाई जालझेलद्वारा मुफ्तमा वा अति सस्तोमा अरु ज्यादा जमीन हासिल गर्नका लागि, मुफ्तमा जोताहाहरुको श्रम प्राप्त गर्नका लागि सूदखोरीमा लगानी गर्छ। जब एउटा जमीन्दारले आफ्नो बचत नगदलाई उद्योग व्यवसायमा लगानी गर्न थाल्छ र त्यहाँ अतिरिक्त मूल्यको सिर्जनाद्वारा ज्यालादारी मजदूरहरुको शोषण गरेर नाफा कमाउन थाल्छ, ऊ जमीन्दारबाट पूँजीपतिमा रुपान्तरित हुन थाल्छ। कालान्तरमा ऊ पूरै पूँजीपति वर्गमा बदलिन्छ।

सामन्ती उत्पादन सम्बन्ध कस्तो हुन्छ भन्नेबारे कार्ल मार्क्स यसरी प्रष्ट पार्नुहुन्छ : हामीले भूमिको लगानलाई यसको सरलतम रुप श्रम-लगानको रुपमा हेर्यौं भने स्थिति एकदमै स्पष्ट हुनेछ। यसमा प्रत्यक्ष उत्पादक श्रमको साधन (जस्तो हलो, हल गोरु आदि) जसमाथि कानूनी र यथार्थ रुपमा उसको आफ्नै स्वामित्व छ, प्रयोग गरेर हप्ताको केही भाग आफ्नो स्वामित्वमा रहेको भूमिमाथि खेतीपाती गर्छ, हप्ताको बाँकी दिन सामन्त स्वामीको जमीन्दारीमा सामन्त स्वामीबाट कुनै क्षतिपूर्ति प्राप्त नगरीकन काम गर्छ। यो स्थितिमा लगान र अतिरिक्त मूल्य उस्तै उस्तै कुरा हुन्छ। यसमा नाफा होइन, लगानी त्यस्तो रुप हो, जसमार्फत् मूल्य नतिरिएको अतिरिक्त श्रम आफूलाई अभिव्यक्त गर्छ।

(हेर्नुहोस्, पूँजी, ग्रन्थ ३, अंग्रेजी, भाग ६, मस्को, १९७४ पृष्ठ ७९०)

कार्ल मार्क्सको भनाइ अनुसार-सामन्ती उत्पादन सम्बन्धमा प्रत्यक्ष उत्पादक - वास्तविक जोताहा किसानको श्रम-समय दुई भागमा विभाजित

एउटा जमीन्दार वा सामन्त ज्यालादारी मजदूरहरूका आधारमा कृषि उत्पादन गर्दैन। ऊ जोताहा किसानहरूलाई स-सानो टुक्रा जमीन दिन्छ र उसबाट मुफ्तमा श्रम प्राप्त गर्छ।



कार्ल मार्क्सले सामन्तको र पूँजीपतिको चरित्र र उद्देश्यमा रहने भिन्नताबारे पनि निकै प्रष्ट शब्दमा उल्लेख गर्नु भएको छ ।

हुन्छ : उसको श्रम-समय उसको आफ्नै लागि छुट्याइने श्रम-समय र सामन्त स्वामीको लागि जबर्दस्ती छुट्याउनु परेको श्रम-समयमा विभाजित हुन्छ । (हेर्नुहोस् उही) । सामन्त स्वामीको लागि उसको जमीनको लगान वापत वास्तविक जोताहा किसानले जबर्दस्ती छुट्याउनु परेको मुफ्त श्रम-लगान नै सामन्ती उत्पादन सम्बन्धको चूरो कुरा हो । यही जोताहा किसानको मुफ्त श्रम-लगानबाट नै सामन्तको वचत सिर्जना हुन्छ । यही वचत नै त सामन्ती युगको सामन्तको नाफा हो ।

कार्ल मार्क्सले सामन्तको र पूँजीपतिको चरित्र र उद्देश्यमा रहने भिन्नताबारे पनि निकै प्रष्ट शब्दमा उल्लेख गर्नु भएको छ । उहाँ भन्नुहुन्छ : 'सामन्त आफ्नो जमीनबाट अधिकतम फाइदा उठाउने प्रयत्न गर्दैन । यसको विपरीत हुन्छ के भने, ऊ यसको उपभोग गर्छ र उत्पादन गर्ने चिन्ता निश्चिन्ततापूर्वक भूदासहरु र आसामीहरुको थाप्लामा छोडीदिन्छ । अभिजात वर्गको भूसम्पत्तिसगको सम्बन्ध यस्तो हुन्छ कि, यसले भूसम्पत्तिका मालिकहरुलाई एउटा रोमाण्टिक गौरवको आभा दिन्छ । (हेर्नुहोस १८४४ को अर्थशास्त्र र दर्शन सम्बन्धी पाण्डुलिपीहरु, हिन्दी, मस्को, १९८३, पृष्ठ ९०)

पूंजीपतिको स्वभाव हुन्छ- आफ्नो जमिनबाट अधिकतम फाइदा वा नाफा निचोर्नु । यसका निम्ति उत्ति नै जमीनबाट बढी उत्पादन र उत्पादकत्व हुने उपायहरु खोज्नु । सामन्त त्यस्तो प्रयत्न गर्दैन । उसको मूल स्वभाव हुन्छ- उपभोग गर्नु अर्थात् मोजमस्ती गर्नु । उत्पादन बृद्धि गर्ने चिन्ता ऊ जमीन वास्तविक रुपमा जोत्ने भूदासहरु अथवा उसका आसामीहरुको जिम्मामा छोडिदिन्छ । यसप्रकार, बढी उत्पादनद्वारा बढी नाफाको नियत र उपभोगद्वारा मोजमस्तीको नियत । एउटा सामन्त र पूँजीपति बीचको एउटा मुख्य भिन्नता हो, एउटा सामन्त भू-सम्पत्तिको आधारमा आफ्नो कुलीनताको, पारिवारिक इतिहास र घरानाको गौरव गर्छ । आफ्नो अहंकारको लागि कृषि वचतको खर्च गर्छ । एउटा पूँजीपति भने जमीनबाट अधिकतम नाफाको लागि मरिमेट्छ । नाफाको अत्याधिक ठूलो भाग थप नाफाको लागि पुनः पूँजीको रुपमा लगानी गर्छ र आफ्नो पूँजी नाफा र उद्यमशीलतामा गौरव गर्छ । चर्को मोजमस्ती ऊ पनि गर्छ, तर मोजमस्तीमा नै आफ्नो वचत पूँजीको मुख्य भाग सक्दैन । सक्दछ भने ऊ पूँजीपति नै बाँकी रहंदैन ।

यस प्रकार, सामन्तको जमीन आवश्यकताभन्दा धेरै त हुन्छ, तर जमीन धेरै हुँदैमा कोही सामन्त भईहाल्दैन । ऊ पूँजीपति पनि हुनसक्छ । नेपालमा १.५ प्रतिशत मानिसका हातमा देशको कुल खेतीयोग्य जमीनको १३.९ प्रतिशत भाग थुप्रिएको छ । यसले देखाउँछ कि, नेपालमा अति थोरै मान्छेसित निकै ज्यादा जमीन थुप्रिएको छ । तर यी जम्मै अचाक्ली जमीन थुपार्नेहरु सामन्त वर्ग नहुन पनि सक्छन् । यी कृषि क्षेत्रका नयाँ पूँजीपति पनि हुन सक्छन् । यो जमीनको मात्रा हेरेर होइन, उत्पादन सम्बन्ध र उत्पादनको र कृषि बचतको उद्देश्य हेरेर मात्र टुंगो लाउनु पर्दछ । ❑

के तपाईलाई थाहा छ ?

विश्वको कुल आर्थिक उत्पादनमा कसको योगदान कति ?

◆ अमेरिकाको	२५.२ प्रतिशत
◆ यूरोपको	२९.३ प्रतिशत
◆ जापानको	१७.४ प्रतिशत
◆ एशिया र प्रशान्त क्षेत्रको	१०.६ प्रतिशत
◆ रुसको	१.२ प्रतिशत
◆ सब सहारा अफ्रिकाको	१.० प्रतिशत
◆ उदीयमान यूरोप र मध्य एशियाको	२.४ प्रतिशत
◆ मध्यपूर्व र उत्तर अफ्रिकाको	१.९ प्रतिशत
◆ ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रको	६.१ प्रतिशत

स्रोत: Financial Times, London September 15, 1998.

चाओ एन-लाईले नयाँ लुगा लगाउन इन्कार गर्नुभयो !

लङ्गमार्चको दौरानमा हामीहरु वाओयो पाओ पुग्यौं । त्यहाँका लाल सेना र क्रान्तिकारी जनसमुदायले हामीहरुलाई बस्नको लागि एउटा गुफाको बन्दोबस्त गरिराखेका थिए । हामीहरु त्यो गुफामा गएर आराम गर्यौं । गुफा एकदमै ठूलो फैलिएको र उज्यालो थियो । गुफाभित्र माटोका खाटहरु पनि बनेका थिए । हामीहरु त्यहाँ निकै आनन्दसंग सुत्न सक्यौं । त्यहाँ हामीलाई निक्कै राम्रो खानाको पनि प्रबन्ध गरिएको थियो । कहिलेकाहीं त सुगुरको मासु पनि खान पाइन्थ्यो । त्यहाँ पुगेको केही दिनपछि नै सेनाको सैनिक विभागले भुवादार कपडा र जुत्ताहरु हामीलाई दियो । त्यस्तो लुगा मैले कहिल्यै लगाएको थिइँनँ । पहिलो पटक त्यो लुगा लगाउँदा त मलाई अप्ठ्यारो लाग्यो । तर त्यो लुगा मेरो च्यातिइसकेको हाफपाइन्ट र फरको ज्याकेटभन्दा निक्कै राम्रो थियो । कति दिनको दुःख कष्टको भोगाइपछि राम्रो लुगा लाउन पाएकोमा र राम्रो खाना खान पाएकोमा हामीहरु ज्यादै खुसी भएका थियौं ।

तर हामीले नयाँ लुगा लगाएको कति दिनपछि पनि उपाध्यक्ष चाओ-एन-लाई भने उही पुरानै लुगामा हुनुहुन्थ्यो । र, त्यो लुगा फाटेर ठाउँ ठाउँमा च्यातिइसकेको थियो । पहिला त हामीले के सोच्यौं भने, नेताको लागि विशेष लुगाको बन्दोबस्त गर्न लागिएको होला । त्यसैले ढीला भएको होला । तर अरु धेरै दिन बितिसक्दा पनि लुगाको प्रबन्ध भएको हामीले देखेनौं । यसपछि हामीहरु किन यस्तो भयो भनेर सेनाको सप्लाई विभागमा गयौं र उपाध्यक्ष चाओलाई किन लुगाको बन्दोबस्त नभएको भन्ने कुरा सोध्यौं । त्यहाँका एकजना साथीले जवाफ दिए- 'उपाध्यक्ष चाओ नयाँ लुगा नै लगाउन चाहनु हुन्न त हामी के गरौं ?' उनको अनुहार देख्दा हामीलाई यस्तो लाग्यो कि उनी स्वयं निरुपाय छन् ।

त्यहाँबाट फर्केर म सरासर उपाध्यक्ष चाओ कहाँ गएँ र भने- 'हेर्नुस् त, तपाईका लुगाहरु यति धेरै फाटिसकेका छन्, तपाई किन त्यो लुगा लिनु हुन्न ? हामीहरु सबैले लिइसकेका छौं ।'

उहाँले आफ्नो शरीरमा भएको लुगालाई प्रेमपूर्वक हेर्नुभयो र हातले सुम्सुम्याउनु भयो । अनि भन्नुभयो- 'हैन, हैन, मलाई नयाँ लुगाको आवश्यकता छैन । यो ज्याकेटले अझै एउटा जाडो कटिन्छ ।'

मैले प्रतिवाद गरें- 'यो ज्याकेट त च्यातिएर टुक्रा टुक्रा हुन लागिसक्यो ।'

उहाँले फेरि भन्नुभयो- 'यदि यसो हो भने तिमीले यसलाई लिएर जाऊ, धोएर राम्ररी सिलाएर लिएर आऊ ।' मलाई उहाँको कुरा चित्त बुझेन । शायद मेरो चित्त नबुझेको अनुहार उहाँले देख्नुभयो क्यारे, मलाई विस्तारै सम्झाउँदै भन्नुभयो- 'हामीभन्दा अगाडिका सैनिक मोर्चाका सैनिकहरु कठ्यांग्रिएको जाडोमा लडिरहेका छन् । उनीहरु कसैसंग पनि बाक्ला लुगाहरु छैनन् ।'

उहाँको तर्कको अगाडि म निरुत्तर भएँ । तर म यो पनि देख्न सक्दिनथें कि बरफ वर्षिरहेको जाडोमा उपाध्यक्ष थरथर काम्दै मिटिङ्गहरुमा भाग लिन जाउन् । त्यसैले, हामीले साथीहरुको बीचमा सल्लाह गर्यौं र पहिले उहाँको लागि हामीले नै लुगा लिएर आउँछौं र पछि मात्र उहाँलाई बताउँला भन्ने निर्णय

क. चाओ एन लाई

गर्यौं । त्यही निर्णय अनुसार, हामीले सप्लाई विभागमा गएर उहाँको लागि लुगा लिएर आयौं । तर जब उपाध्यक्ष चाओलाई यो कुरा थाहा भयो, उहाँ हामीदेखि निक्कै रिसाउनु भयो । र, हाम्रो तीव्र आलोचना गर्दै भन्नुभयो- 'मलाई नयाँ लुगा चाहिँदैन भनेर पहिले नै भनेको थिएँ । मलाई नै नसोधिकन तिमीहरुले लुगा लिएर आयौं । यो लुगा तुरुन्तै फर्काएर आउनू ।'

हाम्रो केही जोड नचलेपछि हामी बाध्य भएर सप्लाई विभागमा लुगा फर्काउन गयौं । हामीलाई देख्ने बित्तिकै सप्लाई विभागको साथीले हामीलाई यसरी हेर्‍यो, मानौं, उसले हामीलाई भन्न खोजेको छ- 'देख्यौं तिमीहरुले कस्तो भयो त ? मैले त पहिले नै भनेको थिएँ नि !' उसले यति त भनिछाड्यो- 'यो कुरा तिमीहरुको बशको कुरा होइन ।' ❑

साभार: 'लामो अभियानमा चाओ-एन-लाईसंग' (हिन्दी)
-वेइ क्वो-लू

नेपालका कम्युनिष्ट पार्टीहरूमा सर्वहारा वर्गको नेतृत्व नै छैन

◆ नरबहादुर लिम्बू

सुवर्ण शमशेरको घरमा भूतपूर्व सैनिकहरू र अन्य व्यक्तिहरू सैनिकको ड्रेसमा ६०/७० जना बसिरहेका थिए । त्यहाँ गफ हुन्थ्यो, राणाहरूको सत्तालाई फालेर देशमा प्रजातन्त्र ल्याउने भन्नेबारे । तर जनवादबारे कुनै कुराहरू हुँदैनथ्यो ।



नरबहादुर लिम्बू, एकजना पुराना कम्युनिष्ट कार्यकर्ता हुनुहुन्छ । उहाँ २००१ सालमा भएको किसान आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गर्नु भएको थियो । उहाँ लेख्न पढ्न जान्नु हुन्न, तर उहाँ पत्र-पत्रिका, पुस्तकहरू किन्नु हुन्छ र अरू पढ्न जान्नेहरूलाई पढ्न लगाएर सुन्नु हुन्छ । त्यसरी सुनेर नै उहाँ आवश्यक ज्ञान प्राप्त गर्नुहुन्छ । उहाँ ७५ वर्ष पुगिसक्नु भएको छ, तर उहाँमा अझै पनि क्रान्तिकारी जोश छ र उहाँ आफ्नै परिश्रमबाट जीवन चलाइरहनु भएको छ ।

उहाँको जन्म इलाम जिल्लाको ओटापा गाउँमा भएको थियो । बालककालमै आमाबाबुको मृत्युपछि आफ्नो जन्मघर छोड्नु भएका क. लिम्बू अहिले धरानमा डेरा गरी बसिरहनु भएको छ । ८ सालमा पार्टी प्रतिबन्धित हुँदा पर्चा छरेवापत उहाँ १२ महिनासम्म जेल पर्नु भएको थियो ।

केही समय अगाडि काठमाडौं आउनु भएको बेला क. लिम्बुसंग हामीले कुराकानी गरेका थियौं । प्रस्तुत छ- सोही कुराकानीको सार संक्षेप ।

-मुक्ता श्रेष्ठ

◆ **आजकल तपाई कसरी जीवन बिताइरहनु भएको छ ?**

-आजकल मेरो जीवन साधारण तरिकाले नै बितिरहेको छ । बिहान ३/४ बजेदेखि नै निद्रा खुल्छ । विश्वको बारे, नेपालको परिस्थितिबारे, मार्क्सवादको भविष्यबारे सोचिरहन्छु । विहान खाना खाएर काममा जान्छु । बेलुका करीब १०/११ बजेतिर सुत्छु । यसरी नै मैले दिन बिताइरहेको छु ।

◆ **कम्युनिष्ट सिद्धान्तप्रति तपाई कसरी आकर्षित हुनुभयो ?**

बच्चादेखि नै मैले दुःख पाएँ । सानैबेलामा आमाबाबुको मृत्यु भयो । मामाको घर वालन गाउँमा म हुर्कें । त्यहाँ गाउँ छिमेका मानिसहरुले मलाई 'दूर दूर र छिः छिः' गरे । ९ वर्षको उमेरमा म मुग्लान पर्सें । सिलगुडीमा बृटिस आर्मीमा भर्ना हुन भनेर म डिपोमा गएँ तर जाँचमा पास हुन सकिनँ । त्यसपछि कलकत्ता गएँ । त्यहाँ एकजना नेपालीको घरमा काम गरेर बसें । त्यहाँबाट बृटिस आर्मीका मान्छेले मलाई जबलपुरको ENE (ब्रिटिश आर्मीको सरकारी वर्कसप)मा लगे । त्यहाँ फगत खानाको भरमा मेशीनहरु, गाडीहरु सफा गर्नु पर्थ्यो ।

त्यतिबेला विश्वयुद्ध चलिरहेको थियो । पछि हामी काम गरिरहेको वर्कसपलाई जहाँ जहाँ युद्ध हुन्थ्यो, त्यहाँ त्यहाँ लगियो । यसरी जाँदा जाँदा वर्माको सीमाना मणिपुरमा पुऱ्याइयो । त्यहाँ हामीलाई सैनिक ड्रेस पनि दिइयो, एउटा एउटा बन्दूक पनि दिइयो र बन्दूक चलाउने ट्रेनिङ्ग दिन थालियो । ट्रेनिङ्गको समयमा हामीले मणिपुरको जंगलमा लासहरु कुहिएर बाँकी भएका शरीरहरु, खप्परहरु, हातहतियारहरु थुप्रै देख्यौं । मलाई त्यहाँ बस्न मन लागेन । यत्तिकैमा विश्वयुद्ध समाप्त भएको घोषणा भयो । म त्यहाँबाट भागेर बर्माको आर्मी (BENE) मा गएर भर्ना भएँ । सन् १९५० मा त्यहाँ एउटा कानून लागू भयो, त्यो कानून अनुसार बाहिरबाट गएका मानिसहरु त्यहाँको नागरिक हुनैपर्ने । यसो भएकोले मलाई त्यहाँ बस्न मन लागेन । १९५० मा म त्यहाँबाट फर्केर सिलगुडी आइपुगें ।

म बर्मामा बसिरहँदा चीनमा भरखर भरखर मात्र जनवादी क्रान्ति सम्पन्न भएको थियो । त्यहाँ भएको क्रान्तिले विश्वमै कम्युनिज्मको प्रभाव परेको थियो । मेरो पनि बर्माको कम्युनिष्ट पार्टीसग सम्बन्ध भयो । कम्युनिष्ट व्यवस्थामा जनताहरुलाई लाउन खान दुःख नहुने, बिरामी पर्दा सरकारबाट नै उपचार गराउने आदि कुरा सुनेर म पनि कम्युनिष्ट सिद्धान्तप्रति आकर्षित भएँ ।

◆ **तपाई नेपालको मुक्तिसेनामा पनि भर्ना भएर राणाविरोधी आन्दोलनमा लड्नु भएको रहेछ । कसरी मुक्ति सेनामा भर्ना हुनुभयो ?**

-म बर्माबाट सिधै सिलगुडी आइपुगें । त्यहाँ भारतीय कम्युनिष्ट पार्टीसंग सम्पर्क गर्नको लागि मानिसहरु खोज्न थालें । त्यही सिलसिलामा नेपाली कांग्रेसका एक व्यक्तिसंग भेट भयो । त्यो व्यक्ति नेपाली कांग्रेसको मुक्ति सेनामा मान्छे भर्ना गर्ने कमाण्डर रहेछ । उसले मलाई एउटा चिठी दिएर कलकत्तामा सुवर्ण शमशेरकहाँ पठायो । म त्यो चिठी लिएर कलकत्तामा पुगें । सुवर्ण शमशेरको घरमा भूतपूर्व सैनिकहरु र अन्य व्यक्तिहरु सैनिकको ड्रेसमा ६०/७० जना बसिरहेका थिए । म पनि त्यहीँ भर्ना भएँ । त्यहाँ गफ हुन्थ्यो, राणाहरुको सत्तालाई फालेर देशमा प्रजातन्त्र ल्याउने भन्नेबारे । तर जनवादबारे कुनै कुराहरु हुँदैनथ्यो । त्यही हूलमा पुष्पलाल श्रेष्ठसंग सम्पर्क भएका २/३ जना मान्छेहरु पनि रहेछन् । पछि उनीहरुसंग मेरो सम्पर्क भयो । उनीहरुले मलाई 'नेपालमा जनवादी क्रान्ति त गर्नै पर्छ । अहिले नेपाली कांग्रेसले पूँजीवादी क्रान्ति गर्न लागेको छ, तै पनि प्रजातन्त्रसम्म ल्याउन भए पनि हामीले उनीहरुसंग मिलेर लड्नु पर्छ भन्ने पुष्पलालको नीतिअनुसार हामीहरु यहाँ आएका हौं' भने । त्यो कुरा सुनेर मलाई धेरै खुसी लाग्यो ।

त्यहाँ केही समय बसेपछि नेपालमा क्रान्ति गर्ने घोषणा भयो र हामीलाई वीरगंज फ्रन्टमा पठाइयो । भाइटीकाको राति हामीले सैनिक ब्यारेकमा आक्रमण गऱ्यौं । त्यहाँ कालिङ्गपोङ्गको भारतीय कम्युनिष्ट पार्टीका एकजना समर्थक तेजबहादुर क्षेत्री र थिरबम मल्लको मृत्यु

भयो । धेरै मुक्ति सेनाका जवानहरु घाइते भए । म पनि घाइते भएँ र अस्पतालमा भर्ना भएँ । अस्पतालबाट फर्केपछि मलाई विराटनगर पठाइदिए । विराटनगरमा गएको केही समयपछि नै मलाई ८ रुपियाँ पेन्सन दिएर सेनाबाट निकाले ।

◆ त्यसपछि कम्युनिष्ट पार्टीसंग तपाईको कहिले सम्पर्क भयो त ?

-कम्युनिष्ट पार्टीसंग मेरो सम्पर्क २००९ सालमा मात्र भयो । म मुक्तिसेनाबाट निकालिएपछि विराटनगरकै कटन मीलमा काम गर्न थालेको थिएँ । ९ सालमा त्यहाँ मजदूरहरुले ठूलो हडताल गरे । हडतालपछि कटन मील बन्द भएको भयै भयो । हामी बेरोजगार भएर त्यसै बसिरहेका थियौं । २००९ सालमा नेपाल किसान संगठनले अधिराज्यभरी आन्दोलन शुरु गऱ्यो । विराटनगरमा किसान कार्यकर्ताहरु नपुग्ने मिलकै मजदूर नेताहरु नयनराज बोहरा, महेशप्रसाद भट्टराईले हामीलाई किसान आन्दोलनमा पठाए ।

◆ त्यहाँको किसान आन्दोलनमा के के मागहरु राखिएका थिए र कतिवटा मागहरु चाहिं पूरा भए त ?

-त्यहाँको किसान आन्दोलनमा २८ वटा मागहरु राखिएका थिए । त्यसमध्ये प्रमुख मागहरु, किसानहरुलाई बिनाज्याला काममा राख्न नपाउने, काम लगाउने बित्तिकै ज्याला दिनुपर्ने, जमीन जोत्नेलाई मोहियानी हक दिनुपर्ने, किसानहरुले जग्गा जमीन बेच्दा जमीन्दार पटवारीलाई 'तेइ दस्तुर' को रुपमा तिर्नुपर्ने दस्तुर बन्द गर्नुपर्ने, बाबु बाजेले लिएको ऋणको बदला छोरा नातिलाई दास राख्न नपाइने आदि थिए । यी २८ वटा मागहरुमध्ये २३ वटा मागहरु पूरा भएपछि किसान आन्दोलन रोकियो ।

◆ तपाईले कम्युनिष्ट पार्टीको सदस्यता कहिले पाउनु भयो त ?

त्यतिबेला अहिले जस्तो कहाँ सजिलैसंग पार्टी सदस्यता पाइन्थ्यो र ? ०९ सालको किसान आन्दोलनपछि कम्युनिष्ट पार्टीसंग मेरो सम्बन्ध भयो । तर पार्टी सदस्यता ११ सालमा मात्र पाए । ११ सालतिर म होलटाइमर भएर नै काम गर्न थालेको छ महिनापछि स्थानीय प्रमुख नेताले मेरो पार्टी-सदस्यताको लागि जिल्लामा सिफारिस पठाए । त्यसपछि जिल्लाबाट मानिस आए र मैले काम गरेका ठाउँहरुमा निरीक्षण गरे । त्यस निरीक्षणपछि 'यो मान्छेले पार्टी संगठन गर्न सक्छ, आन्दोलनमा निर्देशन गर्न सक्छ, सेल कमिटी गठन गर्न सक्छ' भनेर सिफारिस गरेपछि मलाई विभिन्न सैद्धान्तिक विषयमा प्रशिक्षित गरियो । त्यसपछि मात्र मलाई पार्टी सदस्यता दिइयो ।

◆ तपाई पार्टीको कुन स्तरसम्म पुग्नु भयो ?

- म पहिले गाउँ कमिटीमै बसेर काम गरिरहेँ । पछि किसान संगठनको जिल्ला कमिटीसम्म पुगें । त्योभन्दा माथि पुग्न चाहिं सकिनँ । २०१७ सालपछि त पार्टी प्रतिबन्धित भयो । कोही कहाँ गए, कोही कहाँ गए । मलाई पनि गिरफ्तार गर्ने सम्भावना भयो । त्यसैले पनि विराटनगर छाडेर सिलगुडी गएर बसें ।

◆ पछि फेरि पार्टीसंग कहिले सम्पर्क भयो त ?

- सिलगुडीमा २ वर्ष जति बसेपछि म फेरि विराटनगरको कुलझोडा भन्ने ठाउँमा आएर ५ विघाजति जमीन फाँडेर बसें । त्यहाँ पंचहरुले यो त विराटनगरमा लाल झण्डा बोकेर हिड्थ्यो भनेर शंका र आशंकाको दृष्टिले हेर्न थाले । त्यहाँ बस्न ठीक नठानेर ३ हजारमा सबै जग्गा बेचेर म धरानमा गएर बस्न थालें । धरानमा गएपछि यसरी चुप लागेर बस्नु भएन भनेर कम्युनिष्ट पार्टीको खोजीमा लागें । र, साथीहरु पनि भेटाएँ । झापा आन्दोलनपछि माले पार्टी पनि गठन भयो । अरु पनि पार्टीहरु गठन भए । पुष्पलाललाई कांग्रेसको दलाल भनेर गाली गर्न थाले । तर म पुष्पलालकै पार्टीमा बसेर काम गरिरहें । पछि मालेसंग हाम्रो पार्टी सयुक्त भएपछि म पनि एमालेमै बसेर काम गर्न थालें ।

◆ अहिले पनि तपाई एमालेमै हुनुहुन्छ त ?

-अहिले म एमालेमा पनि छैन । अरु कुनै पार्टीमा पनि छैन । एमालेबाट हिजोअस्ति मात्र राजीनामा गरेको । अब मालेमा जान खोज्दैछु । मालेले पार्टीको क्रान्तिकारी धार कायमै राख्यो भने आजीवन पार्टी नछोडिकन बस्छु । उसले पनि क्रान्तिकारी धार परिवर्तन गर्न थाल्यो र एमालेले जस्तै हतार हतारमा पार्टी सदस्यता दिन थाल्यो भने मलाई पार्टी सदस्यता नदिए पनि हुन्छ ।

◆ तपाई पुष्पलालको समयदेखिको पुरानो कार्यकर्ता हुनुहुँदोरहेछ । अहिलेको कम्युनिष्ट पार्टीको संचालनमा र पुष्पलालको समयको पार्टी संचालनमा के फरक पाउनु भयो ?

-पहिलेको र अहिलेको पार्टी संचालनमा धेरै फरक छ । त्यतिबेला कम्युनिष्ट पार्टीमा थोरै मानिसहरु थिए । तर जति मानिसहरु आएका थिए, उनीहरु सबैलाई पार्टीले सचेत पारेको थियो । पार्टी कार्यकर्ताहरुको प्रशिक्षण नियमित रुपमा हुन्थ्यो । प्रशिक्षणमा मार्क्सवाद, लेनिनवाद, माओविचारधारा, विश्वको परिस्थिति, नेपालको परिस्थिति, राजतन्त्रको नीति, भारत रं राजतन्त्रको सम्बन्ध, क्रान्ति गर्दा को कोसंग लड्नु पर्छ आदिको बारे व्याख्यान हुन्थ्यो । पार्टी सदस्यता दिनको लागि पनि व्यक्तिको चरित्र, अनुशासन, कर्तव्यपरायणता आदि कुराको जाँचबुझ गरेर मात्र दिइन्थ्यो ।

तर अहिले त त्यस्तो केही कुरा पनि छैन । अहिले त कार्यकर्तालाई सचेत पार्ने कार्यक्रम पनि केही छैन । प्रशिक्षण गर्दा पनि खालि अरु अरु पार्टीलाई गालीगलौज गर्ने कुराहरु मात्र व्याख्यान गरिन्छ । पार्टी सदस्यता पनि जथाभावी रुपमा दिइन्छ । एमालेमा बस्दा मैले के देखें भने, चुनाव जित्ने उद्देश्यले पार्टी सदस्यताको दैलो खुला राखिदियो । यसले गर्दा पार्टी भित्र चोर, लुच्चा, जासूस जो पनि पस्न सके । यसले नै एमालेलाई चुर्लुम्म डुबायो । अब मालेले पनि यस्तै गऱ्यो भने एमाले र मालेमा केही फरक हुँदैन ।

> **पहिलेको र अहिलेको पार्टी संचालनमा धेरै फरक छ । त्यतिबेला कम्युनिष्ट पार्टीमा थोरै मानिसहरू थिए । तर उनीहरू सबैलाई पार्टीले सचेत पारेको थियो ।**

◆ तपाईले पुराना नेताहरु पनि चिन्नु भएको छ र अहिलेका नेताहरु पनि चिन्नु भएको छ । अब भन्नुस् त, पुराना र अहिलेका नेताहरुमा के फरक पाउनु भयो ?

-त्यतिबेलाका नेताहरुको प्रवृत्ति पनि फरक फरक थिए । म त पुराना नेताहरुमा पुष्पलाललाई मात्र एउटा राम्रो नेताको रुपमा मान्छु । उहाँले नेपाल कम्युनिष्ट पार्टीलाई सुदृढ बनाएर राख्न धेरै कोशिस गर्नुभयो । तर अरुले त्यस्तो गरेनन् ।

अर्को, पार्टी स्थापना कालकै नेता मनमोहन हुन्, तर उनी त जहिले पनि आफू पोष्टमा कसरी रहीरहने भन्ने मात्र चिन्तामा रहे । अहिले पनि उनमा त्यही प्रवृत्ति छ । आजकलका नेताहरुलाई त मैले साँच्चैका नेताको रुपमै देखेको छैन । पहिले पुष्पलालसंग भेट हुँदा 'आउनुस् कमरेड हामीसंगै बसेर कुरा गरौं' भनेर हाम्रो घुँडा घुँडा जोरेर बस्नु हुन्थ्यो । बस्न राडी ओछ्याइदिंदा पनि 'जनतालाई ओड्न राडी छैन, हामीलाई बस्न किन चाहियो ?' भनेर राडी झिक्नु हुन्थ्यो र सुकुलमा बस्नु हुन्थ्यो । कार्यकर्ताहरुसँग भेट्ने बित्तिकै दुःख सुखका कुराहरु गर्नु हुन्थ्यो । अहिलेका नेताहरु त अलिकति मैला लुगा लगाएका कार्यकर्ताहरुसंग भेट भयो भने मैलो लाग्छ कि भनेर पर पर जान्छन् । मेचमा बस्न पनि खल्तिबाट रुमाल झिकेर धूलो टक्टक्याएर मात्र बस्छन् । कोही भेट्न गयो भने, 'ल उहाँलाई चिया खान दिनू' भनी कसैलाई अह्राएर 'ल कमरेड ! मेरो त जरुरी काम छ, अहिले म गएँ है' भनी भाग्छन् । कार्यकर्ताको दुःख सुख बुझ्ने त सोचाइ नै राख्दैनन् ।

◆ आजकल तपाईले कसरी जीवन चलाइरहनु भएको छ ?

-मेरो घर जग्गा केही छैन । धरानमा घर घरमा पाइप फिटिङ गर्ने काम गर्छु । त्यसैबाट आएको ज्यालाले जीवन चलाइरहेको छु । अरु आम्दानी केही पनि छैन ।

◆ अहिले देशको परिस्थितिलाई तपाईले कसरी हेरिरहनु भएको छ ?

-अहिलेको नेपालको व्यवस्था भनेको अर्धसामन्ती र अर्धपूँजीवादी व्यवस्था हो । यसमा आशा गर्ने ठाउँ नै छैन । चुनावबाट कम्युनिष्ट पार्टी सत्तामा गएर जनतालाई राहत पुग्ने केही काम गर्छन् भन्ने कुरामा जनताको विश्वासै रहेन । ०४८ सालको चुनावपछि गिरिजा सरकारमा गएर उपद्रो गरेर छाडे । एमालेको नौ महिने शासनकालमा उसले जति काम गर्न सक्थ्यो, त्यति पनि गरेन । त्यसैले नौलो जनवादी क्रान्ति नभएसम्म जनताले कुनै राहत नै पाउन सक्ने छैनन् ।

◆ के नौलो जनवादी क्रान्तिको लागि नेपालका कम्युनिष्ट पार्टीहरु सशक्त रुपमा अघि बढिरहेका छन् त ?

-अहिलेका थुप्रै कम्युनिष्ट पार्टीहरु सशक्त रुपले त होइन, ढाँट, छल-कपटले अगाडि बढिरहेका छन् ।

◆ किन यस्तो भयो त ?

-पार्टी यस्तो हुनुमा पार्टीमा सर्वहारा संस्कृति नहुनु हो । अहिले पार्टीमा मध्यम वर्ग, सामन्त वर्ग तथा बुद्धिजीवी वर्गको बोलाबाला छ । उनीहरु कम्युनिष्ट पार्टीमा लागेर केही पाइन्छ कि भनेर मात्र पार्टीमा लागेका छन् । पार्टीमा उनीहरुको नेतृत्व हावी भएकोले गर्दा कम्युनिष्ट पार्टीले गर्नु पर्ने सर्वहारा क्रान्तिको मतलब नै रहेन ।

◆ पार्टीको यो विकृति हटाउन के गरिनु पर्छ त ?

यो विकृति हटाउनको लागि पार्टीमा सर्वहारा वर्गको पनि नेतृत्व हुनुपर्छ । तर सर्वहारा वर्ग भन्दैमा केही सम्पत्ति नभएको वर्गलाई मात्र भन्न खोजेको होइन । सम्पत्ति नभएको वर्ग पनि मानसिक रुपले पूँजीपति हुन सक्छ । जसरी माओले किसानहरुलाई पनि प्रशिक्षित गरेर पार्टीको केन्द्रमा पुऱ्याउनु भएको थियो, त्यसैले यहाँ पनि चेतनशील भइसकेको सर्वहारा वर्गलाई पार्टीका कमिटीहरुमा राख्निपर्छ । बुद्धिजीवी तथा मध्यमवर्गको मात्र नेतृत्व रहेका पार्टीहरुले 'जनवादी क्रान्ति गर्छु' भनेर जतिसुकै ढ्वाङ्ग पिटे पनि जनवादी क्रान्ति गर्नेवाला छैनन् । ❑

दर्शनसम्बन्धी ज्ञान बढाउन महत गर्ने खालका लेख-रचनाहरूको भाग हाम्रा पाठकहरूबाट बारम्बार हुँदै आएको छ । यही भागलाई ध्यानमा राखी हामीले यस अंकदेखि दर्शनको आधारभूत प्रसंगबाट शुरू गरी क्रमशः यसबारे सामग्री तयार गरी प्रस्तुत गर्ने निधो गरेका छौं । भयाउरे छन्दमा लेखिएको र चार्टको समेत प्रयोग गरी प्रस्तुत गर्ने सोच राखिएको यस श्रृंखलाको प्रथम अंश यहाँ प्रस्तुत गरिएको छ । *-मूल्यांकन*

दर्शन के हो ?

संसारलाई, समस्यालाई प्रत्येक मान्छेले
हेर्दछ अनि विश्लेषण गर्छ आ-आफ्नो ढंगले
त्यै ढंगलाई सरल रुपमा दर्शन भनिन्छ
विश्वलाई हेर्ने दृष्टिकोणलाई दर्शन भनिन्छ ।
क्वै लाटा होलान्, क्वै होलान् अन्धा, कोही होलान् चलाख
कसैले बुझ्लान् दर्शन के हो, कोही होलान् बालख
तथापि सबै मान्छेको हुन्छ आ-आफ्नो दर्शन
नभाको दर्शन कोही पनि हुन्न मान्छेको समाजमा ।

नहुन सक्छ कसैलाई थाहा के हो त्यो दर्शन
तथापि फेरि जो-जसको पनि हुन्छ है दर्शन,
संसारलाई कसरी हेर्छ, त्यो उसको दर्शन
समस्यालाई कसरी झेल्छ त्यो उसको दर्शन ।

विश्वलाई फेर्ने मान्छेको कोशिस लगातार जारी छ
त्यो प्रयास सफल तब नै हुन्छ जब यो बुझिन्छ-
कसरी सारो प्रकृति चल्छ, कसरी संसार
कसरी अघि समाज बढ्छ, कसरी विचार ?
विश्वलाई बुझ्ने विश्वलाई हेर्ने, विश्वलाई बदल्ने
कुँजी हो दर्शन, साधन हो दर्शन, स्वयलाई बदल्ने,
समाजले जति ज्ञानको दही मथनी गर्दछ
वैचारिक नौनी बनेर सधैं दर्शन निक्लन्छ ।

ज्ञान र विज्ञान चढ्दछ जति विकासको चुचुरो
दर्शन पनि उक्लन्छ माथि टेक्दछ टाकुरो
निचोड हो दर्शन, सार हो दर्शन्- ज्ञान र विज्ञानको
सभ्यता नाप्ने नापो हो दर्शन आ-आफ्नो बेलाको । ❑

दर्शनको वर्गीयता

बाँडियो जब समाज दुई वर्गमा क्वै बेला
विश्वलाई हेर्ने दृष्टिकोण पनि बाँडियो त्यै बेला
चुसेर खाने वर्गले देख्ता यो जीवन स्वर्ग छ
चुसाइ भोग्ने वर्गले देख्दा त्यही जीवन नर्क छ ।

जीवन उही, भोगाइ तर दुईटाको भिन्नै हो
विश्वलाई हेर्ने दृष्टिकोण अब दुईटाको फरक भो,
चुस्नेको कोणले जे कुरा सुन्दर, स्वर्गीय देखिन्छ
चुसाइ भोग्ने मान्छेको कोणले त्यही नरक देखिन्छ ।
चुस्नेले हेर्दा संसारमा ठूलो पैसा र बुद्धि हो
चुसिने भन्छ पैसा र बुद्धि श्रमको फल हो,
श्रमको क्रम मै जंगली ढेंडू मान्छेमा फेरियो
श्रमको क्रममै ज्ञानविज्ञान जन्म्यो, चेतना पैदा भो ।

संसारमा जब वर्ग भो दुईटा दर्शननै दुईटा भो
चुस्नेको दर्शन अलग्गै भयो, शोषितको अलग भो,
जस्तो छ संसार ठीक त्यस्तै हेर्दा शोषितलाई फाइदा भो
बुझिनसक्नु संसार पार्दा शोषकलाई काइदा भो ।

जेजति सत्य उद्घाटन हुन्छ, शोषितलाई फाइदा
सत्यको ज्ञानमा तुँवालो लाग्दा, शोषकलाई फाइदा,
भ्रमले बुद्धि छपक्कै छाउँदा, चुसाहा रमाउँछ
भ्रमको कुहिरो हटेर जाँदा ऊ खुट्टा कमाउँछ ।

चुसेर खाने अपनाउँछ सधैं भ्रमको दर्शन
काम गरिखाने मान्छेको रोजाइ सत्यको दर्शन,
जस्तो छ विश्व ठीक त्यस्तै हेर- सत्यको बाटो यो
मनपरितालले संसारलाई हेर- भ्रमको बाटो यो ।

पुर्परोमाथि भर गर्न भन्छ- भ्रमको दर्शन
पौरखमाथि भर पर्न भन्छ- सत्यको दर्शन,
जे गर्छ यहाँ आत्माले गर्छ- चुसाहा दर्शन
आत्मालाई पनि कर्मले फेर्छ- शोषितको दर्शन !

मान्छेको जातलाई कर्तामा फेर्ने- सत्यको दर्शन
मान्छेलाई दास, निरिह पार्ने- भ्रमको दर्शन,
कुन दर्शन रोज्छौ ? रोजेर लिऊ एउटा दर्शन
सत्य र ठीक एउटै हुन्छ, दुईटा हुँदैन । ❑

के हो आदर्शवाद ? के हो भौतिकवाद ?

के होला साइंनो प्रकृति अनि बस्तु र आत्माको ?
कुन होला माऊ- प्रकृति हो कि चेतना, आत्मा हो ?
आत्माले पैले प्रकृतिलाई सिर्जना गऱ्यो कि ?
प्रकृति झन् झन् गुजँदै जाँदा चेतना जन्म्यो कि ?

चेतनाभन्दा बाहिर हाम्रो भौतिक संसार छ ?
भावनाभन्दा स्वतन्त्र कतै बस्तुको जगत छ ?
-यी यस्ता प्रश्न हजारौं वर्षदेखि नै उठ्दैछन्
उत्तर खोज्न मानव जाति लगातार जुटदैछन् ।

ती मान्छे सारा आदर्शवादी, जो सोच्छन् यसरी-
आत्मा हो माऊ, प्रकृति त्यसको उपज हो सर्सरी
चेतनाले नै वस्तु र संसार बच्चा झै जन्मायो
भावनाभन्दा अलग्गै छैन बस्तु र जगत यो ।

हो ब्रम्ह सत्य, बाँकी यो जगत् समस्त झूठा हो
अथवा, आत्मा मर्दैन कैल्यै, रहन्छ सधैं यो
स्वतन्त्र उडछ चरी झैं आत्मा, अण्डा हो प्रकृति
आत्मा हो आमा, सन्तान् हुन् सारा अस्तित्व जे जति ।

प्रकृति, संसार, अपरपार छ, थाहा पाउन सकिन्न
यो संसार सारा आत्माको लीला, यो बुझ्न सकिन्न
यसरी सोच्छन् आदर्शवादी, संसारलाई यसरी
हेर्दछन्, अनि रहस्यमय बनाउँछन् बेस्सरी ।

ती मान्छे सारा भौतिकबादी, जो सोच्छन् यसरी-
प्रकृति माऊ, आत्मा हो सन्तान बालबच्चा जसरी,
निर्जीव बस्तु विकसित हुँदा सजीव जन्मियो
प्रकृति जगत् विकसित हुँदा चेतना उब्जियो ।

विज्ञानले भन्छ- त्यस्तो एकबेला थियो यो पृथ्वीमा
सजीव भन्ने क्यै कुरा पनि थिएन जगतमा
निर्जीव बस्तु गुजँदै जाँदा सजीव पैदा भो
सजीव बस्तु विकसित हुँदा चेतना पैदा भो ।

चेतना-आत्मा नहुँदा पनि प्रकृति-ससार छ
भावनाभन्दा स्वतन्त्र रुपमा बस्तुको जगत छ
नून भन्ने वस्तु नहुँदो हो त वस्तुको जगतमा
नूनिलोपन कसरी हुन्छ भन यो आत्मामा ?

नूनिलोपन छाया हो ठ्याक्कै नून भन्ने वस्तुको
विचार सारा छापा हो हाम्रो यो वस्तु जगतको
दिमाग पनि मान्छेको सारै संगठित वस्तु हो
चेतना त्यही वस्तुको एउटा विकसित उपज हो ।

मान्छेले खोजे थाहा पाउन सक्छ ससारको रहस्य
अज्ञेय छैन यो संसार त्यस्तो, सुन्दर छ भविष्य
ज्ञान र विज्ञान त्यै थाहा पाउने क्रम हो मान्छेको
ज्ञानको शिखर त्यसैले चढ्छ नथाकी चढ्छ जो । ❑

भौतिकवाद र आदर्शवाद बीचको मुख्य भिन्नता

हरेक दर्शनको मुख्य प्रश्न
कुन प्राथमिक हो ?- प्रकृति कि आत्मा ? भौतिक जगत कि भाव जगत ? वस्तु कि चेतना ?

भौतिकवाद	आदर्शवाद
प्रकृति, भौतिक जगत वा वस्तु प्राथमिक हो ।	आत्मा, भाव जगत वा चेतना प्राथमिक हो ।

के चेतनाभन्दा बाहिर वस्तुको स्वतन्त्र अस्तित्व छ ?

भौतिकवाद	आदर्शवाद
छ । चेतनाभन्दा बाहिर बस्तु स्वतन्त्र रुपले अस्तित्वमा रहन्छ ।	छैन । चेतनाभन्दा अलग्गै बस्तुको कुनै स्वतन्त्र अस्तित्व हुँदैन ।

के यो संसार बुझ्न, थाहा पाउन सकिने किसिमको छ ?

भौतिकवाद	आदर्शवाद
छ ।	छैन ।

प्रेरणा

जब म बच्चा थिएँ, ठूलो मान्छे हुन चाहन्थें । यसमा के आश्चर्य छ ? प्रत्येक बालकको यही चाहना हुन्छ । सानोले ठूलो हुनै पर्छ । अर्को कुन उपाय छ ? किन्तु मेरो अभिप्राय फरक छ । म उमेरले होइन, कार्यले ठूलो हुन इच्छुक थिएँ । त्यो मार्क्स र गान्धीको जमाना थियो । धेरै जसोको प्रेरणाको स्रोत । फलस्वरुप मेरो पनि । म दुवै महापुरुषसंग समान रुपले प्रेरणा ग्रहण गरिरहेको थिएँ । यसको मुख्य र असल कारण के थियो भने, मलाई मार्क्स र गान्धीको भिन्नताको ज्ञान थिएन । म एक अबुझ केटो थिएँ । मलाई कार्ल मार्क्सको घना दाढी र मोहनदास कर्मचन्द गान्धीको क्लीनसेभ अनुहार तस्वीरमा राम्रो लाग्थ्यो । आज म ठूलो मान्छे भइसकेको छु । कुन्नि, यो कुन प्रकारको ठूलोपन हो ?

हाम्रो नेपाली विषयका गुरु स्व. भैरवनाथ शास्त्री लट्ठी उचालेर सदैव भन्ने गर्नुहुन्थ्यो- 'बाबुहरु हो, इमान्दार, कर्तव्यनिष्ठ र सज्जन बन्नु पर्छ ।'

'कस्तो गुरु ?' हामी सामूहिक रुपले हल्ला गर्थ्यौं ।

गुरु अझ माथिसम्म लट्ठी उचालेर कठोर स्वरमा भन्नु हुन्थ्यो- 'जस्तो हिन्दुस्तानका राष्ट्रपिता महात्मा गान्धी हुनुहुन्थ्यो । गान्धीजीको सादा जीवन र उच्च विचारबाट सबैले प्रेरणा लिनुपर्छ । असल मानिस हुन असल मानिसको सिको गर्नु सबभन्दा उत्तम र सरल मार्ग हो । बुझ्यौ त बाबुहरु हो ?'

'बुझें गुरु ।'

शास्त्रीजीको हातमा लयबद्ध ढंगले हल्लिरहेको बलिष्ट लट्ठी हेरेर नबुझ्ने कसको साहस ?! त्यसैले, हामी गान्धी बन्ने यथासम्भव प्रयास गरिरहन्थ्यौं । एक किसिमले हामी बीच प्रतिस्पर्धा नै थियो- को गान्धी बन्ने ? यसमा अन्ततः मेरो प्रिय मित्र पूर्णहरि अमात्यले बाजी मार्‍यो । ऊ मलाई आज पनि एक गान्धीवादी नै लाग्छ । फरक के छ भने- ऊ धोती होइन, नयाँ डिजाइनको पैंट लगाउने गर्छ । आज २५-३० वर्ष पछाडि फर्केर हेर्दा मलाई शास्त्रीजीको त्यो चिल्लो र सारो बेतको लट्ठी र हामी शिष्यहरुप्रतिको उहाँको निश्चल एवं निर्मल वात्सल्यको एकसाथ स्मरण भइरहेछ ।

वीरगंज त्रिजुद्ध हाई इगलिस स्कूलको दश कक्षामा पुगिसकेपछि मेरो आमोदकुमार अधिकारी, निरन्जनप्रसाद राजभण्डारी र महेन्द्रलाल जोशीसंग सरसंगत भयो । तिनीहरु त्यस बखत लुकी लुकी मार्क्सवादका प्रारम्भिक ज्ञान जस्ता पुस्तकहरु पढिरहेका थिए । एक दिन एउटा गाढा रातो प्लाष्टिकको गाता भएको पुस्तक (पाठ्युपस्तक होइन) बोकेर आमोद क्लासमा प्रविष्ट भयो ।

'के हो यो आमोद ?' मेरो कौतुहलता जागृत भयो ।

'माओका शिक्षाहरु हुन् ।' आमोदले मेरो हातमा पुस्तक दियो ।

'कस्तो शिक्षा ?'

'यसबाट क्रान्तिको शिक्षा पाइन्छ । तिमी हामी जस्तो केही गर्न चाहनेले यो पुस्तक पढ्नै पर्छ । धेरै राम्रो पुस्तक हो यो कमरेड विमल ।'

मैले कमरेड शब्द सर्वप्रथम आमोदको मुखबाट सुनें । अनौठो लाग्यो । कमरेड आमोद अचेल सिंगापुरमा घरजम गरेर बसेको छ ।

तत्पश्चात हामी सबै मित्रहरु दामोदरप्रसाद उपाध्याय, पूर्णहरि अमात्य, दिनानाथ शर्मा, रामानन्दप्रसाद गुप्त, गणेशप्रसाद उपाध्याय, बाबुजान अली, निरञ्जनकुमार भट्ट र यो विमलकृष्ण श्रेष्ठले पालैपालो रेडबुक पढ्न थालेका थियौं । हामीले प्रेरणाको स्रोतको रुपमा अब रेडबुकका रचयिता माओलाई पाइसकेका थियौं । चीनको कम्युनिष्ट पार्टीको अध्यक्ष माओत्सेतुङ । विश्व सर्वहारा वर्गका महान गुरु । कमरेड माओ ।

म केही गर्न चाहन्थें । यो एक बारको जीवनलाई सार्थकता प्रदान गर्नुपर्छ भन्ने विषयमा म घोरिन थालेको थिएँ । गम्भीरतापूर्वक । मभित्र कोही थियो, जो मलाई जुरुक जुरुक उचालिरहेको थियो । त्यही बेलाको कुरो हो । नवयुवक पुस्तकालय, रानीघाटको एउटा गोप्य मिटिङ्गमा मेरो मित्र महेन्द्रबहादुर अमात्य (अम्मु महेन) ले एकाएक पुष्पलालको नाउँ उच्चारण गर्‍यो ।

'को हुन् यिनी ?' मैले सोधेथें ।

महेन्द्रले जोशमा भनेका थिए- 'उहाँ नेपाल कम्युनिष्ट पार्टीको संस्थापक नेता हुनुहुन्छ ।'

◆ विमल निभा ◆

यसरी म कमरेड पुष्पलालसंग परिचित भएको थिएँ । त्यसपछि पुष्पललाई प्रेरणाको लागि हामीले एक मतले चयन गर्‍यौं, जो अद्यापि चालु छ । त्यो भावनात्मक निर्णयमा कुनै टुटफुट भएको छैन भन्नुपर्छ । महेन्द्र कमरेडले पुष्पलालको एक मात्र पुत्रसंगको साझेदारीमा दुथपेष्टको कारखाना जीतपुरमा चलाइरहेको छ, जसको आकर्षक विज्ञापन अखबारहरुमा सजिलै हेर्न सकिन्छ- फ्लुरा 'हर्बल टुथपेष्ट प्रयोग गर्नोस्, दाँत चम्किलो र बलियो बनाउनोस् ।'

जहाँसम्म मेरो कुरो छ, म कमरेड पुष्पलालकै धर्मपत्नी साहना प्रधान अध्यक्ष रहनु भएको माले पार्टीसंग सम्बद्ध छु । यद्यपि, विधिवत सदस्य बनेको छैन । परन्तु हुनुपर्ला । कुनै न कुनै कम्युनिष्ट पार्टीमा रहनु नै छ भने मालेमा रहेर के फरक पर्छ ? जे होस्, त्यसताका कमरेड पुष्पलाल श्रेष्ठसंगसंगै मनमोहन अधिकारी, मोहनविक्रम सिंह, तुलसीलाल अमात्य, नरबहादुर कर्माचार्य, शम्भुराम श्रेष्ठ आदि प्रेरणा दिने हैसियतका कमरेडहरु थिए ।

यसपछिको तमाम किस्सा कहानीसंग सबै अवगत नै छन् । मसंग त्यस्तो कुनै नीजि अनुभव छैन । जसलाई फूलबुट्टा भरेर तपाईंहरुसमक्ष प्रस्तुत गर्न सकुँ ।

प्रसंग प्रेरणाको हो । मलाई प्रेरणा दिनेहरु २-३ पटक सरकारमा पुगिसकेका छन् । अहिले पनि माले सत्तामा आसीन छ । परिणामस्वरुप प्रेरणाको कुनै अभाव छैन । जति पनि लिन सकिन्छ । दृश्यमा कमरेड मनोहन अधिकारीदेखि कमरेड भरतमोहन अधिकारीसम्म डटेर बसेका छन्, जो प्रेरणा प्रदान गर्ने आधिकारिक शक्ति राख्छन् । अरुहरु पनि प्रशस्तै छन् । प्रत्येक पार्टीसंग प्रेरणादाताहरुको भरमार खजाना छ । त्यसैले प्रेरणा ग्रहण गर्न कुनै कठिनाई छैन । अतएव म पनि आफ्नो गच्छे अनुसारको प्रेरणा मजाले लिइनै रहेको छु । के कमी छ ?

धेरै वर्षपश्चात अस्ति नयाँ सडकको पिपलबोटमा वीरगंज त्रिजुट हाई इंग्लिस स्कुलको सहपाठी महेन्द्रलाल जोशी (महेन्द्र थारु) संग भेट भयो । मैले सोधें, 'के हाल खबर छ यार ?'

'बेसै छ' उसले न्यो ।

मैले पुरानो कुरा सम्झेर भनें- 'अचेल पनि तिमी कम्युनिष्ट नेताहरुसंग प्रेरणा लिइरहेका छौ ?'

उसले मुस्कुराउँदै भन्यो- 'लिइ नै रहेछु । किन नलिने ? परेको बानी छुट्न गाहरो हुन्छ । तर समयले केही परिवर्तन ल्याएको छ । म बेइमानी, बदमासी, धोका, पाखण्ड, छल, मिथ्याचरण, घात, कुकर्म, झूठ आदिको लागि हाम्रा नेताहरुसंग प्रेरणा लिने गर्छु । यस्तै छ यार । अब नैतिकता, सदाचार, त्याग, बलिदान, इमान्दारिता, सिद्धान्त, निष्ठा र विश्वासको लागि 'फलनाथहरु'तिर हेरेर के गर्ने ?'

अन्त्यमा एउटा स्पष्टीकरण । अन्यथा, अनर्थ हुन बेर छैन ! मसंगै महेन्द्र मोरंग कलेजमा दुई वर्ष अध्ययन गर्ने सुश्री प्रेरणा रिजालसंग यो लेखकको कुनै सम्बन्ध छैन । हुन त उनीसंग पनि मैले त्यस बखत प्रेरणा नलिएको होइन । किन्तु प्रेम र राजनीति अलग अलग विषय हुन् । जसबारे म कुनै दिन छुट्टै लेख्नेछु । आजलाई यति नै ।

कुन्नि, यो लेखाइले तपाईंहरुलाई कुनै पनि प्रकारको प्रेरणा दिन सक्नेछ अथवा सक्ने छैन ? ❑

महेन्द्र कमरेडले पुष्पलालको एक मात्र पुत्रसंगको साझेदारीमा दुथपेष्टको कारखाना जीतपुरमा चलाइरहेको छ ।

हरेक दुई वर्षमा मेरो कुनै न कुनै नाटक चर्चित भएको छ

◆ एम. के. रैना ◆

भारतका एकजना चर्चित नाट्य निर्देशक एम. के. रैना । अर्थात् महाराजकृष्ण रैना । उहाँ आम व्यवसायिक नामका सस्ता भारतीय कलाकर्मको पक्षमा हैन, सार्थक र जीवनमुखी कलाका पक्षमा रहनु भएका एक कलाहस्तीको रुपमा परिचित हुनुहुन्छ । सन् १९७० देखि उहाँ दिल्लीस्थित 'नेशनल स्कूल अफ ड्रामा'सग पनि संबद्ध हुनुहुन्छ । भारतका प्रशिद्ध जनकलाकार स्व. सफदर हासमीको संझनामा गठित 'सफदर हासमी मेमोरियल ट्रस्ट' (सहमत) का एक सक्रिय व्यक्ति पनि हुनुहुन्छ उहाँ ।

उहाँ गत भाद्र महिनामा काठमाडौं आउनुभएको थियो । त्यस क्रममा उहाँले नेपाली रंगकर्मी सुनील पोखरेल समेत भई नेपाली रंगकर्मसंग निकट व्यक्तिहरुसंग 'हिमाल' पत्रिकाको सभाकक्षमा एक सानो भेटघाट कार्यक्रमको आयोजना पनि गर्नुभएको थियो ।

उहाँको काठमाडौं बसाइको क्रममा गत भाद्र २४ गते हामीले उहाँसंग लामो कुराकानी गरेका थियौं । प्रस्तुत छ-कुराकानीको सारसंक्षेप ।

-हरिगोविन्द लुइटेल



◆ **तपाई काठमाडौं आउनुको विशेष के उद्देश्य थियो ?**

-हेर्नुस्, हाम्रो देशमा देशबाहिर जान सक्नेहरुको स्थिति के छ भने, उनीहरु युरोप अमेरिका पुग्छन् र तिनबारे निकै कुराहरु जान्दछन् । तर उनीहरुलाई आफ्नै छिमेकी देशहरुबारे चाहिं केही पनि थाहा हुंदैन । यो देखेर मलाई ज्यादै दुःख लाग्ने गर्छ । मलाई आफ्ना छिमेकी देशहरुलाई नजिकबाट हेर्ने, बुझ्ने र त्यहाँका मानिसहरुको जीवनसंग साक्षात्कार गर्ने ठूलो रुचि छ । त्यसैले म अनुकूल मिलाएर यहाँ आएको छु । छिमेकीहरुका बीच एक आपसबारे ज्ञान नै नहुने हो भने, यो अज्ञानका कारण हामी टाढा हुन पुग्छौं । त्यसैले हामीमा एकआपसका बारेमा ज्ञान हुनुपर्छ भन्ने मलाई लाग्छ ।

गत वर्ष मेरा बच्चाहरु जाडोमा काठमाडौं आएका थिए । उनीहरु यहाँबाट बहुतै प्रभावित भएर गएका थिए । उनीहरुले पनि काठमाडौं आउने सन्दर्भमा पनि नेपाल आउन मलाई कर गर्नुभएको थियो । अहिले अनुकूल मिल्यो, आएँ ।

◆ **के गर्नु भयो यहाँको बसाइको क्रममा ?**

-सोझै म 'माइती नेपाल' गएँ र त्यहाँ रहेका बच्चाहरुसंग दुई घण्टा बसें । मेरो रुचिलाई झन् बढाइदिए ।

मित्र रुचिरा गुप्ताले नेपालको चेलीबेटी बेचबिखनबारे आफूले बनाउनुभएको एक डकुमेंट्री फिल्म मलाई देखाउनु भएको थियो । फिल्ममा देखाइएको समस्याबाट म बहुतै गंभीर बनें र नेपाल हेर्ने मेरो जिज्ञासा झन् थपियो । रुचिराले सामाजिक समस्याहरुबारे आफूले छलफल, सेमिनारहरु चलाउन थालेकोले त्यस पोखरेलजीमार्फत् भेटें र रुचिराजीमार्फत थुप्रै मानिसहरुसंग भेटें, जो समाजको भलाईको निम्ति सोच्ने गर्छन् र क्रियाशील पनि छन् ।

◆ **तपाई रंगमंच क्षेत्रमा कहिलेदेखि लाग्नु भएको हो ?**

-मेरा पुस्तैनी घर जम्मु कश्मिर मै त्यहाँ भइरहेको काम मलाई महत्वपूर्ण अनुभव भयो । पछि त्यहाँ रहेका केटाकेटीहरुसंग मिलेर मैले एउटा सांस्कृतिक कार्यक्रम गरें । बच्चाहरुका उन्मुक्त गीत, नाच र सडक नाटक र उनीहरुको हांस्ने चाहना देख्दा म अत्यन्त प्रभावित भएँ ।

पर्यटकले गर्ने खालको काम यहाँ मैले साह्रै कम गरें । रंगमंचसंग सम्बन्धित थुप्रै मानिसहरुसंग सुनील बढ्ने पढ्ने क्रममै सानो उमेरदेखि नै म नाटकमा भाग लिने गर्थें । स्नातक शिक्षा हासिल गरुन्जेल मैले लोक शैली र शास्त्रीय शैलीका थुप्रै नाटकहरुमा भाग लिएर विशेष रुचि देखाएको देखेर मेरो राज्य जम्मु कश्मिरले मलाई दिल्लीमा 'नेशनल स्कूल अफ ड्रामा'मा तालिमको लागि पठायो । तीन वर्ष त्यहाँ रही मैले अभिनयमा विशेषज्ञता हासिल गरें र १९७० मा मैले 'सर्वश्रेष्ठ अभिनेता'को पुरस्कार पनि जिते ।

◆ **तपाई एउटा जीवशास्त्र-रसायनशास्त्रको विद्यार्थी, आफ्नो विषयभन्दा निकै फरक क्षेत्र रंगकर्ममा लाग्दा शुरुमा असुविधा अनुभव भएन ?**

-रंगमंचमा लाग्नका निम्ति साहित्यको अन्तस्थलसम्म म कसरी पुग्न सकूंला भन्ने चिन्ता शुरुमा मेरा आफन्तहरुलाई खुबै लाग्यो । मलाई पनि केही धक लाग्यो । तर नेशनल स्कूल अफ ड्रामाको पुस्तकालयमा इब्सेनको नाटक 'कठपुतलीको घर'को अध्ययन शुरु गरें, नाटक र नाट्य शास्त्रका भेटेजति किताबहरु पढेर मैले मभित्रको अभावलाई पूरा गर्न थालें र असुविधालाई हटाउने पर्याप्त कोशिस गरे ।

◆ **अभिनय मात्रमा तपाई किन सीमित नहुनुभएको ?**

-अरुले मलाई राम्रो अभिनयकर्ता मान्दथे तर मलाई शुरुदेखि नै मैले राम्रो अभिनयकर्ता मात्र बनेर पुग्दैन भन्ने बोध हुने गरेको थियो । मेरा पिताजी भारतीय स्वतन्त्रता संग्रामका एक सक्रिय व्यक्ति हुनुहुन्थ्यो । उहाँ र उहाँका राजनीतिक एवं सामाजिक रुपले सचेत सहकर्मीहरुको प्रभावले र घरको वातावरणले मलाई हाम्रो समाज र हाम्रो सन्दर्भमा रहेका समस्याहरुको अन्त-स्थलमा पुग्न र तिनीहरुको निरा-करणको निम्ति प्रयत्नरत रहन प्रेरित गर्ने गर्थे । अभिनयलाई पनि मैले यसैको एक माध्यमका रुपमा ठान्न थालेको थिएँ । अहिले पनि ठानिरहेको छु । शुरुदेखि नै मैले पढ्ने गरेको 'सोभियत भूमि' पत्रिकाले पनि मलाई प्रभावित गऱ्यो होला भन्ने म ठान्दछु ।

◆ **मैले अभिनयमा मात्र सीमित**

भारतका चर्चित नाट्यकर्मी एम. के. रैनासँगको ताजा अन्तर्वार्ता

गत वर्ष मेरा बच्चाहरू जाडोमा काठमाडौं आएका थिए । उनीहरू यहाँबाट बहुतै प्रभावित भएर गएका थिए ।



मूलतः नाटक क्षेत्रमै लाग्छु भन्ने मेरो अठोट जीवनयापनका दृष्टिबाट खतराजनक थियो । मैले आँट गरें । मेरो घरले रोकेन, खतरा मोल्न प्रोत्साहन नै गऱ्यो ।

हुतुहुन्न भन्नुको अर्थ एउटा कलाकारको ध्यान अरु कुरामा पुग्नु जरुरी छ भन्ने तपाई ठान्नु हुन्छ ?

-मूलतः नाटक क्षेत्रमै लाग्छु भन्ने मेरो अठोट जीवनयापनका दृष्टिबाट खतराजनक थियो । मैले आँट गरें । मेरो घरले रोकेन, खतरा मोल्न प्रोत्साहन नै गऱ्यो । त्यसैले म दिल्ली आएर काम गर्न थालें । मैले जागीर नखाने अठोट गरें । साथीहरुले यसलाई धेरै चुनौतिपूर्ण 'असंभव अठोट' ठानेका थिए । तर त्यतिखेर मैले एउटा फिल्म बनाएर पाएको पाँच सात हजार रुपियाँबाट शुरुको तेऱ्ह चौध महिनाको गुजारा गरें । त्यसैगरी, आजसम्म पनि मैले कुनै कम्प्रोमाइज गरिनँ र जागीर पनि खाइनँ । एउटा नदी बगेझैं मेरो जीवन बगिरहेको छ । चोट र मारहरु धेरै खाएँ, तर मैले आफूलाई हतोत्साही र निराश राखिनँ । मैले आकाश छोइसक्थें, कठै ! भन्ने सोच मैले कहिले पनि लिइनँ । कारण, चोटहरुलाई म जीवनको अंग नै मान्छु ।

भारतका धेरै प्रदेशहरुका भाषाहरु काश्मिरी, लद्दाखी, पंजाबी, हरियानबी, राजस्थानी, तामिल, तेलगु, मराठी, बंगाली आदि अनेक भाषामा मैले काम गरें । आजसम्मका सवा सयभन्दा बढी नाट्यकर्महरु र साठीभन्दा बढी कार्यशालाहरु एवं थुप्रै छलफल, भेटघाट, प्रचार-आन्दोलन आदिका माध्यमबाट समाजमा मेरो जुन विशाल परिवार बनेको छ, त्यसलाई म ठूलो उपलब्धि मान्छु । जताततै मित्रहरु र सहकर्मीहरुले एवं सामाजिक आन्दोलनकारीहरुले मलाई जुन स्नेह प्रदान गर्ने वातावरण पैदा भएको छ, त्यो नै मेरो खुसीको विषय हो । मैले धन कमाइनँ तर यो कुनै कम ठूलो धन हैन भन्ने म ठान्दछु ।

◆ एउटा अभिनयकर्तालि थप ध्यान दिनु जरुरी कुराहरुबारे हामी कुरा गर्दैथियौं ।

-म त्यही प्रसंगमा प्रवेश गर्छु ।

कुरा के भने, मेरो विस्तारित परिवारभित्र ठूलो हिस्सामा रहेका जनसाधारणहरु पनि पर्दछन् । म उनीहरुकहाँ जान्छु, बस्छु, उनीहरुको यथार्थ र उनीहरुको अनुभूतिलाई नजिकैबाट अनुभव गर्छु, उनीहरुबाट सिक्छु, अनि उनीहरुसंग रहेर नाटक तयार गर्छु ।

मलाई लाग्छ, एउटा कलाकारले यो काममा विशेष ध्यान दिनु पर्छ । मैले शास्त्रीय नाट्यशास्त्र, पश्चिमी नाट्य शास्त्रको पनि अध्ययन गरेको छु । तर शास्त्रबाहेक एउटा कलाकारले जनताको जीवन पढ्नु पर्छ । अनि मात्र उनीहरुको निम्ति उपयोगी र आकर्षक कला सृजना गर्न सकिन्छ । जनसाधारणको मनस्थिति नबुझी उनीहरुका निम्ति गतिलो रचना तयार गर्न सकिन्न ।

मेरो हालैको एउटा काश्मिरी नाटकमा मैले एउटी साधारण गरीब किसान महिलालाई प्रमुख पात्र बनाएको छु, मलाई लाग्छ- यो पात्र कुनै चर्चित विश्वविख्यात नाटककी प्रमुख पात्रभन्दा कम प्रभावशाली स्तरको छैन । कारण, त्यो पात्र समाजको अन्तस्थलबाट लिएको हुँ । यसैगरी, कलाकार सीमा विश्वासलाई समावेश गरी मैले नाटक 'कर्मा वाली' जुन बनाएँ, त्यो पाँच छ वर्षदेखि अझै चलिरहेको छ । कारण, यसमा पनि सामान्य किसान महिलालाई अगाडि ल्याइएको छ ।

एउटा कलाकारको ध्यान जानुपर्ने अर्को विषय भनेको प्रयोगको क्षेत्र हो भन्ने मलाई लाग्छ । हामीले नयाँ प्रयोगहरु खुबै गर्नु जरुरी छ । यसले हाम्रो स्तर बढाउँछ र आवश्यकता पनि पूरा गर्छ ।

यसै सन्दर्भमा, मलई लाग्छ- कृषि प्रधान हाम्रो दक्षिण एशिया क्षेत्र पूरैमा कृषकहरुको जीवनको मर्मसम्म पुगेर नाट्यकर्म तयार गर्नु जरुरी छ । यस निम्ति किसानहरुको चालचलन, परम्परा, भावना, स्थिति आदिको गहिराईसम्म गएर हामीले नयाँ नयाँ प्रयोगहरु गर्दै, सिक्दै रचनाहरु तयार गर्नु जरुरी छ । यी रचनाहरुमार्फत् तिनै किसानहरुको जीवनमा फेरबदल ल्याउन मद्दत गर्नु जरुरी छ ।

मलाई जरुरी लागेको अर्को काम हो- बौद्धिक कसरत गर्नु । कलाकारले कलाको माध्यमबाट, वैचारिक तहमा, आइडियाको तहमा समाजमा भइरहेका गलत कुराहरुका विरुद्ध जुध्नु जरुरी छ । हाम्रो देश भारतमा साम्प्रदायिकता जस्ता खराबीहरुविरुद्ध हामी यसरी नै जुधिरहेका छौं ।

◆ यो कसरतलाई सामूहिक बनाउनु चाहिं जरुरी ठान्नु भएको छैन ?

-हो, म केही बुँदा थप भेन्न चाहन्छु । खराबीका विरुद्ध जुध्नु पर्छ तर यसरी जुध्नेहरु आफू चाहिं संगठित नहुने हो भने खराबहरुले उनीहरु स्वयंलाई एक एक गरी प्रहार गर्न सक्छन् । त्यसैले हामीले एउटा मंच बनाएका छौं- साम्प्रदायिक विरोधी सबै थरि कलाकारहरुको, कलाका सबै विधाका, पुराना एवं नयाँ पुस्ता दुवैथरिको साझा मंच । यसका साथै, साम्प्रदायिकविरोधी विद्यार्थी, युवा आदि तब्काहरुसंग पनि हामी संपर्कमा छौं । यसले हाम्रो शक्तिलाई र आत्मविश्वासलाई थप बढाएको छ ।

'सहमत' यस्तै एउट मंच हो । यसमा सबै कलाविधाका कलाकारहरु रहेका छन् । उनीहरु यसमा रही मिलेर, सल्लाह गरेर थुप्रै रचनात्मक र समाजोपयोगी काम गरिरहेछन् ।

◆ तपाईका चर्चित नाटकहरु के के विशेषताका कारण चर्चित भएका हुन् भन्ने तपाई ठान्नु हुन्छ ?

-हेर्नुस्, हरेक दुई वर्षजतिको अन्तरालमा मेरो कुनै न कुनै नाटक विशेष चर्चित भएको मैले पाएको छु । मैले सबैभन्दा पहिलो नाटक गरें- म्याक्सिम गोर्कीको 'तल क्षेत्र' (lower Depth) । यसले निकै ठूलो चर्चा पायो । लुकीछिपी गरेर बदमासी गरिरहेका व्यक्तिहरु त्यस खालको जीवन बाँचिरहेछन्, तर त्यसबाट उनीहरु बाहिर निस्कन पनि चाहन्छन् भन्ने विषयमा आधारित यो नाटकको मूल विषयसम्म पुग्न मैले गोर्कीका सबै रचनाहरु पढ्नु जरुरी भयो । त्यस अध्ययनबाट मलाई ठूलो बल मिल्यो । त्यसपछि लेखक लक्ष्मीनारायण लालको एउटा 'वो क्या था ?' नाटक मैले गरें, त्यो पनि निकै चर्चित भयो । अर्का लेखक धर्मवीर भारतीको 'अन्धा युग' त्यसपछिको अर्को चर्चित नाटक हो । मेरो यो नाटकलाई बर्लिन, मास्कोलगायत विभिन्न स्थानहरुमा समेत हामीले लग्यौं । देशभित्र पनि यो नाटक लिएर थुप्रै ठाउँमा हामीले भ्रमण गऱ्यौं । १९९० पछिको कर्मावाली, कभी न छोटे खेत..., र 'भारत दुहाई' अझै चर्चामा रहेका छन् ।

गोर्कीको आमा उपन्यासबाट बर्तोल्त ब्रेख्तले बनाएको Mother नाटक मैले चार पटक तयार गर्नु पऱ्यो । कलकत्तामा एक पटक र दिल्लीमा ३ पटक ।

हाम्रो एक संस्था छ 'प्रयोग' नामको । यो संस्थामार्फत् मैले भिष्म साहनीको एक नाटक तयार गरें- 'कबिरा खडा बजार' । यो नाटक दश वर्षसम्म कलाकारहरुले प्रस्तुत गरे, हज्जारौं दर्शकहरुले हेरे ।

मेरा तमाम नाटकहरुमा म शास्त्रीय र लोक शैली दुवैलाई प्रयोग गर्ने गर्छु । संगीत, लोक लय, कठपुतली, आदिको प्रयोग पनि म नाटकमा गर्ने गर्छु । त्यसैले मेरा नाटकहरुले जनतालाई प्रभावित पारेका हुन् भन्ने मलाई लाग्छ ।

विषयवस्तुको गहन अध्ययन, जनजीवनसंगको निकटता र लोक शैलीको उपयोग एवं सृजनशील र नयाँ नयाँ प्रयोगमूलक अभ्यास, यिनै कुराहरुले कुनै पनि नाटक जनतामा लोकप्रिय र चर्चित हुन्छ भन्ने मलाई लाग्छ ।

◆ तपाई नाटक तयार गर्नका लागि विषय वस्तु केका आधारमा चयन गर्नु हुन्छ ?

- फगत मैले नाटक तयार गर्नुपर्छ भन्ने आधारमा म नाटक चयन गर्दिनँ । निकै सोचेर, केलाएर विषयवस्तु वा रचना छान्ने कोशिस मेरो रहने गरेको छ । देशमा आज जे भइरहेको छ, त्यो कुरा मेरो नाटकमा पर्नु जरुरी छ भन्ने म ठान्दछु । समाजमा भएका वा हुने खराब कामहरुका विरुद्ध, खराब प्रवृत्तिका विरुद्ध 'वाच डग'को रुपमा हामी कालाकारहरु र बौद्धिकहरुले काम गर्नु जरुरी छ । त्यसैले मेरा रचनाहरु जहिले पनि खराबीका विरुद्ध खडा हुने गर्छन् । जस्तो कि, हाम्रो देशमा रहेको एउटा ठूलो खराबी साम्प्रदायिक संकिर्णता हो । यसविरुद्ध जुध्ने काम आज हामी गर्दैछौं । 'सहमत'मार्फत यो काम भइरहेको छ ।

◆ खराबीविरुद्ध नाटकमार्फत् मात्रै

कलाकार सीमा विश्वासलाई समावेश गरी मैले नाटक 'कर्मा वाली' जुन बनाएँ, त्यो पाँच छ वर्षदेखि अझै चलिरहेको छ ।

जुध्न संभव छ र ?

-हैन, नाटक त एउटा माध्यम मात्र हो । सहमतमा हामी नाटककारहरु मात्र रहेका छैनौं । सिनेकर्मीहरु, नृत्य कलाकारहरु, चित्रकारहरु, अर्किटेक्टहरु, फोटोग्राफरहरु र अन्य बौद्धिकहरु थुप्रै छौं । यो एक खुकुलो मंच हो । यसले कसैलाई पनि केही पनि लाद्दैनन्, साझा कुरामा संगै काम गर्ने वातावरण बनाइदिन्छ । कलाकार सफदर हासमीको मृत्युपश्चात गठित भएको शुरु समयदेखि नै यस संस्थामा कलाकारहरु र बौद्धिकहरुको ठूलो जमघट रहेको छ । हामी समग्रमा साम्प्रदायिकता जस्ता देशका खराबीहरु विरुद्ध लड्दैछौं । चित्रकला, फिल्म, नाटक, सडक-नाटक, फोटोग्राफी, सेमिनार, गोष्ठी, पर्चा, पोष्टर-पुस्तक पुस्तिका आदि तमाम माध्यमहरुलाई हामी हाम्रो उद्देश्यका निम्ति प्रयोग गर्ने गर्छौं ।

◆ खराबीहरुविरुद्ध तपाईहरु आर्थिक-राजनीतिक क्षेत्रबाट पनि लड्नु हुन्छ कि ?

-हैन, आर्थिक-राजनीतिक क्षेत्रमा क्रियाशील हुनुका निम्ति त देशमा थुप्रै पार्टीहरु र संगठनहरु छँदैछन् नि ! हामी चाहिं सांस्कृतिक क्षेत्र र सांस्कृतिक रुपमा मात्र लड्छौं । सांस्कृतिक क्षेत्र भनेको देशको र समाजको मेरुदण्ड नै हो, जसको आडमा हामी उभिएका हुन्छौं । यसमा हुने कुनै पनि प्रतिगामी प्रहारविरुद्ध हामी खडा हुन्छौं, सांस्कृतिक रुपले नै, कला र विचार बोकेर । तर देशमा भइरहेका अरु खाले जरुरी संघर्षहरुप्रति हामी वास्तै गर्दैनौं भन्ने हैन । जस्तो कि, हालै आणविक कार्यक्रमविरुद्ध संघर्ष भयो, यसमा हामीले सहभागिता जनायौं, ऐक्यबद्धता जनायौं । मूलतः हामी सांस्कृतिक सरोकार र माध्यममा सक्रिय छौं तर आइपर्दा अरु सरोकार र माध्यममा पनि हाम्रो सांकेतिक ऐक्यबद्धता रहने गरेको छ ।

❑

लाइसेन्स

◆ अमर गिरी

यतिबेला धेरै अनुहारहरू
नाचिरहेछन् मेरा आँखाहरूमा
जो मारिएका छन् सितैमा
र जसको निर्दोष रगतले
भिजेको छ मेरो पवित्र माटो ।

उनीहरूको अपराध के थियो ?
कुन पुलिस थानामा
दागेका थिए गोली उनीहरूले ?
कुन विशिष्ट व्यक्ति थियो
उनीहरूको निशाना ?
र, कुन बैंकमा उनीहरूले
दिउँसै गरेका थिए डकैती ?
केही थाहा छैन मलाई
तर जसले दागे बन्दूक
बाँड्नका निम्ति
आतंकवादी को लाइसेन्स थियो उनीहरूसँग ।

एक घरेलु स्वास्नीमानिस
एक सामान्य स्कूलको बच्चा
एक सामान्य किसान
कारखानाको एक मामुली मजदूर
कुनै स्कूलमा पढाउँदै गरेको
एक गरीब मास्टर
कसैलाई पनि
सजिलै प्रदान गर्न सकिन्छ
यो लाइसेन्स
र निसंकोच चलाउन सकिन्छ गोली ।

लाग्छ-
कोही सुरक्षित छैन आज
म जे लेखिरहेछु कविता
यही कविताकै नाममा
दाग्न सकिन्छ ममाथि गोली
र मेरो हत्यालाई
जायज ठहराउन
आतंकवादीको लाइसेन्स
राख्न सकिन्छ
मेरो लाशमाथि पनि । ❑ (दाङ्ग)

यस पटक हामी हाम्रा पाठकहरू समक्ष प्रस्तुत गरिरहेका छौं- आजका दुई युवा सर्जकहरू अमर गिरी र हिरा आकाशका दुई नयाँ कविताहरू । -मूल्यांकन

जंगली टापू

◆ हिरा आकाश

जंगली टापूमा उभिएर
तिमी
मान्छेको भाषा नबोल ।

जनावरहरू
मान्छेको भाषा बुझ्ने गर्दैनन्
नबुझ्ने भाषा बोलेको अभियोगमा
बरु तिमीलाई
उनीहरूले चिथोर्ने छन्
दरफर्‍याउने छन्
हुन सक्छ, सास फेर्दाफेर्दै तिमीलाई
टक्क सास नफेर्ने बनाउनेछन् ।

जंगली टापूमा उभिएर
तिमी
मान्छेको भाषा नबोल ।

मान्छेको भाषा आजभोलि
अवान्छनीय भएको छ
मान्छेको भाषा हिजोआज
अ.त. भएको छ
आदिम कालदेखि वर्तमानसम्म
मान्छेले मान्छेलाई मारेको छ
यस जंगली टापूमा तिमी
उनीहरूका निम्ति आतंक भएका छौ
र, यही अभियोगमा
तिमीलाई चिथोर्ने छन्
दरफर्‍याउने छन्
हुन सक्छ, सास फेर्दा फेर्दै तिमीलाई
टक्क सास नफेर्ने बनाउने छन् ।

जंगली टापूमा उभिएर
तिमी
मान्छेको भाषा नबोल ।
❑

(भानुनगर, भद्रपुर- ८)

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासमा उत्प्रेरणाका निम्ति प्रकाशित

चौमासिक **विकास**

गरीबी सम्बन्धी विशेषांक

आफैं गरीबी भोगिरहेकाहरु के भन्छन् ?
गरीबीबारे अध्ययन गरिरहेकाहरु के भन्छन् ?

यस अंकमा: ◆ डा. देवेन्द्रराज पाण्डे ❑ डा. चैतन्य मिश्र ◆ दीपक ज्ञवाली ❑ दीपेन्द्र क्षेत्री ◆ डा. सुरेन्द्र के.सी. ❑ मधुकर उपाध्याय ◆ हेमबहादुर विष्ट ❑ डा. मीना आचार्य ❑ मीना पौडेल ◆ कपील श्रेष्ठ ❑ कृष्ण पन्नाडी ◆ स्टेफन मिक्सेल ❑ महेश पन्त ◆ शरद पौडेल ❑ राजेन्द्र महर्जन ◆ हरि बस्नेत ◆ तुलसी नेपाल ❑ सुवर्ण कपाली ◆ सन्तबहादुर दर्जी (नेपाली) ❑ वीरबहादुर वि.क. ◆ जुठी दमिनी

भोकमरी र गरीबीसम्बन्धी नोबेल पुरस्कार विजेता अमर्त्य सेन

साथमा, सिद्धिचरण श्रेष्ठ, मीनबहादुर विष्टका कविताहरू ।

नयाँ अंक चाँडै नै बजारमा आउँदैछ !

◆ *आत्मनिर्भर विकास मञ्च*

करीब चार दर्जन छोटा कथाहरू बोकेर आगामी महिना बजारमा आउँदैछ हरिगोविन्द लुइँटेलको

समय र पोखरी

(कथा संग्रह)

प्रतीक्षा गर्नुहोस् !

स्वामी देवीदास

◆ हरिगोविन्द लुइँटेल ◆

बीचमा एउटा पोखरी पनि बनाएँ र प्रचार गराएँ- "यो देवी-पोखरी हो यसको पानीमा आफ्नो अनुहारको छायाँ जसले देख्छ, त्यो मान्छे भाग्यमानी हुनेछ ।"

डेढ वर्ष अघिसम्म आर्थिक रुपले अत्यन्त कमजोर मान्छे म अर्थात् देवीप्रसाद कँडेल । आज म लखपति भएको छु । दश-बाह्र वर्षपछि त म करोडपति नै भइसक्ने प्रष्ट संभावना छ ।

भान्जा ! यो कुरा सुन्दा तिमी छक्क पर्लाऊ । तर यो बिलकूलै साँचो कुरा हो ।

सुन भान्जा, मेरो बढोत्तरीको रहस्य, यसको पृष्ठभूमि र यसपछाडि रहेको गुरु-योजना !

म बेरोजगारी र अभावले रन्थनिएर घुमिरहेको बेलाबाट यो सिलसिला शुरु हुन्छ । अचानक मैले एउटा अखबारमा एउटा खबर पढें- काठमाडौं उपत्यकाको लगनखेल भन्ने ठाउनेरको कुसुन्ती भन्ने गाउँमा एउटी महिला अचानक "माताजी" भएर निस्केको खबर ! काम्ने र ठूला ठूला कुरा गर्ने, छिनमै अलप हुने, छिनमै प्रकट हुने- उनीबारे यस्तो हल्ला चल्न थाल्यो । उनको दर्शन गर्न र उनलाई पूजा गर्न जाने भक्तजनहरुको विशाल भीड लाग्न थाल्यो । दक्षिणा, भेटी, प्रसादी भनेर पैसाको खोलो बग्न थाल्यो ।

खबरमा यो कुरा पढ्न नपाई मेरो चतुरो दिमागले तत्काल केही योजना बनायो । कुसुन्तीकी "माताजी" का सबै चालचलनको अध्ययनपश्चात मेरो योजना झन् तगडा बन्न पुग्यो ।

योजना अनुसार, सर्वप्रथम त मैले काठमाडौंबाट भक्तपुर जाने बाटोको छेऊको मेरो सानो घरको आँगनमा बीस जना बेरोजगार केटाहरुलाई बोलाएर भनें- "हेर केटा हो ! मलाई धेरै दिन अघिदेखि नै सपनामा देवी भगवतीले दर्शन दिने गरेकी थिइन् । आज राती उनले मलाई भनिन्- "तेरो आँगननेरको हलुवावेदको बोटमुनि म छु । आजदेखि मेरो कीर्ति संसारमा फिँजाउने जिम्मा तेरो भयो ।"

मैले थप भनें- "मेरो सपना भंग भयो । अनि मैले गएर ऊ त्यो हलुवावेदको फेदमा दुई हात गहिरो खाडल खनें । त्यहाँ देवीको एउटा सुन्दर मूर्ति फेला पऱ्यो । खन्दै जाँदा अलि पर चार पाथी रातो अबिर, चार पाथी पहेंलो केशरी, चार पाथी कालो तिल र दुई वटा मानव-हाडहरु फेला परे- नलीखुट्टे हाडहरु !"

केटाहरु ठूलो चाखसहित सुन्दै थिए । यो मूर्ति, अबिर, केशरी, तील र हाड मैले आफैंले खाडल खनी पुरेको रहस्य चाहिं उनीहरुलाई मैले खोलिनें । उनीहरुलाई हलुवावेदको रुखमुनि लगेर यी सबै कुराहरु मैले देखाइदिएँ र भनें- "हेर केटा हो, आज बिहान त देवीले मलाई विपनामै साक्षात् दर्शन दिइन् र भनिन्- "आजदेखि तेरो नाम "देवीप्रसाद कँडेल" हैन, 'स्वामी देवीदास' हुनेछ । जसले यो मेरो मूर्तिको पूजा गर्ला र यो अबीर, केशरी निधारमा लगाउला उसको तुरुन्तै कार्यसिद्धि हुनेछ । यो कालो तिलको एउटा दानालाई एक चिम्टी खरानीमा मिसाई पोको पारी पाखुरामा जसले बाँध्ला, उसलाई रोगव्याधीले छुने छैन । तर जसले मेरो निन्दा गर्ला, त्यसलाई भने यो नलीखुट्टे हाडबाट मसान जागेर आई त्यसको सत्यनाश हुनेछ ! यति भनेर देवी अन्तरध्यान भइन् !"

यति भनेर उनीहरु हरेकलाई दुई दुई सय रुपियाँको नोट दिंदै मैले भनें- "यो पैसा देवीको प्रसाद हो, यसलाई लिऊ र यसबापत तिमीहरु ठाउँठाउँमा गई देवीको अवतार उत्पन्न भएको प्रचार गर । भोलि फेरि यहाँ आउनु, थप पैसा पाउने छौ ।"

ती बेरोजगार केटाहरु चरेश, अफिमको लतमा पनि लागेका थिए । यी नशाहरु किन्नका निम्ति उनीहरुलाई पैसाको सख्त खाँचो थियो । पाए, दंग परे र बीसजना बीसैतिर हिँडे ।

बस्, मेरो घर आँगनमा मान्छेहरुको अपार भीड लाग्न थाल्यो । त्यहाँ एउटा मन्दिर पनि बन्यो । "भर्खर प्रकट भएकी शक्तिशाली देवी" को पूजा गर्न आउने र भेटी चढाई "अपूर्व अबीर, केशरी र तिलको दाना" प्राप्त गर्न आउनेहरुको होडबाजी नै चल्न थाल्यो । ती बेरोजगार अफिम्ची केटाहरुमध्ये पाँच जनालाई त मैले त्यहाँ रेखदेख गर्ने जागीर नै दिएँ । उनीहरुले पर्चा छापी टाढा टाढासम्म पुऱ्याई प्रचार पनि गरे ।

यसपछि मैले पैसाको बलमा एकजना पण्डितलाई हात लिएँ । उनले "यी देवी पौराणिक कथाहरुमा वर्णित साक्षात् देवीकै अवतार हुन्" भनी संस्कृतमा श्लोक बनाए र व्याख्यान दिए ।

यसैगरी, केही पत्रिकाका संवाददाताहरुलाई 'प्रसाद' भन्दै केही हजार रुपियाँ दिई पत्रपत्रिकाहरुमा मैले खबर छपाएँ- "लौ नयाँ देवी उत्पन्न भइन् !", "स्वामी देवीदासबाट आशीर्वाद प्राप्त गर्नेको भीड लाग्न थाल्यो !" आदि आदि !

यसबाहेक, मैले केही थप हल्ला चलाएँ- "नयाँ देवीलाई सपरिवार पूजा गर्न गएका कुनै सज्जनलाई त्यही दिन पाँच लाखको चिठ्ठा पऱ्यो रे ! देवीको निन्दा गर्ने व्यक्ति चाहिं तुरुन्तै रगत छाडेर मऱ्यो रे !" आदि आदि !

यसमा थप केही अनौठा मनगढन्त नियम बनाइदिएपछि 'नयाँ देवी' झन् रहस्यमय र 'आकर्षक' बन्न पुगिन् । ती नियम हुन्- "नयाँ देवीलाई अक्षता चढाउने भए पनि दश दाना गनेरै चढाउनु, फूल पनि दश थुंगा नै र पैसा चढाए पनि दश बटा नोट चढाउनू !"

यो 'दशवटा नोट' वाला नियमले खुब फाइदा गऱ्यो । मालामाल भेटी ओइरिन थाल्यो । माडबारीहरुले चन्दा दिनमा पनि होडबाजी नै गरे ।

अब मैले मन्दिर वरिपरि सस्तो मोलमा दश रोपनी जग्गा किनें र ठूलो कम्पाउण्ड पर्खाल लगाएँ । बीचमा एउटा पोखरी पनि बनाएँ र प्रचार गराएँ- "यो देवी-पोखरी हो, यसको पानीमा आफ्नो अनुहारको छायाँ जसले देख्छ, त्यो मान्छे भाग्यमानी हुनेछ ।"

यसले 'नयाँ देवी मन्दिर' को आकर्षण नै बढायो, भीड नै बढायो ।

यसरी, बुझ्यौ भाञ्जा ! मेरो "भक्ति व्यवसाय" अहिले मालामाल चलिरहेछ । अहिलेसम्म यसको आम्दानीबाट म लखपति भइसकेको हुनाले मैले म चाँडै नै करोडपति बन्छु होला भनी तिमीलाई भनेको हुँ ।

त्यसैले, भाञ्जा ! यसकारण, मेरो हालखबर आजकाल एकदमै राम्रो छ । तिमी पनि बेरोजगार छौ, करोडपति बन्न चाहन्छौ । जाऊ, तिमी पनि तिम्रो शहर पोखरानेर यही उपाय अप्नाऊ ।

देशमा शिक्षाको प्रचार बढ्दै गए पनि रुढीवादी, अन्धभक्त र धर्मभीरुहरुको संख्या यहाँ घटेको छैन, त्यो झन् झन् बढ्दैछ । त्यसैले हाम्रो यो 'बिजिनेस'को भविष्य राम्रै देखिन्छ ।

कुरो बुझ्यौ त भाञ्जा ?

❑

साहित्य-कलाप्रति पार्टी नेताहरूले चासो राख्नु जरूरी छैन ?

◆ चन्द्रदेव नेपाली ◆

मार्क्स-एंगेल्स, लेनिन, माओ, होचिमिन्हहरू साहित्य-कलाका गंभीर पाठक मात्र हुनुहुन्थेन, गंभीर समालोचक पनि हुनुहुन्थ्यो ।"



'हामी आजका वाम नेताहरू साहित्य-संस्कृतिका सुक्ष्म कुराहरूको अध्ययन र विश्लेषणको काममा पछि परेका छौं ।' -क. मनमोहन अधिकारी

गत कार्तिक २८ गते काठमाडौंमा राष्ट्रिय जनसांस्कृतिक मंचको तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा एमालेका अध्यक्ष क. मनमोहन अधिकारीले एउटा स्वीकारोक्ति प्रकट गर्नुभयो र भन्नुभयो- "हामी आजका वाम नेताहरु साहित्य-संस्कृतिका सुक्ष्म कुराहरुको अध्ययन र विश्लेषणको काममा पछि परेका छौं । हामीले राजनीतिक कामबाटै फुर्सद पाएनौं । यो हाम्रो कमजोरी हो । हामीले यो कमजोरीलाई स्वीकार्नु पर्छ ।"

यस सन्दर्भमा उहाँले विश्व कम्युनिष्ट आन्दोलनका हस्ती नेताहरु मार्क्स-एंगेल्स, लेनिन, माओ, होचिमिन्ह आदिको उदाहरण दिँदै भन्नुभयो- "उहाँहरु साहित्य-कलाका गंभीर पाठक मात्र हुनुहुन्थेन, गंभीर समालोचक पनि हुनुहुन्थ्यो ।"

यो प्रसंग कोट्याएर क. मनमोहन अधिकारीले जनवादी आन्दोलनको नेतृत्वले आफूलाई जनताको वैचारिक स्थिति र उनीहरुका सुख-दुःखका अनुभूतिसंग एकाकार गराईराख्नका निम्ति साहित्य-कलाको रसास्वादन गर्ने गर्नु जरुरी छ भन्ने महत्वपूर्ण कुरामा पनि जोड दिन खोज्नुभयो ।

उहाँ स्वयंले उहाँको यो स्वीकारोक्ति अनुरुप आफूलाई साहित्य-कलासंग जोड्ने र त्यस क्षेत्रमा रुचि, चासो र समीक्षात्मक दृष्टिकोण राख्ने दिशातिर कत्तिको अग्रसर गराउने गर्नु भएको छ ? त्यो छुट्टै मूल्यांकनको विषय हो । त्यसै गरी, आफ्नो पार्टी पंक्ति सिंगैलाई कलाका गंभीर विधाहरुतिर आकृष्ट गर्न उहाँले के कत्ति प्रयत्नहरु गरिरहनु भएको छ वा छैन भन्ने प्रसंग पनि छुट्टै विषय हो । तर उहाँको स्वीकारोक्ति आफैंमा एउटा महत्वपूर्ण कुरा हो ।

कारण, आज कांग्रेसी र वाम नेताहरुको हातमा मुलुकको जिम्मेवारी आएको छ, तर यी नेताहरुले आ-आफ्नो पार्टीले घोषणा गरेजत्तिको हदको योग्यता मात्र पनि देखाउन सकिरहेका छैनन्, जनताले चाहे जत्तिको योग्यतासहित समाजलाई अगाडि बढाउने कुरा त परै रह्यो ।

नेतृत्वको यो अयोग्यताका विविध कारणहरु हुन सक्छन् । ती कारणहरु पत्ता लगाई आफूलाई सच्याएर अघि नबढ्ने हो भने यी नेताहरुले जनतालाई झन् झन् निराशा पार्ने कुरा निश्चित छ ।

नेताहरुमा हुनुपर्ने धुप्रै गुणहरुमध्ये दुईवटा गुण हुन्- जनताका अनुभूतिहरु र संवेगहरुसंग परिचित भइरहने निरन्तर चासो र लगाव आफूमा पैदा गर्नु एवं जनता के गर्दैछ भन्ने कुराको ताजा जानकारी हासिल गरिरहनु ।

यी दुवै कुरा साहित्य-कलाको रसास्वादनबाट धेरै हदसम्म प्राप्त हुने गर्छन् । त्यसैले संसारका ठूला ठूला राजनेताहरुले आफूलाई साहित्य-कलासंग निकट राख्ने गरेका हुन् ।

समसामयिक साहित्य-कलाको अन्तरमा पस्ने हो भने जनताका अनुभूतिहरु, ढुकढुकीहरु, दुःख-कष्ट र संघर्ष-चेतहरुसंग नजीक हुन सकिने हुन्छ । जनता र लेखक-कलाकारहरुको चिन्ता र चिन्तनसंग नजीक हुन सकिने हुन्छ । यसबाट राजनीतिक क्षेत्रलाई ठीक दिशातिर डोऱ्याउन राजनेताहरुलाई सुक्ष्म 'गाइड-लाइन' प्राप्त हुने हुन्छ । त्यसैले नै हो, विश्वका 'ठूला ठूला' मानिने राजनेताहरु साहित्य-कलाका राम्रा अध्येता बन्ने गरेका । उनीहरुले आफूभित्र यो रुचि त्यसै पैदा गरेका होइनन् ।

हाम्रा आजका नेताहरुमा यो प्रवृत्ति पटक्कै छैन भन्न सकिने स्थिति विद्यमान छ । साहित्य-कला भनेको तिनै क्षेत्रका पेशेवरहरुको चासोको विषय हो भन्ने ठान्ने प्रवृत्ति यहाँका नेताहरुमा रहेको छ । अथवा, उनीहरु ठान्दछन्- "साहित्य-कला भनेको आम जनताको लागि जरुरी हो, हाम्रा लागि हैन ।"

त्यसैले, हाम्रा वर्तमान नेताहरु अत्यन्त रुखा, सतही र भावशून्य देखिन्छन् । उनीहरुको मनोरंजनको स्तर र एउटा अविकसित रुचियुक्त सर्वसाधारण 'ठीटा-ठिटीहरु' को मनोरंजनको स्तरमा खासै केही फरक देखिँदैन । कला-साहित्यका गहन कृतिहरुको आस्वादन गरेर मनोरंजन पनि

विश्व कम्युनिष्ट आन्दोलनका हस्ती नेताहरू मार्क्स, एंगेल्स, लेनिन, माओ र होचिमिन्ह




लिने र आफ्नो अनुभूति एवं चिन्तनको स्तर पनि बढाउने चाहना राख्ने नेताहरु औंलामा गन्न सकिने मात्रामा पनि यहाँ छैनन् । हाल विदेशी भूमिबाट पढेर फर्केका वा स्वदेशमै पनि केवल कुनै 'पेशा' सम्बन्धी विषयमा मात्र तालिम लिएका 'आधुनिक' भनिने नयाँ पुस्तामा त कला-अभिरुचिको यो स्तर झन् ज्यादा खराब रहेको छ । यो पुस्तामा त यो स्तर नकारात्मक हदकोसम्म पनि रहेको छ । यो पुस्ता देश, जनता, श्रमजीवी वर्ग, मौलिकता, स्वाभिमान आदिसंग कोशौं कोश टाढाको सम्बन्ध मात्र राख्छ । 'बौद्धिक वा तार्किक खालको रोबोट' को भूमिका मात्र उनीहरु निर्वाह गर्न सक्छन्, मानवीय हदको भूमिका हैन ।

यो पुस्ता राजनीतिक नेतृत्वको विविध तहहरुमा प्रवेश गर्दैछ र पार्टीहरुमा पकड जमाउँदै पनि छ ।

नेताहरुले कला-साहित्यप्रति चासो लिनु जरुरी किन पनि छ भने, नेताहरुले कला-साहित्य स्वयंको दिशा र गुणस्तरको निम्ति उपयुक्त योगदान दिन आफूलाई सक्षम बनाउनु जरुरी छ, यस निम्ति कला-साहित्यको आश्वादन उनीहरुले गर्नैपर्ने हुन्छ ।

क्रान्तिकारी पार्टी वा पार्टी-नेताको लक्ष्य भनेको समाजको समग्र रुपान्तरण गर्नु हो । यस निम्ति पार्टी वा नेता कुनै एउटा पक्षमा मात्र सीमित हुनुहुन्न । समाजका हरेक पक्षमा उनीहरुको सामान्य बोध रहेको हुनु जरुरी छ । क्रान्ति चाहने पार्टीको काम कुर्सी हत्याउनु मात्र हैन, राजनीतिक मोर्चामा अल्मल्लिनु मात्र हैन । उनीहरुले त जीवनका सबै पक्षहरुलाई नेतृत्व दिनु

राजनीतिक मोर्चालाई फाइदा पुग्ने 'चुनावी गीत' गाउन कलाकार आएमा खुसी हुने वा चुनावी पर्चा लेख्न साहित्यकार आएमा खुसी हुने नेताहरू नै यहाँ ज्यादा छन् ।

जरुरी छ । साहित्य कलालाई गुणस्तरयुक्त बनाउने र ठीक दिशा दिने वातावरण तयार गर्ने कामको नेतृत्व पनि नेताहरुले नै गर्नु जरुरी छ । यसनिम्ति पनि उनीहरु कला-साहित्यमा विद्यमान प्रवृत्तिहरुप्रति जानकार रहनु जरुरी छ । तपाईं जुन जनतालाई लिएर समाजको 'समग्र परिवर्तन' गर्न हिंडिरहनु भएको छ, त्यो जनता के पढिरहेछ, के सुनिरहेछ, के सोचिरहेछ, के कुराले उत्प्रेरित छ, के कुराले निराश छ- यी यावत कुराहरु तपाईंले जान्नु जरुरी छ कि छैन ? आज हाम्रा नेताहरुलाई यो प्रश्न गर्नु जरुरी छ ।

नेपालमा हिजोदेखि आजसम्म जनतामा कस्तो र कुन साहित्य पुगिरहेको छ ? कुन खाले गीतहरु उनीहरुले सुनिरहेछन् ? कुन खाले नृत्य, फिल्म, नाटक, खेल, टेलिकार्यक्रममा उनीहरु व्यस्त छन् ? यी साहित्य-कलाहरु जनताका निम्ति पर्याप्त छन् कि छैनन् ? यी साहित्य-कलाहरुले जनतालाई आलोचनात्मक र वैज्ञानिक सोच, रुचि र विचार दिइरहेका छन् कि अन्धतायुक्त र अवैज्ञानिक प्रवृत्तितर्फ डोऱ्याइरहेका छन् ?- यी कुराहरुप्रति नेताहरुको सरोकार हुनु जरुरी छ कि छैन ? छ भने उनीहरुले यी कुराहरुको अध्ययन गर्नु जरुरी छ कि छैन ? यी कुराहरुबारे आफैंले जानकारी लिनु जरुरी छ कि छैन ?

आज काठमाडौंमा दिनको बीस घण्टासम्म चालू भइरहेका एफ.एम. रेडियो प्रशारणहरुमार्फत् प्रस्तुत हुने विदेशमुखी कला-सामग्रीहरुबारे नेताहरुले जानकारी राख्नु जरुरी छ कि छैन ? तिनले फैलाइरहेका सतही र उपभोक्तावादी संस्कृतिहरुबारे उनीहरु जानकार छन् कि छैनन् ? आजका टेलिभिजन च्यानलहरुका प्रस्तुतिहरुको र आजका फिल्महरुको प्रवृत्तिबारे पनि उनीहरुले जान्नु जरुरी छ कि छैन ?

जानेर गलत प्रवृत्तिहरुलाई निरुत्साहित गर्ने र ठीक प्रवृत्तिलाई बढावा दिने काम पार्टीहरुले पार्टी स्तरबाट र सरकारले सरकारी स्तरबाट गराउनु जरुरी छ ।

यतातिर हाम्रा सबैथरि नेताहरुको ध्यानै जाने गरेको छैन ।

नेपालको वामपन्थी आन्दोलन-भित्रको मात्रै कुरा गर्ने हो भने पनि यही कुरा लागू हुन्छ । नेताहरुको जीवनमा साहित्य-कलाको स्थान छैन, नेताहरुको एजेण्डामा साहित्य-कला पर्दैनन् । राजनीतिक मोर्चालाई फाइदा पुग्ने 'चुनावी गीत' गाउन कलाकार आएमा खुसी हुने वा चुनावी पर्चा लेख्न साहित्यकार आएमा खुसी हुने नेताहरु नै यहाँ ज्यादा छन् । लेखकहरुले राम्रा कृतिहरु लेखेमा र कलाकारहरुले राम्रा राम्रा कलाहरु सृजना गरी जनतामा लगेमा खुसी हुने र ती लेखक कलाकारलाई प्रोत्साहित गर्ने हदको रुचि नेपालमा कति जना वाम नेताहरुमा होला ? आम रुपमा जनतालाई सामन्तवादी-साम्राज्यवादी कला-साहित्यले गाँजिरहेको र त्यसले गर्दा उनीहरुमा भएको क्रान्ति-चेतमा क्षय आएकोमा नेपालका कति जना वाम नेताहरु चिन्तित र चिन्तनशील होलान् ?

क. मनमोहन अधिकारीले राष्ट्रिय जनसांस्कृतिक मंचको उद्घाटनका अवसरमा व्यक्त गर्नु भएको जस्तो मार्क्स, लेनिन वा माओको जस्तो गंभीर समालोचकीय गुणको कुरा त परै जाओस्, कला-साहित्यबारे सामान्य चासो मात्रै पनि हाम्रा वाम नेताहरुमा पैदा भएमा त्यसलाई ठूलै उपलब्धि मान्नुपर्ने स्थिति यहाँ रहेको छ ।

केही समयअघि केही लेखकहरु-संगको भेटघाटमा क. मोहनविक्रम सिंहले साहित्य-कलाप्रति पार्टी र नेताहरुको चासो र लगावको ठूलो महत्व भएको जुन कुरा व्यक्त गर्नु भयो, त्यो विचारणीय छ । तर यस पक्षमा स्वयं क. मोहनविक्रम सिंहहरुले चाहिं निश्चित समय लगानी गर्ने कि नगर्ने ? - यो नैतिक प्रश्न उहाँसामु नै तेर्सिएको छ । यही प्रश्न क. मनमोहन अधिकारी व अन्य नेताहरुसामु पनि प्रष्ट रुपमा तेर्सिएको छ !

के उहाँहरुले यस प्रश्नको जवाफ सकारात्मक रुपमा र व्यवहारमै दिने काम गर्नु होला ? ❑

विश्व अर्थतन्त्र: ताजा परिसूचकहरू

यस अंकदेखि हामी लगातार प्रत्येक अंकमा विश्व र नेपालको अर्थतन्त्रको पछिल्लो ताजा तथ्यांक प्रस्तुत गर्ने जमर्को गर्न लागिरहेका छौं । विश्व र नेपालबारे हमेशा अद्यावधिक जानकारी राख्न चाहने हाम्रो समस्त पाठकहरुका लागि यो निकै उपयोगी हुनेछ भन्ने हाम्रो आशा छ । *-मूल्यांकन*

वार्षिक वृद्धि-प्रतिशतमा

देश	आर्थिक वृद्धि दर (GDP)		औद्योगिक उत्पादन		बेरोजगारी दर		महँगी वृद्धि दर		विदेशी ऋण
	अहिले	पोहोर	अहिले	पोहोर	अहिले	पोहोर	अहिले	पोहोर	अरब, डलरमा
अमेरिका	+३.५	+३.९	+२.१	+५.६	४.६	४.७	+१.५	+२.१	८१४.०
जापान	-१.८	+१.०	-७.६	+१.६	४.३	३.५	-०.२	+२.५	०
जर्मनी	+१.७	+२.४	+२.१	+३.४	१०.६	११.८	+०.७	+१.८	०
ब्रिटेन	+२.३	+३.८	+०.६	+१.६	६.२	६.८	+३.१	+३.७	०
फ्रान्स	+२.८	+२.६	+३.०	+३.५	११.७	१२.५	+०.४	+१.०	४५.०
इटाली	+१.१	+१.९	+१.४	+६.७	१२.३	१२.०	+१.७	+१.६	१.६
स्विट्जरल्याण्ड	+२.२	+०.२	+४.७	+८.२	३.२	४.८	०	+०.४	०
अष्ट्रेलिया	+३.९	+३.६	+१.९	+२.७	७.७	८.४	+१.३	-०.३	१४८.९
रुस	-९.९	-०.६	-११.१	+२.६	९.०	-	+५६.४	+१२.९	१२०.५
चीन	+७.६	+८.१	+१०.६	+११.८	-	-	-१.१	+१.५	१३०.९
भारत	+५.०		+१.४		--	--	+१६.३	+४.९	९५.३

स्रोतहरु: ◆ The Economist को नोभेम्बर २८ को ताजा अंक र पोहोरेको अंक ◆ Asia week,'Dec. 4, 1998 ◆ Far Eastern Economic Review ◆ अन्य सरकारी, गैर सरकारी तथ्यांकहरु ◆ Facts on File, USA

अमेरिकाको १९९८ को बजेट कस्तो छ ?

हरेक एक डलर बजेटमा

४५ सेण्ट	व्यक्तिगत आयकरबाट आउँछ
३४ सेण्ट	सामाजिक सुरक्षा र अन्य पे रोल करबाट आउँछ
११ सेण्ट	कर्पोरेट आयकरबाट आउँछ
४ सेण्ट	अन्तःशुल्कबाट आउँछ
५ सेण्ट	अन्य स्रोतबाट आउँछ
	कहाँ जान्छ ?
२२ सेण्ट	सामाजिक सुरक्षामा जान्छ
१८ सेण्ट	स्वास्थ्य सेवा र स्वास्थ्य सहायतामा जान्छ
१७ सेण्ट	गैर-प्रतिरक्षा खर्चमा जान्छ
१५ सेण्ट	राष्ट्रिय सुरक्षामा जान्छ
१४ सेण्ट	खुद व्याजमा जान्छ
१२ सेण्ट	अन्य आदेशात्मक खर्चमा जान्छ
१ सेण्ट	बचत हुन्छ

स्रोतः राष्ट्रपति बील क्लिण्टनको बजेट अनुमान प्रस्तुति Facts on File, USA, 1998

टर्कीको छापामार संगठन पीकेकेका नेता

क़ अब्दूल्ला ओकालानको गिरफ्तारी र रिहाइ !

एउटा मान्छेको कारणले टर्की र इटलीबीच अहिले ठूलो कुटनीतिक विवाद चर्किएको छ। एउटा मान्छेको गिरफ्तारीले गर्दा टर्की र इटलीबीच 'आर्थिक युद्ध' हुने संभावना बढ्दै गएको छ। एउटा मान्छेलाई इटलीले टर्कीको सरकारसमक्ष सुपुर्दगी गर्ला कि भनेर लाखौंलाख मान्छेहरुले सडकमा उत्रेर विरोध प्रदर्शन गरेका छन्। एउटा मान्छेका लागि हरियो र सुनौलो रंग मिश्रित कुर्द झण्डा बोकेर हजारौं-लाखौं कुर्दहरुले टर्कीदेखि इटलीलगायत अधिकांश यूरोपेली राष्ट्रहरुमा नारा घन्काए-

'ओकालान ! हामी तिम्रो लागि मर्न तयार छौं !'

टर्की सरकारको खुशी

क. ओकालानलाई गिरफ्तार गरी फाँसीमा झुण्ड्याउने मनसुवा लिएर बसिरहेको टर्की सरकार गत कार्तिक २७ गते शुक्रबार खुशीले गद्गद् भएको थियो। त्यस दिनलाई टर्कीका प्रधानमन्त्री मेसुत् यिल्माजले आफ्नो लागि सबैभन्दा महत्वपूर्ण दिनको रुपमा लिएका थिए, किनकि त्यस दिन उनलाई थाहा भएको थियो- टर्कीको सरकारले सबैभन्दा बेसी खोजिरहेको एउटा मान्छेलाई गिरफ्तार गरियो ! अब्दुल्ला ओकालान नामक उक्त मान्छेलाई विहिबार राति इटलीको विमानस्थलमा गिरफ्तार गरिएको थियो।

ओकालानलाई गिरफ्तार गर्न सकेमा कुर्दिस्तान वर्कस पार्टी (PKK) ले १४ वर्ष अगाडिदेखि पूर्वी टर्कीमा चलाइरहेको छापामार युद्धको मुहान नै सुक्ने मनसुवा बोक्दै आएका प्रधानमन्त्री मेसुत् यिल्माज ओकालानको गिरफ्तारीको खबर सुन्ने बित्तिकै खुशीले चिच्चाए- 'यो अति नै राम्रो समाचार हो !'

आफ्ना सुरक्षा प्रमुखले फोनबाट ओकालानको गिरफ्तारीको खबर दिएपछि भनेका थिए- ' PKK को लागि यो सबैभन्दा ठूलो भुइँचालो र आँधीबेरी हो !'

त्यसपछि उनले आफ्ना आसेपासेहरुलाई ओकालानका अपराधहरुको फेहरिस्त तयार गर्नका लागि आदेश दिए, ताकि इटलीबाट ओकालानलाई सजिलै सुपुर्दगी गरेर लिन सकियोस् ! सिरियाद्वारा निष्काशित, रुसद्वारा राजनैतिक शरण दिन अस्वीकार गरिएका ओकालानलाई कहाँ इटलीले मात्रै राजनैतिक शरण दिन्छ र ? - यही धारणा बनाएर बसेका प्रम यिल्माजले भनेका थिए- 'ओकालानप्रति कसैले पनि सरोकार देखाउँदैन, कसैले पनि सहानुभूति प्रकट गर्दैन। इटली अर्थात् हाम्रो नेटो (NATO) को सदस्य देशले कसरी ओकालानलाई शरण दिन सक्छ र ? यो त आठौं आश्चर्य हुनेछ !'

तर, ओकालानलाई गिरफ्तार गरिएको एकहप्ता पनि नबित्दै इटलीको मध्यवाममार्गी सरकारले टर्कीको सरकार र टर्कीका प्रधानमन्त्री यिल्माजको आशामाथि वरफपानी खन्याइदियो। मृत्युदण्डको प्रावधान भएको मुलुक टर्कीलाई PKK का नेता ओकालान सुम्पन नसक्ने दृढ विचार इटलीका नयाँ प्रधानमन्त्री मास्सिमो डि अलेमाले व्यक्त गरे। यो कुरा सुनेर रिसाएर पागल जस्तै भएका थिए, टर्कीका शासकहरु !

३०-३५ हजार मान्छे मारिए !

हाल टर्की सरकार रिसाएर पागल जस्तै भएको देखेर कोही पनि आश्चर्यचकित हुने स्थिति अहिले छैन।

हिटलर शैलीको बर्बर दमनबाट पनि सखाप नभएका पीकेकेका छापामारहरुको तेजोबध गर्नका लागि पीकेकेका संस्थापक नेतालाई गिरफ्तार गर्ने, जेल सजाय दिने वा हत्या गर्ने काम निकै फलदायी हुने विश्वास टर्की सरकारको छ। इटलीमा गिरफ्तार गरिएका ओकालान जस्तो 'सबैभन्दा ठूलो माछा' उम्कने डरले अहिले ऊ पागल जस्तै भएको हो।



इटलीको राजधानी रोममा हज्जारौं हजार कुर्दहरूले आफ्ना नेता ओकालानको रिहाईको माग गर्दै विरोध प्रदर्शन गरिरहेको दृश्य

पीकेकेका विरुद्ध न्वारानदेखिको बल र बुद्धि झिकेर युद्ध गरिरहेको टर्की सरकारका बर्बर दमनबारे धेरैलाई थाहा छ- ओकालानको नेतृत्वमा चलिरहेको पीकेकेका छापामारहरुलाई दबाउन बर्सेनी सरकारले राज्यको ३० देखि ३५% आय अर्थात् ८ अरबदेखि १० अरब डलर खर्च गरिरहेको छ। अत्याधुनिक हतियारले लैश आफ्नो सम्पूर्ण सैनिक संख्याको आधा भाग, करीब ४ लाख २५ हजार सैनिक र ५० हजारभन्दा बेसी भिजिलान्तेहरु प्रयोग गरिरहेको छ। पीकेकेको छापामार युद्ध शुरु भएको साल १९८४ देखि अहिलेसम्ममा ३० देखि ३५ हजार कुर्द छापामारहरु र सामान्य कुर्द जनताहरु संहारमा परिसकेका छन्। ५ हजारभन्दा बेसी कुर्द गाउँहरु भष्म भइसकेको छन्। टर्की सरकारले कुर्दहरुको अखबारको कार्यालयमा बम प्रहार गर्ने, कुर्द छापामारहरुविरुद्ध विषालु ग्यास प्रयोग गर्ने, कुर्द बस्तीहरुमाथि बमवर्षा गर्ने, जेल, नेल, गिरफ्तारी, यातना र हत्या जस्ता बर्बर उपायहरु प्रयोग गर्ने दमनकारी कामहरु त कति गऱ्यो कति !

१९८४ देखि अहिलेसम्म टर्की सरकारले पचासौं हजार सैनिकहरु र पीकेकेका छापामारहरुमाथि बमवर्षक विमानहरु प्रयोग गरेर पटक पटक आक्रमण गऱ्यो, इराक-इरान र सिरियाका सीमाभित्र गैरकानूनी ढंगले पसेर समेत प्रहार गऱ्यो। तापनि, पीकेकेका छापामारहरु रक्तबीज जस्तै फेरि फेरि हजारौं हजारको संख्यामा जन्मिरहेका छन् र टर्की सरकारविरुद्ध लडिरहेका छन्। यो डरलाग्दो अप्ठ्यारो स्थितिमा नराम्ररी फँसिरहेको टर्की सरकारलाई थाहा हुनुपर्ने हो- पीकेकेका छापामारहरु निर्माण गर्ने काममा टर्कीको सैन्यशक्तिले नकारात्मक रुपले सबैभन्दा महत्वपूर्ण भूमिका खेलिरहेको छ। टर्कीको राजनीतिलाई आफ्नो बुढको फित्ताको रुपमा प्रयोग गर्दै आइरहेको टर्कीको सैन्य शक्तिले उत्पीडित कुर्दहरुको हक, हित र अधिकारको कुरा गर्नेहरुलाई अपराधी ठहऱ्याउँदै सजाय दिँदै आइरहेको छ। आफ्नो भाषा, आफ्नो जाति, आफ्नो राष्ट्रका लागि तड्पिरहेका कुर्दहरुको

को हुन् अब्दुल्ला ओकालान ?

PKK का संस्थापक नेता अब्दुल्ला ओकालानलाई इटलीमा गिरफ्तार गरिएपछि उठेको आँधीबेरीलाई राम्ररी बुझ्न हामीले अझै गहिरिएर अध्ययन गर्नु पर्दछ। हामीले खोज्नु जरुरी छ- अब्दुल्ला ओकालान को हुन् ?

अहिले टर्कीको सरकारको टाउको दुखाइरहेका अब्दुल्ला ओकालानको जन्म आजभन्दा ४९ वर्ष अगाडि भएको थियो। अन्न, ऊन र तेलको लागि धनी दक्षिण-पूर्वी टर्कीको गरीब किसान परिवारमा हुर्केका ओकालानलाई कुर्दहरु आफ्नो बोलीमा अब्दुल्ला ओजालान भनेर बोलाउँछन्। कुर्दहरुको स्वतन्त्र राज्य - कुर्दिस्तानका लागि संघर्षरत जनताहरुले प्रेमपूर्वक उनलाई आपो (Apo) भनी बोलाउँछन्।

गरीब परिवारमा जन्मिएर पनि टर्कीको राजधानीस्थित अंकारा विश्वविद्यालयमा उनले राजनीति शास्त्र अध्ययन गर्ने अवसर पाए। विश्वविद्यालय कालमा वामपन्थी राजनीतितिर लागेका ओकालानले कुर्द विद्यार्थीहरुलाई संगठित गर्न थाले।

त्यसरी संगठित भएका १६ जना कुर्द विद्यार्थीहरुबाटै सन् १९७८ मा गठित नयाँ संगठनको नाम हो- पी.के.के. (PKK) अर्थात् Patitiya



Karkaran Kurdistan अर्थात् Kurdistan Workers' Party अर्थात् कुर्दिस्तान श्रमिक पार्टी !

अब्दुला ओकालान पीकेकेको स्थापना कालदेखि अहिलेसम्म त्यसको महासचिवका रुपमा कार्यरत छन्। बेलायतबाट निस्कने पूँजीवादको मुखपत्र - 'दी इकोनोमिष्ट' का अनुसार, कुर्दहरुको पुरानो मुलुक- कुर्दिस्तानको पुनर्स्थापनाका लागि विगत २० वर्षदेखि PKK को नेतृत्व सम्हाल्दै आएका ओकालान अचेल कुर्दहरुका 'रोमान्टिक हिरो' बनिसकेका छन्। ❑

राजनैतिक र सास्कृतिक स्वायत्तताको कुरै छोडौं, आफ्नो भाषामा बोल्न, पढ्न र लेख्न दिने हो कि भनेर प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुबाट उठेका जायज मागहरुलाई त्यसले निर्ममतापूर्वक कुल्चदै हिँड्दै आइरहेको छ। त्यसरी माग गर्ने, सरकार र पीकेकेको बीचमा रहेका सबै शक्ति र व्यक्तिलाई समेत बर्बरतापूर्वक सखाप पार्ने काम गरेर दक्षिणपूर्वी टर्कीलाई पीकेकेको 'एक्लै लडीबुडी मैदान' बनाउँदै आइरहेको छ।

यही अनुकूल मौसममा पीकेकेले टर्कीका सैनिकहरुविरुद्ध प्रभावकारी प्रहारहरु गर्दै आफ्नो प्रभाव क्षेत्र दक्षिण-पूर्वी टर्कीबाट बढाएर टर्कीका प्रमुख शहरहरुसम्म पुऱ्याएको छ। आफ्नो छापामार शक्तिलाई बढाएर २० देखि २५ हजारसम्म पुऱ्याउने र तिनीहरुलाई अत्याधुनिक हतियारले सुसज्जित पार्ने काम गरेको छ, जसमा महिलाहरुको सहभागिता २०-२५ प्रतिशतभन्दा बेसी छ।

पीकेकेले त्यसबेला आफ्नो कब्जामा रहेको क्षेत्रलाई 'लाल इलाका' घोषणा गर्ने, त्रान्तिकारी कर उठाउने र सैनिक अदालत, जन अदालत र स्वतन्त्र अदालतहरुमार्फत् न्याय सम्पादन गरिरहेको छ। देशभित्र यस्तो जनाधार बनाइसकेको पीकेकेले इराक, इरान र सिरियामा पनि प्रभाव विस्तार गरेको छ भने यूरोपमा पीकेकेको प्रभाव त अचम्म पार्ने खालकै छ। पीकेकेको एउटा आह्वानमा हजारौं-हजार कुर्दहरु यूरोपका चालिसौं शहरका सडकमा उत्रने र करोडौं डलर पैसा चन्दा र करको रुपमा उठ्ने स्थिति यूरोपमा विद्यमान छ। यूरोपको टि.भि. च्यानल र रेडियो स्टेशनहरुबाट समेत आफ्ना विचार र कार्यक्रम प्रस्तुत गर्न सक्ने पीकेकेको प्रभावकारिता निकै विस्तृत रुपमा फैलिसकेको छ।

१९९२ देखि १९९८ सम्ममा टर्कीका पचासौं हजार सैनिकहरुबाट दक्षिण-पूर्वी टर्कीदेखि इराकभित्रसम्म दशौं पटक आक्रमण गरेर पीकेकेको सैन्य क्षमतालाई कमजोर पार्ने काम केही हदसम्म नभएको होइन, तर पीकेकेले टर्की सरकारलाई कूटनीतिक युद्धमा झन् झन् नराम्ररी पछार्न थालेको छ। पीकेकेका छापामारहरुमाथि सैनिक दमन गर्ने मामिलामा इराक, इरान, सिरिया र आर्मिनियाबाट एक्लिएको टर्की सरकारलाई यूरोपमा त 'कुर्दहरुको मामिलामा हिटलरको नाजी वंशका शासकहरु'को रुपमा लिइन्छ। हिटलरले आर्य जातिको उच्चता, श्रेष्ठता, शुद्धता र शासकीय क्षमताका कुरा गरे जस्तै, हिटलरले यहुदीहरुलाई दमन गरे जस्तै तुर्क जातिको श्रेष्ठताको दावी गर्दै कुर्दहरुमाथि वर्वर दमन गर्ने टर्की सरकार यूरोपमा धेरै नै बदनाम छ।

एक पटकमा ८० हजारदेखि १ लाखसम्मको जुलूस हुने जर्मनीको डोर्टमण्ड शहरदेखि वर्षमा ८ लाख २० हजार डलर चन्दा दिने २५ हजार कुर्दहरु कार्यरत ब्रिटेनको लण्डनसम्म पीकेकेको प्रभाव छर्लङ्ग देख्न सकिन्छ। कुर्द जातिको स्वतन्त्रताप्रति सहानुभूति राख्ने डेनमार्क, जर्मनी, फ्रान्सको सत्ता वरिपरि भएका प्रजातन्त्रवादी र वामपन्थी शक्तिहरुको सहयोगले पनि पीकेकेको कूटनीतिक युद्धमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

ओकालानको सुपुर्दगीको मागले प्रश्नको पहाड उठायो !

ठीक यही स्थितिमा पीकेकेका नेता अब्दुल्ला ओकालानको सुपुर्दगीको प्रश्न उठेको हो। सुपुर्दगीको प्रश्नले टर्कीभित्रको डरलाग्दो स्थितिमा रहेको मानव अधिकारको स्थिति एवं टर्की र इटलीको द्विपक्षीय सम्बन्धमा मात्रै सवाल उठाएको छैन, यसले त सिंगो यूरोपसंगको टर्कीको सम्बन्धका बारेमा पनि असजिला सवालहरु उठाएको छ।

टर्कीभित्र विद्यमान मानव अधिकारको डरलाग्दो स्थितिका बारेमा इटलीको मध्य वाम-सरकारले सिधै प्रश्न उठाएको छ। मान्छेलाई कीरा-फट्याँग्रा झैं मार्नसक्ने मृत्युदण्डको प्रावधान रहेको टर्कीभित्र एक-डेढ दशकभित्र ३०-३५ हजार मान्छे मारिएका तथ्यहरु, हजारौं हजार मानिसहरु जेलनेल, यातना र गैरकानूनी हत्याको शिकार भएका प्रमाणहरु, अहिले सार्वजनिक हुन थालेका छन्। मानव अधिकार डरलाग्दो ढंगले हनन भइरहेका मुलुकहरुको श्रेणीमा पाँचौं स्थानमा रहेको टर्कीको गिर्दो मानव अधिकारको स्थितिबारे केही यूरोपीय राष्ट्रहरुले टर्की सरकारको विरोध समेत गरेका छन्।

अल्पसंख्यक कुर्द जातिका जनताले आफ्नो मातृभाषामा अध्ययन-अध्यापन गर्न नपाउने, अड्डा-अदालत, रेडियो-टि.भि. मा बोल्न नपाउने, कुर्द भाषामा लेखेर अखबार र किताब निकाल्न नपाउने मध्ययुगीन बर्बर टर्कीलाई यूरोपीय यूनियनको १२ औं सदस्य बनाउन यूरोपेली पूँजीवादी शासकहरु समेत अहिले असजिलो महसूस गरिरहेका छन्। लाखौं सैनिकहरुको पकडभित्र रहेको टर्कीको सत्तामा इस्लामी कट्टरपन्थीहरु पटक पटक आसीन भएको

हिटलरले यहुदीहरुलाई दमन गरे जस्तै तुर्क जातिको श्रेष्ठताको दावी गर्दै कुर्दहरुमाथि वर्वर दमन गर्ने टर्की सरकार यूरोपमा धेरै नै बदनाम छ।

देखेर, अलिकति हच्किएका यूरोपेली शासकहरु ओकालानको सुपुर्दगीका सम्बन्धमा पनि टर्कीको पक्षमा बोलिरहेका छैनन्।

ओकालानको सुपुर्दगीको मामलामा यूरोपेली शासकहरु टर्कीको पक्षमा नबोलिकन चुपचाप बस्नुको रहस्यका पछाडि अर्को पनि कारण छ, यूरोपमा

पीकेकेका महिला छापामारहरू पुरूषहरूसरह टर्की सरकार विरूद्ध जुधिरहेका छन्

कुर्दिस्तान राष्ट्रको पुनर्स्थापनाका लागि विद्रोह

टर्कीका वामपन्थी पार्टीहरुका अनुसार, PKK शुरुदेखि नै जनसंगठन र जनसंघर्षबाट हुर्केको पार्टी थिएन। शुरुवातदेखि नै प्रभावकारी र संगठित लडाकूपनाका लागि यो सगठन कुर्दहरुबीच लोकप्रिय र चर्चित भएको थियो। 'कुर्दहरुको स्वतन्त्र' जनवादी र एकीकृत राष्ट्र निर्माण' को लोकप्रिय नारा दिएर त्यसले धेरैजसो कुर्दहरुलाई आकर्षित गऱ्यो। त्यसले शुरुका वर्षमा केही कार्यकर्ताहरुको भरमा प्रभावकारी लडाकू संघर्षहरु थाल्यो, त्यसबाट आकर्षित भएका कुर्दहरुलाई संगठित गरी थप लडाकु संघर्षहरु चलायो।

१९८० मा टर्कीको सैनिक जुन्ताले सैनिक विद्रोह गरी सत्ता आफ्नो हातमा लियो। सैनिक जुन्ताले कुर्दहरुमाथि निर्मम दमनको लहर चलायो। हजारौंहजार कुर्दहरुलाई गिरफ्तार गरियो, असंख्य मानिसहरुलाई जेल, नेल र यातना दिइयो र कैयौंलाई निर्दयतापूर्वक मारियो। पीकेकेका ३१ जना कार्यकर्ताहरुलाई जेलमै सखाप पारियो, जसमा त्यसका दुईजना नेतृत्वदायी व्यक्तिहरु पनि शिकार भए।

तर टर्कीको सैनिक जुन्ताले शुरु गरेको फासीवादी शैलीको दमन अभियानबाट PKK लाई सखाप पार्न सकिएन। दमनको बेला लडाकू संघर्षहरुबाट केही हदसम्म चतुर्याइँपूर्वक पछि हटेको पीकेकेले दुई तीन वर्षमा आफ्नो लडाकूपना, लोकप्रियता र प्रभावकारिता झन् झन् बढाउँदै लग्यो। यसबाट संशकित भएको टर्कीको सैनिक जुन्ताले कुर्दहरु र टर्कीका सम्पूर्ण जनतालाई सैनिक शासनको जेलभित्र बन्द गर्ने दुस्प्रयास गऱ्यो, जनताका प्रजातान्त्रिक माग र संघर्षहरुलाई सैनिक बूँटले कुल्चेर दमन गर्न थाल्यो।

यस्तो बन्द स्थितिमा पीकेकेले सशस्त्र प्रचार इकाईहरु (Armed Propaganda Units) गठन गर्न थाल्यो। तिनीहरुले प्रचारात्मक र सांकेतिक कारवाहीहरुलाई बढाउँदै लगे। यी सबैको पृष्ठभूमिमा सशस्त्र प्रचार इकाईलाई नै 'छापामार सैनिक संगठन' को रुपमा विकसित गरियो। र, हिंसा र दमनको भाषा मात्रै बोलिरहेको टर्कीको राज्यसत्ता र त्यसका संचालकहरु विरुद्ध PKK ले पनि सशस्त्र र हिंसात्मक संघर्ष थाल्ने नीति लियो। यही नीति अनुरुप पीकेकेले अगस्ट १५, १९८४ मा औपचारिक रुपमा सशस्त्र संघर्ष शुरु गऱ्यो।

PKK को नीति र कार्यक्रम

'करिश्मापूर्ण व्यक्तित्व' भएका अब्दुल्ला ओकालानको नेतृत्वमा स्थापित PKK अहिले आधुनिक राष्ट्रिय मुक्ति संगठनको रुपमा देखा परिसकेको छ। स्थापना कालमा PKK उत्पीडित कुर्द जातिका जनताको स्वतन्त्रता, प्रजातान्त्रिक र एकीकृत खालको आफ्नै मातृभूमि 'कुर्दिस्थान' राष्ट्रको पुनर्स्थापनाको कार्यक्रम सार्वजनिक गरेको थियो।

'कुर्दिस्तान' को पुनर्स्थापनाका लागि क्रान्तिको बाटो अँगाल्ने घोषणा गर्दै PKK ले क्रान्तिको दुई बटा पाटोको बारेमा स्पष्ट पार्न खोजेको थियो। पीकेकेका दस्तावेज अनुसार कुर्दिस्तानको क्रान्तिका दुई बटा पाटाहरु हुन्छन्- एक राष्ट्रिय, अर्को जनवादी! राष्ट्रिय क्रान्तिले राजनीतिक र सैनिक सत्ता स्थापना गर्नेछ र दोस्रो चरणको रुपमा त्यसले जनवादी क्रान्ति पनि सम्पन्न गर्नेछ। जनवादी क्रान्तिले सामन्ती शासनकालदेखि विकसित हुँदै आइरहेका सामाजिक अन्तरविरोधहरु अन्त गर्दै अगाडि बढ्नका लागि दिलोज्यान लगाएर काम गर्नेछ। ती अन्तरविरोधहरु भनेका सामन्ती शोषण-उत्पीडन, कबिलावाद, धार्मिक संकीर्णता र दासत्वको जीवन बाँचिरहेका महिलाहरुको परनिर्भरता आदि हुन्।

PKK ले आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा मार्क्सवाद-लेनिनवादलाई स्वीकारेको थियो। तर टर्कीका छापामार संघर्ष गरिरहेका कम्युनिष्ट पार्टीहरुले PKK लाई कच्चा विद्यार्थीहरुले स्थापना गरेको सुधारवादी संगठनको रुपमा लिएका थिए। ❑

पीकेके र त्यसलाई समर्थन गर्ने कुर्दहरु र यूरोपेली प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुको प्रभावकारी उपस्थिति!

यूरोपमा काम गर्ने ३० लाखभन्दा बेसी टर्कीका नागरिकहरुमध्ये ६-७ लाखभन्दा बेसी संख्यामा रहेका कुर्दहरुको आस्थाको केन्द्रको रुपमा पीकेके विकसित भएको तथ्य यूरोपेली शासकहरुलाई थाहा छ। ती कुर्दहरुबीच विभिन्न नाममा क्रियाशील पीकेकेका कार्यकर्ता र सहयोगीहरुको एउटा आह्वानमा यूरोपका चालिसौं शहरहरुमा विरोध प्रदर्शन गर्नेदेखि लिएर टर्कीका बैंक, व्यापार केन्द्र र संस्थाहरुमाथि एक साथ आक्रमण गर्ने गरेको तथ्य उनीहरुले आफ्नै आँखाले पटक पटक देखिसकेका छन्। त्यसमाथि मंसीरको पहिलो हप्तामा मात्रै ब्रसेल्स शहरमा तुर्क र कुर्दहरुले गरेको हिंसात्मक सडक-संघर्ष र ओकालानको सुपुर्दगीको विरोधमा मस्को र रोम शहरको सडकमा केही कुर्दहरुले गरेको आत्मदाहको दृश्य सबैले राम्ररी हेरिसकेका थिए।

कुर्दहरूले हिंसात्मक कारवाही गर्ने संभावना देखेर जर्मनीले ओकालानलाई आफ्नो हातमा सुम्पनु पर्ने माग नै रद्द गरेका छन्।

क. ओकालानको रिहाईको प्रतीक्षामा
फोटो The Economist

यसैबीच, ओकालानलाई टर्कीका शासकहरुको रक्ताम्य हातमा सुम्पेमा यूरोपमा तुर्कहरुको रगत बग्ने चेतावनी दिएर पीकेकेका यूरोपीय प्रतिनिधि कानी यिल्माजले यूरोप र टर्कीलाई हिंसात्मक कारवाहीको संकेत दिइसकेका छन्। यही संकेत देखेर कुर्दहरुको संख्या बेसी भएको देश- जर्मनीका शासकहरुले ओकालानलाई आफ्नो देशमा ल्याएर मुद्दा चलाउनु पर्दछ भन्ने माग नै छाडिसकेका छन्। स्मरणीय छ, ओकालानलाई जर्मनी-शासकहरुले जारी गरेको वारेन्टकै आधारमा इटलीले

गिरफ्तार गरेको थियो । उनीहरुले शुरुमा दुई जना पीकेकेकै सदस्यहरुलाई मार्न लगाएको आरोपमा पीकेकेका नेता ओकालानलाई गिरफ्तार गर्नका लागि वारेन्ट जारी गरेका थिए । तर अहिले आएर कुर्दहरुले हिंसात्मक कारवाही गर्ने संभावना देखेर उनीहरुले ओकालानलाई आफ्नो हातमा सुम्पनु पर्ने माग नै रद्द गरेका छन् ।

इटलीको कडा प्रतिक्रिया

जर्मनीका शासकहरुको अनुरोधमा ओकालानलाई गिरफ्तार गर्ने इटलीको मध्य वाममार्गी सरकार अहिले निकै कडा प्रतिक्रिया व्यक्त गरिरहेको छ । इटलीमा भर्खरै सत्तासीन भएका मध्य वाम प्रधानमन्त्री मास्सिमोडी अलेमाले स्पष्ट शब्दमा भनेका छन्- "ओकालानको सुपुर्दगीको माग गर्नु भनेको 'नन्सेन्स' काम गर्नु हो !"

ओकालानको सुपुर्दगी नहुने छाँटकाँट देखेपछि टर्कीका प्रम यिल्माज आफू सदस्य रहेको नेटोसंग सम्बन्धित देश इटली र यूरोपकै विरुद्ध विरोध प्रदर्शन गर्न यूरोपमा रहेका सम्पूर्ण तुर्कहरुलाई आहवान गरेका छन् र टर्कीदेखि यूरोपसम्मका सडकहरुमा त्यसको असर पनि देखिएको छ । ओकालानको विषयमा चर्किएको यो विवादलाई टर्कीको सरकार र सैनिक शक्तिले 'अन्ध राष्ट्रवादी उभार' शुरु गर्ने अवसरको रुपमा उपयोग गर्न खोज्दैछन् । सरकार र सैनिकहरुको पछाडि बसेर शिकार खेलिरहेका टर्कीका पूँजीपतिहरुको आड-भरोसा पाएपछि टर्की सरकारले इटलीविरुद्ध आर्थिक युद्ध संचालन गर्ने जमर्को गर्दैछ । टर्कीका व्यापारी र उद्योगपतिहरु, टर्कीश च्याम्बर अफ कमर्स र अन्य व्यापारिक संस्थाहरुले ओकालानको सुपुर्दगी नभएसम्म इटलीका सामानहरु विरुद्ध आर्थिक नाकाबन्दी गर्ने घोषणा गरेका छन् । टर्कीको रक्षा मन्त्रालयका स्रोतहरुले टर्कीले इटलीसंग भएको अरबौं डलरको रक्षासम्बन्धी संयुक्त प्रोजेक्टहरु रद्द गर्नुपर्छ भनेर आवाज उठाइरहेका छन् ।

स्मरणीय छ, टर्की र इटली दुवै अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको आक्रमक सैनिक गूट नेटो (NATO) का सदस्य राष्ट्रहरु हुन् । ती दुई राष्ट्रहरुबीच ६ अरब डलरभन्दा बेसी रकमको व्यापार हुन्छ । Fiat, Pirelli लगायत अन्य धुप्रै प्रमुख इटलीयन व्यापारिक संस्थाहरुले टर्कीमा ठूलो धनराशी लगानी गरिरहेका छन् । इटली टर्कीको तेस्रो सबैभन्दा *ठूलो व्यापारिक* पार्टनर हो ।

'हामी टर्कीको डर-धम्कीबाट कदापि हच्कँदैनौं !'

- मास्सिमो डी अलेमा

इटलीको मध्य-वाममार्गी सरकारले संभावित आर्थिक युद्धले गर्ने नोक्सानीलाई पनि केही हदसम्म नजरअन्दाज गरेर ओकालानलाई खुनी टर्कीश सरकारसमक्ष सुपुर्द नगर्ने अडान लिएको छ । यो अडानलाई लिएर इटलीको सरकारलाई त्यहाँका पूँजीपतिहरुले आच्छु-आच्छु पार्न सक्ने संभावना छ । तर पनि मध्यमार्गी सरकारकै मन्त्रीहरु र सरकारका वाम घटकहरुले कुर्दहरुको न्यायोचित संघर्षप्रति सहानुभूति देखाउँदै आइरहेको परिप्रेक्ष्यमा ओकालानको सुपुर्दगीका विपक्षीहरुको पलडा भारी भएको छ । डेमोक्रेटिक लेफ्ट पार्टीका गुइलियो काल्भिसि भन्छन्- 'हामी उनीहरुलाई प्यालेस्टिनीहरुकै सरह राखेर समर्थन र सहयोग गर्छौं !'

इटलीको सरकारले ओकालानलाई गिरफ्तार गरेको एक हप्ताभित्र रिहा गरेर टर्की र टर्कीको गुरु अमेरिकालाई स्तब्ध पारेको छ । उसले रोमका सडकहरुमा तुर्क आप्रवासी र टर्की सरकारका गुप्तचरहरुको आक्रमणबाट बचाउन इटलीका सैनिकहरुद्वारा ओकालानलाई सुरक्षा प्रदान गरिरहेको छ । ओकालानले पनि इटलीमा राजनीतिक शरण मागेका छन् । उनलाई राजनैतिक शरण दिइएमा मध्य वाममार्गीहरुले पनि आँटसहित ठोस काम केही गरेर देखाउन सक्दारहेछन् भन्ने कुराको संकेत मिल्नेछ ।

कुर्दहरुको संघर्षको सवालमा इटलीले राजनीतिक र कूटनीतिक समाधानको ढोका खोलेको आभास मिलिरहेको छ । निर्वासनमा रहेको 'कुर्दहरुको संसद'को बैठकलाई समेत तीन महिनाअगाडि मात्रै स्वागत गर्ने इटलीले अब जर्मनी, फ्रान्स र ब्रिटेनसंग सल्लाह गरेर ओकालान-समस्याको कूटनीतिक हल निकाल्ने तयारी गर्दैछ । ओकालानले पनि इटलीको मनको कुरा बुझेर घोषणा गरेका छन्- 'म पनि आतंकवादलाई निर्मूल पार्न आफ्नो भूमिका निभाउन तयार छु !'

ओकालान र उनको नेतृत्वमा संचालित पीकेकेले अब कुर्दिस्तानका जंगलहरुदेखि रोमका चिल्ला सडकहरु र युरोपीय संसदका कोठाहरुमासम्म कुर्द-संघर्ष विस्तार गर्ने मौका पाएको छ । इटलीको सरकारले ओकालान र उनको नेतृत्वमा भइरहेको कुर्द आन्दोलनलाई कूटनीतिक स्वीकृति प्रदान गर्न थालेको स्थितिमा ओकालान र पीकेके झन् बेसी कूटनीतिक, बुद्धिमान र विवेकशील हुनु जरुरी भएको छ । 'युद्ध सिर्फ हतियारले मात्रै लडिँदैन' भन्ने कुरा बुझेको छ भने पीकेकेले इटली र यूरोप एकातिर र अर्कोतिर टर्की र अमेरिका भएर लडिरहेको यो युद्धलाई अत्यन्त कूटनीतिक ढंगले प्रयोग गर्न सक्छ । र, उनीहरुले यही मौकालाई संसारभरका न्यायप्रेमी जनतालाई कुर्दहरुको भाषिक, जातीय र राष्ट्रिय आन्दोलनबारे सचेतता जगाउने, समर्थन र सहयोग जुटाउने अवसरको रुपमा प्रयोग गर्ने खुबी पनि देखाउन सक्छन् ।

❑ राजेन्द्र महर्जन

अरब राष्ट्रका कम्युनिष्ट र श्रमिक पार्टीहरु के भन्छन् ?

सिरियामाथि टर्कीको दादागिरीका विरुद्ध बुलन्द आवाज

अमेरिकी साम्राज्यवादको आशिर्वाद प्राप्त राष्ट्र- टर्कीका शासकहरुले सिरियामाथि देखाएको दादागिरीका विरुद्ध त्यहाँका कम्युनिष्ट र श्रमिक पार्टीहरुले कडा विरोध जनाएका छन् । टर्कीका शासकहरुले सिरियाका विरुद्ध सैनिक आक्रमण गर्ने धम्कीसहित सैनिक परिचालन गरेपछि अरब राष्ट्रका कम्युनिष्ट र श्रमिक पार्टीहरुले एक संयुक्त भेला आयोजना गरेका थिए । त्यस भेलामा जोर्डनको कम्युनिष्ट पार्टी (JCP), इराकी कम्युनिष्ट पार्टी (ICP), सिरियाको कम्युनिष्ट पार्टी (CPS), इजिप्टको कम्युनिष्ट पार्टी (ECP), लेबनानको कम्युनिष्ट पार्टी (LCP) र बहराइनको मुक्तिमोर्चा- Bahrain Liberation Front का प्रतिनिधिहरुको सहभागिता थियो ।

ती कम्युनिष्ट र श्रमिक पार्टीहरुले टर्कीको दादागिरीको भर्त्सना गर्दै सिरियाको समर्थनमा एक घोषणा जारी गरेका थिए । घोषणामा भनिएको छ- टर्कीका शासकहरुले देशभित्र चर्किरहेको आर्थिक र राजनीतिक संकट टार्न सिरियाका विरुद्ध आक्रमण गर्न लागिरहेका छन् । आफ्नो विस्तारवादी नीति र व्यवहारले गर्दा अरब राष्ट्रहरुबाट एक्लिएका टर्कीका शासकहरुले अमेरिकी र इजरायली आक्रमणकारीहरुसंग हातेमालो गरेर इजरायली आक्रमणका विरुद्ध संघर्षरत सिरियालाई घेराबन्दीमा पार्ने र अहिले आएर सैनिक शक्ति नै प्रयोग गर्ने घृष्टता गर्दैछन् ।

टर्कीका फासिवादी शासकहरुका विरुद्ध संघर्षरत पी.के.के. नामक कुर्द जातिको छापामार संगठनलाई सहयोग दिएको निहुँ थापी टर्कीले सिरियामाथि अक्रमण गर्न लागेको थियो । तर टर्कीको भित्री स्वार्थ यत्तिमा मात्रै सीमित थिएन । ऊ यूफ्रेटस नदीको पानीमाथि सिरियाले गरेको दावीलाई पेलेर लान चाहन्छ, इजरायली आक्रमणकारीहरुले प्यालेस्टिनी मामिलामा गरिरहेको धिचोमिचोका विरुद्ध लागिरहेको सिरियाको मुख बन्द गर्न चाहन्छ ।

यी सबै स्वार्थले प्रेरित टर्कीले पी.के.के.का कुर्द छापामारहरुलाई सहयोग दिइरहेको आरोपमा सिरियालाई अन्तर्राष्ट्रिय रंगमंचमा नेटो (NATO) को सैनिक शक्तिको बलमा पछारेर देखाउनका लागि सैनिक आक्रमणको तयारी गरेको थियो । यस्तो स्थितिमा अरब राष्ट्रका कम्युनिष्ट र श्रमिक पार्टीहरुले टर्कीका दादागिरीका विरुद्ध एवं सिरियाको पक्षमा आवाज उठाएर निकै राम्रो काम गरेका छन् । उनीहरुले अरबका जनताहरु, अरबका सरकारहरु, यूरोपेली सरकारहरु र विश्वभरिका न्यायप्रेमी प्रगतिशील र प्रजातान्त्रिक शक्तिहरुलाई यस्तो खालको दादागिरीको भर्त्सना गर्न र वार्ताद्वारा शान्तिपूर्ण ढंगले समस्या समाधान गर्नका लागि दवाब दिन आह्वान पनि गरेका छन् । ❑

एमाले-मालेको तानातानीले दलित मुक्ति समाजलाई पनि फुटायो !

नेपालमा उत्पीडित दलित जातिहरुमाथिको उत्पीडन-विरुद्ध क्रियाशील शक्तिशाली संगठन "नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज" गत असोजको अन्तमा दुई फ्याक हुन पुगेको छ।

"कुनै पनि राजनीतिक पार्टीसंग संगठन स्वयं चाहिं संलग्न नरहेको" तर यसका पदाधिकारीहरु भने कुनै पनि राजनीतिक पार्टीमा व्यक्तिगत तवरमा लाग्न सकिने मान्यतासहित खडा भएको यो समाजमा माले-एमाले र दुइवटै सं.ज.मो. समर्थक दलितहरु सहभागी थिए। पाँच छ वटा जिल्ला नेतृत्व तहमा र अनेकौं स्थानीय स्तरमा कांग्रेस र राप्रपा समर्थक दलितहरु पनि कृयाशील रहेको यो संगठनमा नेकपा मसाल लगायतका राजनीतिक पार्टी समर्थक दलितहरु समेतलाई सहभागी गराई यसलाई अझै विस्तारित रुप दिनु जरुरी थियो। दलित मुक्ति आन्दोलनका साझा मुद्दाहरुमा एक भई काम गर्ने एउटा फराकिलो 'छाता-संगठन' को रुपमा यसलाई फैलाउनु जरुरी थियो।

तर यसका विपरीत, अहिले यो संगठन फुट्न पुगेको छ। यसले गर्दा दलित मुक्ति आन्दोलनलाई गंभीर क्षति पुग्न गएको छ।

नेकपा एमालेले आफ्नो पार्टी फुटेपछि 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज'को नेतृत्वबाट गत असोजको अन्ततिर आफ्ना केही समर्थकहरुलाई तानी छुट्टै 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' गठन गरेको छ। यसलाई एमालेले आफ्नो भातृ संगठनको रुपमा लिएको देखिएको छ। असोज २७ गते नेकपा एमालेको पार्टी कार्यालयमा महासचिव क. माधवकुमार नेपालको उपस्थितिमा आयोजित एक पत्रकार सम्मेलनमा मुक्ति समाजका पूर्व महासचिव एवं नेकपा एमालेका राष्ट्रिय पार्षद छविलाल विश्वकर्माको अध्यक्षतामा सो नयाँ समाज गठन भएको जानकारी गराइएको थियो।

पद्मलाल विश्वकर्माले नेतृत्व गरेको साबिक संगठन 'पूर्णतः अवैधानिक र नैतिक अधिकार विहीन भएको' ठहर गर्दै दलितहरुको एक राष्ट्रिय भेलाले सो संगठनलाई पुनर्गठन गरेको दावी पनि सो पत्रकार सम्मेलनमा गरिएको थियो। सो राष्ट्रिय भेला एमालेपक्षीय दलितहरुको एक पक्षीय भेला भएको बुझिएको छ।

यो घटनाको लगत्तैपछि साबिक संगठनका अध्यक्ष पद्मलाल विश्वकर्माको अध्यक्षतामा केन्द्रीय समितिको बैठक बसी एमाले पक्षीय राष्ट्रिय भेला र संगठन स्वयंलाई 'बिलकुल अवैधानिक र अराजक' ठहर गर्दै संगठन फुटाउन सक्रिय तात्कालीन महासचिव छविलाल विश्वकर्मा, कार्यालय सचिव दीपकजंग विश्वकर्मा र केन्द्रीय सदस्य जितु गौतमलाई 'विधान विपरीत संगठनलाई घात गरेको' कारण देखाई संगठनबाट पूर्णतः निष्काशन गरेको छ। यी तीन जनाको स्थानमा यसले महासचिवमा रणेन्द्र बराली, कोषाध्यक्षमा भक्त बराइली र कार्यालय सचिवमा गणेश वि.क.लाई मनोनित पनि गरेको छ।

जेठ ३० गतेको मितिमा आफैंले 'राष्ट्रिय पार्षद भेला' को निर्णयका रुपमा आगामी फागुन १, २ र ३ गते काठमाडौंमा समाजको दोस्रो राष्ट्रिय सम्मेलन हुने सूचना सहितको परिपत्र

के एमालेले अब प्र.ले. संघ पनि फुटाउँछ ?

साझा चरित्र भएका संगठनहरूलाई सुदृढ गर्ने कि फुटाउने ?

पद्मलाल विश्वकर्मा भन्नुहुन्छ-

यो फुटले दलित आन्दोलनलाई 'ब्राम्हणवाद-सामन्तवाद' कै सेवामा लैजाने चेष्टा गरेको छ

❑ एमाले जस्तो जिम्मेवार पार्टीले दलितहरुको साझा संगठनमा बल थप्नु पर्थ्यो। फुटाउने काम गरियो। यो एकदमै गलत काम उहाँहरुले गर्नुभयो।

❑ "मुक्ति समाज" कसैको पनि जनवर्गीय संगठन हैन, स्वतन्त्र संगठन हो। यसलाई कुनै एउटा पार्टीको पक्षका मान्छेहरु मात्र राखी, त्यसलाई 'पुनर्गठन' गरियो भन्नु अनैतिक काम हो। वैधानिक र कानूनी हिसाबले पनि यो गलत छ। तीनजना केन्द्रीय सदस्यहरुले अरु बीस जना केन्द्रीय सदस्यहरुलाई हटाउने र एकपक्षीय भेला बोलाउने गरिनु जाली र षड्यन्त्रपूर्ण कुरा हो।

❑ हाम्रा कुनै कमजोरी थिए भने तिनका विरुद्ध उहाँहरुले संगठनमा प्रकृयागत रुपले लड्न सक्नु हुन्थ्यो। फागुनमा हामीलाई हटाउनै परे हटाउनै पनि सक्नु हुन्थ्यो। सो पटक्कै नगरी, कुनै असन्तोष र नोट अफ डिसेन्टसम्म जाहेर नगरी एकाएक संगठन फुटाउनु बिलकुलै नाजायज र घातक काम हो। यो बिलकुलै गुट संकीर्णताको उपजको रुपमा निस्केको गलत प्रवृत्ति हो।

❑ 'ब्राम्हणवाद-सामन्तवाद' का विरुद्ध घोषित रुपले जुटेको दलित आन्दोलनलाई अन्ततः यो फुटले 'ब्राम्हणवाद-सामन्तवाद' कै सेवामा लैजाने चेष्टा गरेको छ।

❑ यसले तल केही भ्रम र घाटा पारे पनि संकुचित गुट स्वार्थभन्दा माथि उठेरै मात्र दलितहरुको साझा संगठन चल्नु पर्छ भन्ने चेत केही समयभित्रै बहुसंख्यक साथीहरुमा फिर्नेछ भन्ने कुरामा म ढुक्क छु।

❑ बहुसंख्यक वैधानिक प्रतिनिधिहरुलाई थाहै नदिई एकपक्षीय भेला बोलाउने, पार्टीको नेतृत्वको अध्यक्षतामा भेला बस्ने, पार्टी कार्यालयको सर्कुलरको आधारमा भेलामा व्यक्तिहरुलाई बोलाउने आदि गरी एउटा पार्टी विशेषको जनवर्गीय संगठन बनाउने अनि त्यसैलाई 'साझा स्वतन्त्र संगठन' भनी प्रचार गर्ने कोशिस पनि उहाँहरु गर्दै हुनुहुन्छ, त्यो झनै अनैतिक काम हो। ❑

पद्मलाल विश्वकर्मा
(अध्यक्ष, साबिकको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज)

फुटबारे छविलाल विश्वकर्मा के भन्नुहुन्छ ?

❑ **तपाईहरु 'मुक्ति समाज' को पुनर्गठनको औचित्यलाई कसरी पुष्टि गर्नु हुन्छ ?**

-कुनै पनि संगठनका आफ्नो निश्चित लक्ष्य र उद्देश्यहरु हुन्छन् । र, तिनलाई प्राप्त गर्नका निमित्त विभिन्न चरण वा तहका संघर्षहरु अपरिहार्य छन् । मूलतः हाम्रो संगठन कुनै परियोजनामुखी संस्था नभई आन्दोलनमुखी संगठन हो । र, आन्दोलनको केन्द्र भागमा ४० लाखभन्दा बढीको संख्यामा देशमा रहेका शिल्पजीवी, मेहनतकश उत्पीडित दलित जनताको वास्तविक मुक्तिको सपनालाई साकार तुल्याउने हैसियतले सुस्पष्ट विचार दृष्टिकोण अनुरुपको सुविचारित कार्यक्रम हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । आरम्भको प्रकृति भिन्न देखिए पनि सामन्ती समाजलाई परिवर्तन गर्ने नेपाली क्रान्तिको कार्यक्रमभन्दा फरक ढंगले बुझ्दा यी दुवै आन्दोलन कमजोर हुन्छन् भन्ने हामीलाई लाग्दछ । विगतमा जनतालाई राजनीतिबाट अलग राख्ने, कार्यकर्ताको राजनीतिक सक्रियतामा अंकुश लगाउने तर नेतृत्वले गुप्त राजनीति गर्ने काम हुँदै आयो । समग्रतामा, उत्पीडित जनता र संगठनका कार्यकर्ताको भावनालाई कदर नगरी सम्मेलनबाट प्राप्त जनादेशको वर्खिलाप दलित आन्दोलनलाई नै दिग्भ्रमित पार्ने तहसम्मका गुटगत तिकडम भए ।

हाम्रो निर्णयले संगठनका सबै निकायमा नयाँ रक्त संचार भएको छ

◆ **छविलाल विश्वकर्मा**
(अध्यक्षः एमालेपक्षीय नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज)

नेतृत्वका तहबाट भएका यिनै अदूरदर्शी, उद्दण्ड र असंयमित सोच एवं कार्यशैलीबाट संगठन र आन्दोलनलाई संरक्षण गर्दै पुनर्व्यवस्थित गर्नका निमित्त हामीले प्राप्त गरेका संगठनका हजारौं कार्यकर्ताहरुको विराट अभिमत नै संगठन पुनर्गठनको मूल आधार बन्यो । हाम्रो निर्णयले संगठनका सबै निकायमा नयाँ रक्त संचार भएको छ भने कार्यकर्तामा उत्साह र जाँगर पलाएको छ ।

❑ **तपाईहरुलाई एकीकृत दलित आन्दोलनलाई विभाजन गरेको आरोप छ, यसमा तपाई के भन्नु हुन्छ ?**

-यी सबै कुप्रचारहरु उत्पीडित दलित जनतालाई मूर्ख बनाउन गरिएका फटाहा कुरा मात्र हुन् । यहाँ एकीकृत दलित आन्दोलनको कुरा त परै जाओस्, सैद्धान्तिक मान्यताका आधारमा त्यसको परिकल्पना समेत भएको छैन । अनि के को विभाजन हुन्छ ? एक दुई संगठनभित्र अन्तर्निहित स्वार्थहरुको क्षणिक एकतालाई नै एकीकृत दलित आन्दोलन ठान्ने र अरु सबैको अस्तित्वलाई स्वीकार नगर्ने अध्याय समाप्त भइसकेको छ । अब स्वघोषित एकीकृत दलित आन्दोलनका अगुवाहरुले सत्यलाई छोपेर छोपिन्न । आज पनि देशमा विभिन्न सोचका एक दर्जनभन्दा धेरै दलित संस्थाहरुले जेनतेन जीविका चलाउँदैछन् । उत्पीडित जनताका साझा समस्याउपर केन्द्रित भई समाधानको तहमा पुग्ने कुरा त परै छोडौं, यहाँ एकले अर्काको मानमर्दन नगरी खाएको नपच्ने र छुद्र परम्पराबाट समेत माथि उठ्न नसक्ने स्थिति छ । यो सन्दर्भमा दलित आन्दोलनलाई बुझ्ने सैद्धान्तिक आधारबिना यसलाई एकताको तहमा सूत्रबद्ध गर्न सकिन्न भन्ने कुरामा हामी प्रष्ट छौं । त्यस्तो हुनाले हामी यो सवालमा अन्य संगठनका मित्रहरुसंग पनि विचारको आदान प्रदान गरेर केही नयाँ पहलकदमी गर्ने पक्षमा छौं ।

❑ 'छलफल साप्ताहिक'बाट साभार

महासचिव छविलाल विश्वकर्माले जारी गरेको देखिन्छ । सो राष्ट्रिय सम्मेलनसम्म पनि उनी र एमाले पक्षीय दलितहरु अरु दलितहरुसंगै अघि बढ्न नचाहेको देखा पऱ्यो । पार्टी फुटेपछि आफ्नो छुट्टै दलित मोर्चा जरुरी भएको भए अर्को कुनै नामको संस्था बनाई अरु नै व्यक्तिहरु समावेश गरी एमालेले आफ्नो आवश्यकता पूरा गर्न सक्थ्यो । र, यो साझा-संगठनलाई कायमै राख्नमा उसको भूमिका हुनुपर्थ्यो भन्ने धारणा आज दलित मुक्ति अभियानका बहुसंख्यक व्यक्तिहरुले लिइरहेका छन् ।

नेतृत्व र नीतिमै चित्त नबुझेको भए एमालेले के आगामी फागुन १, २ र ३ को रा. सम्मेलनमा गएर अन्य पक्षका दलितहरुसंग कुराकानी र बार्गेनिङ्ग समेत गरी त्यसलाई सच्याउन सक्दैनथ्यो र ? त्यसैले यो अनावश्यक फुटतिर दलितहरुको संस्थालाई झोस्नु बेठीक भएको छ ।

के अब एमालेले अर्को साझा संगठन "प्रगतिशील लेखक संघ"लाई पनि फुटाउने त हैन ? त्यसभित्रका माले पक्षीय र अन्य पक्षीय लेखकहरुलाई थाहै नदिई यसले दलितको जस्तै कुनै "वृहद् राष्ट्रिय भेला" गरी उनीहरुलाई "अवैधानिक र अनैतिक" ठहर गर्ने त हैन ?- यो प्रश्न अहिले टङ्कारो रुपमा उठेको छ ।

साझा चरित्र भएका संगठनहरुलाई सुदृढ गर्ने कि फुटाउने ?- यो प्रश्नतिर के एमाले वा मालेका नेताहरुको गंभीर ध्यान जाला ? ❑

विज्ञान/प्रविधि

'भोयजर' सौर्य परिवारको अन्तिम सीमानामा पुग्दैछ !



अन्तरिक्षमा यान पठाउने विज्ञानको विकास भइनसक्दासम्म खगोलीय पिण्डहरुको अध्ययन पृथ्वीमा रहेका बेधशालाहरुद्वारा मात्र गरिन्थ्यो । बीसौं शताब्दीको उत्तरार्द्धको शुरुमा विकास भएको अन्तरिक्ष विज्ञान र भू-उपग्रहको सफल प्रक्षेपणले खगोलीय पिण्डहरुको अध्ययनमा नयाँ र अझ उन्नत ढोका खोलिदिएको थियो । हाल खगोलीय पिण्डहरुको अध्ययन गर्न अन्तरिक्षमा नै कैयौं अन्तरिक्ष बेधशालाहरु स्थापना गरिएका छन् ।

यसै सन्दर्भमा, अमेरिकाले सौर्य परिवारका सम्पूर्ण ग्रह तथा उपग्रहहरु र अझ, सौर्य परिवारभन्दा पनि बाहिरका खगोलीय पिण्डहरु समेतको प्रत्यक्ष अध्ययन गर्न सन् १९७७ मा 'भोयजर' नामक दुई अन्तरिक्ष यानहरु प्रक्षेपण गरेको थियो ।

'भोयजर' मा दुईवटा अन्तरिक्ष यानहरु समावेश गरिएका थिए । त्यसमध्ये 'भोयजर-प्रथम' नाभिकीय ब्याटरीबाट संचालन हुने यान थियो । यो यान सन् १९७९ मा बृहस्पति ग्रहमा पुग्यो भने सन् १९८० मा शनि ग्रहमा पुग्यो । यसले बृहस्पति र शनिका नजिकबाट खिचिएका हजारौं हजार रंगीन फोटोहरु पृथ्वीमा पठाएको थियो । 'भोयजर-प्रथम'ले बृहस्पति र शनिका चन्द्रमाहरुको पनि हज्जारौं फोटोहरु पठायो ।

अहिले 'भोयजर-प्रथम' बृहस्पति र शनिलाई छोडेर सौर्य परिवारको सीमानासम्म पुगेको छ । यो अहिले पृथ्वीबाट एक खरब पाँच अरब (१०५ अरब) किलोमिटरभन्दा पनि टाढा पुगिसकेको छ । 'भोयजर-प्रथम' नै पृथ्वीबाट सबभन्दा टाढा पुग्ने मानवनिर्मित बस्तु भएको छ ।

'भोयजर-प्रथम' को यात्रा कहाँ गएर अन्त्य हुन्छ भन्ने बारे अहिलेसम्म कसैले पनि भन्न सकेको छैन । तर, अहिलेसम्म यसले पृथ्वीमा खगोलीय पिण्डहरुबारे महत्वपूर्ण सूचनाहरु लगातार पठाइरहेको छ ।

◆ **रमेश थापा, पोखरा**

स्रोत सन्दर्भ : The Hindu

(१४ पेजको बाँकी)

नेतृत्वले केही ठाउँहरुमा प्लाटुन 'निर्माण गरेको' थियो तर ती प्लाटुनहरुले गर्ने कुनै काम नभएपछि तिनलाई विघटन गरियो । गत साल त्यसले सैनिक आयोगको घोषणा गऱ्यो र लालसेना शाही सेनासंग लड्न सक्षम छ भनेर प्रचार गऱ्यो । त्यसको झुठ्ठा दावी 'किलोशेरा- २' मा प्रष्ट देखियो । अहिले आधार इलाका निर्माणको कार्यक्रमलाई फौजी हिसाबले पुष्टि गर्ने तर्कको रुपमा प्लाटुनहरु निर्माण भइसकेर कम्पनी निर्माणको दिशामा अघि बढेको प्रचारबाजी शुरु भएको छ। किनकि, आधार इलाका निर्माणका लागि छापामार युद्ध मात्र पर्याप्त छैन । त्यसले चलायमान युद्धको रुप लिन अनिवार्य हुन्छ । यसको लागि प्लाटुनहरु 'निर्माण' त गर्नै पऱ्यो । वस्तुगत र आत्मगत हिसाबले सेना निर्माण होस्-नहोस्, आफ्नो गलत चिन्तन र गलत निर्णयलाई ढाकछोप गर्न र संकट टार्न कुनै चीज आफै 'निर्माण गरिदिने मनोगतवादी व्यक्तिवादी प्रवृत्ति 'माओवादी' नेतृत्वभित्र पहिलेदेखि हावी छ। आडम्बर प्रदर्शन गर्नको लागि सामान्य गतिविधिमा पनि भाग नलिएका स्कूले युवाहरुलाई एकै पटक छापामार दस्तामा हाल्ने उनीहरुको शैलीले अत्यधिक जनक्षति भइरहेको छ।

देशका एकाध ठाउँहरुमा सेनाका विकासको आधार तयार भएको हुनसक्छ, तर विकास गरेर होइन कि भर्ति गरेर बनाइएका थुप्रै छापामार दलहरुलाई उनीरुले लालसेना भनेर प्रचार गरेका छन् । लालसेनालाई जुन रुप र अर्थमा हामी बुझ्छौं, त्यस्तो सेनाको विकास भएको होइन । बरु त्यो निर्माण गरिएको मात्र हो ।

❑ विस्तारित बैठकबाट व्यक्ति पूजाको प्रवृत्ति शुरु भयो भनी तपाईले भन्नुभएको कारण के हो ?

-व्यक्ति पूजाको प्रवृत्ति विस्तारित बैठकभन्दा पहिलेदेखि नै शुरु भएको हो। विस्तारित बैठकमा त त्यसलाई घोषित मान्यताको रुप दिइएको मात्र हो। सशस्त्र संघर्षले पार्टीभित्र रहेको सुशुप्त बैचारिक मतभेदलाई तीखो रुपमा बाहिर प्रकट गऱ्यो । त्यहाँ विभिन्न विचारहरु ठोस रुपमा संश्लेषित हुन थाले । यसले प्रचण्ड र उनको पंक्तिको विचार र चिन्तनलाई कमजोर बनाउँदै लग्यो । पार्टीभित्र उनको पंक्तिप्रति तीव्र अविश्वास बढेर गयो । पार्टीभित्र प्रकट भएका वैचारिक मतभेदहरुलाई बहस र छलफलद्वारा टुंग्याउने प्रकृयाबाट अगाडि बढ्दा प्रचण्डको पंक्ति अल्पमतमा पर्ने कुरा निश्चित देखियो । यो संकटबाट पार पाउनको लागि वैचारिक प्रश्नहरुलाई पछाडि धकेल्नु र पार्टी पंक्तिलाई व्यक्तितिर केन्द्रित गर्नु आवश्यक थियो । यसैको पूर्व तयारीको रुपमा 'माओवादी' नेतृत्वले विगत ७/८ महिना पहिलेदेखि आफ्नो एकाध निजी सहायकहरुमार्फत् प्रचण्डका कोटेसनहरु उद्धृत गरेर लेख लेख्न लगाउने अभिनय शुरु गरायो र कथित विस्तारित बैठकमा त्यसलाई घोषित मान्यता दियो ।

व्यक्तिवाद निर्णायक रहेको संगठन स्वभावतः नोकरशाही हुन्छ र नोकरशाहीतन्त्रमा विचारको होइन, तावेदारीको महत्व हुन्छ । यसैले पार्टीमा राजनीतिक अनुशासन होइन कि फौजी अनुशासन मात्र कायम हुन्छ । फौजी अनुशासनमा मालिक र गुलामको सम्बन्ध हुन्छ र त्यसले विचारलाई निषेध गरिदिन्छ । यी सबै प्रपन्चहरुलाई मजबुत पार्नको लागि विस्तारित बैठकमा 'नेतृत्वको केन्द्रीकरण'को आवरणमा पार्टी, सेना र संयुक्त मोर्चाका मुख्य पदहरु प्रचण्डलाई सुम्पने सामन्तवादी संस्कारलाई मूर्त रुप दिइयो । यसै अभिष्टलाई पूरा गर्नको लागि यो कथित विस्तारित बैठक, देशका कुनै पनि जिल्ला

माओवादीहरूले देशको वर्तमान सामाजिक चरित्रलाई बुझ्न सकेका छैनन्

◆ दीपक झवाली

जलस्रोतविद् तथा स्रोत अर्थशास्त्री

❑ 'माओवादी' जनयुद्ध शुरु भएको अढाई वर्ष नाघिसक्यो । अहिले उनीहरु 'आधार इलाका निर्माण गर्ने' भनेर भनिरहेछ । उता सरकारले अहिलेसम्म सयौं मानिसहरु मारिसक्यो र यो क्रम अझै जारी छ । यस सम्बन्धमा तपाईको धारणा के छ ?

-'माओवादी' यहाँका राजनीतिक पार्टीहरुको विकृतिबाट जन्मेको हो । ०४६ सालको जन आन्दोलनका शक्तिहरु कांग्रेस, माले, एमालेको विकृतिबाट माओवादी गतिविधि जन्मेको छ । त्यसैले यिनीहरुको विकृति रहँदासम्म माओवादी विद्रोह रहिरहन्छ । वास्तवमा यहाँ माओवादको यथार्थ धरातलनै छैन, यो त राजनीतिक पार्टीहरुको विकृतिमा अडेको छ ।

माओवादीहरुको आन्दोलन नेपालको राष्ट्रिय वस्तुस्थिति, अन्तर्राष्ट्रिय परिस्थिति, देशभित्रको जातीय विविधता आदिलाई नहेरिकन गरिएको विद्रोह हो । यो चरम आदर्शवादी र भावुकतावादी (Romanticist) देखिन्छ । जब कि, यहाँको संसदीय राजनीतिमा देखिएका ठूला पार्टीहरु आफ्ना आदर्श तथा विचारधारालाई बिर्सेर चरम व्यवहारवादी बनेका छन् । उनीहरु सत्तामा पुग्न र सत्ता चलाउन जे गरे पनि हुन्छ भन्नेतिर लागेका छन् । यसले 'माओवादी' जन्माउने आधारभूमि खडा गऱ्यो ।

माओवादीहरुको भावुकतावाद र संसदीय राजनीतिमा रहेका पार्टीहरुको व्यवहारवाद दुवै गलत छन् । प्रजातान्त्रिक, जनताप्रति उत्तरदायी, जनताको समस्याप्रति सहानुभूति राख्ने पद्धति अगाल्ने मध्यमार्गी नै सही हुने हो ।

माओवादीहरुको हिंसात्मक आन्दोलन सपष्टतः छैन भन्ने कुरा देखिन्छ । कारण, तिनीहरुले देशको वर्तमान सामाजिक चरित्रलाई बुझ्न सकेका छैनन् ।

चीनमा मजदूर र किसानको गठबन्धन राम्रोसित भएको देखिन्थ्यो । रुसमा स्तालीनवादअन्तर्गत नोकरशाह र शहरी मध्यम वर्गको मजदूर वर्गसित केही हदसम्म गठबन्धन देखिन्थ्यो । चीनमा ग्रामीण र शहरीयाबीचको गठबन्धन धेरै पछिसम्म कायम भएको देखिन्छ । राजनीतिक नेतृत्वमा कहिले लू शाओची, कहिले लीन पियाओ, कहिले डेङ्ग सियाओ पिङ्ग आदि जो आए पनि यो गठबन्धनले निरन्तरता पायो ।

नेपालमा माओवादी आन्दोलनले गाउँ गाउँमा प्रभाव त पारेको छ, तर यसको आधुनिक आर्थिक उत्पादक शक्तिहरुसित कुनै गठबन्धन भएको देखिएको छैन । टेलिफोनका टावरहरुमा विस्फोटन गरी ध्वस्त पार्दैमा त केही हुँदैन । ती टावरहरु त एकछिनमा बनाई नै हाल्ने छन् नि ! 'बमद्वारा टावर उडाइयो' भन्ने खबर प्रचार हुनुको अलावा त्यसले अरु केही नै गर्न सक्दैन । यी घटनाहरुले उत्पादक शक्तिहरुसित गठबन्धन कहाँ देखाए त ?

माओवादीहरुले अहिले आधार इलाका निर्माण गर्ने भनेर जुन घोषणा गरिरहेछन्, त्यो कुनै सम्भवको कुरो होइन । त्यो हुनको लागि एक त त्यतिखेरको चीनमा जस्तै विकट क्षेत्रहरु यहाँ पनि हुनु पऱ्यो, जहाँ कोही पस्न नै सक्दैन, तर अहिले यहाँ कुनै पनि विकट भनिएको ठाउँमा पनि आधुनिक प्रविधिको कारणले गर्दा राज्य यन्त्र सजिलैसित पस्न सक्छ । त्यसैले, अहिलेको आधुनिक प्रवधिको स्रोत र साधनले सम्पन्न राज्ययन्त्रसंग लड्न यसरी आधार इलाका बनाउने भन्ने कुरो रणनीतिक दृष्टिकोणले हेर्दा पनि संभव छैन ।

माओवादीहरुमा खुला राजनीति भएको भए पनि उनीहरुको गतिविधि केही हदसम्म सफल हुन्थ्यो । तर, उनीहरुसंग त्यस्तो रहेन । यसले गर्दा उनीहरुको गतिविधिहरु समाचार त बने, तर अभियान बन्न सकेनन् ।

भूमिगत आन्दोलनको सम्बन्धमा समाजशास्त्रले के बताउँछ भने, अन्ततः यसभित्र स्वभक्षीय चरित्र देखापर्न थाल्दछ । किनकि, यस आन्दोलनको नेतृत्वले यसभित्र एक प्रकारको त्रास नदेखाइकन आन्दोलनलाई बचाइराख्न सक्दैन । त्रास देखाइरहनको लागि त्यहाँ ब्राम्हणवादको जरुरत पर्दछ । यो पाटोमा लागेपछि भूमिगत रुपहरु एक अर्कामा खत्तम गर्नमा प्रयोग हुन्छन् । त्यसैले, माओवादीहरु कि त दक्षिणपन्थीहरुद्वारा दमनमा परेर सिद्धिन्छन् कि त गुप्त रुपमा एकले अर्कालाई खत्तम गर्दै सिद्धिन्छन्, कि त यिनीहरु माफीवादमा परिणत हुन बेर छैन ।

उनीहरु वास्तवमा अहिले खुला राजनीतिमा वाम राजनीतिभित्र कै मध्यमार्गीको रुपमा आउनु जरुरी छ । र, लडाई यिनीहरुले उच्च नैतिक मूल्य र मान्यताको बारेमा गर्नु पर्दछ । तर, यिनीहरुभित्र जुन व्यक्तिवादी चरित्र हावी हुन गइरहेको छ , यसले गर्दा यिनीहरु त्यस्ता खुला राजनीतिमा आउलान् जस्तो भने मलाई लाग्दैन । अहिलेको यिनीहरुको गतिविधि हेर्दा यिनीहरुको आन्दोलन भावुकतावादी दुस्साहसवाद (romantic adventurism) मा पुगेर टुंगिन्छ भन्ने लाग्छ । अन्ततः यसले दक्षिणपन्थीहरुलाई फाइदा पुऱ्याउने काम गर्छ । किनकि, यसको निहुँमा प्रहरी, सेना आदिको बजेट बढाई आफ्नो दुनो सोझ्याउने उनीहरुलाई अवसर मिल्छ । यसबाट मार पर्ने बेलामा जनतालाई नै पर्ने हुन्छ । ❑

विचारलाई केन्द्रीयताको अधीनस्थ टाल्ने प्रचण्डको पंक्तिको निम्नपूँजीवादी व्यक्तिवादी चिन्तनअनुरुप त्यहाँ अरु कसैका विचारहरु पार्टीमा आउन दिइएको छैन

कमिटीहरुलाई थाहै नदिई आफ्ना पक्षका मानिसहरु मात्र छानेर गुपचुप रुपमा बोलाइएको थियो ।

❑ नेतृत्व तहमा वैचारिक रुपमा अन्तर्विरोध भएको कुरा आएको छ । यो अन्तर्विरोध कुन कुन कुरामा भएको छ ?

-हाम्रो विद्रोहपछि हामीलाई बाबुराम भट्टराईसंग अनुचित रुपमा जोडेर पुष्पकमल दाहालका मानिसहरुले बाबुराम भट्टराईको नाम किटेर र नकिटेर दुवै शैलीबाट जुन प्रकारका लेखहरु प्रकाशित गरे, त्यसबाट नै त्यहाँभित्रको अन्तरविरोधको उग्रता उजागर हुन्छ । दुई वर्ष पहिले पनि उनीहरुले 'जनादेश' पत्रिकामा पार्टीभित्र कथित 'लिनप्याओवादउन्मुख प्रवृत्ति पराजित भएको' लेख छपाएका थिए । अहिले पनि त्यो पंक्ति 'प्रचण्ड नै पार्टीको प्राधिकार हुनुपर्छ र अर्को हुनुँदैन' भनेर पत्रिकामा चित्कार छोडिरहेका छन् । यी सब तथ्यहरुले अन्तर्विरोधको असहजतालाई इंगित गरिरहेका छन् । कथित चौथो विस्तारित बैठकमा पारित दस्तावेजमा के कुरा उल्लेख छ भने, दस्तावेजको मुल स्पीरिटमा मात्र सबैको सहमति छ । यसको अर्थ, दस्तावेजमा पूर्ण सहमति छैन भन्ने हो ।

जहाँसम्म वैचारिक अन्तर्विरोध कुन कुन कुरामा आएको छ भन्ने प्रश्न छ, पुष्पकमलको पंक्तिको, विचारलाई केन्द्रीयताको अधीनस्थ राख्ने निम्नपूँजीवादी व्यक्तिवादी चिन्तनअनुरुप त्यहाँ अरु कसैका विचारहरु पार्टीमा आउन दिइएको छैन र भिन्न विचारवालाहरुका विरुद्धमा खडा गरिएका प्रचण्डका विचारहरुबारे मात्र पार्टी पंक्तिमा जानकारी छ । उनीहरुको चर्को अधिनायकवादका बावजुद भिन्न विचारवालाहरुको मत, विशेषतः व्यक्तिवाद, मनोगतवाद, षड्यन्त्र कला, निम्नपूँजीवाद, वाक्छल प्रवृत्ति आदिका विरोधमा बाहिर आइसकेको छ ।

❑ जनआन्दोलनसम्बन्धी सवाल, संयुक्त मोर्चा सम्बन्धी सवाल तथा चुनावलाई हेर्ने सवालमा पनि पार्टीभित्र मतभेद छ भन्ने कुरा लेखिएका छन् नि ?

-चुनावसम्बन्धी मतभेदको कुरा हामीलाई थाहा छैन । जन आन्दोलन र संयुक्त मोर्चा सम्बन्धी सवालमा चाहिं मतभेद सार्वजनिक रुपमै देखापरेको छ । प्रचण्ड पक्षले जनआन्दोलनमा हातै हाल्नु हुन्न भन्ने धारणा राख्दछ र यसलाई सुधारवाद, अर्थवादभन्दा बाहिर हेर्न जान्दैन । गत साल नौ वामको आन्दोलनमा आफ्नो प्रभावअन्तर्गतका मानिसहरुलाई एकथरिले पठाउने र अर्कोथरिले जबरजस्ती रोक्ने कामहरु भएका थिए । लेखहरुमा पनि एकथरिले जनआन्दोलनको महत्वमाथि प्रकाश हाल्ने र अर्को थरिले त्यसको अवमूल्यन गर्ने काम गर्दै आएको तथ्य पत्रिका पढ्ने सबैलाई थाहा हुनुपर्छ ।

संयुक्त मोर्चासम्बन्धी अवधारणा पनि बदलिएको छ । पहिले सामन्तवाद-साम्राज्यवाद विरोधी वर्ग र शक्तिहरुका बीचको व्यापक संयुक्त मोर्चाको कुरा आएको थियो । तर पछाडि -विशेषतः 'चौथो विस्तारित बैठक' पछि- माओवादी नेतृत्वसंग पूर्ण सहमत हने र त्यसमा पनि प्रचण्डको नेतृत्वलाई निःशर्त स्वीकार गर्ने व्यक्तिहरुलाई मात्र 'संयुक्त मोर्चा' भित्र हुल्ने कुरा पार्टीमा जानकारी गराएको छ । व्यक्तिभन्दा बाहिर सामन्तवाद-साम्राज्यवादविरोधी कुनै पार्टी संगठन वा संस्थालाई उनीहरुले संयुक्त मोर्चाको अवधारणाभित्र राखेकै छैनन् । उनीहरुले संयुक्त मोर्चालाई अहिले आफ्नो भातृ संगठनको रुपमा अगाडि सारेका छन् ।

❑ अहिले पत्रपत्रिकामा क. रामबहादुर थापाको बारेमा नेतृत्व तहले कुटनैतिक भाषामा विरोध अभियान थालेको छ भन्ने कुरा पनि आइरहेको छ र पार्टीभित्र उनको मतभेद पनि छ भन्ने कुरा पनि आइरहेको छ । कुरा के हो ?

उनको पहलमा सिर्जना भएका त्रिकोणात्मक नीतिहरु र जनसेवाका कार्यक्रमहरु देशभर सबैले अनुकरण गर्न थाले । पार्टी नेतृत्व पंक्तिभित्र उनी सबैभन्दा प्रतिभाशाली, इमान्दार, सोझा र व्यवहारिक मानिन्थे । रोल्पा रुकुममा 'बादल अगाडि भएपछि कुनै चिजको डर लाग्दैन' भन्ने मिथक नै बनेको थियो ।

यति मात्र होइन, उनी क्रान्तिप्रति वास्तविक रुपमै प्रतिबद्ध मानिन्थे । जनयुद्ध शुरु भएपछि केन्द्रीय नेतृत्वले युद्धभूमिको बीचबाट प्रत्यक्ष नेतृत्व गर्नुपर्छ भन्ने उनको मत थियो र उनी जनयुद्धको केही समयसम्म मोर्चामा प्रत्यक्ष रुपमा सामेल थिए । तर पछि आफ्नो हुलिया निस्कने डरले प्रचण्ड पक्षले उनलाई बलात् मोर्चाबाट बाहिर तानेको थियो । र, नेतृत्वले युद्धको प्रत्यक्ष नेतृत्व गर्नु हुँदैन भन्ने मत प्रचण्डहरुको थियो । उनीहरु, नेतृत्व मऱ्यो भने क्रान्ति रोकिन्छ भन्ने मतका थिए ।

बादलको सिर्जनशील प्रतिभाका अगाडि आफ्नो अस्तित्व कायम राख्न मुस्किल परेपछि प्रचण्ड पक्षले उनलाई समाप्त पार्ने गुरु योजना बनायो । यसको

सरकारद्वारा निर्धारित वार्षिक सयकडा १० प्रतिशत व्याजलाई कानूनी डकैती भन्दै आफूले ७० प्रतिशत व्याजमा पैसा लगानी गरिरहेका 'माओवादी' नेताहरुको पनि यहाँ कमी छैन ।

-रामबहादुर थापा भन्ने व्यक्तिलाई म चिन्दिनँ । २ वर्ष पहिले जसका विरुद्धमा प्रचण्डको पक्षले जनादेश पत्रिकामा सार्वजनिक रुपमै आक्रमण गऱ्यो, ती व्यक्तिलाई मैले बादल भनेर चिनेको छु । मैले पहिले नै भनिसकेको छु कि, जनयुद्धको शुरुवातभन्दा पहिले र विशेष गरेर रोल्पामा रोमियो अपरेशन शुरु भएपछि बादल भन्ने व्यक्ति पार्टीमा अत्यन्त लोकप्रिय भएर गए र उनी नै पार्टी महासचिव हुनुपर्छ भन्ने माग व्यापक रुपमा उठ्यो । यस प्रकारको मागका पछाडि केही कारण थिए । पहिलो कुरा त, ०४८ सालदेखि राप्ती अंचलका पहाडी जिल्लालाई संघर्षमा उठाउन उनले नै नेतृत्व गरेका थिए । रोल्पामा भएको रोमियो अपरेशनका दौरानमा अपरेशन अवधिभर उनी त्यहीं जनताको बीचमा बसेर अपरेशनको प्रतिरोधमा हिस्सा लिए । 'सिज अभियान' को कार्यक्रममार्फत् पश्चिम नेपाललाई चर्चाको शिखरमा पुऱ्याउन उनकै भूमिका महत्वपूर्ण भएको देखापऱ्यो । निम्ति १ वर्षको तयारी गरियो । तयारीको दौरानमा 'सिज अभियान' बन्द गरियो । बादल 'यान्त्रिक भौतिकवादी' भएको प्रचार गर्न लगाइयो । बादल संगै पढेका पहिलेका साथीहरु (जो अहिले विरोधी खेमामा छन्) संग मानिस पठाएर 'तपाईंसंगसंगै पढ्दा फलानाको चरित्र र स्वभाव कस्तो थियो ?' भन्ने कुरा सोध्न लगाई इबी साध्ने प्रमाण जुटाउने असफल अभियान चलाइयो र अन्तमा माहौल तयार भएपछि प्रचण्डको महामन्त्री पद हडप्नको लागि 'कू' गर्ने षड्यन्त्र गरेको नक्कली फत्तुर पेश गरेर उनलाई 'लिनप्याओवादउन्मुख प्रवृत्ति भएको व्यक्ति' भनेर आक्रमण गरियो ।

यति मात्र होइन, जुन जुन ठाउँमा बादलले काम गरेका थिए, त्यहाँबाट उनलाई बदनाम गर्नको लागि उनको विरोधमा पार्टीभित्र मात्र होइन, वर्गीय संगठन र असंगठित समर्थक जनतासम्म चरित्र हत्या गर्ने क्रम चल्यो र त्यो अहिले पनि जारी छ । यिनै लज्जास्पद र घृणित चिन्तन प्रवृत्ति र चरित्रसंग बादलका मतभेद छन् भन्ने कुरा हामीले थाहा पाएका छौं ।

❑ कम्युनिष्ट पार्टीमा संगठित भएको, जनक्रान्ति गर्छु भनेर लागेको, ज्यान पनि दिन तयार भएको यस्तो जमातमा यस्तो खालको वैचारिक विकृति आउनुमा, विचलन आउनुमा, यसको जड कारण तपाईंले केलाई ठहऱ्याउनु भयो ?

-यसको जड कारणभित्र पनि आधारभूत कारणमा हामीले प्रतिगामी उत्पादन सम्बन्धमाथि खडा भएको आर्थिक सामाजिक ढाँचालाई देखेका छौं । यहाँका कम्युनिष्ट पार्टीहरु समाजको सामन्तवादी, निम्नपूँजीवादी धरातलबाट बनेका छन् । समाजको यही ढाँचामाथि निर्मित मूल्य र मान्यताहरुलाई विस्थापित गरी सर्वहारावादी मूल्य र मान्यताहरु स्थापित गर्ने दिशातिर अघि बढ्नुको साटो त्यसै कमजोरीलाई उपयोग गरेर आफ्नो स्वार्थ सिद्धि गर्ने नेतृत्वको वर्ग-चरित्र विकृतको प्रमुख कारण हो ।

अहिलेसम्म यहाँका कम्युनिष्ट पार्टीहरुले भौतिक रुपान्तरणको प्रश्नमाथि मात्र ध्यान दिएका छन्, तर सांस्कृतिक रुपान्तरणको लागि उनीरुको कुनै प्रयास देखिंदैन । 'राज्यसत्ताबाहेक सबै चीज भ्रम हो' भन्ने नारालाई साध्य बनाएर कथित नेताहरुले आफ्नो जीवनलाई क्रान्तिकारीकरण गर्ने दिशाबाट विमुख पार्दै आएका छन् । पार्टी कार्यकर्ताहरुलाई आफ्नो सम्पत्ति क्रान्तिमा लगाउन उपदेश दिने माओवादी नेताहरु आफू चाहिं व्यापार र अन्य आर्थिक उत्पादनमा लम्पट भइरहेका दृष्टान्तहरु धेरै छन् । सरकारद्वारा निर्धारित वार्षिक सयकडा १० प्रतिशत व्याजलाई कानूनी डकैती भन्दै आफूले ७० प्रतिशत व्याजमा पैसा लगानी गरिरहेका 'माओवादी' नेताहरुको पनि यहाँ कमी छैन । कथित नेताहरु र उनीहरुको परिवारको रहनसहन, आन्दोलनमा संलग्नता, सकृयता आदिको खोजी गर्ने हो भने, उनीहरुको क्रान्तिकारीकरणको व्याख्याका पछाडिको नियत बुझ्न कसैलाई कठिनाई पर्ने छैन । जबसम्म यो समस्याप्रति इमान्दार कार्यकर्ताहरु चनाखो हुन सक्दैनन्, तबसम्म विकृतिको स्रोत र परिणाम कायम रहन्छ ।

❑ संगठनभित्र महिलाहरुको सहभागिता र उनीहरुप्रतिको दृष्टिकोण कस्तो छ ?

-संगठनभित्र महिलाहरुको सहभागिता राम्रो छ । यो सहभागिता जनजाती क्षेत्रका महिलाहरुमा बढी छ र बाहुन क्षेत्रीमा अत्यन्त कम । जनजाति महिलाहरुको ठूलो सहभागिताको कारण 'माओवादी' ले दिएको चेतना होइन कि उनीहरुको समाजमा प्राप्य अपेक्षाकृत स्वतन्त्रता हो । त्यसमाथि, समूदायमा

सबैखाले जातीय र वर्गीय उत्पीडन बढी भएको कारणले पनि सहभागितामा बढोत्तरी हुनु स्वभाविक हो ।

महिलाहरुको सहभागिता राम्रो भए पनि उनीहरुप्रतिको धारणा भने सामन्तवादी छ । पेशेवर कार्यकर्ताको रुपमा हिंडेका पुरुष व्यक्तिहरुले यथासक्य आफ्नी श्रीमतीलाई संगै राख्ने र सो संभव नभएकाहरुले बीच बीचमा भेटी राख्नुपर्ने नीति 'माओवादी' भित्र छ । तर यही नीति र निर्णय पेशेवर महिलाहरुको हकमा भने आएको छैन । यसबाट प्रष्ट हुन्छ कि 'माओवादी' नेतृत्वले महिलाहरुलाई भोगको साधन *ठानेर* श्रमिती साथमा राख्ने नीति बनाएको छ । तर दुवै श्रीमान श्रमिती पेशेवर भएको अवस्थामा बाहेक श्रीमती मात्र पेशेवर भएको अवस्थामा उनले आफ्नो श्रीमानलाई आफैंसंग राख्न पाउने नीति चाहिँ छैन । श्रीमानसंग भेट्न मन लागेमा श्रीमती श्रीमानलाई खोज्दै जानुपर्छ । महिलाहरुप्रतिको उनीहरुको दृष्टिकोणको सारतत्व यही हो ।

❑ नेतृत्व र कार्यकर्ताबीचको सम्बन्ध कस्तो छ ?

-नेतृत्व र कार्यकर्ताबीचको सम्बन्ध आदर्शवादी छ । नेतृत्वको आलोचना गर्न नहुने, गरेमा क्रान्तिको विरोध गरेको हुने घोषित नीति बनेको छ । आलोचनालाई अपराध ठान्ने र कार्वाहीको धम्की दिइहाल्ने चलन स्थापित भएको छ । नेतृत्वको आलोचना हुनासाथ बिनाछानवीन आलोचनालाई 'अराजकतावाद' घोषित गर्ने मान्यता त्यहाँ छ । कार्यकर्ताहरुले लिखित रुपमा पेश गरेका कैयौं आलोचनाहरु च्यातेर फ्याँकिएका छन् । यसले गर्दा नेतृत्व र कार्यकर्ताका बीचमा अविश्वास र आशंकाको वातावरण व्याप्त छ ।

❑ तपाईहरुले संगठन त छाड्नु भयो । यस परिप्रेक्ष्यमा तपाईहरुको लाइन र कार्यक्रम के हुनसक्छ ?

-हाम्रो लाइन वैज्ञानिक समाजवाद नै हो । तर वैज्ञानिक समाजवाद भनेर मात्र पुग्दैन भन्ने कुरा प्रष्ट भइसकेको छ । सर्वप्रथम लाइनलाई वर्ग संस्कृतिको रुपमा र वर्ग संस्कृतिलाई एउटा सिंगो सेटको रुपमा बुझ्नु पर्दछ भन्ने हाम्रो आग्रह छ । यसलाई बुझेर मात्र पुग्दैन, त्यसतिर व्यवहारिक रुपले उन्मुख हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । सांस्कृतिक रुपान्तरणको अहम समस्याबाट पन्छेर खडा गरिएका भौतिक रुपान्तरणको हौवा फेद न टुप्पोको हौवा मात्र हुन्छ भन्ने कुरा 'माओवादी' भित्र प्रष्ट रुपमा देखियो । सांस्कृतिक रुपान्तरणबिनाका झापादेखि 'माओवादी' सम्मका धुप्रै हौवाहरु खडा भएका छन्, तर त्यसको प्रतिफल सँधै नकारात्मक रहीआएको छ । भौतिक रुपान्तरणले मात्र, फौजी संस्कृतिले मात्र सांस्कृतिक रुपान्तरणको अभियान पूर्ण हुने भए आज फिलिस्तीन राज्य, तालिवान राज्य पनि समाजवादमा परिणत भइसक्ने थिए । तामिल टाइगर, काश्मिरी, खालिस्तानी, उल्फा, बोडो, कुर्द, हुतु, तुत्सीहरु पनि घनघोर कम्युनिष्टको रुपमा प्रकट हुन्थे ।

तसर्थ, आजको प्रमुख प्रश्न भनेको फौजी शक्ति स्थापित गर्न सकिन्छ कि सकिँदैन भन्ने होइन, आफूलाई समाजवादी संस्कृतितिर रुपान्तरण गर्ने कि नगर्ने भन्ने हो । रुस, चीनको प्रतिक्रान्तिले पनि यही शिक्षा दिएको छ । जुन चिजलाई हामीले क्रान्तिको आत्मगत स्थिति भन्छौं, त्यो वास्तवमा कम्युनिष्ट पार्टीको नेतृत्व र संपूर्ण पंक्तिको वर्ग चेतना र क्रान्तिकारी रुपान्तरणको प्रश्न हो । मुल कुरा यही हो । अन्य कुरा सहायक हुन् । रुपान्तरणको थालनी नेतृत्व तहबाटै शुरु हुनुपर्दछ ।

सांस्कृतिक रुपान्तरणको निम्ति संघर्षको अलावा हामी अब संगठन निर्माणको दिशामा अगाडि बढ्छौं । साथै बैचारिक-सांस्कृतिक स्पष्टतासंग द्वन्दात्मक सम्बन्ध कायम राख्नको लागि राष्ट्रियता, जनवाद र जनजीविकाका निम्ति गर्नुपर्ने संघर्षहरुमा पनि हामी अभिन्न रुपले जोडिन्छौं ।

❑ यसमा तपाईहरुको प्राथमिकता के कुरामा हुन्छ ?

-सबै कुरा एक आपसमा सम्बन्धित छन् । यीमध्ये हामी विचारधारात्मक स्पष्टता र आचरणको निम्ति गरिने संघर्षको प्रश्नलाई नै प्राथमिक सूचिमा राख्छौं ।

❑ तपाईहरुको संघर्षको खाका के हो ? जनयुद्धको तरीकामा असहमति हो कि यसको खाका वा बाटो बेठीक हो ?

-पहिलो कुरा त, यहाँ जनयुद्धको अवधारणालाई गलत किसिमले अगाडि ल्याइएको छ । वर्गीय मुक्तिको लागि जनताले आफ्नो प्रत्यक्ष सहभागितामा चलाउने युद्ध जनयुद्ध हो । त्यसको स्वरुप दीर्घकालीन युद्ध हो वा आम विद्रोह भन्ने मात्र विवादको प्रश्न हो । हाम्रो विचारमा दीर्घकालीन युद्ध नै जनयुद्धको मूल रुप हो । नेपालको असमान आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक धरातलमा युद्धले दीर्घकालीन रुप लिनु अनिवार्य देखिन्छ । जनताका पीडा र आवश्यकतासंग प्रत्यक्ष रुपमा जोडिएका समस्याहरुसंग नजोडिएर, जनतालाई त्यसप्रति सचेत र जागरुक नबनाएर तथा आफ्ना समस्याहरुबाट मुक्तिको लागि जनता आफै युद्धमा सरिक हुनुपर्छ भन्ने परिस्थिति तयार नबनेर शुरु गरिने युद्धले जनयुद्धको रुप लिन सक्दैन । सिद्धान्तले त आलोकको काम गर्छ, निरीक्षकको काम गर्छ तर स्वयं त्यसले जनतालाई युद्धमा उठाउँदैन । जनतालाई प्रेरित गर्ने चिज भनेको उसको आफ्नो समस्या हो, त्यसप्रतिको अभिरुचि हो र युद्धको तत्परता हो । यसरी जनता सचेत रुपले आफ्नो आधार नभत्कने तयारीका साथ प्रतिरोध युद्धमा उत्रन सक्यो भने मात्र युद्ध जनयुद्ध बन्दछ ।

तर 'माओवादी' नेतृत्वले उपरोक्त प्रश्नहरुलाई सुधारवाद ठान्दछ र आफ्नो कोरा राजनीतिक नाराभित्रको फौजी कार्यवाहीलाई जनयुद्ध मान्दछ । छापामार, चलायमान, मोर्चाबद्ध कार्यवाहीहरु जबसम्म जननीतिमा आधारित व्यापक जनप्रतिरोध संघर्षको छहारीमा काम गर्दैनन्, तबसम्म तिनीहरु फौजी कार्यवाहीका रुपमा मात्र सीमित रहन्छन् । र, जनयुद्धका अंग बन्न सक्दैनन् ।

माओवादी नेतृत्वले कार्यकर्ताहरुलाई यसको विपरीत दिशातिर लगेको छ । जो कार्यकर्ताहरु पार्टी वा फौजी दस्तामा छन्, उनीहरुमध्ये अधिकांश आफ्नो परिवार र समाजबाट काटिएका छन् । त्यहाँ तीव्र अन्तर्विरोध छ । लोग्ने-स्वास्नीको सम्बन्ध विच्छेद भएको छ । पार्टी पंक्तिका मानिसहरु आफ्नै अगाडि मारिँदा जनता बोल्दैन् र सडकमा उत्रदैन । जनताले 'माओवादीहरुले आफ्नो सत्ता ल्याउनको लागि लडिरहेको छ' भन्ने बुझेको छ तर यो युद्ध हाम्रो लागि हो र हामीले गर्नुपर्छ भन्ने बोध जनतामा छैन । एकाध ठाउँमा जनता पनि सक्रिय सहभागी होला, तर आम रुपमा छैन । यो जनयुद्धको स्वरुप होइन । यो कुरा 'माओवादी' नेतृत्वले नबुझेको होइन, तर आफ्नो वर्ग चिन्तन र स्वार्थको कारणले जानीबुझी कार्यकर्ताहरुलाई सैन्यवादी दिशातिर धकेलिरहेको छ । त्यसको यही वर्ग प्रवृत्तिसंग हाम्रो मतभेद हो ।

अर्को कुरा, क्रान्तिको सफलता र टिकाउको आधारभूत शक्ति मजदूर वर्ग हो । ग्रामीण मजदूर होस् वा शहरिया मजदूर होस्, त्यसलाई उठाउने र त्यसको समस्यासंग जोडिने चासो त 'माओवादी' नेतृत्वलाई छँदै छैन । एकातिर, शहरिया मजदूरहरुको संघर्षमा त्यसले अर्थवादको गन्ध सुँघ्छ र अर्कोतिर ग्रामीण मजदूरहरु छरिएर रहेको र आफूसंग चरित्र नमिल्ने भएको कारणले तिनलाई संघर्षमा उठाउन जाँगर देखाउँदैन । जाँगर देखाइहालेमा उनीहरुका अगाडि आफू रुपान्तरण हुनुपर्ने समस्या छ । त्यसले सजिलो तरीका समातेको छ- निम्नपूँजीवादी तप्काको रोमान्चकारी प्रवृत्तिलाई पक्रने र उक्साउने । यसबाट आफू रुपान्तरण हुनबाट पनि बचिने र आफ्नो व्यक्तिगत प्रचारको आकांक्षा पनि पूरा भइहाल्ने । यसै कारणले त्यहाँबाट तल्लो वर्गका कार्यकर्ताहरु धमाधम निस्किएका छन् ।

> **माओवादी नेतृत्वले कार्यकर्ताहरूलाई यसको विपरीत दिशातिर लगेको छ । जो कार्यकर्ताहरू पार्टी वा फौजी दस्तामा छन्, उनीहरूमध्ये अधिकांश आफ्नो परिवार र समाजबाट काटिएका छन् । त्यहाँ तीव्र अन्तर्विरोध छ ।**

यसर्थ, हाम्रो मतभेद उनीहरुको जनयुद्धको तरीकासंग मात्र होइन कि; त्यसलाई हेर्ने, प्रयोग गर्ने र रुपान्तरण गर्ने चिन्तनसंग समेत हो ।

❑ कम्युनिष्ट आन्दोलनलाई यहाँसम्म ल्याउन प्रचण्डको प्रमुख भूमिका भएको ठहर के आधारमा गरियो ?

-त्यसको आधार भनेको आत्मनिष्ठ आदर्शवाद हो । आत्मनिष्ठ आदर्शवादीहरुले 'वीरपूजावाद' माथि विश्वास राख्दछन् र इतिहास निर्माण महान व्यक्तिले गर्दछ भन्दछन् । 'माओवादी' शिविरभित्र यस्ता 'असाधारण महान व्यक्ति' प्रचण्ड जन्मिएका छन् । उनीहरुको यो ठहर निम्नपूँजीवादी व्यक्तिवादको मूर्त रुप हो ।

हामी इतिहासको निर्माण श्रमजीवी जनताले गर्छ भन्ने कुरामा विश्वास गर्छौं । व्यक्तिले आफ्नो इतिहास आफै बनाउँछ तर भौतिक परिवेशको सीमाभित्र रहेर मात्र । तर यहाँ प्रचण्डले आफ्नो इतिहास बनाएको कुरा आएको छैन, बरु सिंगै समाज र आन्दोलनको इतिहास निर्माण गरेको प्रश्न आएको छ । अबदेखि श्रमजीवी जनता उनीहरुको नजरमा पशु भएका छन् । आगो बलेको ठाउँबाट धुँवा बाहिर आउन रोक्न सकिँदैन भने झैं मानिस यथार्थमा जे हो, त्यही कुरा र काम गर्ने रहेछ । उनीहरु निखर निम्नपूँजीवादी आदर्शवादी थिए । फलतः प्रचण्डलाई 'सामाजिक इतिहासकै श्रष्टा' घोषित गर्न पुगे । हामीले मध्ययुगीन राजतन्त्रका बारेमा पढेका छौं । लुई सोह्रौंको इतिहास हेरेका छौं । उसले आफूलाई देउता घोषित गरेको पनि सुनिएको हो । राजतन्त्रको त्यो कुरुप चित्र अहिले त आफ्नै आँखाले देख्ने मौका पायौं । ❑

गिरिजाले गलहत्याउनुअघि नै माले सरकारबाट फर्किनु पर्छ

कांग्रेसले निकट भविष्यमै मालेलाई थाङ्नामा सुताई छाड्ने छ अथवा मालेलाई अरु ज्यादा सार्वजनिक बदनामी हुने शर्तहरुमा मात्र सरकारमा राखीछोड्ने छ ।

नेकपा माले बदनाम भएर सरकारमा रहनु हुन्न, यसले सरकार छोडेर सडकमा आउनु पर्छ भन्ने कार्यकर्ताको दबाबमा परेर माले नेतृत्वले सुझाएको १५ दिने अल्टिमेटम प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको आश्वासनको एउटा थाङ्ने चिट्ठीले बेसमयमै तुहिन पुगेको छ । यस्तो प्रतीत हुन्छ- माले नेतृत्वलाई तुरुन्तै सरकार नछोड्न एउटा निहुँ चाहिएको थियो । त्यो निहुँ हाललाई बालुवाटार-वार्ता र कोइरालाको चिट्ठीले प्रदान गरेको छ । अन्यथा, गिरिजाको चिट्ठीमा त्यस्तो ठोस कुरा केही पनि छैन, जसको कारणले मालेलाई सरकारमा बस्न कुनै जायज र नैतिक आधार मिलोस् । र, गिरिजाको समग्र हाउभाउ हेर्दा सम्झौता कार्यान्वय गर्ने सम्भावना पनि देखिन्न । उनलाई राजा लण्डनबाट फर्केर नआउन्जेलको निम्ति सरकार थामिरहने समय चाहिएको थियो । त्यो गिरिजाको चिट्ठीपछि निकै सस्तोमा, एक वित्ता पनि उता हेर्न नसक्ने माले नेतृत्वबाट सजिलै प्राप्त भयो ।

राजा फर्कने वित्तिकै प्रम गिरिजा चुनाव घोषणा गर्ने तयारीमा देखिन्छन् । चुनावी सरकारमा मालेलाई राखीछोड्नु पर्ने कुनै वस्तुगत कारण गिरिजाको सामु देखिन्न । आखिर कांग्रेस एक्लैले चुनावी सरकार चलाओस्, हामी समर्थन गर्छौं भनेर इर्ष्या र प्रतिक्रियाको राजनीति गर्ने विशाल पार्टी मैदानमा रहँदा रहँदै मालेको घाँडो बोकिरहने जरुरत नै के गिरिजाको निम्ति ? कवाफमा हड्डी प्रष्ट देखिएपछि त्यो कसले नफाली बस्छ ?

त्यसैले, अन्यथा अर्को अप्रत्याशित सम्झौता भएन भने निश्चितप्रायः छ- कांग्रेसले निकट भविष्यमै मालेलाई थाङ्नामा सुताई छाड्ने छ । अथवा, मालेलाई अरु ज्यादा सार्वजनिक बदनामी हुने शर्तहरुमा मात्र सरकारमा राखीछोड्ने छ ।

एमालेको शक्तिलाई मालेको शक्तिले छेद्न गरोस् वा बढ्न नदेओस् र साथै मालेको संघर्षशील स्वच्छ छवि नबनोस् र यो संघर्षशील वामपन्थीहरुको बगालमा पनि नमिसियोस्- यही नियतले कांग्रेसले भरखरै फुटेको, छवि मैला भइनसकेको र संघर्षको मैदानमा पनि ओर्लिरहेको मालेलाई सरकारमा लगेको बुझिन्छ । किनभने, मालेको मुख्य सम्पत्ति भन्नु नै कार्यकर्ताको संख्या थिएन; स्वच्छ, जनमुखी, संघर्षशील छवि थियो । त्यस्तो छवि कायम भइराख्ने हो भने, एमालेबाट माले फुट्नुको औचित्य पनि साबित हुनेथियो । कालान्तरमा राम्रा र असल मान्छेहरु माले वरपर नै जम्मा हुन्थे र मालेको भविष्य पनि उज्ज्वल हुने थियो । तर यस्तो संघर्षशील र क्रान्तिकारी छवि भएको लचिलो पार्टी मैदानमा देखापर्नु कांग्रेस र सम्पूर्ण प्रतिक्रियावादको हितमा थिएन । यही कारणले मालेलाई बिटुल्याउने उद्देश्यले उसलाई बिना कुनै महत्वपूर्ण मन्त्रालय सरकारमा लगियो । अहिले नेपाली कांग्रेस तीन चार महिनाभित्रै आफ्नो उद्देश्यमा धेरै हदसम्म सफल भइसकेको देखिन्छ । मालेको छवि यसबीचमा काफी धमिलो भइसकेको छ । साथै, मालेले एमालेको शक्तिलाई खासै ठूलो छेदन गर्न सकेको पनि देखिएको छैन ।

नेपाली कांग्रेसको त उद्देश्य नै त्यही थियो । त्यसैले उसले त्यस्तो गर्‍यो । तर नेकपा मालेको नेतृत्व स्वयंले आफ्नो स्वच्छ र संघर्षशील छविको महत्व बुझेको र यस सवालमा ऊ बैचारिक रुपमा स्पष्ट भएको पटक्कै देखिएन । त्यसैले, आफ्नो स्वच्छ, संघर्षशील र जनमुखी छवि व्यवहारबाटै स्पष्ट पार्नको लागि सरकारमा जाने उसको उद्देश्य नै रहेन । उसको सरकारमा जानुको मुख्य उद्देश्य- स्थानीय निकायको विधेयक संसदबाट पास गरेर आफ्ना स्थानीय निकायका पदाधिकारीको पद जोगाउनु, सरकारमा रहनुको प्रभाव र स्वार्थबाट संगठन विस्तार गर्नु र चुनावको लागि खर्च जुटाउनु मात्र रहेको देखियो । पहिलो एउटा बाहेक, पछिल्ला दुईटा उद्देश्य नै गलत र अनैतिकतामुखी थिए । त्यसैले, मालेले सरकारमा मान्छे पठाउँदा पनि स्वच्छ, जनमुखी र संघर्षशील छवि जोगाउन सक्ने मान्छे पठाएन । यो उद्देश्यमा उसको ध्यान र प्राथमिकता नै रहेको देखिएन । उसले जुन उद्देश्यको लागि आफ्ना मान्छेहरु सरकारमा पठायो, तिनले उसका ती सबै उद्देश्यहरु पूरा गर्ने काम त गरे, तर परिणाम के भयो भने, पार्टीसित अवसर र पैसा त मनग्ये जम्मा भयो, तर पार्टीको संघर्षशील, स्वच्छ र जनमुखी छविचाहिँ स्वाहा भयो । एमालेबाट माले पार्टी फुट्नुको औचित्य नै स्वाहा भयो । त्यसको ध्वंशको मूल्यमा पार्टीलाई केही सुविधा, शक्ति र सहुलियत मात्र हातलागी भयो । आखिर हिसाब गर्ने हो भने माले जम्मामा टुट्टामा गयो कि नाफामा ?

यो परिघटनाबाट मालेभित्रका मौकावादीहरु त काफी प्रफुल्लित देखिन्छन् । तर त्यसभित्रका सबै संघर्षशील र लक्ष्यप्रति इमान्दार कार्यकर्ताहरुमा व्यापक निराशा आएको देखिन्छ । उनीहरुको अपील-क्षमता र क्रियाशीलता मर्न थालेको देखिन्छ । तथापि, माले नेतृत्व यसबाट चेतेको देखिन्न । मंसिर १४ को अल्टिमेटम स्थगन गर्ने निर्णय त्यसको ताजा उदाहरण हो । यो निर्णय मालेको निम्ति निकै महंगो र भारी सिद्ध हुने देखिन्छ ।

माले नेतृत्वका यी क्रियाकलापहरुले के देखाइरहेको छ भने, एमाले नेतृत्व र माले नेतृत्वका बीचमा केही थोरै राजनीतिक मतको मात्र भिन्नता रहेछ, गुणात्मक भिन्नता छैन । दुबैको प्रवृत्ति र ध्याउन्ना लगभग उस्तै उस्तै रहेछ । दुबैको सिद्धान्त र जीवनमूल्य करीब उस्तै उस्तै रहेछ । मालेको आचार-संहिता नेतृत्वको जीवनमूल्य नै भिन्नै भएको कारणले आएको होइन रहेछ, यो जीवनमूल्य नै भिन्नै हुनुपर्छ भन्ने चेत भएका कार्यकर्ताको दबाबले मात्र आएको रहेछ र उनीहरुलाई चुप पार्न मात्र आएको रहेछ ।

माले नेतृत्वसित थोरै पनि बुद्धिमत्ता र सुझबुझ अझै बाँकी छ भने, गिरिजाले गलहत्याउनुअघि नै उसका मान्छेहरु सरकारबाट तुरुन्तै फिर्ता हुनुपर्छ । उसले आफ्नो पार्टीको गुणतत्व, ध्याउन्ना र उद्देश्य नै बदल्न संघर्ष गर्नुपर्छ । एमाले जस्तै गुणतत्व भएको पार्टी बनाउने हो भने एमाले नै काफी छ, देशलाई अर्को एउटा पार्टीको बोझ अनावश्यक रुपमा किन बोकाउनु पर्‍यो ?

फूटपछि माले नेतृत्वले आफ्नो औचित्य र गुणात्मक भेद नै साबित गर्न नसक्नाले इमान्दार र संघर्षशील कार्यकर्ता सब हतोत्साहित भए र उनीहरु मैदानमा लागिपरी खट्दै खटेनन् । संगठनात्मक रुपमा माले त्यसैले विस्तारित नै भएको देखिन्न । मालेले शुरुमा नौ वामको आन्दोलनमा सरिक भएर संघर्षशील छवि त देखायो, तर यो छवि कायम गर्ने कुरामा निरन्तरता देखिएन । र, भएको छवि पनि छिटै पोलीखाने काम गरियो । अहिले मालेले आफूलाई बदल्ने हो भने, अझ पनि समय छ, ज-जसको कारणले मालेको छवि धूमिल भएको हो, उनीहरुलाई मालेले आफ्नो बगालबाट अलग गर्न सक्नु पर्छ । अफ्नो मुख्य प्रयत्न उन्नत सिद्धान्त र जीवनमूल्य भएको स्वच्छ, संघर्षशील र जनमुखी चरित्र भएको मार्क्सवादी पार्टी बनाउन हुनुपर्छ । र, त्यसैको निम्ति ऊ लागिपर्नु पर्छ ।

यस्तो पार्टी बनाउन खोज्दा शुरुमा पार्टी सानो हुनसक्छ । संसदमा ५-१० सीट मात्र आउने हुन सक्छ । मौकापरस्त भीडहरु भाग्न सक्छन् । तर सिद्धान्त र जीवनमूल्यको नोक्सानीमा विशाल भीड भएको सबैभन्दा ठूलो चुनावी पार्टी बनाउन खोज्दा नै त २०४६ सालको क्रान्तिकारी माले २०५५ सालको सुधारवादी एमाले हुन आइपुगेको होइन र ? त्यसैले, मालेले गुणात्मक रुपमा भिन्न हुने हो भने, सानो हुनको पीडा उसले केही समय भोग्नै पर्छ र त्यसमा गौरव गर्न सक्नु पर्छ । यदि यो पीडा उसले भोग्न सक्दैन भने र अहिलेकै जस्तो सुधारवादी ठूलो चुनावी पार्टी बनाउने बाटो अवलम्बन गरिरहने हो भने, मालेले इमान्दारितापूर्वक आफूलाई सोशल डेमोक्रेटिक पार्टी घोषणा गरे राम्रो हुन्छ । कमसेकम यसो गर्दा ढोंग त हुँदैन । कमसेकम काम अनुकूलको नाम त हुन्छ । कमसेकम जनतामा भ्रम त हुँदैन र कम्युनिष्ट नाम बदनाम त हुँदैन । अन्यथा, ६ महिनामा ५ लाख 'कम्युनिष्ट' बनाउने माले नेतृत्वको हालैको निर्णयले माले पार्टीलाई सुधारवादी पार्टीको भीडमा एउटा अर्को सुधारवादी मास-पार्टी मात्र बनाउने निश्चित छ ।



नेकपा मालेका महासचिव
वामदेव गौतम

❑ राम गौतम

पाठकको कुरो

निरन्तरता दिनु जरूरी स्तम्भहरू

मूल्यांकनको अंक ६० ढिलै भए पनि पढ्ने मौका पाइयो ।

मुख्य आकर्षणको केन्द्रबिन्दुको रुपमा रहेको सुडानी जनताको अन्तर वेदनात्मक कारुणिक शब्दचित्रसहित कसरी सुडानी जनताले पीडा खपिरहेछन् भनी वास्तविकता छर्लंग्याइदिनु भएकोमा सम्पादक मण्डल तथा सम्पादक श्याम श्रेष्ठलाई धन्यवाद !

अरुले गरेको उन्नति देख्न नचाहने अमेरिकी साम्राज्यवादी आँखालाई अब सबै साम्राज्यवादविरोधी शक्तिहरु मिलेर फुटाउनु पर्ने बेला आएको कुरा मैले महसूस गरेको छु ।

विमल निभाको साहित्यिक हाँस्यव्यंग्य अति नै रोचक लाग्यो । डा. माधव पोखेलको साहित्यिक निबन्ध पनि ज्ञानबर्द्धक नै छ ।

भ्याटबारे जानकारी, विश्व कम्युनिष्ट आन्दोलनअन्तर्गत पेरिस सम्मेलन, पेरिस सम्मेलनले निकालेको 'पूँजीवाद समस्याको समाधान होइन' निष्कर्षले के अनुमान लगाउन सकिन्छ भने, विश्वबाट कम्युनिष्ट शक्ति पलायन हैन, झन् झन् आकर्षित हुँदै गइरहेको छ ।

सम्पादकज्यू, यस मूल्यांकन मासिकमा पाठक मंच, विश्व कम्युनिष्ट आन्दोलन, घटना र प्रवृत्ति, साहित्य, अन्तर्क्रिया, विज्ञान प्रविधि, नीति संस्कृति आदि स्तम्भहरुलाई निरन्तरता दिइरहनु हुनेछ भन्ने म लगायत सम्पूर्ण पाठकहरुको राय छ ।

नौ वामको सम्झौता भनेको औपचारिकता (कागजी) मात्र होला कि भनी यत्रतत्र सर्वत्र जनमानसमा शंका पलाएको छ ।

र, अन्तमा मूल्यांकनले आफ्नो पाइलालाई पछाडि नहटाइकन अगाडि बढी होसियारी साथ सम्पूर्ण पाठकहरुलाई समेट्ने नै छ भन्ने पूर्ण आशा एवं भरोसा लिएको छु ।

-पवनदेव अर्याल
मोतीपुर-८, बाँसगढी, बर्दिया

मूल्यांकन के हो र को हो ?

हामीले जानेको, बुझ्ने गरेको मूल्यांकन, पढ्दै गरेको र एउटा स्वस्थ वैचारिक र अन्तर्क्रियामुखी मूल्यांकनको लोकप्रियताबाट तर्सेर केही व्यक्तिहरुले नक्कली मूल्यांकन छापेर बेच्न थालेको हो कि ? मूल्यांकन आत्मकृयामुखी अर्थात् 'आत्मकेन्द्रितमुखी' बन्न खोज्दै गरेको हो कि ? पहिलेको मूल्यांकन र अहिलेको मूल्यांकनमा फरक चाहिं देखिँदैछ ।

यसमा लेख्ने लेखक ? यसका पाठक ? यसका विज्ञापनदाता टुबोर्ग बीयर ? यसका सल्लाहकार समूह ? सम्पादक, प्रकाशक, व्यवस्थापक आदि पत्रिका परिवार ? आखिर यो मूल्यांकन के हो र को हो ? यसको वर्ष १६, अंक ६१ मा प्रकाशित नीति/संस्कृति स्तम्भका लेखक- चन्द्रदेव नेपालीको लेख पढ्दा अलि कस्तो कस्तो लाग्यो । नोबेल पुरस्कार विजेता जोसे सारामागो PCP का सदस्य नै हुन् भन्ने कुरा 'जीवनको झाँकी' ले पुष्टि गरेकै छ । अनि 'कम्युनिष्ट समर्थक' मात्र भनिनु-लेखिनुको कारण के हो ?

क. प्रचण्ड र अरुहरुलाई '..... बारे के भन्नुहुन्छ ?' भनेर लेख्ने मूल्यांकनले 'लाहुरे' भनेर हेपेर हो कि किन हो '.... एकता समाजका सभापति के भन्छन्' भनेर लेख्नुको अर्थ के हो ?

'मूल्यांकन' कुनै वाम राजनीतिक पार्टीहरुप्रति पूर्वाग्रही वा पक्षपाती नभएको हुन सक्छ । यो पत्रिका वैचारिक दृष्टिले 'वाम' (त्यसमा पनि क्रान्तिकारी) नै भएको हुनाले यसका पाठकहरु पनि 'वाम' राजनीतिक पार्टीका कार्यकर्ता नै छन् । एमाले, मसाल, माओवादी, एकता केन्द्र, नेमकिपाका कार्यकर्ता/ समर्थक नै मूलतः मूल्यांकनका आम पाठक हुन् । आम पाठक भएकै कारण यिनीहरु नै यसका आम पृष्टपोषक हुन् र आलोचक पनि । यिनीहरुमध्ये चन्द्रदेवजीले अपेक्षा गरे जस्तै 'विवाद संचालन गर्ने वैज्ञानिक पद्धति' मा उत्कृष्ट नभएका हुन सक्छन् । के सबै क.पा. मा लागेका, सामान्य पढ-लेख मात्र गर्न सक्ने, वास्तवमै '..... पद्धति' नजानेका, तपाईं जस्तै लेखक-बुद्धिजीवी नभएका व्यक्तिहरु छन् भन्ने कुरा यहाँलाई थाहा छैन र ?

अँ, मूल्यांकन नेकपा (एकता केन्द्र) लाई चाहिं आलोचना गर्दैन कि ? अरुको गल्ती त जसले पनि देख्नसक्छ । सचेत त्यो हो, जसले आफ्नो गल्ती आफैं देख्छ र सुधार्छ । चन्द्रदेवजी र मूल्यांकन दुबैलाई यो कुरा बिभोस् ।

-वी. मोदगल्य, नवलपरासी

(मूल्यांकनले राम्रो कुराको निम्ति सबैको समर्थन र कमी कमजोरीका निम्ति सबैको आलोचना गर्ने गरेको छ । कुनै पनि पार्टी विशेषप्रति हाम्रो पूर्वाग्रह छैन । -मूल्यांकन)

दीपक ज्ञवालीको लेख

मूल्यांकन पूर्णाङ्क ६१ लामो समयको प्रतीक्षापछि हात पऱ्यो । म शुरुदेखिकै यो पत्रिकाको नियमित ग्राहक हुँ । यो अंकमा यस्तो स्तरीय पत्रिकाले पनि यस्तो गम्भीर त्रुटी गरी २-२ ठाउँमा पेज नं. नै डबल, लेख डबल, फोटो डबल र कुनै चाहिं लेख नै अधुरो गरी पठाउनु कतिसम्म सान्दर्भिक होला ? 'रुस फेरि क्रान्तिको आँधीतिर' भन्ने लेख बहुत सटिक छ, दीपक ज्ञवालीज्यूको 'वैज्ञानिक संस्कारः तिखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?' भन्ने लेख सारै राम्रो लाग्यो । यस्ता स्तरीय लेखहरु आउने यो पत्रिका देशभरिका पाठकहरुले कहिले आउला भनेर प्रतीक्षा गरिरहने गर्छन् । यस्तो पत्रिका बल्ल हात परेपछि पाठकलाई कस्तो अनुभव भयो होला, यहाँहरुले नै मूल्यांकन गर्नु बेस !

-बि.एन. पौडेल
भ.न.पा.-१२, बसन्त चौक, चितवन

(तपाईंको 'प्रति पत्रिका'मा बाइन्डिङ्गमा कुनै त्रुटी भएको हुनसक्छ । त्यसका निम्ति क्षमाप्रार्थी छौं ।

-मूल्यांकन)

केही सुझावहरू

मूल्यांकन ६१ औं अंक समयमै पढ्ने मौका मिल्यो । नियमित पाठक भएको नाताले यसमा देखिएका कमी-कमजोरीलाई औंलाई केही सुझाव दिने जमर्को गरेको छु ।

यस अंकको 'वैज्ञानिक संस्कारः तिखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?' लेखको पहिलो लहरपछिको क्रमबद्धता दोस्रो लहरमा नभएको, त्यसैगरी; दोस्रो, तेस्रो र चौथो लहरको क्रमबद्धता नमिल्नाले पठनबोधमा अल्मलिन पुगियो । यस्ता सामान्य किसिमका पक्षमा ध्यान पुऱ्याइयोस् । यस अंकमा अन्तरक्रिया स्तम्भ नराख्नाले यस पत्रिकाको नाम अनुसारको काम भएको छैन । यसमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

यस अंकका लेखहरुमा 'वाम तालमेलको तयारी हुनुपर्दछ कि पर्दैन' र 'यसकारण भयो माओवादीमा विद्रोह' जस्ता लेखहरुले नेपालमा वाम आन्दोलनलाई प्रगतितर्फ डोऱ्याउनका लागि मार्गनिर्देशन गरेका छन् । भारतमा रहेको नेपालीहरुको स्थिति र समस्याको बारेमा अखिल भारतीय नेपाली एकता समाजका केन्द्रीय सभापतिसंगको भेटवार्ताले प्रष्ट जानकारी गराएको छ ।

'सही दर्शन र गलत दर्शन' प्रज्ञानरत्नको दर्शन परिचय स्तम्भ साह्रै सान्दर्भिक छ । 'वैज्ञानिक संस्कारः तिखो बुद्धिको प्रतिफल हो कि दरो मुटुको ?' भन्ने दीपक ज्ञवालीको टेपवार्ताले नेपालमा वैज्ञानिक प्रगति हुन नसक्नुको कारण प्रष्ट पारेको छ । विमल निभाको हास्यव्यंग्य 'कमरेडको भैंसी' ले वामपन्थीहरुको बिग्रदै गएको चरित्र उदंग्याउन सफल छ । नीति-संस्कृति स्तम्भअन्तर्गत चन्द्रदेव नेपालीको लेख 'भजनियाँ संस्कृति र द्वन्दात्मक भौतिकवादको साइनो के ?' बाट नेपाली वामपन्थीहरुमा बढ्दै गएको सामन्ती संस्कृतिको यथार्थता प्रस्तुत गरेका छन् । 'रुस फेरि क्रान्तिको आँधिबेरीतिर' भन्ने श्याम श्रेष्ठको आवरण लेखले पूँजीवादीहरुका चम्चा वोरिस येल्स्तीनले रुसी जनतालाई विजोगपूर्ण स्थितिमा धकेली आफैं पतनोन्मुख हुनै लागेको स्पष्ट चित्र उतारेको छ । अरु स्तम्भहरु समय सान्दर्भिक र ज्ञानबर्द्धक नै छन् ।

यस मासिकले मूल्य वृद्धि गरेको तर स्तम्भ थप नगरेको हुनाले अबका अंकहरुमा नारी व्यक्तित्व स्तम्भ समावेश गरियोस् । विश्व कम्युनिष्ट आन्दोलन स्तम्भअन्तर्गत पेरुको कम्युनिष्ट आन्दोलनको बारेमा प्रकाश पारियोस् र प्रत्येक अंकमा नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास धारावाहिक रुपले प्रस्तुत गरियोस् ।

-गोविन्दप्रसाद आचार्य
श्री जनकल्याण मा.वि.
पालुङ, मकवानपुर

माओवादीप्रति पूर्वाग्रही भयो !

मूल्यांकनको ६१ औं अंकमा माओवाद र अझ प्रचण्डप्रति गरिएको प्रहार अलि पूर्वाग्रही भए जस्तो लाग्यो । अहिलेको माओवादी अभियान कुनै रहरले गरिएको होइन, किनकि, कसैलाई पनि मर्ने रहर हुँदैन । यद्यपि, यो आन्दोलन समयसापेक्ष र राष्ट्रिय र अन्तर्राष्ट्रिय वस्तुस्थिति अनुकुल छैन भन्ने कुरा चाहिँ ठीक हो ।

रुसबारे वर्तमान स्थितिबारे विस्तृत जानकारी गराउनु भएकोमा धेरै धन्यवाद । साइप्रसको घटना र दीपक ज्ञवालीको विज्ञान सम्बन्धी लेखले मन छोयो । अन्य स्तम्भहरु स्तरीय छन् । उत्तरोत्तर प्रगति एवं निष्पक्षताको लागि कामना ।

-संकल्प
बेगाडावर- ८, धनुषा

दुःख लाग्यो

मूल्यांकन पूर्णांक ६१ ज्यादै राम्रो र स्तरीय लाग्यो । 'यसरी बचाउनु भयो लेनिनले समय र साधन' शीर्षकको स्तम्भ ज्यादै घतलाग्दो छ । साथै, 'रुस फेरि क्रान्तिको आधिबेरीतर्फ' भन्ने लेख पढ्दा ज्यादै दुःख लाग्यो ।

-दिल ब. राई, 'धड्कन'
पो.ब.नं. ६७४५, काठमाडौं

नाम अनुसारको काम

मूल्यांकन पूर्णांक ६१ का सबै जस्ता लेख, रचना तथा विषयवस्तु स्तरीय र राम्रो भएको पाएँ । त्यसमा पनि 'कमरेडको भैंसी' शीर्षकको हास्यव्यंग्य रोचक छ । प्रवास स्तम्भले पाठकहरुको विदेश सम्बन्धी ज्ञानको भण्डार बढाउनमा मूल्यांकनले विशेष योगदान पुऱ्याएको छ । मूल्यांकनको सबै पक्ष अध्ययन गर्दा नाम अनुसारको काम भएको पाएको छु । आगामी अंकहरुमा अझ स्तरीय लेख रचनाहरु, हास्यव्यंग्यलगायत अन्य विविध विषयवस्तु ल्याउन सफल होस् भन्ने कामना गर्दछु ।

-दीपक कुमार 'दीक्षित'
मन्थली-४, रामेछाप

सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

मूल्यांकन मासिकको सहकर्मी

नव युवा

मासिक

युवाहरूको मासिक खुराक
तपाईं निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू,
भाइबहिनीहरूको
निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति
उपयोगी !!!



स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरूको संगालो !

❑ के तपाईंले किनेर पढ्नु भयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ?
❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ नव युवा रूपी यस अभियानलाई तपाईं पनि सघाउनु होस् :-

-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।

-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

-अन्तर्क्रिया प्रकाशन प्रा. लि.

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

TUBORG ... WHEREVER YOU AR